दलित संघर्षगाथा

(उत्पीडित समुदायको संघर्षको नालिबेली)

विभिन्न पत्रिकामा प्रकाशित समसामयिक लेखहरुको संगालो

■ डिकबहादुर विश्वकर्मा

कृति	:	**दलित संघर्षगाथा**
विधा	:	उत्पीडित समुदायको संघर्षको नालिबेली विभिन्न पत्रिकामा प्रकाशित समसामयिक लेखहरुको संगालो
प्रकाशन वर्ष	:	वि.सं.२०७८ जेठ ७ गते (लेखकको ७५ औं जन्म दिवस)
मूल्य रु.	:	२००।-
सर्वाधिकार	:	लेखकमा
प्रति	:	१०००
भाषा	:	नेपाली
पृष्ठ संख्या	:	२२२+१८
कम्प्यूटर	:	अमर पौडेल
शुद्धाशुद्धी	:	शंकर गौतम
मुद्रण	:	तिनाउ डिजिटल अफसेट प्रेस बुटवल-४, फोनः ०७१-५४४६४०
प्रकाशिका	:	आशा गहतराज
आवरण तस्वीर	:	गुगलबाट साभार गरिएको हो ।
ISBN No	:	9789937091510

DALIT SANGHARSHA GATHA

समर्पण



मेरा जन्मदाताः


सेते सुनार (मानबहादुर गहतराज)

ईश्वरी सुनारनी

मेरो प्रेरणाका स्रोत
र
जीवनका मार्ग निर्देशक

फोटो प्राप्त
हुन नसकेको

स्व. पं. कमलदेव जोशी
चिदिपानी, खलुङ्दी
पाल्पा



स्व. डा. यादव प्रसाद पन्त
कालिकास्थान दिल्ली बजार
काठमाडौं

हामी दुई



डिकबहादुर विश्वकर्मा
र
आशा गहतराज

संग्राम अस्तित्वको



इतिहासको कुनै एउटा कालखण्डमा हुनेखाने सम्भ्रान्त भनिनेहरूद्वारा आफ्नो दम्भ व्यवस्थापन, अर्को शब्दमा आत्मरतिका निम्ति सामाजिक न्यायको निहुँमा आर्थिक अवस्थाले कमजोरहरूलाई छुट्ट्याएर एउटा वर्ग खडा गरियो । त्यो वर्गलाई जन्मजात पीडाको हकदार बनाइयो र भनियो- तिमीहरूले जे भोगिआएका छौ र भविष्यमा जे पनि भोग्ने छौ, त्यो तिम्रो पूर्वजन्मको फल हो । शोषणको यो कुचक्रलाई हिन्दू आध्यात्मवाद र ब्राह्मणवादले राम्रै मलजल गरे भने मनुद्वारा रचित मनुस्मृतिले त सयकदम अगाडि बढेर मानवता विरुद्धको त्यो शोषण व्यवस्थालाई राजकीय रुपमै कानूनी मान्यता प्रदान गऱ्यो ।

वर्ग आफैले खडा गर्ने, आफैले नीति नियम बनाएर हेलाहोंचो गर्ने, त्यसको परिणाम भोग्ने पीडितले न्यायकालागि गुहार माग्दा यो त दैवको लेखा हो ! भन्ने जस्ता आधारहीन तर्क तेर्स्याएर पन्छिन खोज्ने, यस्ता गतिविधिले शनैः शनैः व्यापक हुँदै गएको पीडित पक्षको आक्रोशलाई कतिञ्जेल थामोस् ? फलतः संघर्ष आरम्भ भयो !

जातिगत भेदभावका विरुद्ध चलिआएका संघर्षलाई कहिले सत्ताको शक्ति प्रदर्शन गरेर त कहिले आश्वासनका ललिपप देखाएर दबाउने र थमथमाउने गरियो । यसै क्रममा केही मंचहरू खडा गरिए, आयोगहरू बनाइए, एकाध पीडितका अगुवाहरूलाई राजकीय सम्मान समेत प्रदान गरियो । तर जाति विभेदको समस्या समाधान भएन सबै प्रयास बालुवामा पानी पोखेसरह सावित भए, किनभने यस्ता प्रयासहरूमा ईमान्दारी थिएन ।

संघर्ष जारी नै छ । जातिगत उत्पीडनकाविरुद्ध चलिआएका विविध संघर्षका तमाम ज्ञातअज्ञात अगुवाहरूमध्येका एकजना अथक साहसी योद्धा हुन् संग्रामसिंह विश्वकर्मा । हिन्दूधर्मको धार्मिक मान्यतामा आधारित राजतन्त्र र त्यो राजतन्त्रद्वारा प्रतिपादित पञ्चायती व्यवस्थाको कडा शासन

व्यवस्थामै छुवाछुत जन्य हेलाहोंचो व्यवहारका विरुद्ध हिम्मत बटुलेर उभिने डिकबहादुर विश्वकर्मा नै संग्रामसिंह विश्वकर्मा हुन् । यो नामको रोजाइमा ठूलो अर्थ छ । यसमा दर्शन छ र मार्ग निर्देशन पनि !

संग्राम शब्दको सोझो अर्थ हुन्छ- लडाइँ । संग्रामसिंह हतियारको होइन विचारको लडाइँ लड्न मन पराउँछन् । घटित घटनाहरूबाट उनी विचार लिने गर्छन र त्यो लिएको विचारलाई संश्लेषण गरी पाठकलाई दिने गर्छन् । यो किताब जुन तपाईका हातमा छ त्यो संग्रामसिंहले निकै नजिकबाट भोगेका भोगाइहरूको सार हो । यसमा पीडित पक्षको क्रन्दन छ, चित्कार छ साथसाथै तिनको हकहीतको लागि बुलन्द गरिएको सशक्त उद्गार छ । यस मानेमा यो उपहार हो, बहुमूल्य !

लेख यत्तिकै लेखिँदैन । लेख लेख्नुको खास उद्देश्य हुन्छ । लेखले लेखकको अभिमत पाठक समक्ष पुऱ्याउने काम मात्रै गर्दैन । यसले कुनै खास उद्देश्यको पक्षमा वा अन्यायको विरुद्धमा संगठित हुनसमेत उत्प्रेरित गर्दछ । प्रभावकारी लेखले कालान्तरमा अभिलेखको रुप लिन्छ । अभिलेख भन्नु नै इतिहास हो । यस मानेमा संग्रामसिंहले एउटा इतिहास रचेका छन् । हार्दिक बधाई छ ।

मैले देखेको एउटा सत्य यस्तो छ । सुनचाँदी पसलमा, पसलको त कुरै भएन पसल बाहिर पिंडीको बाटोको धूलो, माटो, हिलोमा समेत सुन हुन्छ । त्यो सुन हात पार्न सर्वप्रथम त्यहाँ सुन छ भन्ने विश्वास आफूभित्र जगाउन सक्नु पर्छ, तत्पश्चात् केलाउने आँट जाँगर गर्नु पर्छ, शत प्रतिशत सुन भेटिन्छ ।

पुस्तकमा लेखकले गरेका अपीलहरूलाई केलाएर त्यसको उचित व्यवस्थापन गर्ने हो भने निःसन्देह सुनौलो प्रतिफल प्राप्त हुनेछ । कामना गरौं त्यस्तो परिणाम देशले निकट भविष्यमै देख्न, भोग्न पाओस् ।

अन्त्यमा,

जडौरीको लुगा धेरै फेरियो
अब नयाँ लुगा फेर्नु पर्छः
सिरेटो छ चर्को जडौरी नफेरौं !
स्वयम् मै छ आगो जगाएर हेरौं !!

यत्ति भने !

बुँद राना
प्राज्ञ नेपाल प्रज्ञाप्रतिष्ठान

प्रा. डा. तारालाल श्रेष्ठ

प्राध्यापकः त्रिविवि, काठमाडौं



दलित बुद्धिजीवीले आ–आफ्ना दलभित्रै जातीय मुद्दा उठ्यो कि विखण्डनवादी भनी तर्क गर्ने पाखण्डहरू विरुद्ध खुलेर बोल्ने आँट गरेनन् । प्रजातन्त्र र मानवअधिकारको उत्तराधिकारी सम्झने दलसँग संलग्न बुद्धिजीवी झन् साह्रै समावेशिताका सिद्धान्तलाई सिरानी हाली सुतिरहेका छन् ।

बरु दल बाहिरबाट आवाज उठ्दैछ । डिकबहादुर विश्वकर्माले औंल्याएझैं, मन्तरीदेखि राइफल समाउने सन्तरीसम्म र मन्त्रालयको सचिवदेखि गाविसको पियनसम्म राज्यका हरेक सेवा र अङ्गहरूमा ८० देखि ९० प्रतिशतसम्म पद बाहुनले ओगटेका छन् । पञ्चायतकालमा ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीमध्ये ६ ९ जना बाहुन र बाँकी क्षत्री र जनजाति थिए, दलित कोही थिएनन् भने २०५६ सालसम्म ६१ जना प्रजिअ बाहुनै थिए । २०६२–६३ को जनआन्दोलन पश्चात्को ताजा तथ्याङ्कले झन् ६५ जना प्रजिअ बाहुनै देखाउँछ । जबकि ७५ प्रजिअमध्ये बाहुनको अंश भागमा केवल १२ वटा पदमात्र पर्नेछ र बाँकी पद अन्य समुदायलाई छाड्नु पर्नेछ । सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्मका जम्मा २ सय ५० वटा न्यायाधीश पदमध्ये हाल १ सय ७० वटा पद ओगटेर बसेका बाहुनका हिस्सामा केवल ४० वटा पदमात्र पर्नेछ र बाँकी १ सय ३० वटा पद छाड्नु पर्नेछ । त्यसैगरी जम्मा ३ सय ३० वटा पद भएको अन्तरिम विधायिकामा १ सय २३ वटा पद ओगटेका बाहुनको हिस्सामा संविधानसभाका ४ सय ८० वटा सभासदमध्ये केवल ७७ वटामात्र बाहुनको हातमा पर्ने र बाँकी ४ सय ३ वटा पद जनसङ्ख्याका आधारमा अन्यलाई प्रदान गर्नुपर्ने देखिन्छ ।

कान्तिपुर दैनिक, सोमबार ३ मंसिर २०७०

लेखकको भनाइः

मेरो जन्मथलो पाल्पा जिल्लाको हुमिन सुनारगाँउ क्षेत्रमा मैले जानेदेखि जताततै छुवाछुत व्यवहारको प्रचलन देखेर मलाई वालखैदेखि अति नरमाइलो लाग्थ्यो । हाम्रो घरमा आउने ठूलाजात भन्नेहरूले हाम्रो घरको पानी वा खाने पिउने कुरा केहि खाँदैनथें । कहिलेकाँही कोहि पढेलेखेजस्तो वा नेताजस्ता बाहुनक्षेत्रीका छोरा आउँथे र भान्सामा मेरी आमाले पकाएको सुंगुर, भैंसी, राँगाको मासु वा सुकुटी अनि जाँड़ वा कोदोको रक्सी खानुसम्म खान्थे, अनि विदा हुने बेलामा अदुवाको टुक्रो आमासंग मागेर चबाई अदुवा बसाउने मुख पारेर आमा र हाम्रो परिवारलाई "म यहाँ आएर खाएको यो कुरा कहिँ कसैलाई नबताउनु है सुनारनी" भनेर ढुक्क भै जान्थे । त्यो देख्दा म बालकलाई अचम्म लाग्थ्यो ।

मेरो माउल छिमेकी गाँउ चिदीपानी खलुक्दीका मेरा बा का बालीघरे विष्टबराजु पं. कमलदेव जोशीको सल्लाहमा बा सेते सुनारले मलाई ४/५ वर्षको उमेरदेखि पढाउन घरी नेवार, घरी बाहुन र घरी क्षेत्री कहाँ पठाउन थाल्नु भयो । पढाए बापत मेरो घरबाट सुन वा चाँदीका औंठी, तामा पीत्तलका पुजा गर्ने वर्तन सामग्री, कुखुरा र कुखुराको फुल, बाख्राका पाठापाठी पाउने हुनाले ती शिक्षकपरिवारले मलाई माया भनौं कि दया बहुतै गर्थे र आफ्ना घरमा बनेको खाजा, अर्नि मलाई पनि दिन्थे । तर घरैबाट बोकेर लगेको चकटी वा चङ्कटे गुन्द्रीमा पिढीँमा वा आँगनमा बसेर पढ्नु पर्थ्यो । आफुले अर्नी खाएका भाँडा माझेर आउँथें । वि.सं. २०११ साल चैत ३० गते स्वीट्जरल्याण्डको ज्यूरिखमा राजा त्रिभुवन मरेको भोलिपल्ट चैत ३१ गते बा ले मलाई पढाउन तानसेन (पाल्पाको सदरमुकाम) लैजानु भयो र मेरी फुपुको घरमा मासिक खर्च भरेर राखीदिनुभयो । तेतीखेर ठुलाजातका घरमा डेरा पाउने कल्पनै थिएन !

तेहाँको भगवतीथान मन्दिरको प्राङ्गणमा सञ्चालित प्राइमरी स्कूलमा कक्षा ३ मा भर्ना भएँ । पढाइमा तेज थिएँ ता पनि छुवाछुतले छोडेन । स्कूलमा माष्टरले हाम्रो हातबाट कापी सिधै आफ्नो हातमा समाउँदैनथे । हामी अछुत विद्यार्थी जतिले क्लाशटेबुलमा राखीदिन्थ्यौं र तेहींबाट उनले

कापी उठाएर जाँच्थे । प्राइमरी सकेपछि कक्षा ६ देखि माथि पढ्न तत्कालिन पद्मोदय पाल्पा पब्लिक (प.पा.प) हाईस्कूलमा लागियो । हाम्लाई हेडमाष्टर र माष्टरहरू बस्ने अफिस कोठामा पस्न मनाही थियो । कोठाको ढोका बाहिर उभिएर हात जोडेर आफ्ना कुराहरू भन्नुपर्थ्यो । हाम्लाई पढाएर सकेपछि त्यो अफिस कोठा भित्रपस्ने माष्टर प्रत्येकले ढोका बाहिर दाँयापट्टि जमीनमा पीउनले बिहानै राखिदिएको गाईको हरियो गोबर आफ्नो दाहिने खुट्टाको बुढी औंलाले छोएर त्यै गोबरको सिधा ढोका माथि बाँधी राखेको हरियो बन्सो र कुशको मुठोलाई हातले छुँदै सात पटक थुथु गरेर थुक्थे अनि बल्ल अफिस कोठा भित्र पस्थे । विद्यार्थीकोलागि माटाको घैंटोमा बाहिर चौको बनाइराखेको पानी हाम्ले खानु परे ठूलोजातको कुनै विद्यार्थी वा पीउनलाई कुरेर बस्थ्यौं र उसले बाँसको सानो ढुंग्रोबाट हालिदिएको पानी हाम्ले हात थापेर खान्थ्यौं ।

स्कूलबाट हरेक वर्ष हुने मीनपचास (जाडो) को छुट्टिमा बल्ल घर जान पाइन्थ्यो । त्यै सन्दर्भमा शायद वि.सं. २०१५ सालको छुट्टिमा घरमा रहेको बेला पाल्पा देउगिर क्षेत्री गाउँका तेस वरपरका प्रसिद्ध व्यक्ति स्व. हीरा सिंह रायमाझीकी बिधुवा बुढी (मेरो बाकी विष्टनी) दुकानमा आइन् र ८ वटा अंग्रेजी/इन्डियन कम्पनी हमेल (चाँदीका रुपैंया) बा लाई दिएर भगवान श्रीकृष्णको मुर्ति बनाउन अह्राइन । बा ले त्यो जिम्मा मलाई दिनु भयो र उहाँकै निर्देशनमा, दाहिने खुट्टोले बाँगो टेकेर टाउको झुकाइ दुबै हातले मुरली समातेर बजाएको, मजुरको प्वाँख समेतको मुकुट र धोती अनि बाजु लगाएको श्रीकृष्णको मुर्ति मयनमा तयार पारैं र माटो एवं सुती कपडा कुटेर बनाएको लेपनमा साँचो बनाइ चाँदीले ढालैं । तेसपछि आफ्नो खुट्टाका पैतालामा राखी औंलाको सहाराले छिट्याएर तयार पारैं । मेरो जीवनको पहिलो कारीगरी थियो त्यो, तर पनि मुर्ति साँच्चैको राम्रो बन्यो र बा लगायत मेरा नातेदार सुनार कालिगढहरूले समेत मेरो तारिफ गर्दा मख्खै परैं । बा ले त्यो मुर्ति लगेर विष्टनीलाई बुझाउनु भयो । त्यसको डेढ वर्षपछि म त्यै जाडोको छुट्टिमा घरमा गएको बेला बा भोलि देउगीर जाने सुँइको पाएँ । मलाई घरमा बस्दाबस्दा दिक्क लाग्ने हुँदा तेस्तो मौकामा बा संग घुम्न जाने गर्थैं । फलतः म पनि बा संग देउगीर गएँ । संजोगले बा ले उनै बुढी क्षेत्रिनी कहाँ बिहानको भात खान र केहि माल

छोड्न जानु भएकोले बिहानको ८ बजेतिर तेहाँ पुग्यौं । बुढी बाहिर आँगनको डिलमा बसेर आचमन गर्दै रैछन् । बा र मैले ढोग गऱ्यौं । बा र बुढी तेहीँ कुरा गर्न लाग्नु भएका बेला अलिपर घरको पिढीमा मूर्ती सुहाँउदो कपडाको ओछ्यानमा मैले बनाएको कृष्णको मूर्तिलाई “सुकला” गराइ घाम तपाइएको रहेछ । म त्यो मूर्ति हेर्ने इच्छामा पनि थिएँ । मौका परिहाल्यो “के खोज्छस काना ? आँखो !” बस फटाफट मुर्तितीर लम्किहालेँ । मैले झुकेर मूर्ति पक्रनै लाग्दा एक्कासी बा ले चिच्याएर मलाई रोक्नु भयो । बुढी पनि चिच्याइन् । उहाँहरूको एकै पटक छुटेको स्वरले म तर्सेर रोकिएँ । अनि बा ले मलाई हकारेर आफुसमक्ष बोलाउनु भयो । म फर्के । बा र बुढी क्षेत्रिनीको मुख मलिनो भएको देखेँ । तेसपछि कुनै प्रकारले भात खाइ मैले भाँडा माझेर तेहाँबाट अर्को विष्टको घरतिर लाग्यौं । हामी झण्डै १० मिनेट जति नबोलेरै अघि बढ्यौं । तेसपछि मैले बा संग त्यसबारे सोधेँ । बा ले भन्नु भयो:-“तैंले खुट्टामा राखेर तयार पारेको निर्जीव मूर्ति हो ता पनि यी बाहुनक्षेत्रीले त्यस मूर्तिलाई विधिवत् प्राणप्रतिष्ठा भन्ने यज्ञ गरी होमको धुँवामा धुँवारेपछि तेसमा प्राण आउँछ र त्यो भगवान हुन्छ भन्छन् । तेसपछि त्यो मूर्ति वा हाम्ले बनाएका मन्दिर, घर हामीलाई नै छुन दिँदैनन् ।” यो कुरो थाहा पाएपछि मेरो दिमागमा एक्कासी घनले बजारे झैं भयो । मेरो जीवनमा पहिलो हिन्दू अत्याचारको ठुलो झट्का त्यै थियो । वि.सं. २०१८ सालमा एस.एल.सी. पास गरेपछि विस्तारै नोकरीमा प्रवेश गरें । सर्वप्रथम आफ्नै अफिसमा छुवाछुतको व्यवहार व्यहोरें । बाहिर समाजमा ठूलाजातका घरमा कहिँ डेरा पाइन । काठमाडौं बसाइँमा ६/६ महिनामा डेरा सरेँ । हिन्दूग्रन्थ र नेपाल/भारतका इतिहास खुब पढेँ । त्यसरी पढ्न मलाई वि.सं. २०१७ सालतिर तानसेनमा खुलेको नेपाल-भारत सांस्कृतिक केन्द्र पुस्तकालयको शाखाबाट ठुलो सहयोग मिल्यो । तेतिञ्जेलसम्म बैष्णव बनिसकेको मैले मेरो घैंटोमा घाम लागेपछि २०२३ सालको दशैं देखि बा-आमाको स्वीकृती लिएर हिन्दूधर्मलाई विधिवत् “घोंडेलात” हानें । तर अरु धर्ममा पनि ठूलो शोषण वा बाहुन कै रजाइँ देखेपछि नास्तिक बनें ।

तेसपछि मैले वि.सं. २०२५ सालदेखि कविता र सानातिना लेख लेखेर हिन्दू अत्याचारको विरोध सुरु गरेँ । कुनै कुनै पत्रिकाले मात्र

छापिदिन्थे। त्यै पनि वि.सं. २०४६ साल सम्मका मेरा सिर्जनाको पाण्डुलिपी र प्रकाशित पत्रिका रहेको झोला वर्षात्को बेला भैरहवाबाट पोखरा (कास्की) ने.रा.बैंकमा सरुवा भै जाँदा बेपत्ता भयो । केही कविता मात्र अन्तै राखेको रहेछु र फेला पऱ्यो । तेसपछि प्रकाशित लेखहरूको मात्र संगालो ऐले तपाईको हातमा छ । बुटवलबाट प्रकाशित हुने दैनिक लुम्बिनीमा छापिएका लेख पनि मेरा कर्मपिता डा. यादव प्रसाद पंत (बाजे) समक्ष देखाएर उहाँलाई मेरो विरोधी बनाउने "पबित्र" मनशायले मेरा "अति शुभचिन्तक" केही बाहुन मित्रले भैरहवाबाट पोको पारेर बोकी काठमाडौं, डिल्लीबजार, कालिकास्थान पुऱ्याएर "बाजे"लाई देखाएका रहेछन् । बाजेले मेरा लेख पढ्नुको साटो त्यो पत्रिकाका प्रकाशक र सम्पादकको नाम पढ्नु भएछ। प्रकाशकः- कर्ण बहादुर कार्की, प्रधान सम्पादकः- पं. बाबुराम भट्टराई ! त्यो देख्नासाथ बाजेले ती पत्रिका बाहक मित्रसंग भन्नु भएछ, "डिकबहादुरका यी लेखहरू बाहुनक्षेत्रीले नै छापेका रहेछन् । छाप्नैपर्ने देखेर छापेका होलान् । यो मैले पढ्न परेन। जब उसका लेखहरू कामी, दमाई प्रकाशक र सम्पादक भएका पत्रिकाले छाप्लान्, तब ती लेखहरू मलाई देखाउन ल्याउनु ल !" बिचरा मेरा ती हितैषी मित्र मुख लट्काएर फर्केछन् । यो कुरा घटनापछि भेट हुँदा खुद बाजेले नै मलाई "आफुले अन्याय नगर्नु अरुको अन्याय सहनु पाप हो" भनेर शिक्षा दिँदै बताउनु भएको थियो ।

लौ पाठक मित्र ! मैले जति पनि लेख लेखें, ती सब सप्रमाण र घटना अनुसार लेखें ।


मेरा लेखहरूबारे तत्कालै प्रीय पाठकहरूबाट व्यक्त भै प्रकाशित समेत भएका क्रिया/प्रतिक्रियाहरू पनि मैले आफ्ना लेखहरूकै साथमा राखेर *इटालिक* अक्षरमा जस्ताकोतस्तै छापेकोछु। तेसबाट तपाई पाठकलाई मेरा ती लेखले जनता माझ तत्कालै कस्तो असर पारेको रहेछ त ? भन्ने जिज्ञाशा मेटाउन सजिलो पर्लाभन्ने आशा लिएको छु। ती क्रिया/प्रतिक्रिया समेत सबै गरेर १०५/६ वटा लेखहरू समेटिएको एउटै किताब आकारमा ठूलो हुने देखेर तपाई पाठकको सुविधालाई ध्यानमा राखी 'दलित संघर्ष गाथा' र 'पूर्ण समानुपातिक नै किन ?' शिर्षक राखेर दुईटा किताब बनाएको छु। अहिले तपाईको हातमा भएको यो 'दलित संघर्ष गाथा' पढ्नु भएपछि


तपाईको मूल्याङ्कन र सुझावको आशामा छु। कविता चाँहि बेग्लै छाप्ने तरखरमा छु ।

मेरो जाँगरमा घ्यू थप्दै यी लेखहरू तयार पार्नमा सहयोग गर्ने मेरी दिवंगत स्वास्नी बेलु विश्वकर्मा, विद्यमान स्वास्नी आशा गहतराज, कान्छो छोरा रोशन गहतराज र कान्छी छोरा बुहारी सिता विश्वकर्मा गहतराज तथा विभिन्न पत्रिकामा प्रकाशित लेखहरूलाई टाइप गरी प्रेस समक्ष पुऱ्याउनलायक बनाएर सहयोग गर्ने दिनेश राना मगर, मेरा लेखहरू यथासमयमा पढ़ेपछि मलाई उत्प्रेरित गर्ने पुराना मित्रहरू प्राज्ञ बुँद राना र दिलबहादुर (डी.बी.) पुन, यस किताब उपर आफ्नो अमूल्य मन्तव्य लेखि सहयोग गर्नुहुने पुराना मित्र प्राज्ञ बुँद राना (लोकबहादुर राना मगर), शुद्धाशुद्धीमा सहयोग पुऱ्याउने भाई शंकर गौतम तथा आफ्नो प्रेसमा छापेर यो किताब तयार पार्नमा सहयोग गर्नुहुने अनन्य मित्र दीपक विश्वकर्मा, कम्प्युटर सेटिङ्ग गरिदिने अमर पौडेल र यो किताब प्रकाशन गर्ने दौरान सामाग्रीहरु भैरहवा र बुटवलमा ओहोर-दोहोर गराई मलाई ठूलो सहयोग गर्ने मेरी भतिजीका छोरा सुनिल विश्वकर्मा (ने.बै.लि.का बहालवाला क्याशियर) लगायत सबै मेरा आत्मिय जनप्रति एकमुष्ठ धन्यवाद, कृतज्ञता र आभार प्रकट गर्दछु।

सकेसम्म अक्षर, शब्द र वाक्यको शुद्धतामा ध्यान दिइएकै छ। तथापि जनताले बोल्ने झर्रो नेपाली शब्दहरू खेलाउन मन पराउने मेरो पुरानो बानीको प्रभाव यी लेखहरूमा जताततै होलान्। अन्यथा मान्नु हुनेछैन भन्ने आशा गरेको छु। अस्तु -

विनितः


नेपाल राष्ट्र बैंक
अवकाश प्राप्त कर्मचारी
परिचय पत्र
नाम : डिक बहादुर विश्वकर्मा
तत्कालिन पद : व्यवस्थापक
निवृत्तभरण अधिकार पत्र नं. २०५५
वितरण मिति : २०६८-१-२६
बहाल रहने अवधि : आजीवन
त. कर्मचारीको दस्तखत
प्रमाणित गर्नेको दस्तखत


NEPAL RASTRA BANK
Identity Card
for Retired Personnel
Name : DIK BAHADUR BISHWAKARMA
Post held : MANAGER
Pension I. No. 2099
Issued on : 9 MAY 2011
Valid up to : LIFE LONG
Retired Employee's Signature

विषय-सूची

अन्तर्वार्ता

दलितले छुट्टै पाकिस्तानको माग गर्ने समय पनि आउन सक्छ !

(डिकबहादुर विश्वकर्मा रूपन्देही जिल्लामा नौलो नाम होइन । वि.सं. २००४ साल जेठ ७ गते पाल्पाको हुमिन गाउँमा जन्मनुभएका डिकबहादुरले पञ्चायत कालदेखि नै लेखन कार्यलाई अगाडि बढाउनुभएको थियो । हालै मात्र सम्पन्न सञ्चारकर्मीहरूको तीन दिवसीय कार्यक्रममा दलित आन्दोलनमा लेखनकार्यको माध्यमबाट योगदान गरेवापत उहाँलाई सम्मान गरिएको थियो । प्रस्तुत छ उहाँसँग हाम्रा कार्यकारी सम्पादक दिलिपकुमार नेपालीले गर्नुभएको कुराकानीको सारसंक्षेप)

तपाईंको वास्तविक नाम के हो ?

मेरो वास्तविक नाम डिकबहादुर विश्वकर्मा नै हो । तर पञ्चायत कालमा दलितका लेखहरू प्रकाशित गर्न त्यति सहज नभएको कारण 'सङ्ग्रामसिंह विश्वकर्मा' लगायत विभिन्न नामले लेखहरू प्रकाशित गरें ।

कहाँ अध्ययन गर्नुभएको हो ?

२०१९ सालमा पाल्पा तानसेनको पद्मोदय पाल्पा पब्लिक हाई स्कुलबाट एस.एल.सी. पास गरें । घरको आर्थिक समस्याको कारण जसोतसो आई.ए. पास गरेको छु । त्योभन्दा बढी अध्ययन गर्न सकेको छैन ।

कहिलेदेखि लेख्न थाल्नुभयो ?

फाटफूट त म स्कुल पढ्दादेखि नै लेख्थें, अतिरिक्त क्रियाकलापहरूमा

पनि बहुत भाग लिन्थें । खासगरी जब म २०२५ सालमा काठमाडौंमा रहन थालें, त्यसवेला २०२७ सालसम्म गुल्मी-अर्घाखाँची सामाजिक सेवा समितिबाट काठमाडौंमा प्रकाशित 'खाँचो' पत्रिकामा मेरा कविता छापिन्थे । २०२७ साल माघमा म नेपाल राष्ट्र बैंक भैरहवामा सरुवा भई आएपछि लुम्बिनी दैनिकबाट नियमित रूपमा लेख रचनाहरू प्रकाशित गरिराखेको छु । मेरो पहिलो लेख पनि लुम्बिनी दैनिकबाटै प्रकाशित भएको हो ।

दलितसम्बन्धी लेख, रचना नै किन त ?

मैले के देखें भने समाजका विभिन्न पहलुहरूमा बोल्ने/लेख्ने मान्छे प्रशस्त छन् । तर दलितको सम्बन्धमा लेख्ने, बोल्ने कोही छैनन् । त्यो रवैया पहिलादेखि अहिलेसम्म पनि यथावत् छ । अन्य जातका राजनैतिक पार्टीका नेताहरूले दलितको कार्यक्रममा निमन्त्रण पाएर आउँदा मात्र दलित-समस्याबारे बोल्ने, सोबाहेक अन्य राष्ट्रिय स्तरका कार्यक्रमहरूमा यो समस्याबारे कुरै उठाउँदैनन् । दलितको समस्या भनेको त राष्ट्रिय स्तरको समस्या हो नि ! यत्रो २० प्रतिशत जनसङ्ख्या भएको दलितलाई अपहेलित, नीच बनाएर कसरी यो समाज र राष्ट्र चल्न सक्छ ? **भोलि गएर दलितले छुट्टै पाकिस्तानको माग गर्न पनि त सक्छन् !** यत्रो राष्ट्रिय समस्यालाई राष्ट्रिय स्तरका नेताले अन्यत्रको कार्यक्रममा जाँदा पनि उठाइरहनु पर्ने, तर वास्तै गर्दैनन् । उनीहरू केवल निमन्त्रणा गरेअनुरूप मात्रै सहभागी हुन्छन्, नत्र हुँदैनन् । पहिला पहिला त यो दलितको समस्याबारे कुरा उठाउने र बोल्ने कोही पनि हुँदैनथे । यसैकारण दलितको बारेमा लेख्नुपर्छ भन्ने भावना जाग्यो र लेख्न थालेको हुँ ।

दलितसम्बन्धी थुप्रै लेखिसक्नुभयो । अहिलेसम्म लेख्दा के पाउनुभयो र के गुमाउनु भयो ?

अहिलेसम्म लेख्दाखेरी गुमाउन त मैले केही पनि गुमाएको छैन । मेरा लेखहरू दलित बुद्धिजीवी साथीहरूलगायत गैरदलितहरूले पनि प्राथमिकताको साथ पढिराखेका छन् । मेरा आवाजहरू जनतासामु पुगेका छन् । तर यहाँनेर केमा दुःख लाग्छ भने नि, हाम्रा जागरुक र शिक्षित दलित साथीहरूको सोच, 'म को हुँ' र 'हामीले आफ्नो वर्गको लागि के गर्न सकिन्छ' भन्नेतर्फ मोडिन सकेको छैन ।

प्रेरणाको स्रोत कसलाई मान्नुहुन्छ ?

मेरो घरपरिवार र सामाजिक संरचना नै मेरो प्रेरणाको स्रोत हो । किनभने जहाँ मेरो गाउँ पाल्पाको हुमिनमा छ, त्यहाँ मेरो परिवार र अन्य दलितहरूले जातीय हेलाहोचो व्यवहारविरुद्ध परम्परादेखि नै सङ्घर्ष गर्दै आए । मैले त्यहीँबाट अधिकारको निम्ति जागरुक हुन र सङ्घर्ष गर्न सिकेँ ।

भर्खरमात्र बुटवलमा एउटा ऐतिहासिक कार्यक्रम सम्पन्न भयो त्यसमा तपाईंले कस्तो महसुस गर्नुभयो ?

दलितका केही सचेत सञ्चारकर्मीहरूले कार्य प्रारम्भ गरेका छन् । त्यो बहुत राम्रो छ । यो हुनु पनि आवश्यक छ । हामी लडाइँ गर्न चाहँदैनौं । हामीले खोजेको आत्मसम्मान र समानता हो । ऐले सञ्चारकर्मीहरूले आफ्नो हक अधिकारको लागि जुन काम गरे हामीले त्यसमा गौरव गर्नुपर्छ । राष्ट्रको चौथो आँखा खोलिएको महसुस भएको छ ।

अनि सम्मानित हुँदा नि ?

हुन त मैले त्यति ठूलो काम केही पनि गरेको होइन । आफ्नो जाति र वर्गको निम्ति केही गर्न सक्छु कि भनेर लेख, रचनाको माध्यमबाट दलितवर्ग, दलित युवा एवं गैरदलितहरूमा चेतना जगाउन खोजेको हुँ । मेरो सानो कामको उच्च मूल्याङ्कन गर्दै सञ्चारकर्मीहरूले मलाई सम्मानित गरेका छन् । यसमा मैले गौरवान्वित ठानेको छु र अझ लेख्नलाई प्रेरणासमेत मिलेको छ ।

दलित किन दलित भएका होलान् ?

दलितहरू आफै दलित भएका होइनन् । नवागन्तुक विजेता आर्य शासकवर्गले पराजित अनार्य शासक जातिका हाम्रा पुर्खा श्रमजीवी कालिगढ वर्गलाई शोषण गर्न हाम्रो आफ्नै थलोमा जबर्जस्ती दलित (अछुत) बनाइएको हो । फेरि दलितहरूबीच आपसी फुट पार्न सार्कीले छोएको कामीले नखानु, दमाईले छोएको सार्कीले नखानु, वादीले छोएको दमाईले नखानु इत्यादि भनेर कानुन बनाइयो । यदि छोएको खाएमा विभिन्न किसिमका दण्ड सजायको पनि व्यवस्था गरियो । यो ब्राह्मणवादी

झेल 'फुटाऊ र शासन गर'को उपज हो ।

पहिले र अहिले दलितहरूमा के कस्तो भिन्नता पाउनुभएको छ ?

पहिला पहिला पढ्न, लेख्न, बोल्न केही गर्न पाइँदैनथ्यो । दलितहरूले आफूखुशी जे काम गरे तापनि सवर्णले देखि सहन्नथे । संगठित हुन पाइँदैनथ्यो । दलितहरूमा अलिकति पनि चेतना घुसेको थिएन । तर अहिले आफ्नो मुक्तिको लागि भनेर दलितहरू आफै संगठित हुने र आन्दोलन गर्न थालेका छन् । दलितहरू अब धेरै शिक्षित र जागरुक भइसकेका छन् ।

दलितहरूको साँच्चिकै मुक्तिको निम्ति के गर्नुपर्ला ?

दलितहरूको साँच्चिकै मुक्तिको लागि सर्वप्रथम दलितहरूमा एकता हुनु जरुरी छ । तर मुक्ति समाज, अर्को संघ र अर्को समाज बनेर दलितहरू विभिन्न ठाउँमा विभक्त भएका छन् । एउटा मुक्ति समाजमा जानेले पनि 'राष्ट्रका सम्पूर्ण दलितहरू एकजुट होऔं' भनेको हुन्छ । अर्कोमा जानेले पनि त्यस्तै भन्छ । नारा त्यस्तो भएता पनि वास्तवमा विभिन्न पार्टीहरूले दलितहरूलाई एक्लाएक्लै बनाएका छन् । मुक्तिका नाममा विभिन्न पार्टीहरूले दलितहरूलाई आपसमा लडाएका छन् । **सम्पूर्ण दलित, जनजाति र उत्पीडित शोषित वर्गको सामूहिक र व्यवस्थित सशस्त्र आन्दोलनबाट मात्र वास्तविक मुक्ति सम्भव छ** !

र अन्त्यमा ?

तपाईंले मेरो आवाजलाई थुप्रै पाठकहरूको, जनताहरूको बीचमा पुऱ्याउने जुन अवसर प्रदान गर्नुभयो, त्यसको लागि तपाईंलाई धन्यवाद दिन चाहन्छु । साथै सम्पूर्ण साथीहरूमा के आह्वानसमेत गर्दछु भने समाजमा जुन विद्यमान जातिप्रथा छ त्यो ब्राह्मणवादी सामाजिक संरचनालाई भत्काउन जोड्दार आन्दोलन गरौं ।

(लाग्यूङ डिसरेला साप्ताहिक- २०५८ साल भाद्र १४ गते बिहीबार, काठमाडौं)

दलित को हुन् र किन अछुत बनाइए ?

प्राचीनकालमा मध्य एशियाबाट घुमन्ते र पशुपालक आर्यहरू खैबरघाँटीको बाटो हुँदै भारतवर्षमा प्रवेश गर्दा अहिलेका दलितका पुर्खाहरू भारतको पश्चिमतर्फ सिन्धु नदीदेखि पूर्वतर्फ गंगा र ब्रह्मपुत्र नदीसम्मको समथर र उब्जाउ क्षेत्रका ठाउँ ठाउँमा ठूलाठूला बस्ती एवं शहर निर्माण गरी राज्य जमाई बसेका थिए। उनीहरू शान्त स्वाभावका, सुसंस्कृत, साहित्य, सङ्गीत, कला, कौशलका धनी थिए । त्यस क्षेत्रको उब्जाउ जमिन र धनधान्यले आकर्षित भई आएका आक्रमणकारी आर्यहरूका ती पुर्खाहरूले बित्ता-बित्तामा कडा प्रतिरोध गरे । आफूलाई सुर अथवा देव भन्ने आर्यहरूले ती पुर्खाहरूलाई असुर, अनार्य, दानव, दैत्य एवं राक्षस आदिको संज्ञा दिए। नवागन्तुक आर्यहरूले भारतमा कब्जा जमाउन र आदिवासी असुरहरूले आफ्नो पैतृक भूमि र अस्तित्व जोगाउनका लागि भएको त्यो युद्ध सयौं वर्षसम्म जारी रह्यो । जसलाई पौराणिक आर्य ग्रन्थहरूमा “देवासुर सङ्ग्राम” भनिएको छ । आर्यहरूको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा शत्रुमाथि विजय प्राप्त गर्नका लागि सूर्य, अग्नी, वायु, इन्द्र आदि विभिन्न देवतालाई आह्वान् गरेका ऋचाहरूबाट पनि त्यो लामो युद्धको पुष्टि हुन्छ ।

अन्ततः त्यो दीर्घकालीन युद्धमा आर्यहरू पूर्णतः विजयी भए भने दलितका पुर्खा अर्थात् असुरहरूले पुर्ख्यौली भूमिमा आफ्नो राजपाट, अधिकार र हालहुकुम सधैंका लागि गुमाउन बाध्य भए। त्यस महासङ्ग्राममा

शूरा, बलिया र चलाख असुर योद्धाहरू हिरण्यकसीपु, हिरण्याक्ष, वृत्रासुर, महिषासुर, जालन्धर, शुम्भ निशुम्भ, मधु कैटभ, बलीराजा, रावण आदि वीरहरूलाई र शम्बुक ऋषिजस्ता ज्ञानी विद्वानहरूलाई खोजीखोजी सखाप पारियो भने धातुका भाँडाकुँडा, हतियार, गरगहना, मूर्ति आदि बनाउने, छालाका जुत्ता, झोला आदि सरसामान बनाउने, कपडा बुन्ने तथा सिलाउने, घर बनाउने, काठ बाँस आदिबाट सरसामान बनाउने, नाँचगान गर्ने आदि दैनिक जीवनोपयोगी विभिन्न कला, सीप र सङ्गीत जानेका कथित असुरहरूलाई भविष्यमा आफ्नो समाजको लागि धेरै काम लाग्ने र सधैँ आवश्यक पर्ने विचार गरेर आर्यहरूले जीवनदान दिई दास (शूद्र) बनाएर राखे । विजेताले आफ्नो विजयलाई चिरस्थायी बनाउन सर्वप्रथम शत्रु पक्षको संस्कृति र साहित्यलाई समूल नष्ट गर्नुपर्छ भन्ने रहस्य राम्रोसँग बुझेका आर्यहरूले ती दासहरूको मानसिकतामा कहिल्यै प्रतिशोधको भावना जागृत हुन नपाओस् भन्ने हेतुले उनीहरूको धर्म, संस्कृति र साहित्य समूल नष्ट गरिदिए भने ब्रह्माका मुखदेखि ब्राह्मण, पाखुराबाट क्षेत्री, नाइटोबाट वैश्य र खुट्टाबाट शूद्र (दास) को उत्पत्ति भएको भन्ने भ्रमित कुराको प्रचार गरे । फेरि गीतामा कृष्णले मान्छेको गुण र कामको आधारमा ४ वर्ण मैले सृष्टि गरेको हुँ भनी अर्को भ्रामक प्रचार गरे । यदि ब्राह्मण र शूद्र एकै व्यक्तिको शरीरबाट निस्केका वा गुण कर्मका आधारमा बनाइएका हुन्थे भने शूद्र'अछुत' कदापी हुने थिएनन् किनकि खुट्टालाई अलग राखेर शरीर बाँच्नै सक्दैन । बरु दासहरू आपसमा एक भएर पुर्खाको प्रतिशोध लिन नपाऊन् भनेर फुटाएर शासन गर्ने नीतिअनुरूप तिनीहरूको बीचमा पनि ठूलो र सानो जात बनाई उनीहरू एक आपसमा मिल्न, खानपान गर्न नपाउने र यदि त्यसो गरेमा दण्डित गर्ने स्थायी व्यवस्था गरियो ।

नेपालको सन्दर्भमा यो व्यवस्था आर्य शासकहरूले कानुनीरूपमा राजा जयस्थिति मल्ल, रामशाह आदि हुँदै जङ्गबहादुर राणाले वि.स. १९१० मा मुलुकी ऐन बनाएर गरे, जो वि.सं. २०२० साल श्रावण मसान्तसम्म कडाईका साथ लागू गरियो । आफ्ना पराजित पुर्खाको बापवैरी साँध्न वा बदला लिन हतियार उठाउन नसक्ने अवस्थामा पुगेका दासहरूले आर्यहरूको खानपानमा, पानीखाने इनार कुँवामा विषादीको प्रयोग गर्न सक्ने, घरभित्रको भेद पाएमा अनेक षड्यन्त्र गर्न सक्ने, पढेलेखेमा चेतना पाउने, वेद पढेमा वा सुनेमा आफ्ना पुर्खासित आर्यहरूले गरेको

महासङ्ग्रामको पत्तो पाई प्रतिशोध लिन सक्ने सम्भावना रहिरहने हुँदा त्यस्ता खतराबाट आफूहरूलाई सधैँ सुरक्षित राख्न आर्य मालिकहरूले ती दासलाई 'अछुत' बनाए । फलतः दासहरूले आर्यको घरभित्र पस्न, बस्न, पानीको इनार, कुँवा, धारो र खानपान छुन, सम्पत्ति आर्जन गर्न र शिक्षा हासिल गर्न कहिल्यै नपाउने कडा व्यवस्था मनुस्मृतिमा गरियो । यहाँसम्म कि कुनै शूद्रले लुकीछिपी वेद पढेको वा सुनेको पाइएमा त्यसको जिब्रो काट्ने, कानमा पगालेको तातो शीशा खन्याएर मार्नुपर्ने व्यवस्था गौतम स्मृतिमा पाइन्छ । पराजित शत्रुलाई जातिच्यूत गरी 'अछुत'बनाउने काम कालान्तरमा आर्य-आर्यबीच पनि चल्न थाल्यो । एक राज्यको आर्य राजा र अर्को राज्यको आर्य राजाबीच युद्ध हुँदा पराजित राजाको वंश नै सखाप पार्ने र यदि शत्रु विजेताको साख्खै नाता भएमा मृतकका परिवार, महिला, बालबच्चालाई जीवनदान त दिने तर जातिच्यूत गरी 'अछुत' बनाई कडाइका साथ दमन गर्ने गरेको प्रमाण इतिहासमा गनी नसक्नु भेटिन्छ । एक उदाहरणः- गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्ना जेठान मकवानपुरे राजा दिग्बन्धन सेनको युद्धमा हत्या गरेपश्चात् मृतकका परिवार, बालबच्चालाई जातिच्यूत गरी 'सार्की' बनाएका थिए । यसरी अछुत बनाइएका दलितहरू र आर्यहरू शताब्दीऔंदेखि एकै ठाउँमा उठबस र संसर्ग गर्दा आपसमा Cross Breeding हुन गई अचेल छ्यास् छ्यास्ती वर्णशङ्कर बन्न पुगेका छन्, जसले गर्दा को बाहुन, क्षेत्री आदि आर्य हो ? को कामी, दमाई आदि दलित (अनार्य) हो ? छुट्ट्याउनै गाह्रो भइसकेको छ । यति भइसक्दा पनि कथित आर्य सन्ततिहरूले अमेरिका, युरोप, जापान, चीन, इरान, अरब आदि संसारभरका क्रिश्चियन, मुसलमान र अन्य जातका छोराछोरीसँग हाकाहाकी बिहे गरेका छन् जो हाम्रो समाजलाई सर्वस्वीकार्य छ, तर हजारौं वर्षदेखि आफ्नो धर्म, संस्कृतिबाट विमूख भई आर्यहरूकै धर्म संस्कृतिलाई पछ्याउँदै आएका पराजित असुर एवं अन्य शत्रुका सन्तान दलितका छोराछोरीसँग बिहे गर्न भने आर्य खलक अझै तैयार छैनन् । त्यसैकारण पनि देशमा सवर्ण-दलित सङ्घर्ष दिनहुँ बढ्दो छ ।

जयस्थिति मल्ल, राम शाह, जङ्गबहादुर राणा आदि शासकहरूले दलितलाई कुकुरभन्दा तल्लो स्तरमा राख्ने कानुनै बनाए । राज्य एकीकरण अभियानमा गोर्खाली पल्टनसँग सँगै हिंडेर भाँडाकुँडा, हातहतियार,

झोला, जुत्ता, कपडा तयार पार्ने कामी, सार्की, दमाई र गोर्खाली विजय अभियानको गीत कर्खा गाउँदै गाउँबस्ती चाहारेर जनतामा देशको लागि लड्न, मर्न तयार मनस्थिति बनाउने गाइनेहरूको पृथ्वीनारायण शाहदेखि भीमसेन थापासम्म कुनै शासकले रत्तीभर मूल्याङ्कन नगरेको इतिहास साक्षी छ ।

यसरी प्रष्ट हुन्छ कि देवासुर–सङ्ग्राममा हारेर दास 'अछुत' बनाइएका कथित असुर वा राक्षसका सन्तानहरू आर्य–आर्यबीचको युद्धमा पराजित शत्रुका जातिच्यूत गरी 'अछुत' बनाइएका सन्तानहरू र सत्तासीन आर्यहरूको कट्टर विरोध वा विद्रोह गर्दा समयसमयमा मारिएका सरदार⁄भारदारका जातिच्यूत गरी 'अछुत' बनाइएका सन्तानहरूको समष्टिगत जमात नै वर्तमानको दलित समाज हो, जसलाई आजसम्म पनि आर्य सन्ततीहरूले र उनीहरूले सिकाए मुताविक मङ्गोल एवं स्वधर्मी⁄विधर्मी सबैले मनमाफिक हेलाहोचो गर्ने वा दया देखाउने मौका पाइरहेका छन् । यस्तो अवस्था रहेसम्म नेपालमा शान्ति होला कसरी ? यो कुरा सबै नेपालीले राम्ररी बुझेर दलितप्रति भइरहेको नकारात्मक व्यवहारमा आमूल परिवर्तन ल्याउनु पर्ने आजको टड्कारो आवश्यकता देखिन्छ ।

(सैनामैना दैनिक-२०६८ चैत्र २२ बुधबार, बुटवल)

वर्तमान संविधान कसको, कति हितमा ?

बिगत जनआन्दोलनको मर्म, क्रान्तिकारी शहीदहरूको सपना र बहुसङ्ख्यक नेपालीहरूको आकाङ्क्षा मनोभावनालाई लत्याउँदै यही कार्त्तिक २३ गते "नेपाल अधिराज्यको संविधान २०४७" को नामले सुधारिएको पञ्चायती फासिस्ट संविधान राजाबाट घोषणा गरिएपछि आम नेपाली दलित शोषित जनता जबरजस्ती ठगिन पुगेका छन् ।

सामान्य मानिस भएका राजालाई भगवान् विष्णुको अवतार मान्ने अन्धविश्वास गाउँ, कन्दराहरूमा बस्ने लाटा, सोझा र अनपढ जनतामा फैलाई त्यसको आडमा आफ्नो भुँडी भर्न पल्केका स्वार्थी एवं देशघाती मुट्ठीभर नररूपी शोषक ब्राह्मणवादी ब्वाँसाहरूबाहेक नेपालमा हिन्दू धर्मप्रति आस्था राख्ने जनता कोही छैनन् । सबै प्रबुद्ध जनतालाई थाहा छ कि कट्टर हिन्दू शासक र निजका मतियार पुरोहितहरूको सक्रिय नेतृत्वमा चल्दै आएको कारणले नै हाम्रो नेपाल आज विश्वको सर्वाधिक गरिब देश हुन पुगेको हो । अतः देशको वर्तमान युग सुहाउँदो विकास चाहने कुनै पनि नेपालीले हिन्दू धर्मलाई राष्ट्रिय धर्म र सामन्ती वर्गका नाइके राजालाई सक्रिय नेताको रूपमा हेर्न त परै जाओस् सुन्नसमेत चाहँदैनन् । यो कुराको पर्याप्त आवाज तथाकथित संविधान सुझाव आयोग (सं.सु.आ.) मा बहुसङ्ख्यक नेपालीले पुऱ्याएकै हुन् । तर 'विनाशकाले विपरीत बुद्धि' भनेझैं को कसको मति भ्रष्ट भएर हो कुन्नी ! त्यस्तो बहुसङ्ख्यक नेपाली जनताको धर्म निरपेक्षताको आवाजलाई लत्याउँदै, स्वयं आफ्नो देशलाई हिन्दू राष्ट्र बनाउन नसकेका भारतका केही हिन्दूवादी भँडुवा दलालहरूको मतिमा लागी मुट्ठीभर नेपाली पुरोहितवादी शोषकहरूको हित संरक्षणार्थ

नेपाललाई अन्ततः हिन्दू अधिराज्य घोषित गरेरै छाडियो । यसमा अर्को ध्यान दिनुपर्ने कुरा के छ भने नेपाली जनताले राजाको नकारात्मक विरोध नगरेको बेलामा वि.सं. २००४ सालदेखि २०१९ सालसम्म पटक पटक बनेका संविधानहरूमा पनि हाम्रो देशलाई 'नेपाल राज्य' मात्र लेखिएको थियो भने वर्तमानमा नेपाली जनताले राजाको सामान्य विरोध मात्र नगरी 'देश छोड' भन्ने अन्तिम चरणको नाराले नै देशका कुनाकाप्चा घन्काउँदै सम्पन्न गरेको जनआन्दोलनको आँधीबेरीको फलस्वरूप आएको यो संविधानमा झन् नेपाललाई 'अधिराज्य' उल्लेख गरी राजाको गद्दीको स्थायीत्व देशको अस्मितासँग गाँस्ने धृष्टता गरिएको छ ।

यस घृणित हिन्दू सामाजिक व्यवस्थामा यहाँका दलित र सर्वहारा वर्गको रूपमा रहेका कथित शूद्रहरूको कत्तिको दमन र शोषण हुँदै आइरहेको छ, तिनीहरूलाई नउठाई यो देशको वास्तविक विकास कल्पना मात्र हुनेछ र तिनलाई उठाउन भारतमा जस्तै संविधानमै स्पष्ट रूपले विशेष व्यवस्था (आरक्षण) हुनु कत्तिको खाँचो छ भन्ने कुरा भित्री आत्माले यो देशको विकास चाहने जो सुकैले पनि सोच्नै पर्ने हो । तर अति दुःखका साथ भन्नु परिरहेछ कि ती पीडित वर्गको उत्थानका लागि सम्पूर्ण क्षेत्रमा आरक्षणको आवश्यकता महसुस गरी व्यवस्था गर्नुका त के कुरा कथित सं.सु.आ.ले त्यस वर्गको लागि भनी मस्यौदामा व्यवस्था गरेको केवल राष्ट्रिय सभामा ३ सिटको आरक्षण पनि दरबारी षड्यन्त्रको चक्करमा दरबारका भरौटेहरूले क्वाप्प खाइ दिएछन् । यसो भएपछि दलित वर्गले केको आधारमा यो संविधान र राजाप्रति आस्था र विश्वास राख्ने ?

हिन्दू धर्मावलम्बी जातिमा मात्र कथित शूद्र वा दलित अस्पृश्य मानिएबाहेक संसारका अन्य कुनै धर्ममा पनि मानिस अस्पृश्य (छुन नहुने) मानिएको छैन । नेपालको सन्दर्भमा यो कुरा छुवाछुतलाई यस संविधानमा दण्डनीय व्यवस्था गरेपछि स्वतः पुष्टि भएको हुँदा दलितवर्गलाई यहाँ समाजले अहिले पनि कत्तिको घृणा गरेको रहेछ भन्ने प्रमाण खोज्न अन्त जानु परेन । त्यस्तो कुकुर, बिरालोभन्दा तल्लो (छुनै नहुने) स्तरमा दलित जाति रहेको स्वीकार गरिसकेपछि पनि तिनीहरूको उद्धारको लागि अलग्गै कुनै ठोस प्रयास नगरी यो समस्यालाई सर्वसाधारण महिला, बालक, वृद्ध, रोगी तथा पिछडिएका तर पानी चल्ने भनिने अन्य जाति तथा जनजातिसरह संविधानको धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांश र धारा २६(१०) मा सामान्य रूपले व्यवस्था गरिनु दलित वर्गलाई ठग्ने प्रयास गर्नु र फोस्रो दया

देखाउनु बाहेक केही होइन । पिछडिएका तर पानी चल्ने भनिने जनजाति र दलित जातिको समस्या यहाँ कदापि एउटै हुन सक्दैन किनकि पानी चल्ने भनिने जनजातिले कुनै शोषकको घरमा भान्सासमेतमा काम गरेर गुजारा गर्न सक्छ, सानोतिनो पूँजीले चिया पसल र अन्य खाद्यवस्तुका दुकान खोल्न सक्छ, गाई, भैंसी पालेर दूध, दही, घिउ बिक्री गर्न सक्छ । तर दलितले ती पेसा गर्न समाजसँग बातबातमा झगडा र मारपिटसमेत गर्नु परिरहेछ । तसर्थ दलितको कागजीरूपले होइन कि वास्तविक विकास चाहने सही खोपडी हुने व्यक्तिले यस वर्गको लागि छुट्टै व्यवस्था गर्नु पर्छ । यो संविधानले दलितको लागि झारा टार्ने र फकाई फुल्याई थाङ्ग्रामा सुताउने बाहेक अर्को काम गरेको छैन । जब दलितलाई उठाउने विशेष व्यवस्था हिन्दू धर्मका ठेकेदारहरूले गर्न चाहेनन् भने आजको जागरुक दलित सम्मानित स्थान पाउन अर्को धर्ममा जान खोज्नु अस्वभाविक हुँदैन । तर धन्य हुन् नेपालका राजा र तिनका मतियार ब्राह्मणवादी नाइकेहरू ! जसले दलितलाई हिन्दू धर्ममा समानता दिन एवं उद्धार गर्न विशेष व्यवस्था गर्न नचाहने मात्र होइन संविधानको धारा १९(१) अनुसार धर्म परिवर्तनमा रोक लगाई सम्मानित रूपले बाँच्न अन्य धर्ममा जान पनि नपाउने कडा व्यवस्था गरी 'हगे हग मुते काटुँला' भन्ने अत्याचारी उखान चरितार्थ पार्न पुगेका छन् । यस्ता अन्यायीहरूप्रति दलितवर्गले क्षोभ प्रकट गरेका त छँदैछन् नै यति भैसक्दा पनि व्यक्तिगत धार्मिक स्वतन्त्रता र धर्म निरपेक्षताको चर्को नारा दिँदै आएका बौद्ध धर्म संघ, क्रिश्चियन धर्म संघ, मुस्लीम धर्म संघ र मङ्गोल जनजाति संघ आदि थुप्रैथुप्रै संघहरू पनि चुप लागी बसेको देख्दा आश्चर्यचकित समेत हुनपुगेका छन् ।

यसरी दलितवर्गको हित लत्याइए तापनि तथा आम नेपाली शोषित र सर्वहारा जनताको हकहित संवर्द्धन र संरक्षणार्थ कुनै ठोस संवैधानिक व्यवस्था नगरिए तापनि यो संविधानमा राजाको लागि भने सकेसम्म अधिकारको आरक्षण गर्न सफल भएको देखिन्छ । त्यसमध्ये १/२ वटा उदाहरणार्थ- श्री ५ लेख्न राजा, रानी, भूतपूर्व राजाकी पत्नी, युवराज र युवराज्ञी यति ५ जनालाई मात्र दिने र त्यत्तिको मात्र कानुनबमोजिम भत्ता र सुविधा खर्च नेपाली जनताले व्यहोर्ने भनी प्रायः सबै नेपालीबाट सुझाव पेश भएको र कथित सं.सु.आ.ले पनि लगभग सोही कुरालाई अनुमोदन गरी मस्यौदा तयार पारेकोमा दरबारी षड्यन्त्रपश्चात् उक्त सबै कुरा गायब गरी को कसलाई श्री ५ लेख्ने भन्नेबारे साविक परम्परा नै कायम

गराइएको छ । यति मात्र नभई आफ्नै हातमा डाडुपन्यू भएको निरङ्कुश तानाशाही अवस्थामा आफूखुशी बनाएको राजा र राजपरिवारको भारी खर्च यत्रो भयङ्कर जनआन्दोलनको आँधीपछि बनेको सरकारी व्यवस्थामा पनि राईरति घटाउन नपाइने अनौठो व्यवस्थासमेत गरिएको छ । फलतः जनआन्दोलनको भावनाविपरीत अब उप्रान्त पनि राजाका सबै सम्बन्धिहरू पूर्ववत् र यथावत् श्री ५ कायम रहने भए र ती सबैको सेवामा खर्च हुने भत्ता र सुविधाको करोडौं करोडको खर्च सधैंका लागि संसारको सबैभन्दा गरिब देशका हामी नेपालीले ब्यहोरी रहनुपर्ने भएको छ । यसबाट देशको आर्थिक लुटान जारी रहने नै भयो । मर्यादा क्रममा समेत श्री ५ लेखिने ऐरेगैरेहरूको हुल सकिएपछि मात्र देशका शक्तिशाली जनताबाट चुनिएका शासन प्रमुख प्रधानमन्त्रीको नाम आउने हुँदा देशको मानसम्मानमा समेत ठूलो धक्का पुगिरहने भयो । संसारलाई थाहा छ कि नेपालमा राजाले जनतालाई अधिकार बृटिश, जापान र स्पेन आदि देशका राजाहरूझैं आफूखुशी बिनारक्तपात दिन चाहेका होइनन् । जनताले 'देश छोड' जस्तो अन्तिम अवस्थामा लगाइने नाराले नेपालका कुनाकाप्चा घन्काएपछि, हजारौं ज्ञात/अज्ञात शहीद र योद्धाहरूको बलिदान र रगतको खोलो बगेपछि बल्ल अहिलेको अधिकार प्राप्त हुन सकेको हो । यस अवस्थाबाट गुज्रेका राजालाई पञ्चायतकालीन सम्मान दिनु कुनै आवश्यकता र औचित्य देखिँदैन, तर यो संविधानमा भने राजालाई यत्रतत्र फोस्रो मानमर्यादा पूर्ववत् र यथावत् कायम राखी क्रान्ति विजयी नेपाली जनतालाई सधैंभरि हुकुमी शासनमा क्रितदास बनाई राख्ने कुचेष्टा गरिएको छ ।

देशको छवि र आदर्शको विदेशी राष्ट्रमा प्रतिनिधित्व गर्ने राजदूतजस्ता महत्वपूर्ण पदमा कोही कसैको परामर्शबिना सीधै राजाले नियुक्ति गर्न पाउनु, नेपाल सरकारलाई श्री ५ को सरकार नै भनिनु, नेपाली सेनालाई शाही सेना नै भनिनु र त्यसको सञ्चालन थोरै मात्र कुरो घुमाई निर्विघ्न रूपले राजाले नै गर्न पाउनु, राजा संविधानको पालन र संरक्षण गर्ने अभिभावकको रूपमा रहनु, देशको राष्ट्रिय गान र राजाको प्रशस्ती पुरानै कायम राखिनु, राजा र राजपरिवारको कृयाकलाप बारे कहींकतै केही प्रश्न उठाउन नपाइनु, उनीहरूको सम्पति कानुन र करबाट मुक्त रहनु, राजा व्यवस्थापिका र कार्यपालिका दुवैमा आधी हिस्सेदार रहनु, राजाले स्वविवेकले संकटकालीन अधिकार प्रयोग गर्न पाउनु आदि अचम्म र डरलाग्दा यस्ता बुँदाहरू यो संविधानमा राखिएका छन् जसले गर्दा वर्तमान

राजतन्त्रलाई संवैधानिक वा संविधानभन्दा माथिको भन्ने स्पष्ट छुट्याउन र २०१७ सालको पुनरावृत्ति होला कि ? भन्न गाह्रो पर्दैन । यीसब कुरालाई हेर्दा यो संविधानलाई प्रजातान्त्रिक भन्नुको सट्टा "सुधारिएको राजतन्त्रअन्तर्गत बहुदलीय पञ्चायती प्रजातान्त्रिक संविधान २०४७" भन्नु उपयुक्त देखिन्छ । यस्तो संविधान निर्माण गर्ने षड्यन्त्रकारीहरूको जति निन्दा गरे पनि थोरै हुन्छ र जनताले यिनीहरूलाई क्षमा गर्ने छैनन् ।

एकातिर संविधानमा यति धेरै अधिकार राजाको लागि सुरक्षित गरिएको छ भने अर्कोतिर राजा र राजपरिवारले आफ्नो सर्वाधिकार खोसिएको ठानेका देखिन्छन् । यस कुराको पुष्टि संविधान घोषणा समारोहमा राजपरिवारको कुनै सदस्यको पनि उपस्थिति नहुनु र राजा स्वयं पनि सो समारोह स्थलमा आउनासाथ कोही कसैसँग औपचारिक वा अनौपचारिक रूपले हाँस्नु, बोल्नु नगरी, एकक्षण नबसी, तुरुन्तै घोषणापत्र पढ्न शुरु गरी सकिनासाथ उल्टा पाउ फर्की जानु आदिले गरेका छन् । यो सब हेर्दा प्रख्यात लेखक र कवि दिल साहनीको एक गद्य कवितामा उल्लेखित "पाउनेले अति थोरै पाएका छन् तर दिनेलाई भने खुबै धेरै दिएझैं लागेको छ" भन्ने वाक्यांशको झल्को आउँछ ।

अन्तमा, यस संविधानरूपी नाटकबाट केवल ब्राह्मणवादी राजा, गुरु पुरोहित र सामन्तवर्ग तथा तिनीहरूका मुट्ठीभर भरौटे आसेपासेहरू तथा व्यवहारले भारतीय जनता पार्टीको नेपाली प्रतिरूप हुन पुगेको संशोधित ब्राह्मणवादी नेपाली कांग्रेस र त्यसको पिछलग्गू बन्न पुगेका केही कम्युनिष्ट भनाउँदा प्रगतिशीलताको मुखौटो ओढेका ब्राह्मणवादीहरूको मात्र हित साधना भएको देखिन्छ । फलतः अहिले तिनीहरू मात्रै अति हर्षित, प्रफुल्लित देखिएका छन् र आफ्नो हातमा रहेको सरकारी सञ्चार माध्यमहरूद्वारा खुबै हर्ष बढाई गरिरहेका छन् । यस्तो सामन्ती पोषक हिन्दूवादी संविधानलाई ती कम्युनिष्ट भनाउँदाहरूले सहीछाप गरी पारित गर्नु र घोषणापश्चात् फटाफट समर्थनसमेत गर्नुको पछाडि के रहस्य लुकेको छ भन्ने कुरो जान्न नपाई अलमल परेका बहुसङ्ख्यक नेपाली जनताका लागि भने यो संविधान पेटमा विष भरिएको दूधमुखे घैंटोसरि त्याज्य छ !

(दैनिक लुम्बिनीः २०४७ साल मार्ग १ गते शनिबार, बुटवल)

छुवाछुत कायम राख्न को कति जिम्मेवार ?

नेपाल अधिराज्यको संविधान २०४७ मा दलित जातिको उत्थानको लागि अन्य कुनै ठोस व्यवस्था नगरिएको भए तापनि छुवाछुतविरुद्ध दण्डनीय करारबारे भने त्यो जातिको धेरै वर्षदेखिको मागलाई ध्यान दिएर धारा ११(४) को व्यवस्था गरी "कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा छुवाछुतको भेदभाव नगरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ" भनी प्रष्ट उल्लेख गरिदिनाले अब बन्ने छुवाछुतविरुद्धको कानुन सोहीअनुरूप बन्ने कुरामा नेपाली दलितहरू पूर्ण आशान्वित थिए । तर, त्यससम्बन्धी व्यवस्था गर्न नेपाली काँग्रेसको सरकारबाट पारित र मिति २०४९ वैशाख ८ देखि जारी गरिएको केही नेपाल ऐन संशोधन गर्ने ऐन २०४८ द्वारा मुलुकी ऐनको अदल महलमा नम्बर १ र १० का दफाहरू संशोधन गरी थपिएका बुँदाहरूले भने दलितहरूको त्यो आशामा पानी खन्याउँदै उनीहरूलाई छुवाछुतबाट मुक्ति दिलाउनुको साटो छुवाछुतको भुँमरीमा झन् जकड्याउने काम गरेको पाइयो । अदलको १० नं.मा थपिएको उपदफा नं. १०(क) ले संविधानको धारा ११(४) मा बन्देज लगाएको छुवाछुत कसैले गरेमा निजलाई एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्ने व्यवस्था गरेर एकातिर संविधानप्रति पूर्ण बफादार रही दलितजातिलाई छुवाछुतबाट साँच्चै नै मुक्ति दिलाएझैं देखाएको छ भने अर्कोतिर सोही उपदफाको स्पष्टीकरणमा चाहिँ "तर कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन" भन्ने उल्लेख गरी संविधानले

समष्टि रूपमा एउटै मानेको सार्वजनिक स्थललाई (१) सामान्य सार्वजनिक स्थल र (२) धार्मिक सार्वजनिक स्थल गरी दुई भागमा बाँडेर धूर्ततापूर्वक छुवाछुतलाई मान्यता दिन पुगेको छ ।

यसरी छुवाछुत/भेदभावलाई मान्यता दिनुले राणाकालीन कानुनी व्यवस्थाको बिंडो थाम्ने काम गरेको प्रष्ट देखिन्छ । यो दलितजातिको आवाजलाई कानुनीरूपमा कुटिलतापूर्वक दमन गर्ने ब्राह्मणवादी नीतिकै परिणाम हो । किनकि हिजो अर्थात् त्रेतायुगमा दलित नेता शम्बुक ऋषिलाई रामले मारेझैं दलितहरूलाई ठाडै मार्न सकिने तथा तिमीहरू 'अछुत' हौ भनेर ठाडै दमन गर्न सकिने अवस्था अहिले छैन, वि. सं. २०१० सालमा दलितहरूले सामूहिकरूपमा चलाएको पशुपतिनाथ मन्दिर प्रवेश आन्दोलनलाई दबाएजस्तै दबाउन सकिने स्थिति पनि छैन । हिजोभन्दा आज दलितहरू सचेत र संगठित बन्दै गएको तथ्यलाई मध्यनजर राखेर नै यो कुटिल चाल चालिएको हो भन्ने कुरा अब सिद्ध भइसकेको छ । खास गरेर २०४७ साल बडादशैंको नवरात्रीका समयमा नवलपरासी जिल्लाको जहदा गाउँस्थित दुर्गाभवानीको मन्दिरमा प्रवेश गरेको कारण चन्द्रबहादुर विश्वकर्मामाथि भएको अन्यायको प्रतिकारमा नवलपरासी, चितवन, रूपन्देही, पाल्पा र तनहुँसमेतका दलितले देखाएको ऐक्यबद्धता र शक्तिप्रदर्शनले पनि शासकहरूलाई पाठ सिकाएको हुनुपर्छ । यस्ता मुठभेडहरू मुलुकका विभिन्न भागमा दलित र ब्राह्मणवादीहरूबीच बारम्बार भई नै रहेका छन् र जातीय भेदभावको अन्त्य नभएसम्म यस्ता घटना भैरहने पक्का छ ।

दलित र जनजातिहरूलाई शोषितै राखिराख्न र उनीहरूको उन्नतिमा रोक लगाउनमा आफ्नो कल्याण ठान्ने यी ब्राह्मणवादीहरूले दलित अथवा अरु कोही पनि हिन्दु धर्म छोडी अन्य धर्मतर्फ लाग्न नपाऊन् र जबर्जस्ती हिन्दू धर्ममै बस्न बाध्य होऊन् भन्ने कुटिल आशयले सोही संशोधित ऐनद्वारा अदलको १ नम्बरमा "अरुको धर्ममा खलल पर्ने गरी कसैले पनि कुनै धर्म प्रचार गर्न वा कसैले कसैको धर्म परिवर्तन गराउन पाइने छैन । यदि कसैले सो कुराको उद्योगसम्म गरेको भए ३ वर्षसम्म कैद र धर्म परिवर्तन गराइसकेकोमा ६ वर्षसम्म कैद गरी विदेशी नागरिक भए त्यस्तो सजाय भोगिसकेपछि निजलाई नेपालबाहिर निकालासमेत गरिनेछ" भन्ने उल्लेख गरी धर्म परिवर्तनमा ठाडै रोक लगाएर प्रजातन्त्रकै खिल्ली

उडाइएको छ ।

यसले गर्दा अब दलितका लागि केवल ३ वटा बाटाहरू मात्र बाँकी रहेको देखिन्छ । १) परम्पराअनुसार चित्त बुझाई स्वघोषित सवर्णहरूको दयाको भरमा बस्नु । २)आत्महत्या गर्नु । ३) अत्याचारी ब्राह्मणवादीहरूको हरेक चालको डटेर सामना गरी ईँटको जवाफ ढुङ्गाले दिँदै सङ्घर्षमा उत्रेर आफ्नो प्रजातान्त्रिक हक प्राप्ति गर्नु । ती बाटाहरूमध्ये पहिलो दासताको बाटो, दोस्रो कायरताको बाटो हो । यो उनीहरूको हितमा छैन । त्यसो गर्नुभन्दा दलित-मसिहा डा.भीमराव अम्बेडकरको आह्वान “शिक्षित बन, संगठित होऊ र सङ्घर्ष गर” लाई पच्छ्याउँदै अन्ततः तेस्रो बाटो अँगाल्नु नै उनीहरूको लागि समयोचित देखिन्छ ।

मुलुकका सबै धर्म र जातिले समान र स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्ने मान्यताका विपरीत एकलाई बचाएर अरुलाई मार्ने उपरोक्त नीतिका लागि केवल नेपाली कांग्रेस मात्र होइन, आफूलाई मार्क्सवादी वा माओवादी भन्ने कट्टर ब्राह्मणवादी कम्युनिष्टहरू, अन्य पार्टीहरू, ब्राह्मणवादी संघसंस्थाहरू र कथित दलित उत्थान मञ्चसमेत समान रूपले जिम्मेवार छन् ।

(साप्ताहिक जनादेश-२०४९ आषाढ ३० मंगलबार, काठमाडौं)

भाइफोरुवा चाड- जनै पूर्णिमा

संसारका जुनसुकै देश र समाजमा पनि मानिसहरूबीच आ-आफ्नै किसिमको संस्कृति र रीतिरिवाजहरू परम्परादेखि चल्दै र मानिँदै आएको देखिन्छ । तीमध्ये केही समाजमा आपसी मेलजोल बढाउने, सबैको हित गर्ने, विश्वबन्धुत्व र वसुधैव कुटुम्बकम्को भावना बढाउने खालका हुन्छन् भने केही चाहिँ समाजमा साम्प्रदायिकता फैलाउने र सँधैं झैंझगडा गराउने, कुनै एक वर्ग वा जातिलाई उठाउने र अर्को वर्गलाई होच्याउने, समाजमा विकृति फैलाई भाँड्भैलो मच्याउने खालका हुन्छन् । अतः जगेर्ना गर्ने उद्देश्यले परम्परागत रीतिथितिको अनुसरण गर्दा चेतनशील र विकासप्रेमी समाजले राम्ररी सोच्नु जरुरी हुन्छ । नत्र शान्ति भए मात्र विकास हुन सक्ने निर्विवाद सिद्धान्तको विपरीत सधैं झैंझगडा र अशान्ति भैरहनाले सामाजिक विकासको गति रोकिन पुग्छ ।

हाम्रो देश पनि बहुधार्मिक, बहुभाषिक र बहुसाँस्कृतिक भएको हुँदा यहाँको समाजले पनि आ-आफ्नो परम्परागत रीतिरिवाज मान्दा उपयुक्त कुराहरूमा ध्यान पुऱ्याउनु जरुरी देखिन्छ। कल्याणकारी र राम्रो परम्परालाई अँगालेर समयानुकूल विकसित गर्दै लानु पर्दछ भने देश र समाजघाती परम्परालाई त्याग्दै जानु श्रेयस्कर हुन्छ ।

कुनै समाजमा कुनै बखत उत्तम मानिएको परम्परा समय परिवर्तनका क्रममा त्यही समाजमा अनुपयुक्त र त्याज्य हुन पुग्छ । हिन्दू समाजले परम्परादेखि केही दशक अघिसम्म अँगाल्दै आएको नरमेध यज्ञ, सती जाने, कमाराकमारी राख्ने, हरिबोल गराउने (पितृलाई काशीमा लगेर गङ्गामा

नुहाई दिने बहानाले डुबुल्की लगाई लगाई मार्ने), बहुबिवाह, बाल विवाह गर्ने आदि प्रथा र रीतिरिवाजहरू काल परिवर्तनका क्रममा अमानुषिक र अनुपयुक्त मानिँदै त्यागिएर अहिले इतिहासको गर्भमा पुगिसके । अहिले हिन्दू समाजले त्यसैगरी नत्यागी नहुने अवस्थामा पुगेको, देशघाती, समाज भँडुवा र भाइफोरुवाको रूपमा रहेको अर्को परम्परागत संस्कृति हो- जनै पूर्णिमा !

रुसका प्रसिद्ध दार्शनिक लियो टाल्सटायले "तीन प्रश्नहरू" नामक आफ्नो लेखद्वारा हामी सबै मान्छेहरूलाई यो शिक्षा दिएका छन् कि जो मानिस हामी नजिक वा अगाडि हुन्छ त्यो नै हाम्रो लागि सबैभन्दा महत्वपूर्ण व्यक्ति हुन्छ । त्यसको भलाई गर्नु हाम्रो सबभन्दा महत्वपूर्ण काम हुन्छ र त्यो भलाई गरेको समय नै हाम्रो सबभन्दा उत्तम समय हुन्छ । यसरी मान्छेबीच विश्वबन्धुत्व र भाइचाराको शिक्षा फैलाउने विचार र संस्कृतिको विकास पश्चिमेली मुलुकहरूमा सयकडौं वर्ष अघिदेखि नै भएको देखिन्छ । त्यसैको फल हो कि आज हामी दैनिक उपभोगका जति पनि भौतिक सुविधायुक्त सामानहरू प्रयोग गरिरहेका छौँ ती सब तिनै विचारधारा र संस्कृतिबाट ऐक्यबद्ध भएर जातीय भेद र सङ्घर्षको कल्पनासम्म नगरी विकास पथमा लम्केका जनताको महान् आविष्कार र परिश्रमको देन हो । त्यस्तो व्यापक दृष्टिकोण नराखे तापनि आफ्नो समुदाय मात्रको ठोस एकताको लागि हजरत मुहम्मद साहेबले पनि पवित्र कुरानमा मनग्गे व्यवस्था गरेका छन् । उनले भनेका छन् कि एक मुसलमानको लागि संसारको कुनै पनि कुनामा रहेको अर्को मुसलमान आफ्नो साख्खै भाइसमान हुन्छ र त्यसको हरसम्भव भलाई गर्नु यहाँसम्म कि आवश्यक परेमा त्यसको लागि ज्यानसमेत बलिदान गर्नु हरेक मुसलमानको कर्तव्य र धर्म हुन्छ ।

तर बडो दुःखको साथ भन्नु पर्दछ कि हाम्रो समाजको प्रमुख धर्म हिन्दू धर्ममा भने त्यस्तो पश्चिमेली मुलुकको जस्तो उदार विचारधारा र हजरत मुहम्मद साहेबको जस्तो आफ्नो समुदायबीच एकताको जबर्जस्त नाराद्वारा समाज र व्यक्तिलाई एकसूत्रमा बाँध्ने कुनै कुरा हुनु त परै जाओस् त्यसको ठिक उल्टो सधैँ एकैठाउँमा सँगसँगै बस्ने, एकै धर्म मान्ने, एकै भेष र भाषा

भएका, एकै रङ्गरोगनका भाइभाइमा पनि सकेसम्मको फुट पारी समाजलाई छियाछिया पार्ने मन्त्रहरूको प्रतिपादन भएको पाइन्छ । तिनै मन्त्रहरूमध्ये एक र मुख्य हो जनै पूर्णिमा । हरेक वर्षमा एकपटक आउने यो जनै पूर्णिमाले वर्षदिनसम्म समाज र देश विकासमा सँगसँगै काम गरी आपसी उचनीच र जातिपातिको भेदभाव बिर्सन लागिसकेका नेपालीहरूलाई एक्कासी होँड़ली म ठूलो र तँ सानो भन्ने जातीय भेदभावको सम्झना फेरि जगाउँदै, बन्न लागेको सामाजिक एकतालाई फेरि खल्बल्याएर राखिदिन्छ । जनै लाउन पाउने भनिएका बाहुन, क्षेत्रीहरू उच्च कुलका र जनै लाउन नपाउने भनिएका मङ्गोल वा अन्य जनजाति तथा कथित शूद्रहरू चाहिँ नीचा कुलका हुन् भन्ने कुराको यसै दिनमा नवीकरण गर्ने काम गरिन्छ । यसरी यो जनैको धागोले नेपालीलाई फोर्नमा वर्षैपिच्छे विशेष भूमिका खेलेको खेल्यै छ । स्पष्ट छ कि यदि यो चाड नेपालीको घर दैलोमा कहिल्यै नआउने हो भने केही दशक भित्रैमा नेपालीहरू आपसी उचनीचता र जातीय भेदभाव बिर्सेर एकजुट हुन कुनै मुस्किल पर्नेछैन ।

यस्ता भाइफोरुवा साँस्कृतिक परम्पराको डोरेटोमा नेतृत्व वर्गले हिन्दू समाजलाई डोऱ्याउँदा उच्च कुलीन भनाउँदाका सन्तानहरूका निहित स्वार्थ स्थायी र व्यवस्थित रूपले परिपूर्ति भैरहे तापनि देश र समाजलाई भने यसबाट सधैं ठूलो नोक्सानी व्यहोर्नु परेको अनुभव हामीसमक्ष छँदैछ । हिन्दु धर्मको मूल थलो भारत वर्षकै कुरा लिऊँ । मुट्ठीभरको सङ्ख्यामा हजारौं कोस टाढाबाट त्यहाँ आएका आपसी एकताले परिपूर्ण मुसलमान आक्रामकहरूको हमलाबाट युद्ध कौशलमा निपुण मानिएका तथा "वरम् प्राण परित्यागो मान भंगेन जीवनात्" भन्ने मन्त्र जप्ने लाखौं करोडौं हिन्दूहरू आफ्नै घर आँगनमा सोत्तर पर्नु र बाँचेकामध्ये कोही धर्मरक्षाको बहाना पारेर ज्यान बचाउन दुर्गम हिमालयको पहाडी भेगतिर भाग्नु र बाँकीले आफ्नै घरमा विधर्मीको दासता स्वीकारेर बस्नु कुनै मामुली घटना थिएन । यस्तो असम्भव देखिने कुरा कसरी सम्भव भयो ? प्रष्ट छ कि यही जनै पूर्णिमाजस्ता भाइफोरुवा साँस्कृतिक परम्परा र जातीय विभाजनले रोगी भएको हिन्दू समाजमा युद्ध गर्ने काम क्षेत्रीको मात्र भनी बाँकी ३ जात ब्राह्मण, बैश्य र शूद्रले आफ्नै आँगन र खेतमा भएको त्यत्रो भयङ्कर

सङ्ग्राममा कुनै वास्ता राखेनन् वा हतियार उठाएनन् । यसरी एक्लै लड्नु परेका क्षेत्रीहरूमा पनि सूर्यवंशी, चन्द्रवंशीजस्ता आपसी उचनीचको भावना कम्ती थिएन । कुनै कुशल योद्धा नीचकुलको क्षेत्री रहेछ भने त्यसको नेतृत्वमा चल्नु भन्दा आत्महत्या गर्नु निको ठानेर उँचा कुलका क्षेत्रीहरूले त्यो महासङ्ग्राममा एकता देखाएनन् । फलतः सङ्ख्यामा जतिसुकै धेरै भए तापनि खण्डखण्ड अति खण्ड भएका हिन्दूहरूले 'भाइ फुटे गँवार लुटे' भन्ने उखान चरितार्थ पार्दै पराजय भोग्नुमा कुनै आश्चर्य रहेन ।

यसरी हामी देख्छौं कि चाहे वर्तमानमा होस् चाहे विगतमा हिन्दूहरूको अवनति र पराजयमा जातीय भेदभावको अग्रणी भूमिका रहेको छ । देशका जनता आपसमा एकमत र एक ढिक्का भए मात्र शान्ति र प्रगति सम्भव छ भन्ने जानिसकेपछि र जातीय भेदभावलाई बढावा दिनाको कुफल पटक/पटक भोगिसकेपछि अब हामीलाई एकजुट हुनमा बाधा पार्ने यो जनै पूर्णिमा र यस्तै खाले भाइफोरुवा र देशघाती अन्य साँस्कृतिक परम्परा मान्ने चलन नेपाली मात्रले च्यात्तै छोड्नु पर्ने समयको माग देखिन्छ । -अस्तु !

(दैनिक लुम्बिनी-२०४९ साउन २९ गते बिहीबार, बुटवल)

के श्रीकृष्ण मुक्तिदाता हुन् त ?

यो सालको श्रीकृष्ण जन्माष्टमी भरखरै बित्यो । हरेक वर्षझैं ऐले पनि हिन्दूहरूले भगवान् मानिएका श्रीकृष्णको जन्मोत्सव धुमधामले मनाए । श्रीकृष्णलाई महात्मा बुद्ध, महात्मा गान्धी, राजाराम मोहन राय आदि जस्ता समाज सुधारक लोकोपकारीको रूपमा मात्र मानेको भए त ठिकै हुन्थ्यो । तर उनलाई ईश्वर र मुक्तिदाताको रूपमा नै मानिन्छ । उनको सम्झना र पूजाको बदलामा प्रत्यक्ष वा परोक्ष रूपले एउटै कुराको अपेक्षा राखिन्छ, त्यो हो- मृत्युपछि भक्तलाई पापमुक्त गरी सीधै स्वर्ग पुऱ्याउने !

हिन्दू धर्मशास्त्रहरूमा मानिसले जतिसुकै पापाचार गरे पनि श्रीकृष्णको भजन मात्रले सब पाप नाश भई सीधै स्वर्ग जान पाइने कुरा थुप्रै उल्लेख छन् । त्यसै कारणले होला आफ्ना दैनिक काम व्यवहारमा सत्कर्मलाई भन्दा कुकर्मलाई यहाँ प्राथमिकता दिइरहेको देखिन्छ । कुकर्मबाट सकेसम्मको धन सम्पत्ति बटुलेर गर्नुसम्म ऐस आराम गरे पनि कृष्णभजन गर्नासाथ पापमुक्त हुने र मरेपछि स्वर्गको सिट पनि सुरक्षित भैहाल्ने भएपछि अरु के नै पो चाहियो र ! जीउँदाभर सुखको सास, मरेपछि स्वर्गको बास !!

तर आजको युगमा हामीले यस्ता कुराको अन्धानुकरण गर्नुअघि शास्त्रकै आधारमा यो विचार गर्नु जरुरी छ कि श्रीकृष्णको जपना तपना गरेर को को मुक्त भए वा भएनन् ! यदि श्रीकृष्ण त्यस बखत मुक्तिदाता रहेछन् भने हामी पनि आफ्नो मुक्तिको लागि उनको भजनका पछि लागौं अन्यथा त्यो कर्म अमूल्य समय खेर फाल्ने सिवाय अरुथोक केही हुनेछैन । यस सम्बन्धमा कुनै सन्तले लेखेको निम्न दोहा उपर विचार गर्नु राम्रो होलाः-

चारभाइ पाण्डव नर्क गए, युधिष्ठिर एक्लै धाम !
कृष्ण भगवान् अर्जुनका, आए खै के काम ?

महाभारतका अनुसार परिक्षितलाई गद्दी सुम्पेर द्रौपदीसहित हिमालयतर्फ

लागेका बूढा पाण्डवहरू युधिष्ठिर बाहेक सबै लोटेर मरे । त्यसपछि विमान चढी स्वर्ग जाने क्रममा युधिष्ठिर बाटोमा परेको नर्कमा आफ्ना ती भाइहरू र द्रौपदी समेतलाई बडो दुःख पाएको र मद्दतको लागि आफूलाई गुहारेको हेर्दै खिन्न मन गराउनु परेको थियो । यहाँनेर विचारणीय कुरो यो छ कि अर्जुन जस्तो व्यक्तिलाई नर्क जानु किन पऱ्यो ?

अर्जुन र श्रीकृष्ण पूर्वजन्ममा दुई भाइ नर र नारायण थिए । यस जन्ममा अर्जुन श्रीकृष्णकी फुपू कुन्ती र बहिनी सुभद्राका क्रमशः छोरा र लोग्ने थिए । बालककाल देखिका साथीसमेत भएका अर्जुनलाई सर्वोच्च धनुर्धर कायम गर्न र बचाउन श्रीकृष्णले जीवनभर गर्नु र नगर्नु काम गरे । तीमध्ये मुख्य यस प्रकार छन्ः-

१) स्वयंवर सभामा उपस्थितमध्ये अर्जुनको टक्करको एकमात्र वीर कर्णलाई द्रौपदीद्वारा निचाकुलको घोषित गराई पन्छाए भने उही कर्णलाई दुर्योधन पक्षबाट विमुख गराई पाण्डव पक्षमा ल्याउने ध्येयले महाभारत युद्ध शुरु हुनुभन्दा अघि एकान्त पारी कुन्ती र सूर्य पुत्र हुनाले विशुद्ध क्षेत्रीय भएको कुरा प्रमाणसहित सुनाए । जुन अनुरोध कर्णले मानेनन् ।

(२) दुर्योधनको पक्षबाट लड्ने उद्देश्यले आइरहेको त्यस बखतको सर्वोत्तम धनुर्धर एकलव्यको टाउको बीच बाटोमै दान स्वरूप धोखापूर्वक हात पार्न सफल भएका श्रीकृष्णले त्यसबाट हुन सक्ने भारी खतरादेखि अर्जुनलाई साफै बचाए ।

(३) लडाइँ गर्न कुरुक्षेत्रमा उपस्थित आफ्ना कुटुम्ब र लाखौं निरपराधहरूको ज्यान लिएर रजाइँ गर्नु भन्दा सन्यास लिनु निको मानेका अर्जुनलाई श्रीकृष्णले नै गीताद्वारा धर्मको उपदेश दिएर लड्न र नरसंहार गर्न तयार पारेका हुन् ।

(४) सूर्यास्तसम्ममा जयद्रथलाई मार्न नसके आफै आत्मदाह गरी मर्ने प्रतिज्ञा गरेका अर्जुनको अग्नी प्रवेश समारोह हेर्ने विचारले सूर्यास्तलाई पर्खेर गुप्ती ठाउँमा लुकी बसेका जयद्रथलाई सो समारोह हेर्न रणभूमिमा आफै आउने गराउन श्रीकृष्णले नै नक्कली सूर्यास्त पारी जयद्रथ बध गराई अर्जुनको प्रतिज्ञा पूरा गराए ।

(५) कर्णसँग अमोघ शक्ति रहेसम्म अर्जुन सुरक्षित नरहने देखी श्रीकृष्णले षड्यन्त्रपूर्वक सो शक्तिको सिकार राक्षसी पुत्र घटोत्कचलाई बनाई त्यताबाट अर्जुनलाई निश्चिन्त पारे ।

उपरोक्त घटनाहरूबाहेक श्रीकृष्णद्वारा अर्जुनको हित चिताउने अन्य सामान्य घटनाहरू यति वर्णित छन् कि यसमा लेखेर साध्य छैन । त्यस्ता प्यारा अर्जुन पनि नर्क जान बाध्य हुनु चानचुने कुरो होइन ।

यस्तै उदाहरण अर्को हेरौं- परभास क्षेत्रमा यादव पुरुषहरूको कुलसंहार र श्रीकृष्णको देहान्तसमेतको खबर पाएपछि उनका विधवा पटरानी, रानीलगायतका स्त्रीहरू र बाल बच्चालाई हस्तिनापुरमा ल्याई आफैले पालन पोषण गर्ने उद्देश्यले राजा युधिष्ठिरले आज्ञा दिँदा अर्जुन द्वारिका गई ती सबै विधवा, तरुनी र बाल बच्चालाई रथमा राखी ल्याई रहेका बखत बीच बाटोको जङ्गलमा लुटेरा भील्लहरूले हमला गरे । ती लुटेराहरूबाट स्वयं श्रीकृष्णका विधवा पटरानी, रानीसमेतका सबै स्त्रीहरू लुटिए, बेइज्जत पारिए । ती मध्ये तरुनी र अर्धबैंसे जतिलाई भील्लहरूले हरेर लगे । त्यो विघ्न विनाशको बेला ती आईमाईहरूले आफ्नो रक्षार्थ श्रीकृष्णलाई गुहार्नुसम्म गुहारे । तर त्यहाँ न त चीरहरणको बेला द्रौपदीको रक्षार्थ पुग्ने श्रीकृष्ण नै आए न अर्जुनको गाण्डीवको नै केही जोर चल्यो । लाचार अर्जुन भील्लहरूबाट दुर्गति पारी छोडिएका बूढाबूढीहरू र बालबच्चा मात्र साथमा लिई लुरुलुरु हस्तिनापुर आउन बाध्य भए । गीतामा "एकोहम द्वितीयो नास्ती" भनेर गर्जने श्रीकृष्णका आफ्नै परिवारको त्यो बिचल्ली हुनु कम्ती आश्चर्य र लज्जास्पद कुरो थिएन ।

यसरी हामी धर्मशास्त्रकै आधारमा पनि प्रष्ट देख्छौं कि संसारमा राम्रो काम गर्ने युधिष्ठिर जस्तालाई मोक्ष वा मुक्ति पाउन कसैको नाम जप्ने जरुरत पर्दो रहेनछ । नराम्रो काम गरेमा अर्जुन र विधवा पटरानी, रानीहरूजस्तै श्रीकृष्णको भजनका त के कुरा संगतै गरे पनि नर्क जानबाट कोही बच्ने रहेनछ । यस्तो जानेपछि पनि वर्तमान युगमा उनै श्रीकृष्णबाट पार पाउने आशा गर्नु बुद्धिमत्ता होला त ?

अन्त्यमा,

यो लेख कसैको आस्थामा विशेष धक्का पार्ने ध्येयले लेखिएको नभई केवल हिन्दूहरूले धार्मिक अन्धानुकरण गर्ने पुरानो बानी छोडेर परिवर्तित जमाना अनुसारको वैज्ञानिक र तर्कयुक्त बाटोको मात्र पछि लाग्ने बानी बसालौं भन्ने मात्र यसको उद्देश्य रहेको कुरा विनम्र अनुरोध गर्दछु । अस्तु !

(दैनिक लुम्बिनी-२०४९ साल भाद्र २२ गते सोमबार, बुटवल)

द ब्राह्मण इन्टरनेशनल फैमिली !

२०५० साल भदौ ७ गते साँझको ने.टि.भी. र रेडियो नेपालको समाचार सुनेपछि यो पंक्तिकारलाई पक्का विश्वास भयो कि प्र.म. गिरिजाप्रसाद कोइराला र उहाँको परिवारको वास्तवमै अन्तर्राष्ट्रियकरण भएको रहेछ। एकै बाउका तीन छोराहरू देशको प्रधानमन्त्री भएको घटना हालसम्म विश्वमै नभएको भनी स्व.कृष्णप्रसाद कोइरालाका तीन भाइ छोराहरू सर्वश्री मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला र गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री भएकोमा उहाँहरूको नाम गिनीज बुक अफ वर्ल्ड रिकर्डस्मा चढ्यो रे भन्ने सुन्दा पंक्तिकारको मनमा कताकता चिसो पसेको थियो। त्यत्ति मात्र कारणले कसैको नाम गिनीज बुकमा चढ्ने भए सर्वप्रथम धीर शमशेरका ५ भाइ छोराहरूको नाम चढ्नु पर्थ्यो भन्ने पंक्तिकारको धारणा छ। किनकि ती ५ भाइ राणाहरू सर्वश्री वीर शमशेर, देव शमशेर, चन्द्र शमशेर, भीम शमशेर र जुद्ध शमशेर त कोइराला बन्धुहरूभन्दा धेरै वर्षअघि नै नेपालका प्रधानमन्त्री भइसकेका थिए। यस कुरामा कसैकसैले ती राणाहरू जननिर्वाचित थिएनन् भन्ने तर्क दिएको पनि सुनिन्छ तर ती तार्किकसँग मातृकाप्रसाद कोइराला पनि त जननिर्वाचित थिएनन् भन्ने सवालको भने जवाफ छैन। यस्तो स्थिति प्रष्ट छँदाछँदै गिनीज बुकमा चाहिँ कोइराला बन्धुहरूकै नाम चढ्दा पंक्तिकारको मनमा चिसो पस्नु स्वाभाविक हुने नै भयो।

गिनीज बुकमा कोइराला बन्धुहरूको नाम यस्तो विवादित विषयबाट चढाइनु भन्दा, उहाँहरूको आ-आफ्नै प्रधानमन्त्रीत्व कालमा भए गरेका निम्नलिखित ३ वटा महान् कार्यहरूको कारणबाट चढाइएमा भने पक्कै

निर्विवाद रहने विश्वास पंक्तिकारलाई छ ।

१. नेपालको एकमात्र पूँजीको रूपमा रहेको जलश्रोतका मूल भण्डारमध्येका कोशी नदी प्रम मातृकाप्रसाद कोइरालाले, गण्डकी नदी प्रम. विश्वेश्वरप्रसाद कोइरालाले र महाकाली नदी प्रम गिरिजाप्रसाद कोइरालाले पडोसी देश भारतलाई सुम्पेर हालसम्म विश्वका कुनै प्रधामन्त्रीले नगरेको महान् देशघाती कार्य गरेको ।

२. वाणिज्य, पारवहन, औद्योगिक आदि कामकुराका सबै सम्झौतामा सधैँ नेपालीलाई मुनि र भारतलाई माथि पार्ने जस्ता आजसम्म विश्वका कुनै प्रधानमन्त्रीले नगरेको महान् (?) राष्ट्रघाती कार्य गरेको ।

३. मातृकाप्रसाद कोइराला प्रधानमन्त्री हुनासाथ भारतीय प्रधानमन्त्री नेहरूको ईशारामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका हिमाली बोर्डरका नाका/नाकामा भारतीय सुरक्षा पोष्ट राखेर आफ्नो बोर्डरको सुरक्षा जिम्मा भारतलाई सौंपने महान् देशघाती काम गरेको !

पाठकगण ! कोइराला परिवारले आफ्नो शासनकालको दौरान भए गरेका उपरोक्त महान् कार्यहरूको सौभाग्य त पाएको छ नै, सो बाहेक विश्व बन्धुत्व, सर्वधर्म समभाव र पारिवारिक अन्तर्राष्ट्रियकरणको लागि थुप्रै महत्वपूर्ण कदम चालेर पनि आफ्नो मूल ब्राह्मणत्व चाहिँ ज्यूँका त्यूँ जोगाउनसमेत सफल भएको देखिन्छ । जस्तैः-

१. आफ्नो ब्राह्मणत्वको श्रेष्ठता निर्विवाद बनिरहोस् भन्ने महान् उद्देश्य पूर्तिको लागि तत्कालीन नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालासमेतको सक्रियतामा जनआन्दोलनपछिको क्रान्तिकारी प्रजातान्त्रिक वातावरणमा पनि बहुसङ्ख्यक नेपालीको चाहनाविपरीत नेपाललाई हिन्दू राष्ट्र घोषित गरेरै छोडियो ।

२. प्रम गिरिजाप्रसाद कोइरालाकी सुपुत्री सुजाता जर्मन नागरिक कृश्चियन बर्नार्ड जोष्टसँग पोइला जानाले र मिति ०५०/५/७ साँझको ने.टि.भी. र रेडियो नेपालको समाचारबाट थाहा भएअनुसार प्रम. गिरिजाकी साख्खै बहिनी विजयालक्ष्मी पाकिस्तानी नागरिक मुहम्मद अकरम जाकी (महासचिव विदेश मन्त्रालय, पाकिस्तान) सँग पोइला जानाले यो कोइराला परिवारले विश्वका महान् धर्ममध्ये

इसाई र इस्लामसँग पनि सुमधुर सम्बन्ध जोडेर सर्वधर्म समभावको कदम चालेको देखिन्छ । योबाहेक कोइराला परिवारको भारतीय नेता चन्द्रशेखरसँगको नाता सम्बन्ध, अन्य विभिन्न भारतीय नेता तथा विदेशीहरूसँगको नाता सम्बन्ध तथा भारतीय अभिनेत्री बन्न पुगेकी मनीषा कोइरालाकी आमातर्फको सम्बन्धका विषयमा त थुप्रै पत्रपत्रिकाहरूबाट नेपालीलाई जानकारी भएकै छ ।

यसरी विभिन्न देशका स्वधर्मी एवं विधर्मी समेतसँग विभिन्न प्रकारले नाता सम्बन्ध जोड्दै कोइराला परिवारले विश्वबन्धुत्व, सर्वधर्म समभाव र पारिवारिक अन्तर्राष्ट्रियकरणतर्फ भारतका जवाहरलाल नेहरूको परिवारको अनुशरण गर्न खोजेको देखिए तापनि विचार र व्यवहारमा चाहिँ यी दुवै परिवारबीच निम्न बुँदाका आधारमा आकाश जमिनको भिन्नता भएको पंक्तिकारलाई लागेको छ ।

१. नेहरू परिवारमा राष्ट्रिय स्वार्थलाई सर्वोपरि स्थान दिएको पाइन्छ भने कोइराला परिवारमा त्यस कुराको सर्वथा अभाव देखिन्छ ।

२. महात्मा गान्धीका प्रभावले फिरोज खाँ बाट फिरोज गान्धी बन्न पुगेका आफ्नै देशका पारसी मुसलमानसँग पोइल जानासाथ इन्दिराले नेहरू थर त्यागी पतिको थर अपनाई इन्दिरा गान्धी बन्न पुगिन् । तर कोइराला परिवारकी सुजाताले भने विदेशी इसाई जोष्टसँग पोइल गए तापनि आफूलाई उच्च कुलीन हिन्दू ब्राह्मणी नै कायम राख्ने मनशायले आफ्नो बाउको थर कोइराला अझै छोडेकी छैनन् । अर्थात् अहिले पनि पूरा नाम सुजाता कोइराला नै छ । यतिमात्र कहाँ हो र ! उनले नेपाली नागरिकता पनि नछोडेकी हुनाले संविधान र नागरिकता ऐनसमेतको मिचाई त भइरहेको छ नै, यदि यही हालत रहिरह्यो भने उनका विदेशी छोराछोरीहरू पनि भविष्यको नेपालको प्रधानमन्त्री नहोलान् भन्न नसकिने स्थिति छ । केही हदसम्म त्यस्तै हालत गिरिजाकी बहिनी विजयालक्ष्मीको रहेछ । मुसलमान पति (जाकी)सँग पोइल गए पनि कोइराला थरको मोहबाट छुट्न सकेकी रहिनछन् । पूरा नाम विजयालक्ष्मी कोइराला जाकी राखेकी रहिछन् । ताकि आफ्नो पतिको घर पाकिस्तानमा मुसलमान बनी बस्नु परे

तापनि माइतीघर नेपालमा आउँदा चाहिँ पूर्ववत् र यथावत् उच्च कुलीन ब्राह्मणी बनी रहन र माइतीमा सजिलै घुलमिल हुन कुनै समस्या नपरोस् !

३. नेहरू परिवारले भारतमा जातीय समानता, सामाजिक एवं राष्ट्रिय एकताको लागि सधैँ प्रयासरत हुँदै जीवनसमेत अर्पण गरेको पाइन्छ । कोइराला परिवार भने त्यस मामलामा ठीक विपरीत र नकारात्मक हिसाबले चलेको देखिन्छ । आफूले भने मुसलमान वा इसाई जोसँग पनि मनलागी पोइल जाने वा ल्याउने गरेर पनि आफ्नो मूल ब्राह्मणत्व ज्यूँका त्यूँ पूर्ववत् र यथावत् कायम राखेका छन् । तर पञ्चायतीकालमा समेत नभएको जातीय भेदभावको पुनरुत्थान गर्ने जमर्को गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्व कालमा भएको छ । परम्परादेखि साना जात भनिएका हिन्दू व्यक्तिलाई हिन्दू मन्दिरमा नै प्रवेश गर्नबाट बञ्चित गर्ने मानवताविरोधी र समाजभँडुवा कानुन २०४९ साल वैशाख ८ गते पारित गरियो, जो कि नेपाली दलितहरूको जवाफी प्रतिवादका कारणले सम्मानित सर्वोच्च अदालतबाट खारेज पनि भइसकेको छ ।

पाठकगण ! यसरी यो परिवारले राणाको रोल मिचेर गिनीज बुकमा प्राथमिकता पाउनु तथा संसारका जुनसुकै जातसँग पोइल गए/ल्याए पनि ब्राह्मणको हाडै चोखो भन्ने पुरानो हिन्दू उखानअनुसार विशुद्ध ब्राह्मण बनिरहनुको पछाडि के रहस्य रहेछ त भनी खोतल्दै जाँदा यो सबको कारण कोइराला परिवारले आफूलाई अन्तर्राष्ट्रियकरण गर्नु नै हो भन्ने ठोकुवामा यो पंक्तिकार पुगेको छ । आगे तपाईंको विचार ! तत् सत् !?! धन्य हो, द इन्टरनेशनल ब्राह्मण फैमिली !!! इति---

(दैनिक लुम्बिनी- २०५० असोज १ गते शुक्रबार, बुटवल)

मिलीजुली बस्न बाँडीचुँडी खानै पर्छ

वर्षौंसम्म पिँजडामा राखिएको चरोलाई कसैले पिंजडामुक्त गर्दैमा चरोले स्वतन्त्रता पायो भन्न र त्यस व्यक्तिको कर्तव्य पूरा भयो भन्न मिल्दैन । बाहिरको उन्मुक्त वातावरणमा जन्मजात स्वच्छन्द विचरण गर्दै आएका अरु चराहरूसँग समयानुकूल प्रतिस्पर्धा गरी आफ्नो गुजारा आफै गर्न सक्ने नहुँदासम्म त्यो चराको विशेष रूपले रेखदेख गर्नुपर्ने जिम्मेवारी पनि त्यो व्यक्तिको हुन आउँछ । अन्यथा चरो झन् नष्ट हुने कुरामा दुइमत हुँदैन र त्यो व्यक्ति उल्टै दोषभागी बन्न पुग्दछ ।

ठिक त्यही हालत हिन्दू वर्णव्यवस्थारूपी पिँजडामा हजारौं वर्षदेखि जकडिएका र हाल पिंजडामुक्त हुन पुगेका शूद्र अथवा दलित वर्गको नेपाल र छिमेकी देश भारतमा छ । भारतमा चाहिँ डा.भीमराव अम्बेडकरको भारी प्रयास र महात्मा गान्धी, जवाहरलाल नेहरू आदिको सहयोग, सहमतिले दलितलाई उकास्न विभिन्न क्षेत्रमा आरक्षणको व्यवस्था मूल संविधानमै गरिदिनाले त्यहाँ ऐले दलितहरू उपराष्ट्रपति, उपप्रधानमन्त्रीसम्म भैसकेका छन् र देशका तमाम साना ठूला पदहरूमा प्रशस्त मात्रामा पुगिरहेका छन् । नेपालमा त्यो अवस्था छैन । विगत शासन व्यवस्थासम्मका त कुरै छोडौं, दलितहरू घोषित ५ जना र अघोषित अनगिन्ती शहीद भएर ल्याइएको वर्तमान प्रजातान्त्रिक शासनकालमा पनि देशको स्थिति निम्नानुसार छँदैछ :-

१) **सामाजिकः–** तुल्सीदासको 'पुजहुँ विप्र सकल गुण हिना । शूद्र न पूजहुँ वेद प्रवीणा' भन्ने दोहा अक्षरशः पालन भएको पाइन्छ । कथित ठूला जातिको स्वतः मान र कथित साना जातिको स्वतः अपमान यहाँ सामान्य घटना मानिन्छ । उदाहरणार्थः- कथित ठूला जातिका मानिस, चाहे त्यो शहीदको ऐतिहासिक हत्यारा नै किन नहोस्, लाई चाहिँ एक/एक वटा निहुँ पारेर सरकारी एवं सामाजिक पक्षबाट यहाँ अभिनन्दन गरिन्छ र त्यसबारे पत्रपत्रिका पनि कुनै प्रकारको विरोध नगरी मौन बस्दछ । तर दक्षिणी ध्रुव अन्टार्कटिकामा पुगेर अन्तर्राष्ट्रिय क्षेत्रमा देशको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने पहिलो नेपाली भुवनसिंह विश्वकर्माजस्ता दलितलाई भने पुछनीसम्म गर्ने कथित ठूलोठालू कोही भेटिँदैन । शायद यस्तै कारणले विरक्त भएर होला सगरमाथाको प्रथम विजेता तेन्जीङ्ग नोर्गेले 'म नेपाली होइन भारतीय हुँ' भनेको ।

२) **आर्थिकः–** देशको कुल जनसङ्ख्याको अनुपातमा अल्पसङ्ख्यामा रहेका र हलोको अनौ छुनै नहुने भनिएका बाहुन जातिका कब्जामा देशको झण्डै ६० प्रतिशत उब्जाउ जमिन छ । दोश्रो नम्बरमा क्षेत्री छन् । बाँकी रुन्चेबीलो र भिर, पाखा, पहरा, जति जनजाति र दलितका भागमा छन् । देशमा भूमिसुधार कार्यक्रम यसै कारणले सफल भैरहेको छैन र शासनमा बाहुन-क्षेत्रीको वर्चश्व रहेसम्म यो कहिल्यै सफल हुने पनि छैन । विभिन्न श्रोतबाट देशमा भित्रिने सुनचाँदी, विदेशी मुद्रा, ठेक्कापट्टा आदि सबैमा बाहुन, क्षेत्री, नेवार र मारवाडीहरूको एकछत्र पकड छ । दलित र अन्य जनजाति या त उनीहरूको दयाका पात्र छन् या उनीहरूको घरखेत धान्ने नोकर छन् या ज्यानको आश मारेर र घरबारी बेचेका लाखौं रूपैयाँ जोखिममा पारेर नोकरी गर्न विदेश गई बल्लतल्ल दुई-चार पैसाको मुख देख्न पाएका छन् ।

३) **शैक्षिकः–** जनताको रगत पसिनाबाट आर्जेको राजस्व खर्च गरेर निःशुल्क खान, लगाउन, पढ्न, बस्नको सुविधा संस्कृत विद्यालयमा उपलब्ध गराई बाहुन मात्रका सन्तानलाई थन्क्याउनु पर्ने भैसकेको अतीतको भाषा संस्कृत पढाइन्छ । उनीहरू नै वर्तमानमा पनि

देशका हर्ताकर्ता पदमा आसिन भई देशलाई विश्वकै सबभन्दा गरिब देशमध्ये दोश्रो बनाउनमा ठूलो योगदान पुऱ्याइरहेका छन् । विदेशमा सरकारी तवरले पढ्न वा तालिम लिन जानेमा बाहुन, क्षेत्री, नेवारकै बोलबाला र मिलेमतो छ । यहाँतक कि रेडियो नेपालका गाइने जातिका कलाकारको गाना बजानाबाट प्रभावित भइ उनीहरूलाई हलैण्ड, अमेरिकाजस्ता देशबाट झिकाई पठायो भने त्यसमा पनि मिलेमतो गरेर बाहुन, क्षेत्री र नेवारहरू नै सारङ्गी भिरेर गएका घटना र अनुभव थुप्रै छन् ।

४) **राजनैतिकः–** देशका जङ्गी, निजामती सबै कार्यालयका प्रमुख जति (कताकति अपवादबाहेक) बाहुन, क्षेत्री र नेवार यति ३ जातिका मानिस मात्रै छन् । देशको सर्वोच्च विधायिका, कार्यपालिका र न्यायपालिका यिनै ३ जातिको कब्जामा छ । अतः देशको लागि कानुन बनाउने, त्यसको कार्यान्वयन गर्नेदेखि सम्पूर्ण हालहुकुम यिनैको कब्जामा हुनु स्वभाविकै हुने भयो । त्यसैको फल हो कि बाँकी पदहरूमा पनि निजामतीतर्फ ७० देखि ९० प्रतिशतसम्म बाहुन छन् र त्यसपछि बाँकीमा नेवार, क्षेत्रीको पकड छ भने जङ्गीतर्फ कमाण्डीङ्ग पदमा ८० प्रतिशत क्षेत्री र त्यसपछि बाहुन, नेवार र कताकति शेतामगुराली पनि थुप्रै छन् । दलितको स्थिति जङ्गी निजामती दुबैतर्फ एकदमै नगन्य र दयनीय रहेको छ । उनीहरूलाई हतियार बनाउने, कपडा, जुत्ता, सिउने, पाइखाना सफा गर्ने ठाउँमा परम्परागत रूपमा नै स्वीकार गरिएको छ ।

पाठकगण ! झट्ट हेर्दा यो कसैलाई च्वास्स बिझ्ने नमिठो लाग्ला । तर देशको एकता र अखण्डता बचाई अमनचैन राखिरहन र यस्तो यथार्थतालाई ढाकछोप गरिरहँदा भविष्यमा देशले व्यहोर्नु पर्ने ठूलो भाँडभैलोबाट बच्नको लागि भने यो कुरा तितो भए पनि औषधि सावित हुनेछ । ऐले यो संसारमा आफ्नो कडा मेहनतले उब्जाएका फलले शोषक वर्गलाई पोषाउने, आफू चाहिँ 'कर्मन्य बाधिकारस्ते, माफलेषु कदाचन' गीता उपदेशको अनुशरण गर्दै सँधैं झुत्रे, झाम्टे र दरिद्र भई सन्तोषपूर्वक बस्ने मूर्खता गर्ने जाति वा व्यक्ति कोही छैन । कसैलाई ललाई फकाई थाङ्ग्रामा सुताई राख्नु अब सम्भव पनि छैन । यदि सम्भव हुन्थ्यो भने शायद बङ्गलादेशको जन्म ऐलेसम्म पनि हुने थिएन । श्रीलंकाका जङ्गलमा रक्तबीज झैँ तमिलटाईगर

उम्रने थिएनन् । दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाको उदय हुने थिएन ।

नेपालमा पनि परम्परागत शोषण र ब्राह्मणवादको एकाधिकार विरुद्ध उठेको लहरले चर्को रूप लिँदै छ । हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ किरातेश्वर महादेव हुन् भनी ब्राह्मणवादीहरूले जति ललाई फकाई गरे पनि दशैं बहिष्काररूपी दावानल सेतामगुराली बीच झन्/झन् बढ्दै छ । त्यस्तै स्थिति दलितको छ । विश्व परिस्थितिको दवाबको कारणले हो वा राणाकालमा वि.सं. २००३ सालदेखि बाग्लुङ निवासी सर्वजित विश्वकर्मा बृञ्चीद्वारा सञ्चालित मुक्ति आन्दोलन र २०१० सालको पशुपतिनाथ मन्दिर प्रवेश आन्दोलनजस्ता दलित सङ्घर्षको परिणामले हो, स्व.श्री ५ महेन्द्रबाट २०२० साल भाद्र १ गते जारी गरिएको नयाँ मुलुकी ऐनले दलितलाई कानुनीरूपले जातीय समानता दियो । तर उनीहरूलाई उकास्ने तथा समाजमा जरा गाडेको छुवाछुत प्रथा हटाउनेतर्फ चाहिँ कुनै कानुनी व्यवस्था गरेन बरु अदल महलमा दफा नं. १० को व्यवस्था गरी परोक्षरूपले जातिप्रथा यथावतै राख्ने कुटिल चाल चल्यो । त्यस चालको तत्काल विरोध गर्दै देशका तमाम दलितले सरकारसमक्ष राखेको, सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक आदि क्षेत्रमा आरक्षण हुनुपर्ने, अदलको १० नं. दफा खारेज गर्नुपर्ने, छुवाछुतविरुद्ध दण्डनीय कानुन बन्नुपर्ने आदि मागलाई निरस्त गर्न फलामलाई फलामले काट्ने नीतिअनुरूप पञ्चायती सरकारले दलित जातिकै व्यक्तिहरू सर्वश्री भू.पू. राज्यमन्त्री स्व. हिरालाल विश्वकर्मा र नेपाल राष्ट्रिय समाज कल्याण संघका अध्यक्ष प्रतापराम लोहार आदिलाई प्रयोग गरेर आफू भक्त बकुल्लो बन्ने काम गऱ्यो । हिरालालले आफू पदमा रहुन्जेल सरकारद्वारा ठाउँ ठाउँमा आयोजित सभाहरूमा नेपालमा दलित समस्या नै छैन भन्दै फलाक्न थाले भने प्रतापराम लोहारले २०४५ साल भदौ १ गते काठमाडौंको राष्ट्रिय नाचघरमा भएको दलितहरूको विशाल आमसभामा छुवाछुतविरुद्ध दण्डनीय कानुन बनाउन जरुरत नै छैन भन्ने भाषण गरी त्यसबारे त्यहाँ उपस्थित अन्य सम्पूर्ण सहभागी दलितहरूको दण्डनीय कानुनको मागप्रति कुठाराघात गरे ।

त्यस प्रवृत्तिको अनुशरण वर्तमान प्रजातान्त्रिक सरकारले पनि विरासतको रूपमा गरेको देखिन्छ । संविधान सुझाव आयोगको प्रस्तावित मस्यौदामा व्यवस्था गरिएको दलित जातिको लागि राष्ट्रिय सभामा ३

सिटको आरक्षण नेपाली कांग्रेसको प्रमुख सहभागितामा गठित संविधान मस्यौदा छानबिन आयोगबाट हटाइयो । तर सदनमा भने नेपाली कांग्रेसका तत्कालीन राष्ट्रिय सभा सदस्य दलसिंह कामीले उक्त ३ सिट ने.क.पा. एमालेले किन हटायो ? भन्ने मूर्खतापूर्ण प्रश्न सरकारी इशारामा उठाई त्यसबारे नेपाली दलितलाई भ्रममा पार्ने र तत्कालीन कांग्रेसी सरकारलाई पानीमाथिको ओभानो बनाउने प्रयास गरियो । २०४९ साल वैशाख ८ गते प्रकाशित नेपाल राजपत्र भाग २ द्वारा सरकारले पञ्चायतकालीन अदलको १० नं. दफालाई यथावत् राख्दै आफ्नो तर्फबाट दलितलाई असर गर्ने २ वटा कानुन जनसमक्ष ल्यायो । (१) दलितले मन्दिरमा पस्न नपाउने, (२) सार्वजनिक ठाउँमा कसैले कसैलाई छोइछिटो गरेमा दण्डनीय हुने । यसमा पहिलो कानुन संविधानको भावना विपरीत थियो भने दोश्रो चाहिँ संवैधानिक व्यवस्थाको केवल पुष्टि मात्रै । तर तथाकथित दलित उत्थान मञ्चका स्वघोषित अध्यक्ष दलवीर विश्वकर्माबाट भने सरकारी इशारामा दलितमारा पहिलो कानुनलाई लुकाई दोस्रो कानुन बनाएको जस नेपाली कांग्रेसलाई दिए । साथै दलितको एकमात्र हितरक्षक भएकोले नेपाली कांग्रेसलाई तत्कालीन स्थानीय चुनावमा एकमतले भोट दिई विजयी बनाउन आह्वान गरेर पर्चा वितरण गर्दै नेपाली दलितलाई मूर्ख बनाउने प्रयास गरियो । २०५० साल कार्त्तिक २१ गतेको दैनिक कान्तिपुरमा प्रकाशित जवाहर रोक्काको लेखमा दलितवर्गको उद्धारार्थ आरक्षण व्यवस्था हुनुपर्ने माग उल्लेख छ । त्यो लेखको मसी सुक्न नपाउँदै र त्यो आम दलित माझ राम्ररी पुग्न नपाउँदै तत्काल त्यसको विरोधस्वरूप २२ गतेको सोही पत्रिकामा कुपण्डोल ललितपुर निवासी कविता परियारको नामबाट प्रतिक्रिया प्रकाशित भएको पाउँदा कतै त्यो काम र नाम पनि सरकारी चाल र ब्राह्मणवाद पोषकको छद्म नाम त होइन ? भनी सोच्न नेपाली दलित बाध्य भएका छन् ।

यसरी दलितका जायज आवाजलाई दबाउने, ढाकछोप गर्ने वा बङ्ग्याउने सरकारी छलकपट आखिर कति दिन चल्ला ? राणाशाही र पञ्चायतलाई समेत फ्याँक्न रगतको खोलो बगाएका दलित अब पनि घिउ र महको दुनो जता घोप्टिए पनि आफ्नै भागमा पोखिने गरी बनाएको परम्परागत ब्राह्मणवादी भागवण्डालाई सहेर र स्वीकारेर बस्ने प्रश्नै आउँदैन । बाँडीचुँडी नखाए मिलीजुली बस्ने कल्पना गर्न निश्चय सकिने

छैन । तसर्थ हरेक क्षेत्रमा दलितलाई जनसङ्ख्याअनुरूप समानुपातिक भागवण्डा दिनको लागि कानुनीरूपले आरक्षणको व्यवस्था गर्नु नितान्त आवश्यक भएको कुरामा ब्राह्मणवादीहरूले चेत्नुपर्ने बेला आइसकेको छ । यदि अझै पनि उनीहरू चेत्दैनन् र 'म खाऊँ मै लाऊँ सुखसयल जतिछन् सब म गरुँ । म बाँचू मै नाँचू अरु सब मरुन दुर्बलहरू' भन्दै देशमा भएभरका श्रोत र साधनमा आफ्नो परम्परागत हैकम र बर्चश्व यथावत् कायमै राख्न चाहन्छन् भने भविष्यमा यो देशको शान्ति सुव्यवस्थाप्रति नै प्रश्न चिन्ह खडा नहोला भन्न सकिन्न । त्यस अवस्थाको जिम्मेवार तिनै ब्राह्मणवादी हुनेछन्, जसका पुर्खाले आफ्नो निहित स्वार्थपूर्तिको लागि समृद्ध भारतीय हिन्दू समाजलाई जातीय भेदभावले ग्रस्त र खोक्रो पारी आफ्नै घर आँगनमा मुट्ठीभर विदेशी विधर्मीहरूको हातबाट पराजय भोग्न र हजारौं वर्षसम्म दासताको जन्जीरमा बाँधिन बाध्य पारेर आफूचाहिँ धर्म रक्षाको बहानाले भागेर ज्यान बचाउन नेपाल पसेका थिए । त्यो अवस्थाबाट बच्नको लागि सबै नेपाली एकजुट भई मिलीजुली बस्नु पर्दछ । त्यसरी मिलीजुली बस्नको लागि ऐलेसम्म सबै भाग एक्लै खान पल्केका शासक जातिले दलित एवं सबै शासित जातिलाई आ-आफ्नो भागअनुसारको आरक्षण दिएर बाँडीचुँडी खानै पर्छ । तब मात्र देशमा अमनचैन रहने छ र वास्तविक विकास शुरु हुनेछ । अस्तु !

(उत्पीडित आवाज- उत्पीडित विद्यार्थी युनियन पोखराको मुख-पत्र, २०५१ वैशाख, कास्की पोखरा)

आखिर कहिलेसम्म ?

नेपालको परिप्रेक्ष्यमा आर्यहरूको प्रवेश हुनुअघि यहाँका पहाडी भेगमा मङ्गोलहरूको एकलौटी बसोबास रहेको इतिहास प्रमाण देखिन्छ । त्यस बेलासम्म मङ्गोलहरूमा कुनै प्रकारको जातीय छुतभेद र उँच-नीचको भेदभाव नहुनाले शान्तिपूर्वक जीवन व्यतीत गरिरहेका थिए । समथर भारतीय भू-भागको उष्ण गर्मीले आत्तिएर उच्च हिमाली श्रृङ्खलाको सम्मोहक चिसो र शान्त वातावरणले आकर्षित भई कहिलेकाहीँ पहाडतिर चढेका एकाध आर्य ऋषिमुनीहरूसँग बाहेक अन्य आर्य समुदायसँग ती मङ्गोलहरूको कुनै सम्पर्क थिएन । भारतमा युनानी/मुसलमानी आक्रमणले जोर पक्रन थालेपछि पटापट हिन्दू मन्दिर ध्वस्त पार्ने र पराजित हिन्दूहरूलाई अनेक प्रकारका यातना दिने वा विधर्मी/मुसलमान बनाउने क्रम चल्न थाल्यो । त्यस अवस्थामा धर्मभीरु र चनाखा बाहुनक्षेत्रीहरू डफ्फाका डफ्फा भई ‘अनिकालमा बीऊ जोगाउनु, हुलहालमा जीउ जोगाउनु’ भन्दै धर्मरक्षाको बहानाले ज्यान जोगाउन शरणस्थल खोज्दै शान्तिप्रिय मङ्गोल आदिवासीहरूको बासस्थान नेपालका दुर्गम पहाडी भेगमा क्रमशः ओइरिन थाले । सियो बनेर छिर्ने र हात्ती भएर निस्कने अवसरवादी नीतिका प्रतिपालक, खगोलबेत्ता एवं ज्योतिषशास्त्रका उद्भट विद्वान् नवागन्तुक बाहुनहरूका भविष्यवाणीले चकित र अतिशय प्रभावित यहाँका आदिवासी मङ्गोल राजा वा सरदार वा मुखियाका घरमा बाहुनकै इशारामा, भारतबाट सँगै आएका, राजखान्दानका क्षेत्रीहरू नोकर भई केही महिना वा वर्षसम्म बसे । त्यस घरको आन्द्राभुँडी सबै छामिसकेपछि लाटासोझा मङ्गोलहरूलाई साम, दाम, दण्ड, भेदको नीतिले आपसमा फुटाई अन्ततः आफै राजा बन्न पुगे । यसरी सत्तापलट हुनासाथ

बाहुन सर्वोच्च स्थान पाई राजगुरु बने भने हिजोसम्म मालिक रहेका मङ्गोलहरू एक्कासी उनै शरणार्थी आर्यहरूको हली गोठाले हुन पुगे । तबदेखि नेपालमा छुतभेद र उँच-नीचको दुर्भावना फैलिन थाल्यो ।

राजगुरु बनेका बाहुनहरूले आफ्नो स्वार्थ हेरी कसैको जात बढाउने वा घटाउने काम भारतमा जस्तै यहाँ पनि गर्न थाले । यदि कुनै मङ्गोल सरदार निकै चतुरो र शक्तिशाली रहेछ भने त्यसलाई रोटी-बेटीको सम्बन्ध जोडेर बाहुन, ठकुरी वा क्षेत्री बनाएका उदाहरण यहाँ थुप्रै देख्न सकिन्छ । जस्तैः बराल, लामिछाने, बगाले थापा, बुढाथोकी, रोक्का र घर्ती आदि थुप्रै थरहरू मङ्गोल, क्षेत्री र बाहुन सबैमा पाइन्छ । मगरहरूको एकछत्र आधिपत्य रहेको पाल्पाका सेन राजाहरू शुरुमा मगर भएको कुरा प्रामाणिक रूपले भन्न सकिन्छ । तर पछि उनीहरू बाहुनद्वारा बकाइदा ठकुरी बनाइए भने उनीहरूको कुल सम्बन्ध भारतको चित्तौरगढका शिशौदिया घरानासँग जोडेर इतिहास बनाइयो । इतिहास लेखनका एकमात्र अधिकारी बन्न पुगेका बाहुनहरूले नेपालका प्रायः सबैजसो शक्तिशाली राजघरानाको मध्यकालीन हिन्दूजगतमा वीरताको लागि प्रसिद्धी पाएको भारतको चित्तौरगढको शिशौदिया राजघरानासँग कुल सम्बन्ध जोडेर इतिहास बनाई चाप्लुसी गरेर आफ्नो स्वार्थ सिद्धी गरेको देखिन्छ । यो कुरा ठोकुवा गर्न किन सकिन्छ भनेः-

(१) ती बाहुनले पाल्पाली सेनवंश, गोरखाको शाहवंश र जङ्गबहादुर राणाको कुँवरवंश सबैको मूल एउटै अर्थात् चित्तौरको शिशौदिया वंश लेखेका छन् । यदि त्यसो हुन्थ्यो भने ती सेन, शाह र जङ्गबहादुरका सन्तानले एक आपसमा विहेबारी किमार्थ चलाउने थिएनन् ।

(२) सेन, शाह र जङ्गबहादुर राणाको वंशावली भनी बाहुनहरूले तयार पारेका कुनै पनि पुस्तावली चित्तौरका शिशौदिया राजघरानाको पुस्तावलीसँग कत्ति पनि मेल नखाएको र स्वतः कोरा काल्पनिक बकवास ठहरिएको कुरा प्रख्यात इतिहासकारहरूले लेखेका छन् ।

जात घटी/बढी गर्ने सन्दर्भमाः बाहुनहरूले पृथ्वीनारायण शाहको आज्ञाले, युद्धमा मारिएका, उनका परमशत्रु एवं साख्खै जेठान मकवानपुरे राजा दिग्बन्धन सेनका सन्तानलाई सार्की बनाए । जङ्गबहादुर राणा र

वीरशमशेरलाई खुशी पार्न नेवारका साल्मी र कौलाई पानी चल्ने जात बनाए । अङ्ग्रेज-अफगान युद्धमा अङ्ग्रेजलाई मद्दत गर्न गएको बेला जनरल धीरशमशेर राणाले पेसावर (हाल पाकिस्तान) बाट जहुरबक्स नाम गरेकी मुसलमान सुन्दरीलाई नेपाल ल्याए । धीरलाई खुशी गराउन बाहुनहरूले ती सुन्दरीको नाम जौहरकुमारी राखी पश्चिमका राजपुतकी छोरी हुन् भन्ने जाल रचेर दरबार भित्र्याइदिए । उनै जौहरकुमारीका छोरा जुद्धशमशेर राणा खाँटी ठकुरी बनेर नेपालका प्रधानमन्त्री भए (हेर्नुहोस्ः नेपालको महाभारत-लेखक ज्ञानमणि नेपाल) । यो लहरो तान्दै जाँदा कता कताको पहरो घर्कन्छ सो कुरा विज्ञ पाठकहरूले आफै विचार गर्नु हुन्यै छ । यी सब कुरा हेर्दा नेपालका स्वघोषित खुब उच्चाकुलीन आर्यहरू कत्तिको शुद्ध र उच्च कुलका रहेछन्, घाम जस्तै छर्लङ्ग हुन्छ !

माथि उल्लेखित इतिहास प्रमाणहरूका अतिरिक्त अहिलेको प्रजातान्त्रिक माहौलमा पनि हाम्रो देशमा बाहुनहरूको त्यो एकलौटी र मनपरीतन्त्र कायमै रहेको पाइन्छ । उदाहरणार्थः- कथित पानी चल्ने जातका छोरा वा छोरीले धनीमानी अमेरिकन वा इरानी आदि विधर्मी र विदेशीसँग बिहेवारी गरेमा बाहुनहरूले त्यो नवदम्पत्ति र त्यसबाट जन्मेका सन्तानलाई सनातनी सगोत्रीसरह सहर्ष र सहजै स्वीकार गरेको देखिन्छ । तर तिनै छोरा/छोरीले कामी, दमाई, गाइने, सार्की, पासी आदि कथित साना जातसँग बिहेवारी गरेमा भने ती छोरा/छोरीसँग सम्पर्क नै च्याट्टै छुटाई बसेका प्रमाण यत्रतत्र देख्न सकिन्छ । वर्षौंदेखि धनगढी कैलालीमा एउटा प्रोजेक्ट सञ्चालन गर्दै आएका एक जना धनाढ्य क्रिश्चियन गोरा (विदेशी) लाई गत २०५१ सालको माघ/फागुन ताका त्यहाँका बाहुनहरूले बकाइदा यज्ञोपवित (जनै) धारण गराई पौराणिक कालमा विश्वामित्रलाई क्षेत्रीबाट ब्राह्मण बनाएसरह विधिपूर्वक बाहुन बनाए । आजभन्दा झन्डै २/३ वर्षअघि पूर्वी नेपालको झापा वा सुनसरीतिर एउटा मुसलमानलाई त्यहाँका बाहुनहरूले बकाइदा क्षेत्री बनाएको खबर सरकारी मुखपत्र गोरखापत्रले सामान्य र सहज तवरले प्रकाशित गरेको थियो । तर जुगौंदेखि हिन्दू धर्म मान्दै आएका बैतडी, दैलेखका कामी, दमाईले भने सत्यनारायणको पूजा लगाउँदा र मुर्दा घाटमा लगेको बेला शङ्ख फुक्दा मात्र पनि तिनै बाहुनहरूले विरोध गरी कामी, दमाईलाई पिटेर मरणासन्न अवस्थामा पुऱ्याएको खबर पनि त्यही गोरखापत्रमा पढ्न पाइएको थियो ।

अचेल बाहुनहरूले अङ्ग्रेजी शब्द मदर, फादर, ब्रदर, डटर र यू आदिका उच्चारणसँग संस्कृत शब्द मातर, पितर, भ्रातर, दौहित्र र यूयं आदि ठ्याक्कै मिल्न खोज्ने र तिनको अर्थ पनि एउटै भएको हुनाले परापूर्व कालमा अङ्ग्रेज (गोराहरू) र आफू बाहुनहरू एउटै वंशका भएको दावी गर्दैछन् । त्यो पुष्टि गर्न तत्सम्बन्धी लेख, रचनाहरू कान्तिपुर, गोरखापत्र आदि पत्रिकाहरूमा छपाउँदै डलर, पौण्ड र जर्मन मार्कका मालिक गोराहरू बाहुनकै वंश भएको जन मानसिकता तयार गर्न तम्सिएका देखिन्छन् । योबाहेक बेलाबखतमा विश्व हिन्दू सम्मेलन हुँदा पनि ती पश्चिमी गोराहरूलाई ३ हातको टुप्पी पाल्न लगाई बकाइदा यज्ञोपवित र रामनामी पहेँलो बस्त्र धारण गराई यज्ञकुण्डमा बाहुन बटुकहरूको साथैमा राखेको देख्न पाइन्छ । तर यिनै बाहुनहरूले आफ्नो एउटै मातृभाषा, एउटै भेष, एउटै रीतिथिति भएका र बिरामी परेको बेला आफूलाई तुरुन्त रगत दिएर बचाउने साख्खै अंशियार सार्की, कामी, दमाई र गाइने आदि दलितलाई भने कुकुरभन्दा तल्लोस्तरमा राखी आफूले त हेपेकै छन्, अरु जात एवं लाटा सोझा मङ्गोल समुदायबाट समेत हेलाहोचो गराइरहेका छन् । विश्वहिन्दू सम्मेलनमा दलितलाई स्थान दिने कुरा त परै जाओस् !

दुर्भाग्यको कुरो त यो छ कि देशकै कुल आवादीको केवल १२ प्रतिशत मात्र जनसङ्ख्या रहेको यो बाहुन जातिले अहिले पनि सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक, जङ्गी एवं निजामती हर क्षेत्रको सम्पूर्ण बागडोर आफ्नो हातमा लिई निर्णायक भूमिका खेलिरहेको छ। त्यो कुरामा परम्परादेखि बाहुनलाई गुरु मान्दै आएका अन्य जातिका मानिसहरूले पनि "बाहुनले जो गर्‍यो काम, हुन्छ त्यो सर्वसम्मत" भन्दै सर्वसमर्थन जनाउँदै आएको देखिन्छ। यिनै सब कुराले मनबढ भएका बाहुनहरूले केवल आफ्नो नाक राख्नको निमित्त मात्र पुरातात्विक भाषा बनिसकेको संस्कृतलाई शिक्षा क्षेत्रमा अनिवार्य बनाउँदा र रेडियो नेपालबाट संस्कृतमा समाचार प्रसारण गर्दा पनि कहीँ कतैबाट ठोस विरोध भएको छैन ।

"ताक परे तिवारी नत्र गोतामे" सिद्धान्तवादी बाहुनक्षेत्रीका समुद्रपार गएका छोराछोरीहरू जानीजानी वा झुक्किएर, गाईको मासु वा झोल (सुप) नखाएका बिरलै पाइन्छन् । त्यसै कारणले पनि र खसी, बोका, राँगा, भैंसी दैनिक काटिने हाम्रो मङ्गोलबहुल देशमा गो-बध पनि सामान्य मानिनु पर्ने हो । किनकि सन्तहरूले पनि "मांस, मांस सब एक है, जस

बकरी तस गाय" भनेर बाख्रो र गाई बराबर हो कुनै जीवको पनि हत्या नगर्नु भनेका छन् । तर बाहुनहरूले गाईको अस्मितामा चोट पुगेमा आफ्नो वर्चश्वमा पनि चोट पुग्ने देखेर ऐले अनावश्यक रूपले गोबधविरुद्धको मात्र विवाद चर्काउने राजनीति गरेका छन् र यस कुरामा अन्य सबै जात मौन देखिन्छन् ।

संस्कृतमा उच्च शिक्षा हासिल गरेका बाहुनले यो भौतिकवादी युगमा पनि हाम्रो देशमा विभिन्न अड्डा अदालतका हाकिम भई विज्ञानमा डाक्टरेट गरेका वैज्ञानिकलाई समेत औंलामा नचाइरहेको देखिनु यहाँ सामान्य कुरा मानिन्छ । यिनै सब कुराहरूको परिणाम हो कि हाम्रो देश अहिले पनि संसारको सबैभन्दा पिछडिएको र गरिब देशमध्ये दोश्रो नम्बरमा पुगेको छ । यदि नेपालका अनन्त प्राकृतिक सम्पदाहरूले साथ दिन्नथे भने यतिञ्जेल पहिलो नम्बरमा पुगिसक्ने थियो ।

पाठकगण ! यसरी हामी देख्छौँ कि हाम्रो देशलाई बाहुनको नेतृत्वले शुरुदेखि अहिलेसम्म हानि शिवाय लाभ कहिल्यै दिएको छैन । यस्तो जान्दाजान्दै पनि आखिर कहिलेसम्म हामी यी बाहुनको पछि लागेर देशलाई भँड्खारोमा जाकिरहने त ? यसबारे सबै देशप्रेमीले गम्भीरतापूर्वक सोचौं !! अन्तमाः

'बाहुन–चरित मानस'

"बाहुन–सङ्गतिमा सतर्क रहनु, सम्भव छ धोखाधडी ।
आफ्नो मतलब साध्य गर्न यिनले, पार्छन् सँगीलाई खसी ।।
जुगजुगको इतिहास हेर्नु जनले, भाँडेंर हिन्दू समाज ।
भारतलाई गुलाम बनाए यिनले, नेपालीलाई गँवार ।।०।।"

(जनउत्थान- वर्ष २, अङ्क ५, मंसिर-पौष २०५२, काठमाडौं)
(छापामा दलित- पहिलो संस्करणः २०५८, काठमाडौं)

दलितको लागि आरक्षण अपरिहार्य

फुटाएर शासन गर्ने मनुवादी नीतिअनुरूप दलितहरू हजारौं वर्षदेखि आपसमा फुटाइँदै आएका हुनाले वर्तमान समाजमा अत्यन्त कमजोर र देशमा तेश्रो दर्जाका नागरिक बन्न पुगेका छन् । आफ्नो खोसिएको सामाजिक, राजनैतिक, आर्थिक सर्वाङ्गीण अधिकार छिनेर फिर्ता लिन दलितहरू आपसमा फुटेर होइन जुटेर तथा हटेर होइन डटेर सो हक खोस्नेहरूसँग सङ्घर्ष गर्नुपर्ने ऐलेको अवस्था छ । यो बेला दलितहरूले, आफूमध्ये सुनारले स्वर्णकार समिति, दमाईले परियार समिति, सार्कीले रोका समिति आदि विभिन्न नामले संगठन, समितिहरू खोलेर आ-आफ्नो पेसागत हकहित संरक्षण र संवर्द्धन गर्ने प्रयासमा लागे तापनि, समयमा सिङ्गो दलित जातिको विकासको लागि सधैं चनाखो र एक स्वरले एकताबद्ध हुनुपर्ने कुरालाई चाहिँ कहिल्यै बिर्सनु हुँदैन ।

दलितहरूले भोगिरहेकै कुरो हो कि संसारको कुनै पनि देशमा सत्तामा सहभागिता नपाउने जाति वा जनजातिको लागि प्रजातन्त्र भन्ने वस्तु कागजमा बाहेक वास्तवमा आउन सक्दैन । उदाहरण दक्षिण अफ्रिका छँदैछ । नेपालको सन्दर्भमा पनि सामाजिक रूपमा मात्र होइन राजनैतिक सत्ताबाट समेत हजारौं वर्षदेखि पूर्णतया 'अछुत' बनाइएका दलितले संवैधानिक आरक्षण व्यवस्थाबाहेक अरु कुनै प्रकारले सत्तामा पूर्णतः सहभागी हुन पाउँदैनन्, उल्टै सधैं छलिन्छन् र ठगिन्छन् भन्ने कुरा ठोकेर भन्न सकिन्छ । यस कुरालाई राम्ररी बुझेर दलितहरूले पञ्चायतकालदेखि नै आफ्नो लागि संवैधानिक आरक्षणको माग गर्दै आएका थिए । यो पंक्तिकारलाई ऐले पनि याद छ, वि.सं. २०२५ साल तिरको कुरो हो-

वर्तमान रा.प्र.का.का अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापासमक्ष प्रातस्मरणीयः दलित नेता स्व. सहश्रनाथ कपालीको नेतृत्वमा तत्कालीन लब्धप्रतिष्ठित दलित नेताहरूसहित पंक्तिकार पनि समाविष्ट एउटा प्रतिनिधि मण्डलले सिंहदरबारमा भेट गऱ्यो । त्यसबेला दलित जातिको सर्वाङ्गीण विकासका निम्ति संवैधानिक आरक्षणको व्यवस्था हुनु पर्ने माग राखियो । कुरा गम्भीर स्थितिमा पुग्दा भारतमा आरक्षण व्यवस्थाको कारणले ७७ जना दलितहरू संसदमा स्थायीरूपले पुग्न पाएको कुरा दलित नेताहरूले उठाउनु भयो । त्यस बखत सम्माननीय प्रधानमन्त्रीज्यूले भारतको देखासिकी गरेर नेपालमा दलितलाई संवैधानिक आरक्षण दिन नसक्ने तर व्यावहारिक रूपले दलितलाई अगाडि बढाइने भनी फोश्रो आश्वासन दिई पठाउनु भयो । त्यसपछि दलितहरूले व्यहोरेकै कुरो हो- पञ्चायतकालभर दलितलाई प्रोत्साहन गर्ने नीतिगत ठोस काम के भयो ? केवल आफ्नो निरन्तर गुणगान गर्ने हिरालाल विश्वकर्मालाई मात्र दयापूर्वक राज्यमन्त्रीसम्म बनाउने काम गरियो । जसले आफू मन्त्री हुनासाथ नेपालमा छुवाछुत प्रथा खत्तम भयो र सबै दलितले समान हक पाइसके भनेर भाषणमा फलाक्दै हिंड्नसमेत बाँकी राखेनन् ।

२०४६ सालको जनआन्दोलनमा अरु जातसरह दलित जातिका वीरहरू पनि घोषित रूपमा ५ जवान र अघोषित अनगिन्ती शहीद भए । त्यसपछि आएको कथित प्रजातान्त्रिक पार्टीहरू र सरकारसमक्ष पनि दलितहरूले आफ्नो लागि संवैधानिक आरक्षण अपरिहार्य भएको माग राखे । तर पनि कांग्रेस, एमाले, रा.प्र.पा. आदि परम्परागत मनुवादी पार्टीहरू एवं सरकार सबैले दलितको त्यो जायज मागलाई पञ्चायती प्रधानमन्त्रीले जस्तै एक स्वरले नकारेर आरक्षणबिना पनि दलितलाई अरु सरह प्रजातान्त्रिक हक सजिलै प्राप्त हुने फोश्रो गफ मात्र दिए । त्यसपछि दलितहरू सुतेका छैनन् बरु आँखा उघारेर ती मनुवादीहरूको दलितप्रतिको एक–एक क्रियाकलाप चुपचाप हेरिरहेका छन् । के ती मनुवादीहरूले दलितहरूलाई स्वाभाविक रूपले प्रजातान्त्रिक हक उपभोग गर्न दिइरहेका छन् त ? दलित जातिका पढे लेखेका मान्छेलाई विशेष सहुलियत दिई विभिन्न सरकारी पदका लिखित एवं अन्तर्वार्तासमेतका परीक्षामा उत्तीर्ण गराएर सत्तामा सहभागी बनाई प्रोत्साहित गर्न त परै जाओस् उच्चस्तरको पढाइ नै नचाहिने पद प्रतिनिधि सभा सदस्यको

निर्वाचनमा समेत दलितहरूको उचित प्रतिनिधित्व हुने गरी टिकट दिइएन। हिरालाल विश्वकर्मा मार्का एक दुई जना आ-आफ्ना भाटचारणहरूलाई चामलमा बियाँजस्तै टिकट दिएको कुरा बेग्लै हो, तर जनसङ्ख्याको अनुपातमा नीतिगत रूपले दलितलाई दिइनु पर्ने टिकट चाहिँ कुनै पार्टीले पनि दिएनन् । फलतः कथित प्रजातन्त्रको यत्रो ५/६ वर्ष बितिसक्दा पनि न त दलितको दुःखेसो नेपालको संसदमा गुन्जन पाएको छ, न त यहाँको मन्त्रिमण्डलमा कुनै दलितले स्थान पाएको छ । अन्तरिम कालमा थोरै जनाको मन्त्रिमण्डल भनेर दलितलाई पन्छाइयो । ०४८ सालको आम चुनावपछि गठित नेपाली कांग्रेसको एकमना मन्त्रिमण्डलमा दलित मन्त्री कोही भएन। एमाले सरकारको मन्त्रिमण्डलमा सांसद नै नभएका हरिप्रसाद पाण्डेलाई बाहुन हुनाले ६ महिने मनोनित गरी राज्यमन्त्री बनाइयो तर दलितलाई पनि त्यहाँ स्थान दिइनु पर्छ भन्नेतर्फ वास्तै गरिएन । त्यसपछि बनेको ऐलेको संयुक्त मन्त्रिमण्डलमा ऐरेगैरे नत्थु खैरे सबै मन्त्री हुनाले मन्त्रीका भारले नेपाली थिचिन पुगे भन्ने चर्चा जतातते व्यापक चलेको छ तापनि दलितले भने त्यसमा समेत स्थान नपाउनु दुःखको कुरो बनेको छ।

माथि वर्णित कुराहरूबाट के स्पष्ट हुन्छ भने जबसम्म नेपालमा मनुवादी शासन व्यवस्था कायम रहन्छ तबसम्म दलितले संवैधानिक आरक्षणबिना जुनसुकै तन्त्र वा पार्टीको भर गरेर संसदमा वा मन्त्रिमण्डलमा वा सरकारी महत्वपूर्ण ओहदामा जान पाऔंला भनी सोच्नु मूर्खताबाहेक अर्थोक केही हुँदैन। अब पनि यी मनुवादीले दलित हितको लागि केही गर्लान् कि अथवा पर्खेर बसेमा एक दिन राम्रो भैहाल्ला कि ! आदि भनेर परम्परागत आशा गर्दै कुर्नु आकाशको तारा खस्ने आशा गर्नु बराबर हुने कुरामा दुई राय छैन।

आजका सम्पूर्ण दलितहरू सरकारी कार्यालयबाट भैरहेको एउटा अर्को मारबाट पनि ज्यादै आतंकित छन् । त्यो हो नागरिकताको प्रमाण-पत्र । मन्त्रीदेखि सन्तरीसम्म सबै पदमा मनुवादीहरूको एकाधिकार रहेको सरकारी अड्डा खानाबाट सवर्ण जातिका व्यक्तिहरूले आफ्नो नाम, थर प्रष्ट लेख्नु कुनै जरुरी छैन, जे लेखे पनि नागरिकता पाएकै छन् । उदाहरणार्थ टाढा जानु पर्दैन । सर्वोच्च अदालतका एक जना न्यायाधीशको नाम छ प्रचण्डराज अनिल, प्रमुख जिल्ला अधिकारीहरू दुई जनाको नाम छ- विष्णुराज कुसुम र रामप्रसाद अरुण । उनीहरूले अनिल, कुसुम, अरुण जे लेखे पनि नागरिकता पाएका छन् । तर दलितहरूले भने उनीहरूजस्ता

हाकिमकै हातबाट नागरिकताको प्रमाण-पत्र बनाउनु पर्दा आफ्नो नामपछि दलित जाति जनाउने थर लेख्नै पर्ने अनिवार्य गरिन्छ । यदि कुनै स्कुलमा बाहुन र विश्वकर्मा जातिका दुबै जना विद्यार्थीको थर गौतम रहेछ र स्कुलले समेत ती दुबैलाई गौतम थरले समान रूपले प्रमाण-पत्र दिएको रहेछ भने नागरिकता दिने सरकारी अड्डामा जाँदा बाहुन विद्यार्थीलाई थर गौतम मात्र लेखेर सरासर नागरिकता दिइन्छ । तर विश्वकर्मा विद्यार्थीलाई उसको थरमा गौतम मात्र लेखेर त भरसक नागरिकता दिँदै दिइन्न कदाचित दिए पनि त्यो गौतम शब्दको अगाडि वा पछाडि वि.क. वा विश्वकर्मा शब्द अनिवार्य रूपले लेख्न लगाई त्यो विद्यार्थीको पुनः न्वारान गर्ने काम खुलेआम भैरहेको छ । यिनै सब कारणले हैरान परेर दलितहरू आजकल नागरिकता बनाउन ती अड्डामा जान पनि डर सङ्कोच मानिरहेका पाइन्छन् । यो सब किन भैरहेछ भने नागरिकता दिने वा जनतालाई थुनछेक गर्न अख्तियार प्राप्त सबै महत्वपूर्ण पदमा तिनै मनुवादीहरू छ्यापछ्याप्ती भरिएका छन् । यदि ती पदहरूमा दलितहरू पनि कसैको डर, त्रास मान्न नपर्ने गरी पूर्ण अधिकारपूर्वक पुग्थे भने त्यसरी दलितलाई सरकारी तवरले पुनः न्वारान गर्ने काम कदाचित हुन पाउने थिएन । त्यसरी पूर्ण अधिकारपूर्वक ती पदमा दलितहरू पुग्न संवैधानिक आरक्षणको व्यवस्थाबिना किमार्थ सम्भव छैन भन्ने कुरा आजसम्मको सरकारी एवं पार्टीगत मनुवादी रवैयाले प्रष्ट पारेको छ ।

सन् १९४७ मा भारत र सन् १९५१ मा नेपालमा प्रजातन्त्र आएको हो । भारतमा डा. भीमराव अम्बेडकरको अडानले संवैधानिक आरक्षण तत्कालै लागू भयो । फलतः त्यति बेलैदेखि ५४५ सिट भएको भारतीय संसदमा दलित जातिको लागि ७७ सिट सधैँको लागि सुरक्षित भयो । त्यहाँको संसदमा सधैँ दलित आवाज गुन्जनाले ऐले भारतको उपराष्ट्रपति पदमा के. आर. नारायणन नामक दलित जातिका व्यक्ति सुशोभित छन् भने अत्युच्चदेखि निम्न तहसम्मका सरकारी पदमा दलितहरू प्रशस्त भरिभराउ छन् । त्यसमाथि ३/४ वर्षअघि काशिराम र मायावतीको नेतृत्वमा खुलेको बहुजन समाज पार्टीले पनि हालसालै गएको आम चुनावमा अलग्गै ११ सिट जितेको हुनाले ऐले भारतीय संसदमा आरक्षित सिटसमेत जम्मा ८८ सिट दलितहरूको कब्जामा रहेको छ । तर अफसोस छ कि भारतकै हाराहारीमा प्रजातन्त्र प्राप्त नेपालमा भने दलितको हालत ऐले पनि नाजुक

छ। यदि नेपालको संसदमा पनि भारतमा जस्तै आरक्षित सिटबाट दलितहरू पुगेका हुन्थे भने तत्कालीन कांग्रेसी सरकारले २०४९ साल वैशाख ८ गते नेपाल राजपत्र भाग २ मा प्रकाशित गरेको दलितमारा मन्दिर प्रवेश निषेधको कानुन संसदबाट पारित हुनु त के कुरा त्यसको विधेयकसम्म पनि संसदमा पेश गर्ने हिम्मत कसैले गर्ने थिएन । यस प्रकारको दलित जागरण आवाजलाई सत्तापक्षीय मनुवादीहरूले सधैँ साम्प्रदायिकताको संज्ञा दिन्छन् । तर दलितहरूले के कुरा राम्ररी बुझ्नेर यो आवाजको पिछा छोड्नु हुँदैन भने ती मनुवादीहरूले दलितहरूको सबै अंशभाग लाजै नमानेर आफू एक्लैले खाँदा र दलित उपर जे मन लाग्यो त्यही थिचोमिचो गर्दा साम्प्रदायिक कार्य नठहरिने, त्यो थिचोमिचोको विरुद्ध निमुखा दलितले स्वयं जागरुक भै आवाज उठाउँदा चाहिँ साम्प्रदायिक कार्य ठहरिने यो मनुवादीहरूको परम्परागत चरित्र र मत्स्यन्याय हो ।

माथिका विवेचनाहरूबाट यो कुरा प्रष्ट हुन्छ कि दलितहरू अब हिरालाल विश्वकर्मा मार्का भाटचारणहरूको जमात नबनी डा. भीमराव अम्बेडकर र काशीरामको जुझारु मार्गमा सङ्कल्पसाथ लाग्ने बेला आइसकेको छ। त्यसो गरेमा ऐलेसम्म दलित जागरण अभियानमा प्रत्यक्ष वा परोक्षबाट सहयोग गर्दै आएका एवं ओझेलमा बसेका अन्य जातिका सहयोगीहरू पनि भारतका प्रसिद्ध दलित हिमायती राष्ट्रिय नेता एवं भू.पू. प्रधानमन्त्री विश्वनाथ प्रताप सिंहजस्तै फटाफट अगाडि आएर दलितलाई सहयोग गर्नेछन् । तब मात्र यो देश दलितको पनि हो र यसमा दलितले पनि समान हक पाउनु पर्छ भन्ने मानसिकता बनाउन मनुवादीहरू बाध्य हुनेछन् । फलस्वरूप दलितहरूले संसदको २०५ सिटमध्ये भारतमा जस्तै जनसङ्ख्याको अनुपातमा कमसेकम ३०-४० सिटसम्म तथा सरकारी पदहरूमा निश्चित कोटाअनुसारको संवैधानिक आरक्षण पाउन सफल हुनेछन् । अतः दलितहरूले वर्तमानमा आपसी पेसागत सङ्कीर्ण घेराभन्दा माथि उक्लेर आफूअन्तर्गत पर्ने सबै जातिका दाजुभाइ दिदीबैनीलाई एकैसाथ लिई संवैधानिक आरक्षण माग गर्ने अभियानमा लाग्ने दृढ सङ्कल्प आ-आफ्नो मनमा आजैदेखि लिई हालून् भन्ने अपेक्षा यो लेखकले राखेको छ ।

(दैनिक लुम्बिनी, २०५३ श्रावण १५ गते मंगलबार, बुटवल)

नयाँ मुलुकी ऐन दिवस– कति सान्दर्भिक ?

राजा महेन्द्रबाट २०२० साल भाद्र १ गतेदेखि लागू भएको नयाँ मुलुकी ऐनले नेपाली समाजमा परम्परादेखि चल्दै आएको बहुविवाह, अनमेल विवाह आदि कुरीतिहरूलाई कानुनी रूपले समाप्त पारी एकातिर नारी जातिको आत्मबल र सम्मान बढायो भने अर्कोतिर दलितहरूलाई परम्परागत रूपले गरिने सामाजिक र न्यायिक भेदभाव एवं जातीय असमानताबाट आंशिक रूपले नै भए पनि मुक्ति दियो । त्यसैले दलितहरूले पञ्चायतकालभरि हरेक सालको भाद्र १ गतेलाई मुक्ति दिवसको रूपमा मनाउनुको साथै राजा महेन्द्रप्रति आभार प्रकट गर्दै आएका थिए । यो क्रम २०४६ सालको जनआन्दोलनपछि खल्बलिन पुग्यो । हाल उक्त दिवस मनाउँदै जाने वा नमनाउने भन्ने विवाद दलितहरूमाझ बाझिएको देखिन्छ । मनाउन चाहने एकथरीले पूर्ववत् मनाइरहेकै छन् भने नचाहने अर्को पक्षले उक्त मुलुकी ऐनका निर्माणकर्ता राजा महेन्द्र २०१७ साल पौष १ गतेको राष्ट्रिय दुर्घटनाका कारक भएकाले सो मुक्ति दिवस मनाउँदा ती राजाप्रति स्वतः कृतज्ञता प्रकट हुन जाने र त्यसो हुँदा विभिन्न राजनैतिक पार्टीहरू रिसाउने सम्भावना हुनाले सो मनाउन नहुने तर्क दिन्छन् । अधिकांशले राजा महेन्द्रबाट सो ऐन स्वेच्छापूर्वक प्रदान गरेको नभई देश, काल, परिस्थिति र अन्तर्राष्ट्रिय दवाववश प्रदान गरेको हुनाले सो दिवस मनाउन नपर्ने तर्क दिँदै प्रमाण स्वरूप निम्न बुँदाहरू पेश गरेको पनि देखिन्छ ।

१. साविक मुलुकी ऐनमा व्यवस्थित बाहुनको जनै महात्म्य र जातीय उचनीच व्यवहारविरुद्ध बाग्लुङ जिल्लाको गैरागाउँ निवासी दलित नेता स्व. सर्वजित विश्वकर्माको समूहले राणाकालको उत्तरार्धमा

गरेको विद्रोह र २०१० सालमा दलित नेता स्व. सहश्रनाथ कपालीको नेतृत्वमा सयौं दलितको हुलले काठमाडौंको पशुपतिनाथ मन्दिरमा प्रवेश आन्दोलन गर्दा भएको मारपीट इत्यादि घटनाहरूलाई राम्ररी देखे व्यहोरेका चतुर राजा महेन्द्रले अब पनि दलितलाई कानुनी बन्धनले अछुत बनाई राख्नु सम्भव नहुने अड्कल काटी सोको लागि मुलुकी ऐन बदल्नु पर्ने आवश्यकता देख्न पुगेका थिए ।

२. साविक ऐनमा बाहुन अवध्य मानिएकोले कस्तै ठूलो अपराध गरे पनि निजलाई मृत्यु दण्ड नहुने व्यवस्था थियो । त्यसै कारण सँगै पक्राउ परेका शुक्रराज, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई मृत्यु दण्ड हुँदा पनि बाहुन टंकप्रसाद आचार्य र रामहरि शर्माले आजीवन काराबासको सजाय पाएर २००७ सालमा राणा शासन खतम हुनासाथ कारागारमुक्त भइ सामान्य जीवन बाँच्न पाएका थिए । अन्यत्रको अपराधमा बाहुन जातिलाई परम्परादेखि यसरी विशेष छुट दिँदै आएको नेपाल दरबार २०१८ साल माघ ९ गते घटेको जनकपुर बम काण्ड सम्बन्धमा कानुनी रूपले ठूलो अप्ठ्यारोमा परेको महसुस गरियो । राजा महेन्द्रको जनकपुर सवारीको बेला राजा चढेको मोटरमा एक्कासी बम आक्रमण हुँदा राजाको ज्यान रौं प्रमाणले बँच्यो । राजाको गाथमा हमला गर्नेलाई तत्काल मृत्युदण्ड दिने नेपालको साविक परम्परा भएता पनि सो बम काण्डको मुख्य अभियुक्त ठहरिएका दुर्गानन्द झा प्रचलित मुलुकी ऐन बमोजिम अवध्य मानिएको बाहुन जातको हुँदा दरबारलाई सो अप्ठ्यारो पर्न गएको देखियो । यस घटनाले राजा महेन्द्रको मनमा ठूलो असर पार्‍यो र साविक मुलुकी ऐन बदलेर देशमा कानुनी रूपले जातीय समानता ल्याउनै पर्ने टड्कारो आवश्यकताको अनुभव भयो ।

३. त्यस बखत यो संसार सामरिक दृष्टिले नेटो र सेटो नामक दुई गुटमा विभाजित भई अमेरिका र रुसको प्रत्यक्ष प्रभावमा रहेको थियो । ती दुइटै गुटमा नलागी युद्ध होइन शान्तिको लागि योगदान गर्ने हेतुले तत्कालीन नेपालका राजा महेन्द्र, भारतका प्र.म. जवाहरलाल नेहरू, इजिप्टका राष्ट्रपति कर्नल नासेर, इन्डोनेशियाका राष्ट्रपति सुकार्नो र

युगोस्लाभीयाका राष्ट्रपति मार्शल जोसेफ ब्रज टिटोसमेतको प्रमुख पहलकदमीमा असंलग्न राष्ट्रहरूको एउटा छुट्टै गुट खडा गरियो । २०१८ सालमा युगोस्लाभीयाको राजधानी वेलग्रेडमा सम्पन्न त्यस गुटको पहिलो सम्मेलनमा बोल्ने क्रममा राजा महेन्द्रले सं.रा.संघको बडापत्रलाई पूर्ण समर्थन गर्दै दक्षिण अफ्रिका र तत्कालीन अमेरिकाका हब्सीहरूलगायत संसारको कुनै पनि ठाउँका मानवउपर भएको जातीय असमानता, दमन र अमानुषिक अत्याचारको खुलेर विरोध गर्नुका साथै नेपालमा चाहिँ त्यस्तो समस्या नरहेकोले सबै देशबासी शान्तिपूर्वक बसेको कुरा भाषण गरे । त्यो भाषणले तत्काल पूरा युरोपभरि खुब वाहवाही र स्वागत पायो साथै त्यस समाचारको शीर्षक धेरै देशका प्रमुख अखबारहरूमा भँगेरे अक्षरमा छापियो । तर त्यसको मसी सुक्न नपाउँदै नेपालमा जातिपाति र उचनीचको भेदभाव कानुनी रूपमै संरक्षित रहेको र यहाँका दलितको स्थिति हब्सीहरूको भन्दा भिन्न नभएको कुरा युरोप, अमेरिकाका प्रबुद्धजन एवं पत्रकारहरूलाई जानकारी भएकोले त्यसबारे राजा महेन्द्रलाई वेलग्रेडबाट नेपाल फर्कने क्रममा बाटामा पर्ने अनेक हवाई अखडाहरूमा पत्रकारहरूले पेचिला प्रश्नहरू सोधी धेरै अप्ठ्यारो स्थितिमा पारे । यस घटनाले राजालाई शीघ्रातिशीघ्र पुरानो मुलुकी ऐन खारेज गरी नयाँ मुलुकी ऐन ल्याउनु पर्ने मनस्थितिमा पुऱ्यायो ।

४. उपरोक्त विविध समस्याको समाधानको लागि एउटै मात्र उपाय पुरानो मुलुकी ऐन खारेज गरी जाति व्यवस्थाविहीन नयाँ मुलुकी ऐन ल्याउनु पर्ने मात्र भएकोले राजाले बल्ल त्यो ऐन ल्याएका हुन् । यदि स्वेच्छाले त्यो ऐन ल्याएका हुन्थे भने परम्परागत रुढी र भेदभाव समाजमा बाँचिरहोस् भन्ने परोक्ष मनशायले सो ऐनमा अदल महलको १० नम्बर दफाको व्यवस्था कदापि गरिने थिएन । तसर्थ यसबारे मुक्ति दिवस मनाउनु एवं राजा महेन्द्रप्रति कृतज्ञता प्रकट गर्नुपर्ने कुनै आवश्यकता देखिँदैन इत्यादि ।

माथि उल्लेखित तर्क चाहिँ आफ्नो ठाउँमा केही वजनदार देखिन्छ तापनि यसबारे नेपाली दलितहरूले यो कुरा स्पष्ट बुझ्नु पर्छ कि राजा जयस्थिति मल्ल र राजा राम शाहको पालादेखि विधिवत् जरो गाडेर सुरेन्द्र

विक्रम शाहका पालामा वि.सं. १९१० सालमा प्राइम मिनिष्टर जङ्गबहादुर राणाद्वारा जारी गरेको पुरानो मुलुकी ऐनको आड लिई सयौं वर्षदेखि मौलाएको जातीय असमानता र भेदभावरूपी बलियो रुखलाई त्यसरी नयाँ मुलुकी ऐन ल्याई एक्कासी ढलाउने राजा महेन्द्रको त्यो क्रान्तिकारी कदमलाई मामुली हिम्मत र चानचुने काम ठान्नु घोर कृतघ्नता ठहरिनेछ। केवल प्राणीजन्य स्वभाविक प्रेम गरी कथित ठूला जातकी छोरीलाई स्वास्नी बनाएका कारण मात्रले १४ वर्षतक नेल, हत्कडी र गलफन्दी भिरेर सश्रम कठोर काराबासको सजाय भोगेको कुनै पनि कथित सानो जातको प्रेमी जीउँदो अवस्थामा कहिल्यै घर फर्केको नव्यहोरेका दलितहरूको लागि पनि त्यस्तो भीषण अत्याचारबाट आफूलाई एकाएक मुक्ति दिएको सो नयाँ मुलुकी ऐनको आगमन कम्ती उपलब्धीमूलक मान्न मिल्दैन। यससम्बन्धी एउटा उदाहरण यहाँ प्रासाङ्गिक नै हुनेछः-

राणाकालमा धनकुटा जेलमा जन्मेका एवं विगत वर्षमा दिवंगत दलित नेता एवं साहित्यकार जवाहर रोकाकी माता बाहुनी हुन् भने सार्की जातका पिताको मृत्यु त्यही जेलमा नेल, हत्कडी र गलफन्दीको च्यापुमा परेर सजाय अवधीमै भएको थियो। देश, काल, परिस्थितिको विचार गर्ने र तुलनात्मक रूपले सोच्ने इमान्दार बानी हामीले पनि बसाल्नु पर्दछ। आजको कथित प्रजातान्त्रिक माहोलमा देशका शक्तिशाली पार्टीहरूले त दलितको हित संवर्धनार्थ कुनै ठोस काम गरेको देखिँदैन भने त्यो जमानामा यदि राजा महेन्द्रले त्यो नयाँ मुलुकी ऐन ल्याउने स्वविवेक नगरेका भए जतिसुकै अन्तर्राष्ट्रिय दवाव परे तापनि काग कराउँदैछ पीना सुक्दैछ भन्ने उखान चरितार्थ पार्दै जातिभेद व्यवस्था अहिलेसम्म पनि कायमै रहन्थ्यो भन्नु अत्युक्ति नहोला। किनकि त्यसको उन्मूलनार्थ सङ्घर्ष गर्थ्यो कसले ? अन्तर्राष्ट्रिय दवाव जतिसुकै भए तापनि दक्षिण अफ्रिकामा जातीय भेदभाव केही वर्षअघि नेल्सन मण्डेला राष्ट्रपति बनेपछि मात्र हटेको उदाहरण सबैका सामु ताजै छ। यहाँका दलितहरू अहिले पनि फुटाउ र शासन गर भन्ने मनुवादी नीतिको शिकार भै नै रहेकाले उनीहरू स्वयंबाट सङ्घर्ष हुनु अहिल्यै सम्भव थिएन। २००७ सालदेखि २०१७ सालसम्म गठित विभिन्न पार्टीहरूका सरकारले पनि त्यो ऐन बदल्न कुनै कदम चालेको थाहा पाइएन। वर्तमान शक्तिशाली पार्टीहरूका अहिलेसम्म भए गरेका काम कुराहरू हेर्दा उनीहरूको सक्रियतामा सो जातिभेद व्यवस्था

बदलिन्थ्यो कि भन्ने सोच्नु मूर्खता सिवाय अर्थोक नहुने पक्का छ। उल्टै ती पार्टीमध्येको कांग्रेसी सरकारले उक्त ऐनको अदल महलको १० नं. दफामा थप गर्दै दलित जातिका मानिसलाई मन्दिर प्रवेश गर्नमा ठाडै रोक लगाउने कानुन वर्ष ०४८।०४९ मा अघि सार्‍यो जसलाई एमाले, संजमोलगायतका सबै प्रतिपक्षी पार्टीहरूसमेतले संसदबाट निर्विरोध पारित गराए। त्यसका अतिरिक्त मनुवादलाई नेपालमा सधैँ कायम राख्ने हेतुले राणा र पञ्चायतकालीन बिंडो थाम्दै संस्कृतका विभिन्न पाठशाला र विश्व विद्यालयहरूमा बाहुनका छोराछोरीलाई पूर्ण सरकारी खर्चमा पढाउने काम पूर्ववत् र यथावत् अहिले पनि जारी छ। तमाम विरोधका बावजुद संस्कृत शिक्षालाई अनिवार्य गराइयो र संस्कृत समाचारको अर्थ बुझ्ने बस्ती नेपालको कुनै गाउँ वा शहरको कुनामा समेत नहुँदा पनि केवल मनुवादी चेहराको नाक ठाडो राख्ने उद्देश्य मात्रले रेडियो नेपाल जस्तो अत्यन्त महत्वपूर्ण सञ्चार माध्यमको अमूल्य समय खेर फाल्दै दैनिक संस्कृत समाचार प्रसारण गर्ने नयाँ परिपाटी बसालिएको छ। राजा महेन्द्रले नयाँ मुलुकी ऐन दिनुका अतिरिक्त २०२४ सालमा लागू गरेको गाउँ फर्क राष्ट्रिय अभियान कार्यक्रमको शुरुदेखि सर्वोच्च तहसम्म प्रत्येक तहमा कम्तीमा एकजना दलित राख्नैपर्ने व्यवस्था गरी दलितोत्थानमा समयानुकूल अर्को थप योगदान पनि गरेका थिए भने सोको तुलनामा अहिलेका पार्टीहरूले दलित हितार्थ के कति गरेका छन् ? कसैबाट छिपेको छैन। यी पार्टीहरूको दलितप्रतिको क्रियाकलापलाई हेर्दा नयाँ मुलुकी ऐनको महत्व आज झन् बढेर जानु स्वाभाविकै भएको छ।

यसरी हामी देख्छौं कि राजा महेन्द्रले नारी र दलितलाई बिर्सिनसक्नु गुन लाएर गए। अतः अरु दृष्टिकोणले उनी जस्तोसुकै भए तापनि नेपालका नारी र दलितहरूको लागि ती राजा सदा अविस्मरणीय रहनेछन्। साथै उनले लागू गरेको नयाँ मुलुकी ऐनले साविकमा मध्ययुगीन अवस्थामा रहेको नेपाली समाजलाई एकाएक आधुनिक परिवेशमा ढाल्नमा महत्वपूर्ण योगदान गरेको हुँदा सो दिन भाद्र १ गतेलाई हरेक साल मुक्ति दिवसको रूपमा मनाइँदै जानु नारी र दलितसहित प्रत्येक नेपालीको कर्तव्य ठहर्ने देखिन्छ।

(दैनिक लुम्बिनी-२०५३ भाद्र २ गते आइतबार, बुटवल)

त्याग्नै पर्ने चाड–
जनै पूर्णिमा

नेपालीलाई वर्षैपिच्छे फोर्दै आउने परम्परागत नियमित कर्म यो २०५३ सालको भाद्र १२ गते पनि कथित राष्ट्रिय चाड रक्षा बन्धन वा जनै पूर्णे वा जनै पूर्णिमाको नाममा सम्पन्न हुँदैछ । जसरी मोटर चालकको लाइसेन्स वर्षैपिच्छे नवीकरण (रिन्यू) गरिन्छ ठीक त्यसैगरी त्यो जनै पूर्णिमाको दिनमा कथित तागाधारी वा ठूलो जातका पुरुषहरूले जनै नामक धागोको त्यान्द्रोलाई अर्को सालको त्यही दिन नआउँदासम्मको लागि बदलेर ठूलो जात हुनाको लाइसेन्स रिन्यू गर्दछन् । फलतः उनीहरू आफूलाई एउटै भाषा, एउटै भेष, एउटै समाज, एउटै देश गरी सधैँ सँगै बसेका कथित अन्य जातिका दाजुभाइ भन्दा भिन्नै र माथिल्लो जातको रूपमा प्रमाणित गराउँछन् ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको आजको युगमा मान्छेको समय अति नै कीमती भएको छ । तसर्थ मानिसले आज जुनसुकै काम गर्दा पनि त्यस कामले सके विश्वलाई नभए देशलाई, त्यो पनि नभए समाजलाई र त्यति पनि नभए कमसेकम आफूलाई (अरुले दोष लगाउन नपाउने गरी) के कति फाइदा पुग्ला भनी, सोचेर मात्र प्रारम्भ गर्ने गर्छ । अन्यथा व्यर्थमा आफ्नो निमेष मात्र समय पनि खर्च गर्ने फुर्सद ऊसँग हुँदैन । जुन व्यक्ति वा समाज वा राष्ट्रले समयको महत्वलाई बुझेको हुन्छ त्यो नै अगाडि बढेको देखिन्छ । फाल्तु घाँसेपाते काम कुरामा समय नष्ट जसले गर्छ त्यो सधैँ परमुखापेक्षी भएर दिन गुजार्न बाध्य हुन्छ, अर्को विकल्प रहँदैन ।

समयको यस्तो महत्व बुझेपछि नेपालमा परम्परादेखि कुनै एक व्यक्ति वा समाजको मात्र नमानेर पूरा देशमा नै सार्वजनिक विदाको घोषणा गरी राष्ट्रिय चाडको रूपमा बर्सेनि मनाउँदै आएको यो जनै पूर्णिमाले हाम्रो

देश र समाजलाई के कस्तो फाइदा पुऱ्याइरहेको छ त भन्ने चर्चा हुनु स्वाभाविकै देखिन्छ । इतिहासदेखि अहिलेसम्म हेर्दा यो जनै रिन्यू प्रथाले हाम्रो देश एवं हिन्दूहरूको मूल थलो भारत वर्षमा समेत तागाधारी मानिने जातका मुट्ठीभर मानिसहरूलाई उच्च जातीय प्रमाणपत्र बलियो बनाई क्षणिक फाइदा पुऱ्याउनुबाहेक देश र समाजलाई कुनै फाइदा नगरेको, बरु भनेर र गनेर नसकिने हानि नोक्सानी भने गर्दै आएको देखिन्छ । उदाहरणार्थः-

१. इतिहासका अनुसार संसारका अन्य सम्प्रदायमा व्यक्तिको आफ्नो ल्याकत र जन्मजात क्षमताअनुरूप आफ्नो समाज र देशको लागि आवश्यक पर्ने पुरोहित, राजा, सरदार, योद्धा, शिक्षक, डाक्टर, इन्जीनियर, कृषक, शिल्पी, व्यापारी आदि जुनसुकै काममा जोसुकै पनि आफूखुशी लागेर बेरोकटोक अगाडि बढ्न पाउँथ्यो । फलतः हरेक पेसामा तत्सम्बन्धी रुची राख्ने स्वस्फूर्त र विलक्षण प्रतिभाहरू मात्रै अघि बढ्थे र उल्लेखनीय सफलता हासिल गर्थे । लडाइँ भिडाइँको त्यो जमानामा बलिया, शूरा र जन्मजात लडाकू योद्धाहरू पाउन सजिलो हुन्थ्यो, साथै उनीहरूबीच जातीय उचनीचको भेदभाव नहुनाले क्षमताशाली जो कोही व्यक्ति पनि पूरै समाज एवं देशको सर्वमान्य नेता (चाहे रण क्षेत्रमा, चाहे अन्य क्षेत्रमा) सहजै स्वीकार हुन्थ्यो । सिकन्दर, जुलियस सिजर, मोहम्मद गोरी, मुहम्मद गजनवी, अल्तमस आदिलाई उदाहरण स्वरूप लिन सकिन्छ ।

हिन्दू सम्प्रदायमा भने त्यसको ठीक विपरीत अवस्था पाइन्छ । वर्षैपिच्छे नवीकरण हुँदै जनैको डोरोले हिन्दू समाजको वर्ण व्यवस्थालाई सधैँ कसेर मजबुत बनाई राख्नमा अहम् भूमिका खेल्यो । फलतः जातीय उच्चता र नीचता व्यक्तिको क्षमता र कामले होइन कि जन्मैले निर्धारण हुने हुँदा बाहुनपुत्र कस्तै मूर्ख भए पनि पण्डित, क्षेत्रीपुत्र मतिहीन, लुरे र डरछेरुवा भए पनि देशको शासक, योद्धा, वैश्यपुत्र कस्तै लन्ठक भए पनि व्यापारी र शूद्रको छोरो चाहिँ कस्तै शूरो, बलवान् एवं प्रत्युत्पन्नमतिको भए तापनि जीवनभर उक्त तीन जातको सेवक भै बस्न बाध्य हुने सामाजिक व्यवस्था कडाइका साथ पालना गरियो । कुतुबुद्दीन ऐवक नामक एउटा अफ्रिकी कृतदास एक हातबाट अर्को हातमा गाईभैंसीझैं बेचिँदै अन्तमा गोर भन्ने देशको सुल्तान मोहम्मद शाहबुद्दीन गोरीको हातमा पऱ्यो । आफ्नो क्षमताले त्यो दास गोरीको प्रमुख सरदार बन्न पुग्यो र निजलाई

पृथ्वीराज चौहानको पतन गराएपछि आफू स्वदेश फर्कन लाग्दा गोरीले दिल्लीको शासक बनाएर छोड्यो । गोरीको मृत्युपश्चात् त्यही कुतुबुद्दीन ऐवक दिल्लीको पहिलो मुसलमान बादशाह बन्यो । दिल्लीमा अवस्थित कुतुब मिनार उसैले बनाएको हो । त्यस्तो मौकाको कल्पना गर्नसम्म पनि हिन्दू वर्ण व्यवस्थामा बाँधिएका दास (शूद्र) ले आजपर्यन्त पाएका छैनन् । मनुवादी नेतृत्वले समाजलाई सधैँ "पुजहुँ विप्र सकल गुण हिना, शूद्र न पुजहुँ वेद प्रवीणा" भनेर कस्तै दुष्ट र मूर्ख भए पनि बाहुनलाई पूजा गर्नु, कस्तै सज्जन र प्रवीण भए पनि शूद्रलाई हेला गर्नु भनी ठाडै निर्देशन दिन्थे । यिनै सब कारणको फल हो कि भारतमा पटक/पटक चढाई गर्न आएका विदेशी विधर्मीहरूको बाढीलाई लड्ने भिड्ने एकाधिकार पाएका क्षेत्रीयहरू (जसमा लुरे, डरछेरुवादेखि अहङ्कारी र आपसमा अपमेल भएका समेत सामेल थिए) एक्लैले रोक्न त सकेनन् नै आफूसँगसँगै बसेका बाहुन, वैश्य र शूद्र जातका दाजुभाइलाई कस्तै शूरा र बलिया भए पनि हतियार उठाउने सामाजिक इजाजत नभएकोले युद्धमा ती दाजुभाइबाट कत्ति सहयोग पाउन पनि सकेनन् । फलस्वरूप पूरै भारतीय समाज आफ्नै घरमा पराजित र पराधीन भई सयौं वर्षतक विदेशी, विधर्मीको गुलाम बन्न बाध्य भयो । तिनैमध्ये कतिले ज्यान जोगाउन भागेर नेपालका तत्कालीन दुर्गम पहाड जङ्गलमा शरण लिए, जसका सन्तानहरूले नै ऐले यहाँ शासन गर्दैछन् र परम्परागत भाइफोरुवा जनैको डोरोलाई वर्षैपिच्छे रिन्यू गर्दैछन् ।

नेपालको सन्दर्भमा उहिले जे जस्तो भए तापनि ऐलेको अवस्थामा त्यो जनै नवीकरण प्रथा कायम राखी रहनु सर्वथा देशघाती छ । राणा र राजाको चंगुलबाट बल्लबल्ल फुत्केर आएको यो प्रजातान्त्रिक माहौलमा हामी नेपालीलाई विकासको ठूलो खाँचो छ । कुनै पनि देशमा विकासको लागि सर्वप्रथम; शान्ति सुव्यवस्था, जनतामा एक आपसमा समानता, भाइचारा र आपसी हार्दिक सहयोगको भावना, संसार सुहाउँदो आधुनिक चाल चलनको अभिवृद्धि आदिलाई अनिवार्य आधारभूत तत्वको रूपमा मानिन्छ । तर नेपालमा भने यी कुराहरूको सर्वथा अभाव देखिन्छ । भन्ने प्रजातन्त्र, चाहने आधुनिकता, तर गर्ने संस्कृति रक्षाको नाममा राणाकालीन भेदपूर्ण सामाजिक व्यवहार, अनि खोज्ने विकासको मूल फुटाउन ! यी आफैमा बाझिएर हाँस्यास्पद देखिने काम कुराहरू ऐले नेपालमा भैरहेको पाइन्छ ।

एकै ठाउँमा बसेर, एकै सुर, एकै प्रकारले मिलेर काम गर्दा को बाहुन ? को मगर ? को कामी ? भन्ने जातीय भेदभाव बिर्सेर आपसमा एकजुट हुन थालिरहेका नेपालीहरूको आँगनमा जनैको डोरोरूपी तरबार लिएर यो राष्ट्रघाती भाइफोरुवा दिन एक्कासी आउँछ। अनि फलानो फलानो जातका मान्छे अरु मानिसभन्दा ठूलो जातका हुन् भन्ने प्रमाणपत्र दिँदै आपसी दुर्भावना फैलाई सिङ्गो नेपालीलाई काटेर टुक्राटुक्रा पारी समाजलाई भाँडेर र फाँडेर राखी दिन्छ । यो क्रम हरेक वर्ष नवीकरण भैरहनाले नेपाली समाज ऐक्यबद्ध हुन कहिल्यै पाएन। एकै रगतका, अनुहारका मानिसबीच त्यसरी ठूलो सानो जातको भेद गरिन्छ भने समाजमा शान्ति, भाइचारा र आपसी सहयोगको भावनाको अभिवृद्धि हुन्छ कसरी ? त्यस्तो अवस्थामा देशको सर्वाङ्गीण विकास होला कसरी ?

यस्तो देशघाती दिन मनाउनुलाई तत्काल प्रतिबन्ध लगाइनु पर्नेमा प्रजातन्त्र प्राप्तिपछिका विभिन्न सरकारहरूले पनि राष्ट्रिय पर्वको रूपमा राणाशाहीले जस्तै पूर्ववत् र यथावत् मनाउनुलाई देशको दुर्भाग्य नभने के भन्ने ? यदि सबैले अठोट गरेर यो कुप्रथालाई च्यात्तै छोड्ने हो भने प्रचलित उखान "नौ दिन छोडे नौलो हुन्छ, बीस दिन छोडे बिर्सन्छ" अनुरूप बीस दिनमा नभए बीस वर्षमा त पक्कै पनि सम्पूर्ण नेपालीले यसबारे बिर्सनेछन् र यो प्रथा पनि अतीतका सती प्रथा र हरिबोल प्रथा आदि कुप्रथाहरू जस्तै समाज र देशबाट साँच्ची नै विलुप्त हुनेछ। त्यस अवस्थामा नेपालीहरू भावनात्मक एकताले आपसमा कसिएर एक ढिक्का हुनेछन् र नेपालको वास्तविक सर्वाङ्गीण विकास ऐलेझैं आकाशको फल हुने छैन। अतः देशको वास्तविक भलो चाहने सरकार एवं सम्बद्ध सबै पक्षले यो देशघाती, समाज भँडुवा र भाइफोरुवा चाड जनै पूर्णिमा मनाउन सधैंका लागि त्याग्ने अठोट आजैदेखि गर्नुपर्ने देखिन्छ।

(दैनिक लुम्बिनी-२०५३ भाद्र १२ गते बुधबार, बुटवल)

टीका-टिप्पणी

जनैपूर्णिमा जातीय एकताको कति बाधक ?

अनन्तलाल भण्डारी

मानिस एक चेतनशील सामाजिक प्राणी भएको हुनाले समाजका प्रत्येक क्रियाकलापसँग उसको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार रहेको हुन्छ । समाजसँगै मानिसको विभिन्न पक्षसँग सरोकार रहेको हुन्छ । समाजमा जन्मेको बालकले प्रथमतः परिवारसँग नै सरोकार राख्ने गर्दछ । घर परिवारका प्रत्येक कृयाकलापले बालक मस्तिष्कमा छाप पुऱ्याइरहेको हुन्छ । बिस्तारै उसले घरपरिवारभन्दा माथि उठेर आफ्नो समाजलाई हेर्ने गर्दछ र आफ्नो समाजमा चलिआएका रीतिरिवाज, भेषभूषा, रहनसहन र संस्कृतिले उसको मस्तिष्कमा प्रगाढ छाप बसालेको हुन्छ, त्यसैले भन्ने गरिन्छ व्यक्तिको रहनसहन र संस्कृतिले ऊ कुन देश वा कुन समाजको व्यक्ति हो भन्ने कुरा प्रष्ट्याउँछ अथवा समाजको संस्कृति र रहनसहनले उसको लागि नागरिकताको प्रमाण पत्रको काम गरेको हुन्छ ।

समाजमा व्यक्तिको लागि सरोकार रहने पक्षहरूमध्ये परम्परागत रूपमा चलिआएका चाडपर्वहरू पनि एक हुन् । नेपाल एक हिन्दू राष्ट्र भएको हुनाले नेपालमा नाग पञ्चमी, जनै पूर्णिमा, तीज, दशैं र तिहारजस्ता चाडपर्वहरूलाई विशेष महत्वका साथ मनाइने गरिन्छ । यी सबै चाडपर्वहरूका आफ्नै मौलिकपन छन् । यी परम्परागत रूपमा मानिआएका कुनै पनि चाडपर्वहरूलाई नेपालीहरूले सहज रूपमा त्याग्न सक्दैनन् । बरु चाडपर्वहरूको बारेमा आफ्नो व्यक्तिगत धारणा व्यक्त गर्ने अधिकार भने जो कसैलाई पनि रहेको हुन्छ । सोही अधिकारलाई प्रयोग गर्दै दैनिक लुम्बिनीको भाद्र १२ गते जनै पूर्णिमाको दिन प्रकाशित लेख "त्याग्नै पर्ने चाड-जनै पूर्णिमा" मा उक्त शीर्षकका लेखक महोदयले पनि आफ्नो धारणा व्यक्त गर्नुभएको पाइयो । तर उक्त लेखप्रति मेरो केही असहमति

रहेको हुँदा आफ्नो धारणा व्यक्त गर्न खोजेको छु ।

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन पर्ने जनै पूर्णिमा नेपालीहरूको एक राष्ट्रिय पर्व हो । जुन दिन तागाधारीहरूले वेदको मन्त्रले पुजेको जनै लगाउने चलन छ भने जनै नलगाउनेहरूले पनि पुजेको डोरो बाँध्ने चलन छ । उक्त डोरो बाँध्ने कार्यलाई रक्षाबन्धन भनिन्छ भने डोरोलाई रक्षाको प्रतीक पनि मान्ने गरेको पाइन्छ । तसर्थ डोरो बाँध्ने अधिकार भनौं वा परम्परा लेखक महोदयकै शब्दमा उपल्लो जातिलाई मात्र छ तल्लो जातिलाई छैन भनी जनै पूर्णिमालाई जातीय एकताको बाधकको रूपमा लिन मिल्दैन ।

कथित तागाधारी वा ठूलो जातका पुरुषले जनै नामक धागाको त्यान्द्रो बदलेर ठूलो जात हुनाले लाइसेन्स रिन्यू गर्दछन् भनेर तागाधारीले विश्वास गर्दै आएको जनै र जनै पूर्णिमालाई अलि तीव्र रूपमा प्रहार गरेको पाइयो तर जनै भनेको धागाको त्यान्द्रो नै हो भने त्यो जाबो त्यान्द्रोमा ठूलो जात बनाउने शक्ति कहाँ लुकेको छ ? त्यो जाबो त्यान्द्रोको यस्तो शक्ति ? यदि होइन त्यो विश्वासको डोरो हो भने जनैलाई सुनको सिक्रीझैं मानेर कसैले लगाउँछ भने यसमा केको आपत्ती ? शायद तागाधारीहरूले जनैलाई धागोको त्यान्द्रो भनिदिँदा जान्नेलाई श्रृखण्ड नजान्नेलाई काठ भन्न पनि के बेर ? तर मैले जनै भनेको श्रृखण्ड नै हो भन्न खोजेको पनि होइन, तर कसैले धार्मिक परम्पराअनुसार भनौं वा रीतिरिवाजअनुसार प्रयोग गर्छ भने त्यसमा टाउको दुखाउनु पर्ने अवस्था हुँदैन ।

नेपाल विभिन्न जात, जाति, भाषा, भेषभूषा, रहनसहन र संस्कृति भएको देश हो । सबै जातजातिको आ-आफ्नै रहन सहन, रीतिरिवाज रहेको पाइन्छ, त्यसैले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ ले संस्कृतिसम्बन्धी हकलाई संवैधानिक हक प्रदान गरी आ-आफ्नो संस्कृतिको संरक्षण, सम्बर्धन गर्ने हक प्रदान गरेको छ । त्यस्तै धारा १९ ले धर्मसम्बन्धी हकको व्यवस्था गरी सनातनदेखि चलिआएको धर्ममा अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता पनि दिएको छ । त्यसैले सनातनदेखि चलिआएको धर्ममा विश्वास राखी आफ्नो संस्कृतिलाई संरक्षण र सम्बर्धन गर्ने हक जो कसैलाई पनि छ भने हिन्दू धर्ममा विश्वास राख्ने तागाधारीहरूलाई जनै लगाउने र जनै पूर्णिमालाई सम्बर्धन गर्ने हक सुरक्षित रहेकै हुँदा त्यो हकलाई निर्मूल नै पार्नुपर्छ भन्न मिल्दैन । बरु समाजले यसको आवश्यकता नठानेमा समयसँगै निर्मूल हुन पनि सक्छ । त्यो अलग कुरा हो ।

लेखक महोदयले जनै पूर्णिमालाई राष्ट्रघाती, भाइफोरुवा, उपल्लो जातिको लागि लाइसेन्स रिन्यू गराउने दिन भनी आरोप लगाउँदै मुख्य रूपमा जातीय एकताको बाधकको रूपमा लिनुभएको पाइयो, साथै नेपालीहरू एकजुट भै देशको सर्वाङ्गीण विकासमा लागिपर्नको लागि यो चाडले बाधा पुऱ्याउने कुरामा चिन्तित रहनुभएको पाइयो । तर मलाई लाग्छ नेपालीहरू आ-आफ्नो परम्पराअनुसार आफ्नो संस्कृतिलाई बचाउन जति कटिबद्ध छन्, त्यति नै नेपालको सर्वाङ्गीण विकासको लागि कटिबद्ध छन् र रहने छन् । हामीले विगतको इतिहासलाई हेर्ने हो भने नेपालबाट राणाशासनलाई पतन गराउन जनता र राजाको भूमिका त्यस्तै पञ्चायती व्यवस्थालाई निर्मूल पार्नको लागि नेपाली काँग्रेस र संयुक्त जनमोर्चा (कम्युनिष्ट समूह) को योगदानलाई हेर्न सक्छौं र भन्न सक्छौं कि पञ्चायती व्यवस्थालाई निर्मूल पार्नको लागि व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थको लागि यी पार्टीहरू लडेका थिए र सफलता पाएका थिए । तर नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भैसकेपछि दुवै पार्टीहरू सत्ताको लागि लडिरहेका छन् । यो कुनै अस्वाभाविक कुरो पनि होइन । त्यस्तै हाम्रो नेपालको राष्ट्रिय अस्मिताको प्रश्न आउँछ भने यहाँ न त जात जातिको कुरो उठ्नेछ नत पार्टीको नै ।

त्यस्तै नेपालमा जातीय अनेकता छ भन्दैमा चिन्तित रहनुपर्ने अवस्था छैन र जनै लगाउनु, डोरो बाँध्नु जस्तो परम्परागत चाडलाई राष्ट्रघाती र भाइफोरुवा भन्न मिल्दैन । जात जातिलाई छुवाछुतसँग साथै राखी छुवाछुतको अन्त्यसँगै जातजातिको अन्त्य पनि हुनुपर्ने धारणा राखेको पाइन्छ । समाजको लागि अमानवीय व्यवहार भनेको छुवाछुत नै हो, जातीय अनेकता होइन । त्यसैले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(४) ले जातिपातिको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुनको लागि बञ्चित गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरी यस्तो कार्यलाई दण्डनीय मानेको छ । त्यसैले छुवाछुतको भावनालाई अन्त्य गर्न सबै नेपाली शिक्षित बन्नु पर्दछ र शिक्षाको विकासका लागि लड्नु पनि पर्दछ तब मात्र नेपालीहरूमा जातीय एकताको भावना बढ्नेछ, देशको सर्वाङ्गीण विकासमा टेवा अवश्य पुग्नेछ । तर जनै पूर्णिमा चाडलाई हटाएर अथवा परम्परागत रूपमा मानी आएका चाडपर्वहरूलाई हटाएर जातीय एकता हुन्छ भन्नु धारो काटेर पानीको मुहान सुक्छ भन्नु जस्तै भएन र ?

(दैनिक लुम्बिनी-२०५३ साल भाद्र २८ गते शुक्रबार)

सङ्कीर्ण मानसिकता त्याग्नै पर्छ !

ऐलेको कथित प्रजातान्त्रिक वातावरणमा हाम्रो देशमा शान्ति सुव्यवस्था कायम राख्न, जनतालाई आपसी एकतामा आबद्ध गराई सर्वाङ्गीण विकास पथमा लम्काउन, शिक्षा र चेतनाका अजश्रश्रोत मानिने लेखक पत्रकार, बुद्धिजीवीलगायत पत्रपत्रिका र अन्य सञ्चार माध्यमहरू (अगाडि सबैलाई 'चेतन समूह' भनिने छ) ले अग्रणी भूमिका खेल्नु पर्ने हो । देशमा विद्यमान परम्परागत कुरीति, कुसंस्कारहरूको विरोध र भण्डाफोर गर्दै एकता र भाइचाराको विगुल फुकेर अशिक्षित र रुढीग्रस्त समाजलाई अँध्यारोमा बत्ती बनेर बाटो देखाउने काम स्वस्फूर्त भई गर्नु पर्ने हो । त्यसमाथि उनीहरूलाई निर्देशन दिँदै पत्रकार आचारसंहिता २०४७ तथा छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा (१४) र (१५) मा समेत 'विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरूबीच वैमनस्यता उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने खालका समाचार र अमर्यादित भाषालाई आफ्नो प्रकाशनमा स्थान दिनु हुँदैन' भनी स्पष्ट किटान गरेको पनि छ । तर नेपालका चेतन समूहले भने त्यो संहिताको पालना गर्नु त परै जाओस् उल्टै समाजले बिर्सन लागेका वा देशहितको लागि नबिर्सी नहुने खालका कुसंस्कार र कुरीतिहरू पनि जनताले सँधैं सम्झी रहून् भन्ने हेतुले संस्कृति-जगेर्नाको नाममा विस्तारपूर्वक विभिन्न सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गराएर गौरवान्वित भएको पाइन्छ । नेपालमा प्रचलित कुनै त्यस्तो हिन्दू संस्कृति छैन जसमा बाहुनलाई पूज्न र शूद्र अर्थात् दलितलाई हेप्न नसिकाइएको होस् । फलतः स्पष्ट छ कि उनीहरूका त्यस्ता संस्कृति जगेर्ना कार्यको मार स्वतः दलितका थाप्लामा पर्छ ।

यो कुरा राम्ररी जानेर पनि आफ्नो त्यो दलित उत्पीडक कामलाई गलत भनी स्वीकार्न चेतन समूह किमार्थ तयार देखिन्न । बरु सो उत्पीडनविरुद्ध लेखिएका प्रतिवादी आवाज प्रकाशनार्थ आफूसमक्ष आएमा

रद्दीको टोकरीमा फ्याँक्ने काम भने जरुर गर्छन् । संस्कृति जगेर्नाको नाममा दलितलाई अपमानित र विचिलत पार्ने काम हालसालै पनि देशका प्रतिष्ठित र जिम्मेवार कहलिएका दुइटा पत्रिकाबाट भएको छ । नेवार जाति मात्रले मनाउने गठैंमंगल वा गथांमुग वा घन्टाकर्ण चाडबारे सरकारी मुखपत्र गोरखापत्रको ०५३ श्रावण २८ गतेको अङ्क पृष्ठ ६ मा प्रकाशित 'गथांमुगचहे(घन्टाकर्ण)' शीर्षक लेखको पहिलो अनुच्छेदमा संघरत्न शाक्यले 'साँझमा गथांमुग ठड्याएको टोलमा एकजना निम्न जातका व्यक्तिलाई चाण्डालको प्रतीक मानी त्यसको हातमा दहीको कतारो समाउन लगाई टोलटोलमा गएर माग्न लगाइन्छ' भन्ने लेखेर दलितको नाकमा बज्रमुक्का हानेका छन् । सोही मितिको कान्तिपुर दैनिक पत्रिकाको पृष्ठ ४ मा प्रकाशित 'घन्टाकर्णलाई जगात' शीर्षकीय लेखको क्रमशः नवौं एवं तेह्रौं अनुच्छेदमा पी.एन. ज्ञवालीले 'एउटा नीच जातिको व्यक्ति (चाण्डाल) लाई घन्टाकर्णको रूपमा सिंगारेर उसको अर्धनग्न शरीरमा विभिन्न छिचरा र नकच्चरा शब्दावलीयुक्त बयान लेखी उसैलाई 'घन्टाकर्ण मऱ्यो' भन्दै कराउन लगाइन्छ एवं....उसको मृत्यु भएपछि एउटा नीचजाति (चाण्डाल) को हातबाट दाहसंस्कार गराइन्छ' भन्ने लेखेर दलितलाई गर्नु हेलोहोचो गरेका छन् । त्यसैगरी ०५३ असार २२ गतेको कान्तिपुर पत्रिकाको कोसेलीमा प्रकाशित 'मुक्तिनाथ जाँदै हुनुहुन्छ ?' शीर्षकीय लेखको चौथो अनुच्छेदमा रघुनाथ लामिछानेले 'शालिग्राम हिन्दूहरूको विशेष देवताका रूपमा विभिन्न पुराणहरूमा वर्णन गरिएको पाइन्छ । जसको नित्यपूजा गर्नाले मोक्ष हुने तर शूद्र र स्त्रीहरूले छुन तथा हेर्न नहुने उल्लेख गरेको पाइन्छ' भन्ने लेखेर दलितका मुखमा लात हानेका छन् ।

यसमा विचारणीय पक्ष यो छ कि संस्कृति जगेर्नाको नाममा शाक्य, ज्ञवाली र लामिछाने बन्धुहरूले त्यसरी समाजभँडुवा कुरा लेखी दलितलाई हेलाहोँचो गरेर देश र समाजको भलाई हुने काम गरे त ? यो पंक्तिकारको विचारमा त्यस कामले केवल दलितलाई हिन्दू संस्कृतिको कट्टर दुश्मन बनाउनु बाहेक अर्थोक केही गरेन । त्यस्ता देशघाती लेख प्रकाशन गर्ने, तर वास्तविक देशहितको भावनाले परिश्रमपूर्वक लेखी पठाइएका दलितोत्थानसम्बन्धी वजनदार लेखलाई भने रद्दीको टोकरीमा फाल्ने गरेर प्रकाशकहरूले दलितलाई भड्काउने आगोमा घिउ थपिरहेका छन् । दलितको मुटुमा वाँण हान्ने यस्तै काम नेकपा एमालेको मुखपत्रको रूपमा

चिनिएको साप्ताहिक 'दृष्टि' पत्रिकाले पनि गरेको छ । सो पत्रिकाले ०५३ श्रावण २२ गतेको अङ्क पेज नं. ५ मा कपडा उद्योग संघका अध्यक्ष महेशलाल प्रधानको अन्तर्वार्ता 'आफू मरे डुमै राजा' शीर्षक दिएर भङ्गेरे अक्षरमा छापेको छ । यसमा प्रश्न यो उठ्छ कि के महेशलाल प्रधानले भन्यो भन्दैमा दलितलाई हिर्काउने त्यो उखान वा वाक्य दृष्टिले छाप्नै पर्थ्यो र ? त्यही उखान आफ्ना भाषणहरूमा बेलाबखत प्रयोग गर्ने गर्दा तत्कालीन सर्वमान्यनेता गणेशमान सिंह दलितहरूबीच आलोच्य बन्न पुगेका थिए । के गणेशमान सिंहप्रतिको त्यो दलित रोषलाई पञ्चतन्त्रको चक्रधरले जस्तै आफ्नो थाप्लामा सार्नु 'दृष्टि' को बुद्धिमानी ठहर्ला त ?

यदि देशका सम्पूर्ण सञ्चार माध्यमहरूमा नियमित अचुक नजर पुऱ्याउने हो भने यस्ता दलित-उत्पीडक सामग्री कुनै न कुनै क्षेत्रबाट प्रकारान्तरले निरन्तर र अनगिन्ती प्रचारप्रसार भैरहेको दिनहुँ पाउन सकिन्छ । यो पंक्तिकारको नजरमा परेका र स्मरणमा रहेका साविकका केही उदाहरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक नै हुनेछः–

२०४९ श्रावण ३१ गतेको गोरखापत्र शनिबारीय परिशिष्टाङ्कमा प्रकाशित 'दैलेखको तीन ज्वालास्थल' शीर्षक लेखमा डा. राजेश गौतमले 'कामी दमाईको हातबाट पिठोबाहेक अरु कुनै खाद्य वस्तु, पूजासामग्री स्वरूप लिइँदैन' भनी लेखेका थिए । कान्तिपुर दैनिकले २०५१ सालको एउटा अङ्कमा प्रकाशित वैवाहिक विज्ञापनमा 'पानी नचल्ने जातबाहेकको बधूको आवश्यकता' भन्ने छापेर नेपालको वर्तमान संविधान र नयाँ मुलुकी ऐनको खिल्ली उडाएको थियो । कान्तिपुर दैनिककै ०५२ साल वैशाख ३० गतेको साप्ताहिक कोसेलीमा प्रकाशित 'गाई मरे बाघैले खाला, म मरे यो जोवन कहाँ जाला' शीर्षक लेखमा जनकवि केशरी धर्मराज थापाले प्रसङ्गै नमिल्ने उदाहरण पेश गर्दै आइते सार्कीको माध्यमबाट दलित वर्गको गर्नुसम्म बेइज्जती गरेका छन् । त्यस्तै श्रीविक्रम भण्डारीले ०५२ साल जेठ २८ गतेको साप्ताहिक सुरुची-पत्रिकाको पृष्ठ १० मा प्रकाशित लेखमा प्रस्तुत विषयवस्तुसँग कत्ति मेल नखाए तापनि केवल दलितहरूको मानमर्दन मात्र गर्ने उद्देश्यले 'कहाँको राजा राम शाह कहाँको काले कामी !' शीर्षक राखेर आफ्नो दिमागी बौलाहापनको परिचय दिएका छन् ।

यसरी दलितलाई होच्याउने काममा पत्रपत्रिकाका अतिरिक्त नेपालका चलचित्र एवं टि.भि.हरू पनि उत्तिकै सक्रिय देखिन्छन् । नेपाली फिल्म

'शान्ति दीप'मा चरित्र नायिका बसुन्धरा भुसालले दलित जातिलाई अति तुच्छ बनाउने उखान 'के.... हो लाई कैवेद, कामीलाई नैवेद' संवाद बोलेर एकाग्र भई फिल्म हेरिरहेका दलित दर्शकको आँखा, कान र दिमागमा एक्कासी र एकैचोटी भीर रोप्ने काम गरेकी छिन् । ने.टि.भी.बाट प्रसारित टेलीश्रृङ्खला 'सनइ रोइरहेछ' मा पनि प्रस्तुत कथावस्तुसँग मेलै नखाने शीर्षक राखेर बिनाप्रसङ्ग जबरजस्ती दर्शाइएको दमाई जातिप्रति समाजले गरेको हेलाहोचोलाई स्वाभाविक सामाजिक परम्पराको रूपमा प्रस्तुत गरिएको छ ।

माथि वर्णित अपमानजनक तथ्यहरू प्रचिलत नेपालको संविधान र नयाँ मुलुकी ऐनको भावनाविपरीत हुनाले अदालतसम्म पुगेमा दण्डनीय त छन्, तर दिनहुँ प्रचारप्रसार भैरहने यस्ता असङ्ख्य उत्पीडनविरुद्ध अदालततर्फ गैरहनु कति सम्भव होला ? तसर्थ यो कुरा स्वयं चेतन समूहले नै सभ्यतापूर्वक सोँचेमा देशलाई शान्त राख्न सजिलो हुन्थ्यो कि ? शाक्य, ज्ञवाली, भण्डारी आदि बन्धुहरूले यसरी दलितलाई अपमान गर्नु सामान्य कार्य ठाने तापनि आफूले चाहिँ स्वदेशीबाट मात्र नभै विदेशीबाट समेत पूरा आदर पाउनै पर्ने पुरानो सोचाई कायमै राखेको देखिन्छ । उहाँहरूकै कुटुम्बको एउटा उदाहरणः २०५२।२।७ को साप्ताहिक देशान्तरमा प्रकाशित 'जहाँ सुँगुरलाई ज्यू भनिन्छ मान्छेलाई....' शीर्षकको सानो लेखमा कृष्ण पोखरेल गुनासो गर्छन् "जापानीहरू अरुलाई होच्याउनमा आनन्द मान्छन् । कुकुर बिरालोलाई 'ज्यू' भन्ने जात, मानिसलाई भेदपूर्ण दृष्टिले हेर्दछ ।" क्या मजाक !! आफ्नो आङको भैंसी नदेख्ने अर्काको आङमा जुम्रो कोट्याउने भनेको यही त होइन ? अर्काको देशमा नोकर बनिसक्दा पनि मालिकबाट आफूप्रति भएको व्यवहार खपिनसकेर त्यत्रो गुनासो पोख्न पुगेका पोखरेलका बन्धुहरूले भने यहाँ आफ्ना सखेत अंशियार दलितप्रति दिनरात गर्ने अमानुषिक हेलाहोचोलाई सामान्य र स्वाभाविक ठान्नु बिडम्बना नै मान्नुपर्छ । जापानीले त बरु पशुलाई ज्यू मात्र भन्दा रहेछन् । यहाँ झन् पोखरेलका कुटुम्बले देशैभरि कुकुर बिरालोलाई आफ्ना घरका कोठाचोटामा आफ्नै परिवारसरह बेरोकटोक लैजाने, सँगै ख्वाउने, सुताउने गर्नुका अतिरिक्त संस्कृति-जगेर्नाको नाममा दशैंतिहारको बेला यमदूत भनेर कुकुरलाई, काक-भुसुन्डीको प्रतिनिधि मानेर कौवालाई, शिव र गणेशको बाहन मानेर साँढे, मुसो छुचुन्द्रोलाई तथा लक्ष्मीको अवतार मानेर गाईलाई

पुज्नेढोग्ने, गोबरमुत समेत खाने गर्छन् । तर मान्छे (दलित)लाई भने आफ्नो घरको सङ्घारठेलो नाघ्न दिँदैनन् । कदाचित नाघेमा भीमसेन मुक्का र घौँडेलात बर्साएर पूजा गर्छन् । दलितसँग छोइए मात्र पनि सुनपानीको छिटा लिन चुक्दैनन् । यो कुरा २/४ महिना जापान बस्दैमा पोखरेलले कसरी बिर्सेछन्, अचम्म छ ? अब प्रश्न उठ्छ- आफ्नो आङ्को भैंसी नदेख्ने, अर्काको आङ्को जुम्रो कोट्याउने वास्तवमा को हो ? जापानी कि पोखरेल कुटुम्ब ?

माथिका विवेचनाहरूबाट यो सिद्ध हुन्छ कि सामाजिक, आर्थिक, राजनैतिक आदि सबै क्षेत्रबाट परम्परादेखि सताइँदै आएका दलितलाई ऐलेको माहौलमा पनि देशको आशाकेन्द्र मानिने चेतन समूहले समेत उकास्न होइन कि थिचेरै राख्न उचित देखेका छन् । यसरी चारैतिरबाट सताइएका र चित्त दुखाइएका दलितको लागि वास्तविक प्रजातन्त्र आयो भन्न कसरी सकिन्छ ?

शाक्य, ज्ञवाली, लामिछाने प्रभृत्ति बन्धुहरूले यो कुरा प्रष्ट बुझ्नु जरुरी छ कि अब यो गणतान्त्रिक देशमा कसैको सर्वमान्यता र मनपरीतन्त्र कायम रहन सक्दैन । संसारको हावाले छोइसकेका जनजाति र दलितहरू आफ्नो भलो/कुभलो, अधिकार/कर्तव्यबारे आफै सोच्ने र निर्णय गर्न सक्ने अवस्थामा पुगिसकेका छन् । केही वर्षअघि जनजातिहरूले खुदै वी.पी.को आँगनमा 'सुम्नीमा' जलाउनु, भीमनिधिको 'शिलान्यास' जलाउनु, पशुपतिनाथ मन्दिरको पूजारी सार्की हुनुपर्ने माग गर्नु, दशैंतिहार र बाहुन पुरेतको बहिष्कार अभियान चलाउनु आदि र दलितहरूले पाल्पा भगवती, गोरखाको काली आदि विभिन्न मन्दिरमा प्रवेश अभियान चलाउनु, सिन्धुपाल्चोकमा कुवापानी उघाउ सङ्घर्ष गर्नु, स्याङ्जा चितवन र रूपन्देहीको शङ्करनगरमा गरिएको दूध छोइछिटो काण्डमा सङ्घर्ष गर्नु, २०४९ वैशाख ८ मा सरकारले जारी गरेको मन्दिर प्रवेश निषेध कानुनलाई मुद्दा लडेर सर्वोच्च अदालतबाट बदर गराउनु आदिबाट पनि उपरोक्त कुराको पुष्टि हुन्छ । तसर्थ चेतन समूहले अब परम्परागत रुढीवादिताको पक्षपोषण गर्ने सङ्कीर्ण मानसिकता त्यागेर शोषितपीडित दलित र जनजातिको आवाजलाई पनि महत्व दिनु समयोचित हुनेछ ।

(साप्ताहिक नेपालीपत्र-२०५३ मंसिर २१ गते शुक्रबार, काठमाडौं)

दलितलाई हिन्दू नगने हुन्छ !

देशान्तर साप्ताहिक पत्रिकाले २०५३ पौष ७ गतेको अङ्कमा प्रशिक्षार्थी पत्रकार ओजश्वी गौतमको 'दलित जनसङ्ख्या तथ्याङ्कमा घट्दैछ' शीर्षक अन्तर्वार्तात्मक् लेख प्रकाशित गरेर वर्तमान जमानामा पनि नेपाली दलितहरूले व्यहोर्नुपरेको जातीय उत्पीडनलाई उजागर गरी चर्चामा ल्याउने जुन प्रशंसनीय काम गरेको छ, त्यसको लागि सो पत्रिका एवम् लेखक दुबै धन्यवादका पात्र छन् । जमाना जतिसुकै बदलिए पनि आफ्नो परम्परागत बानी व्यहोरा बदल्ने आवश्यकता हिन्दू समाजले कत्ति देखेको छैन भन्ने कुरो उक्त लेखबाट छर्लङ्गिएको छ । एम.ए.पढ्न कास्कीबाट काठमाडौं पुगेका देवी नेपालीलाई जातीय छुतभेदका कारण डेरा पाउन परेको समस्या लेखमा पढेपछि पंक्तिकार मर्माहत भएको छ । ठिक त्यही समस्या २०२५ देखि २०२७ सालको अवधिमा नोकरी एवम् पढाइको सिलसिलामा काठमाडौं बस्न बाध्य भएको बेला यो पंक्तिकारलाई पनि व्यहोर्नु परेको थियो । जात ढाँटेर डेरामा बस्दा पोल खुल्न गएमा झगडा, मारपीट, अड्डा, अदालत हुन सक्ने भयले प्रायः ६/६ महिनामा डेरा सर्दै कहिले काठमाडौं त कहिले पाटन, कहिले यो टोल त कहिले त्यो टोल 'बिरालोले बच्चा सारेझैँ' डेरा सार्दा हैरान परेको यो पंक्तिकारले यस्ता समस्याको पूर्ण जिम्मेवार दलितलाई हेलाहोचो गर्न सयौं वर्षदेखि कानुनै बनाएर समाजलाई सिकाउने नेपालको सरकार भएकोले यसको समाधान पनि सरकारबाटै गरिनुपर्ने र त्यसको लागि उचित किरायाभाडा दिएर दलितले बस्न पाउने गरी सरकारी आवास उपलब्ध गराउनु भनी सरकारलाई निर्देशन बक्स पाऊँ भन्दै श्री ५ महाराजधिराजका हजुरमा तत्कालीन विशेष जाहेरी विभाग एवम् प्रमुख निजी सचिवालयमार्फत् पटक पटक बिन्तीपत्र चढाएको थियो । तीमध्ये एउटामा चाहिँ 'निवेदकको समस्या बुझी आवश्यक व्यवस्था गरिदिनू' भनी

तत्कालीन मुख्य अञ्चलाधीश कार्यालय वागमती अञ्चलका नाउँमा हुकुम प्रमाङ्गी भएको हुँदा सो कार्यालयमा धाउन थालेको पंक्तिकारलाई एक दिन तत्कालीन मुख्य अञ्चलाधीश सरदार विष्णुमणि आचार्यले बोलाई निर्दिष्ट समस्या समाधानार्थ सरकारले व्यवस्था गर्ने, तर कि रानीपोखरी छेउ कान्तिपथको पूर्वतर्फ रहेको अग्लो कम्पाउण्डभित्रका पुराना भूत्याहा थोत्रा घरहरू (शायद अहिले त्यहाँ त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालयको सर्टिफिकेट दिने एवम् सच्याउने विभाग रहेको) मध्येका कोठामा भाडामा बस्नुपर्ने, कि तत्कालीन रा.पं.स. प्रयागराजसिंह सुवालको लगनटोलस्थित १६ वटा कोठा भएको खालीघर पुरै भाडामा लिएर बस्नको लागि अरु साथीभाइ पनि खोज्नुपर्ने भनी अत्तो थापे । पंक्तिकारलाई पऱ्यो फसाद ! ती भूताहा घरहरूमा एक्लै बस्न डर लाग्ने, लगनटोलस्थित १६ कोठे घर पुरै भाडामा उठाउन साथी खोज्ने कहाँ ? आखिर पंक्तिकारले पनि देवी नेपालीले जस्तै हार खाएर जे परे पर्ला भनी जात ढाँटेर सामान्य डेरा खोजी बस्ने निधो गरी काठमाडौं बसाइ अवधिभर पूर्ववत् र यथावत् रूपले घरी काठमाडौं त घरी पाटनमा ६/६ महिनामा डेरा दौडाउने क्रम जारी राख्यो। देवी नेपालीजस्ता दलितले राजधानीजस्तो चेतनशील र कानुनको रखबारे बसेको ठाउँमा ऐले पनि ज्यूँका त्यूँ व्यहोर्नु परेको डेरा समस्याबारे जानेर पंक्तिकार मर्माहत हुनु स्वाभाविकै हो ।

दलितहरूलाई यस्ता बखेडामा बल्झाई परेसान गर्ने केवल कथित ठूला जाति मात्र हुन् । जबसम्म उनीहरूको हृदयरूपी घैंटोमा घाम लागेर दलितप्रति उदारता र समानताको भावना जाग्दैन तबसम्म समाजमा यसप्रकारको उत्पीडन कायमै रहनेछ । दलितहरूमा विद्यमान अशिक्षा, गरिबी र आत्मविश्वासको कमी कमजोरी हटाउन सकेमा उनीहरूप्रतिको भेदभाव स्वतः हट्छ भन्ने तर्क देवी नेपालीको उदाहरणले निरर्थक हुन पुग्दछ । देवी नेपालीहरू जतिसुकै पढेलेखेका, सभ्य, व्यक्तित्ववाला र सम्पन्न हैसियतवाला भए तापनि उनीहरूलाई हाम्रो समाजले, तुलसीदासको निर्देशन 'पूजहुँ विप्र सकल गुण हिना, शूद्र न पुजहुँ वेद प्रवीणा' को पछि लागेर, हेलाहोचो गर्नुमै आफ्नो गौरव ठानेको देखिन्छ। दलितलाई आफ्नो घरमा डेरा दिने कुरा त परै छाडौं, कहाँसम्म भने अहिले पनि सरकारी क्वार्टर पाई बसेका कथित ठूला जातका हाकिमले आफ्नै कार्यालयका दलित जातिका अधिकृत एवम् कर्मचारीलाई बडादशैंको सोह्र श्राद्धदेखि

नवरात्रभर सो क्वार्टरको सार्वजनिक प्रतीक्षा कोठामा समेत पस्न नदिई बाहिर आँगनमै राखेर कुरा गर्ने गरेको यो पंक्तिकारले देखेको र भोगेको छ ।

आखिर यसको समाधान कहिले र कसरी त ? भन्ने प्रश्न स्वयम् अनुत्तरित देखिन्छ । अनपढ पुराना विचारका र पुराना पुस्ताका कथित ठूला जातकाबाट त्यस्तो भेदभाव हुँदासम्म त शिक्षित नयाँ पुस्ताबाट सुधार हुने आशा गर्न सकिन्छ । तर के अनपढ, के शिक्षित, के पुराना विचारका, के नयाँ विचारका, के बूढा, के तन्नेरी, के काँग्रेसी, के कम्युनिष्ट सबै सवर्णको विचार दलितको मानमर्दन गर्ने र शोषण गर्ने कुरामा पहिले र अहिले पनि एउटै पाइन्छ । प्रसिद्ध रुसी लेखक लियो टाल्सटायको कथा 'तीन प्रश्न' को भावनाविपरीत यहाँ कथित ठूला जातिले पहिले पनि सात समुद्रपारिका विदेशी/विधर्मी मुसलमान एवं इसाईहरूसँग खानपानका त के कुरा मौका परेका बेला रोटी-बेटीको सम्बन्ध गर्नसमेत नचुकेको र त्यो कुरा समाजमा पनि सर्वग्राह्य मानिएका उदाहरण इतिहासमा थुप्रै छन् तर सँधैं आफूसँगसँगै बस्ने आफ्ना साख्खै अंशियार एकथरि दाजुभाइलाई भने कुकुर बिरालोभन्दा पनि नीच 'अछुत' गराएर अमानुषिक अत्याचार गरेका प्रमाणहरू पनि इतिहासमा गनी नसक्नु छन् । यो पंक्तिकारले काठमाडौं र मोफसल जिल्लाका कतिपय तथाकथित सम्भ्रान्त, कुलीन एवम् कर्मकाण्डी कहलिएका कुमाइँ र पूर्वीय ब्राह्मण, ठकुरी, क्षेत्री एवम् नेवार जातिका यस्ता परिवारलाई राम्ररी नजिकैबाट जान्दछ, जसका छोरीहरू अरबी, इरानी, अङ्ग्रेज, जर्मन, रुसी, अमेरिकन आदि विधर्मी, विदेशी केटासँग पोइला गएका छन् भने छोराहरूले तत्तत् विधर्मी र विदेशी जातका केटीहरू भित्र्याएका छन् । अचम्मको कुरो त यो छ कि ती विदेशी/विधर्मी जुवाईं साहेब वा बुहारीलाई ती परिवार एवं समाजले आ-आफ्नै जातसरह सहजै स्वीकारेर लाजै नमानी पूर्ववत् र यथावत् 'चोखो' बनेर बसेका छन् । कतिसम्म भने त्यस्ता परिवारमा ती विधर्मी र विदेशी केटालाई 'ज्वाइँ बाजे' तथा केटीलाई 'अमेरिकन्नी दुलही बज्यै, इरानी दुलही बज्यै' आदि आदरसूचक सम्बोधन गरेको समेत सहजै देख्न, सुन्न पाइन्छ । अपवादस्वरूप यदि कुनै परिवारमा नाम मात्रको परहेज गरेको पाइन्छ भने त्यो केवल 'भान्साकोठामा प्रवेश निषेध' जहाँ स्वयम् असली परिवारका सदस्यमध्येका नै कतिले जीवनभर प्रवेश गर्ने जरुरतै पर्दैन ।

उनीहरूले एकातिर विदेशी/विधर्मीप्रति त्यसरी उदारता र आत्मीयता देखाएको पाइन्छ भने अर्कोतिर आफ्ना साख्खै दलित दाजुभाइप्रति गरेको दुर्व्यवहार गनेर र भनेर साध्य छैन । पूर्वी नेपालको भोजपुरकी एउटी दलित जातिकी स्त्रीको कोखबाट भारतीय सिन्हा थरकी छोरीको रूपमा जन्मेकी तथा नेपाली राष्ट्रियताकी परम् भक्त प्रख्यात फिल्म अभिनेतृ माला सिन्हासँग काठमाडौंको कुमाई ब्राह्मण परिवारका सी.पी.लोहनीले प्रेम विवाह गरेकोमा सो कुमाई परिवारले आफ्नी बुहारीलाई 'अछुत'को रूपमा हेरेर घरमा भित्र्याउन इन्कार गर्दा ठूलो कचकच परेको र अन्तमा त्यो दम्पतीको वैवाहिक जीवन नै असफल हुन पुगेको चर्चा तत्काल सर्वत्र सुनियो ।

आजकल पनि थुप्रै दलित केटाहरूले बाहुनी क्षेत्रीनी आदि कथित सवर्ण कन्याहरूसँग प्रेमविवाह गरेको पाइन्छ । तर ती कन्याका माइतीले भने आफ्ना दलित जातिका जुवाइँलाई आदर सत्कार गरी आफ्नो घरमा भित्र्याई आवतजावत गराएको उदाहरण कहींकतै देख्न सुन्न पाइएको छैन । बरु उल्टै ती कन्याको सम्बन्ध आफ्ना माइतीसँग खत्तम हुनुका साथै ज्यानीदुश्मनी कायम भएको मात्र देख्न पाइएको छ । यस्तो अवस्थामा दलितलाई सधैँभरि हिन्दू धर्मको बिंडो थामेर हरदम अपहेलित भै बसिरहून् भन्ने सोच्नु कहाँसम्म उचित होला ? अतः हिन्दूहरूले दलितप्रतिको आफ्नो परम्परागत सोचाइ र व्यवहारमा जमानाअनुसार पूर्ण परिवर्तन ल्याउन नचाहने हो भने दलितलाई अब हिन्दू जनसङ्ख्यामा गणना नगरे हुन्छ !

(आजको समाचारपत्र- २०५३ माघ २१ गते सोमबार, काठमाडौं)

नेपालके दलितोंका ताजा स्थिति विवेचना

विक्रम्के इक्कीसवीं शदीमें आज भी नेपालमें दलित जातिके लोग हिन्दू वर्णव्यवस्थाके तहत समाजमें सैकडों सालसे चला आरहा छुआछुत, गरिबी, बेकारी, परावलम्बन, अशिक्षा और अज्ञानतासे जुझ रहे हैं । यिनकी हालत समाजमें बहुत कमजोर तो है हि देशमें तीसरे दर्जे के नागरिककी हैसियतसे रहनेको विवश भी हैं । पहले दर्जे के नागरिक ब्राह्मण, क्षेत्रीय, और नेवार (कायस्थ) जातिके वे लोग हैं जो देशका सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं प्रशासनिक सम्पूर्ण पक्षका एकछत्र बागडोर अपने हाथमे पकडे बैठेहैं । इसीलिए ये तीन जातीयोंको नेपालमें **शासक जाति**के रूपमे जाना जाताहै । गोस्वामी तुलसी दास की "पुजहुं विप्र सकलगुण हिना । शूद्र न पूजहुँ वेद प्रवीणा ।" निर्देशनको अक्षरशः पालन करते हुए नेपाली समाजमें ब्राह्मणों का स्वतः आदरसम्मान होता है चाहे वह कितना हि कुकर्मी क्यों न हो । ऐसे हि मानसम्मान क्षेत्रियोंका और उससे थोडा कम नेवारोंका होता हैं । दुसरे दर्जे के नागरिकों मे देशके सबसे अधिक जनसङ्ख्या वाले मङ्गोल मूलके मगर, गुरुङ, राई, लिम्बू, शेर्पा, तामाङ आदि लोग आते है । जिनको सामाजिक आर्थिक, शैक्षिक, राजनैतिक और प्रशासनिक हरक्षेत्रमें दलितों से कुछ हि ज्यादा सहुलियत उपलब्ध है । इन लोंगों से छुआछुतका बर्ताव नहिं किया जाता । तिसरे दर्जेके नागरिकों मे शूद्र वा दलित आते है जिनके प्रति छुआछुतका इतना तुच्छ व्यवहार किया जाता है कि गांवका तो वात हि छोडें शहर और कस्बे तकमें उनलोगोको कथित सवर्णोके घरमें किरायामें रहने/बैठने को क्वार्टर तक नहि दिया जाता है । फलतः दूरदराज के दलित लोग जहाँतक हो सके अपनेको छिपाकर ब्राह्मण क्षेत्रीय आदि बताकर सवर्णोके क्वार्टर में यत्रतत्र छुपे हुए मिलते हैं ।

आर्थिक पक्षमें भी दलितवर्ग युगों से अति पीडित और दरिद्र है । देशके जीतने भी उर्बरा जमिन है उसके अधिकांश खेतीहर मजदुर दलित हि हैं और इनलोगोंका प्रायसः पूरा जीवन सवर्णोंके खेती किसानी उद्योग धन्धेमे काम करते और माल असबाब इधर से उधर ढोते हुए बितता है । मगर न तो वह जमिन, न वह उद्योग धन्धे, न वे माल असबाब उन्के अपने होते हैं । वे सब जमिन, उद्योग धन्धे और माल असबाब के मालिक तो वहि ब्राह्मण क्षेत्री और नेवार लोग होते है, ं जो अपने हांथो खेतीका जुताई बुआई तक नहिं करते । देशमें जो भूमि सुधार कार्यक्रम सरकार की ओरसे लागू किया गया वह महज दिखावे भरके रह गया । आज भी देशके बडे बडे भूमिपति ब्राह्मण और राजपुत क्षेत्री हि हैं । इसके अलावा देशमें जीतने भी आर्थिक आयश्रोत के साधन है सब के सब केवल शासक जातिके एकछत्र पकड मे हैं । उन लोंगोंके दया से हि अन्य जातीयों को थोडा बुहत आर्थिक उपलब्धी हाथ लगता है । आजकल तो यहां तक देखा जा सकता है कि जिस दर्जी, मोची आदि पेशेको नीच पेशा समझकर उस पेशेवालों को ‘अछूत’ करार दिया गया था, आर्थिक लाभको मध्यनजर रखकर वह पेशा पर भी ब्राह्मण क्षेत्री जाति के लागों ने कब्जा जमाने लगे हैं । परम्परागत पेशेवर दर्जी और मोची लोग बेदखल हो रहे हैं । तबभी वे ब्राह्मण क्षत्री लोग समाजमें सम्मानित, व पुजित हि हैं ।

शैक्षिक क्षेत्रमें भी दलितोंका दयनीय हाल है । एक तो दलित दरिद्रीके कारण स्वतः पढ नही पाता है दुसरा युगों से दलितोंको पढ्नेमे बन्देज लगा होने के कारण इस जमाने मे भी अधिकांश दलितों में पढने लिखने का संस्कार पनप नहि पा रहा है । दलित लोंग पंढेंगे लिखेंगे तो उनमे स्वतः अपना अधिकार और कर्तव्यके प्रति चेतना आ जाएगा तब शासक जातीयों को परम्परा से सुलभ सस्ते और उत्तम मजदुर, चाकर कहाँ से मिलेंगे ? यही सत्यताको मध्यनजर रखते हुए दलिंतो को शिक्षित बनाने मे शासक जाति सरकारी तवर से ठोस रूप में कुछ नहि करना चाहता । दलितों के मसिहा बाबा साहब डा. भीमराव अम्बेडकरका “शिक्षित बनो संगठित होकर अपना अधिकार वापस लेने के लिए सङ्घर्ष करों” का नारा नेपाली दलितों तक नहि पहुंच पाया है ।

यह बात कटुसत्य है कि अपने देशकी सत्ता में जबतक पर्याप्त सहभागिता नहि मिलता है तब तक संसारका कोई भी कौमके लिए

वास्तविक प्रजातन्त्र कल्पनातीत बनकर रह जाति है। नेपालके सन्दर्भमे भी दलितोंका सामाजिक, आर्थिक और शैक्षिक क्षेत्रमें दमीत रहने मे यहि बात प्रमुख कारक दिखता है। दलितोंको राजनैतिक और प्रशासनिक क्षेत्रमें अभिभी पूर्णतया 'अछुत' हि रखागया है।

ई.सन १९५० मे राणा शासन समाप्ती के लिए किंया गया देशव्यापी जनआन्दोलनमें सवर्ण आन्दोलनकारीयों के बराबरीमे हिस्सा लेते हुए पश्चिम नेपालके तनहुँ जिल्ला बन्दीपुर कस्वेका चन्द्र बहादुर सार्की, पूर्वी नेपालके तराईक्षेत्र स्थित राजविराज कस्वेका कृष्ण बहादुर कामी लगायत बहुत से दलित योद्धा शहीद हो गए। उसके बाद स्थापित कथित जनतान्त्रिक सरकारने दलितोके हकहित संरक्षणार्थ कुछ भी न करके दलितोंके सम्बन्धमे परम्परा से चला आ रहा परिपाटीको यथावत् पूर्ववत् चलने दिया। शासन परिवर्तन दलितोंके लिए महज नागनाथ गया साँपनाथ आया बराबर हो गया। ई.सन् १९४६ मे बाग्लुङ जिले के सर्वजित विश्वकर्मा के नेतृत्वमे चला छुआछुत विरोधी आन्दोलन और ई.सन् १९५३ में सहश्रनाथ कपाली, टि.आर.विश्वकर्मा आदि के नेतृत्वमे काठमाडौं मे हुआ पशुपति मन्दिर प्रवेशकाण्ड और विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समस्याओं एवं दवाबो के चलते तत्कालीन राजा महेन्द्रने छुआछुती भेदभाववाला पुराना मुलुकी ऐन (नेपालका प्रमुख कानुनी दस्तावेज) ई.सन् १९६३ मे संशोधन किया। संशोधित और परिमार्जित नयाँ मुलुकी ऐन से 'छुआछुत' प्रकरण हटा दिया गया, जिस्से नेपालके दलितोंको कानुनी रूपसे कुछ राहत अवश्य मिला। फिर भी छुआछुत करनेवालेके विरुद्ध दण्डनीय कानुन नबनाए जानेसे दलितोंके प्रति सामाजिक भेदभावमे कोई खास परिवर्तन नहि आया। सन् १९९० मे पञ्चायती शासनको उखाड फेकने के लिए किया गया जनआन्दोलनमें भी सवर्ण आन्दोलनकारीयों से कन्धेसे कन्धा मिलाकर लडते हुए दलित जातिके योद्धा सरकारके घोषणा मूताविक ५ जवान और अघोषित अनगिनत शहीद हो गए। तत्पश्चात् गठित वर्तमान बहुदलीय प्रजातान्त्रिक सरकार और स्वघोषित बडे बडे राजनैतिक पार्टियोंद्वारा भी दलितोंको स्थान देने व उत्थान करने हेंतु कोई ठोस कार्यक्रम आगे लानेका प्रयास नहि हुआ। आज भी मंत्री से लेकर सन्तरी तक सभी सरकारी/प्रशासनिक पद मे शासक जाति के आदमी भरे पडे हैं। अलग से आरक्षीत सिट की व्यवस्था नहोने

से दलितोंको विज्ञापित पद के लिए शासक जातिके उम्मेदवारोंके साथ बराबरीमे प्रतियोगितात्मक परीक्षामे जुझना पड रहा है । ऐसी दशा मेः–

१. परीक्षा लेनेवाले अधिकारी शासक जाति के होने के कारण स्वाभाविक रूपसे वे अपने जाति के उम्मेदवारों की खुलकर पक्ष लेते हैं ।
२. सैकडों सालसे ऐसे परीक्षाके अनुभवी एवं शिक्षित शासक जातिके उम्मेदवारको मुकाबलेमे परास्त कर पाना शुद्धभाषा और स्तरीय लेखन शैलीमे अनुभवहीन दलित उमेदवारके लिए 'लोहेका चना चबाना' जैसा है । नतिजतन शत प्रतिशत सिट पर केवल शासक जाति के उम्मेदवार हि विजयी होते है । कतिपय पद मे तो विज्ञापन हि नहिं किया जाता है । सिधे/निर्विरोध रूपसे शासक जातिके लोग गुपचुप नियुक्ति पा लेते है । यही कारण है कि केन्द्रीय शासनसत्ता का तो बात हि छोडें, देशभरके ७५ जिलाके प्रमुख जिला अधिकारी (जिलाधीश), ७५ जिला अदालतके न्यायाधीश, एस.एस.पि, डि.एस.पि.आदि महत्वपूर्ण पदोंमे शासक जातिका एकाधिकार है । उसमे से कुछ स्थान केवल २ प्रतिशत जनसङ्ख्या वाले मुसलमानोंको भले हि मिल रहा है मगर २० प्रतिशत जनसङ्ख्या वाले दलितोंको एक भी स्थान आजतक नहिं मिला है ।

यहि हाल राजनैतिक क्षेत्र मे है । देशभर मे प्रतिनिधि सभा (निचली सदन) का कुल सिट २०५ है । क्षेत्रगत हिसाब से एक सिट भी दलितोंके लिए आरक्षित नहोनेसे डङ्के की चोटपर शानसे विजयी होकर कोई भी दलित उसमे नहि पहुंच पाता है । पार्टीगत हिसाबसे भी नेपाली कांग्रेस, एमाले और रा.प्र.पा. जैसे देशके कथित बडेबडे राजनैतिक पार्टीयोंने राजनैतिक चुनावों मे अपने अपने पार्टीसे ५ प्रतिशत सिट महिलाओं के लिए आरक्षित किए हैं, मगर दलितों के लिए एक भी नहिं । ऐसी हालत मे दलित कैसे पहुंच सकता है उस सदनमें ? कांग्रेस, एमाले, और रा.प्र.पा. जैसे देशके बडे बडे शक्तियों ने अपने तरफ से लोकापवाद बचाने के लिए महज १/१ दलित को राष्ट्रिय सभा (उपरी सदन) मे मनोनित करते हैं । इसीलिए उस सदन मे आज तक दलितके केवल २/३ सदस्य हि पहुंच पा

रहे है । वे सदस्य भी दयाके माध्यम से आया होने के कारण डङ्के की चोट पर दलितों की समस्या समाधान के विषयमे सदनमे बोलने की हिम्मत हि नहि जुटा पाते है । बरन अपने मालिकोंके इशारा मुताविक चलने मे हि अपना कल्याण समभ्कते हैं । ऐसी हालतमे देशकी सर्वोच्च विधायिकामे दलितोकी वास्तविक समस्याका चर्चा/परिचर्चा और समाधानका उपाय होगा कैसे ? जब स्वाभाविक और नियमित रूपसे दलितोंको संसदमे पहुँचने का व्यवस्था हुआ हि नहि, तो उन लोगोको मंत्रीमण्डलमे स्थान देनेका सोच भी कैसे बनेगा ? इसीलिए संसार के सबसे गरिब देशों मे गीना जानेवाला नेपालमे कुछ ही महिना पहिले ऐरोगैरोको समेटकर बनाया गया संसारका सबसे बडा ४८ सदस्यीय रेकार्डतोड मंत्रीमण्डलमे एक भी दलितको स्थान नहि मिला । जबकि कथित तानाशाही पञ्चायती व्यवस्थामे भी दलित जातिको मंत्रीमण्डलमे १ स्थान देनेका रिवाज बन चुका था ।

उपर्युक्त वर्णनोसे पता चलता है कि नेपालमे दलितोंके लिए कागजी प्रजातन्त्र भले आया हो, वास्तविक प्रजातन्त्र कोशों दूर है ! जबतक शासन सत्तामे दलितोंका उचित हिस्सेदारी नहि होगी तबतक प्रजातन्त्र उनसे दूर रहेंगा हि ! शासन सत्तामे भागीदारी पानेके लिए दलितोंको सिर्फ “पूर्णसमानुपातिक संवैधानिक आरक्षण” की अनिवार्य आवश्यकता है, जो कि नेपालके शासक वर्ग उनलोगों को आसानीसे देनेवाले नहि हैं । उसको पानेके लिए नेपाली दलितोंको बलिदानी सङ्घर्षकी आवश्यकता है । मगर उन लोगोमे व्याप्त गरिबी, अज्ञानता, अशिक्षाके चलते मनुवादी राजनैतिक पार्टीयोंका “फुटाओ और शासन करो” नीतिके बहकावेमे आकर वे आपसमे एकजुट नहिं हो पा रहे हैं । अपने निजी स्वार्थ पूर्तिके लिए विभाजित मनस्थितिवाले कतिपय वर्तमान दलित नेताओंका आपसी खिचातानीके चलते भी ‘आरक्षण’ का आवश्यक सङ्घर्ष निश्चित गति नहिं ले पा रहा है ।

अपनेको विश्वके दीनदुःखीयोंका मसीहा घोषित करनेवाले नेपालमे कार्यरत तमाम मानवाधिकारवादि संगठनों, स्वघोषित अन्तर्राष्ट्रिय स्तरके नेपाली पत्र पत्रिकाओं और अन्य सञ्चार माध्यमों के संचालक सबके सब शासक जाति से हैं । उन लोगोके नजरिएमें नेपाल मे दलितोंके उपर हो रहे जुल्म, भेदभाव और छुआछुत आदि अपराधोंको गम्भीर मानवाधिकार

हननूका मुद्दा नहि माना जाता है । इसीलिए वे लोग न इन अपराधोंके समाचार खुलकर प्रकाशित/प्रसारित करते है न तो इनका खुलकर विरोध हि करते है । बरन दलितोंका आरक्षण सम्बन्धी मागको चालाकी से विरोध करते हुए हि दिखते है । दलितोंकी इन्ही समस्याओं को उजागर करके आरक्षण की आवश्यकताको विश्वसमक्ष दर्शाने के उद्देश्य से 'नेपाल दलित शोषित मानवाधिकार संगठन' नामक संस्था वरिष्ठ राजनीतिज्ञ प्रकाश चित्रकारके नेतृत्वमे विगत ६/७ साल से नेपालमे कार्यरत है । मगर सम्बन्धित क्षेत्र से सहयोगके अभावमे वह संस्था भी स्वाभाविक गति नहि ले पा रहा है । नेपाली दलितोंको सामाजिक, शैक्षिक एवं आर्थिक क्षेत्रमें अन्य जाति के बराबरी में पहुचाने और राजनैतिक एवं प्रशासनिक क्षेत्रमें दलितोंको जनसङ्ख्या के अनुपातमे प्रतिनिधित्व दिलानेके उद्देश्य से नेपालके वरिष्ठ राजनीतिज्ञ रूपलाल विश्वकर्मा के नेतृत्वमें साल/डेढ साल पहिले स्थापना किया हुआ 'नेपाल दलित श्रमिक मोर्चा' नामक राजनैतिक पार्टी भी कार्य कर रहि है । इसके अलावा स्व. सहश्रनाथ कपाली एवं स्व.टि.आर. विश्वकर्मा आदि पुराने दलित नेताओं के जमाने से काम करता चला आ रहा 'नेपाल राष्ट्रिय दलित जन विकास परिषद्' अन्य दो दलित संगठनों से एकीकृत होकर 'नेपाल राष्ट्रिय उत्पीडित दलित मुक्ति समाज' नाम से काम कर रहा हैं । इसके अलावा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, समता समाज, दलित सेवा संघ आदि विभिन्न दलित संगठनो ने भी दलितोंकी प्रगति एवं समस्या समाधानके क्षेत्रमें अपने अपने तरफसे महत्वपूर्ण योगदान दे रहे हैं ।

हाल हि मे दलित जातिके व्यक्ति कोचेरिल रमण नारायणन भारतके महामहिम राष्ट्रपति चुने जाने पर नेपालके दलितोंमे भारी खुसीका लहर आया । फलस्वरूपः उनलोगो ने २० श्रावण २०५४ विक्रमी, तदनुसार ४ अगस्त १९९७ को पश्चिम नेपाल स्थित गौतम बुद्धके जन्मस्थल लुम्बिनीके किनारे बसा हुआ भैरहवा बाजारमे भव्य सभाका आयोजन करके महामहिम को बधाई ज्ञापन करनेका कार्यक्रम सम्पन्न किया । उस सभा मे भी नेपाली दलितोंको राजनैतिक प्रशासनिक और शैक्षिक क्षेत्रमे आरक्षण देनेके लिए सरकारसे जोरदार माग किया गया । मगर नेपाल सरकारके कानमे जुँ तक नहि रेंगी है ।

अंतमे, जिसप्रकार नेपाली कांग्रेसने अखिल भारतीय राष्ट्रिय कांग्रेस

तथा भारतीय भू.पू. प्रधान मंत्री चन्द्र शेखरसे और ने.क.पा. एमाले ने भा.क.पा. एवं मा.क.पा.से आवश्यक सहयोग एवं सलाह पा रहे है ठिक उसी प्रकार नेपालके दलितोंको भी आरक्षण लगायत विभिन्न अधिकार पानेके सङ्घर्षमें भारतीय दलितोंसे हर सहयोग एवं सल्लाह पाने की अपेक्षा किया जाता है । धन्यवाद !

विश्व-दलित एकता अमर रहे !

लेखक/प्रस्तोताः **डिकबहादुर विश्वकर्मा**

(२३ सेप्टेम्बर सन् १९९७ मा तालकटोरा स्टेडियम् दिल्ली (भारत) मा सम्पन्न दलित साहित्य सम्मेलनमा आमन्त्रित नेपाली प्रतिनिधिको रूपमा प्रस्तुत एवं २५ सेप्टेम्बरको 'हिमायति' पत्रिका दिल्लीद्वारा प्रकाशित)

भारतीय दलित साहित्यकार सम्मेलनमा नेपाली प्रतिनिधित्व

समाजमा प्रत्येक व्यक्तिको सर्वाङ्गीण विकासको लागि नभई नहुने तत्व "चेतना" को अभिवृद्धि गराउन अहम् भूमिका खेल्ने साहित्यकारहरूको महत्वलाई मध्यनजर राखी भारतीय दलित जातिका साहित्यकारहरूलाई संस्थागत रूपले ऐक्यबद्ध र उत्साही गराउने उद्देश्यले भारतका भू.पू. उपप्रधानमन्त्री स्व. बाबु जगजीवनरामका हातबाट ई.सन् १९८४ मा स्थापित भारतीय दलित साहित्य अकादमीले दलित साहित्यको प्रचारप्रसारद्वारा दलितवर्गमा चेतना जागृत गराई वैचारिक क्रान्ति ल्याउने राम्रो काम गरेको छ । अङ्ग्रेजी शासनविरुद्ध चलेको भारतीय स्वतन्त्रता आन्दोलनका क्रममा जुन बेला मुस्लीम लिगका नेता मुहम्मदअली जिन्नाले मुसलमानहरूको लागि छुट्टै राष्ट्र "पाकिस्तान" को माग गरिरहेका थिए ठिक त्यसै बेला भारतीय दलित जातिका तत्कालीन सर्वमान्य नेता डा. भीमराव अम्बेडकरले पनि दलितहरूको लागि भारतीय संघअन्तर्गत 'पृथक निर्वाचन क्षेत्र' (छुट्टै प्रान्त) को व्यवस्था गरेर मात्र अङ्ग्रेजले भारत छोड्नु पर्ने माग लण्डनमा आयोजित गोलमेच सम्मेलनमा अघि सारे । पाकिस्तान प्रकरणमा जिन्नालाई मनाउन असफल भैरहेका मोहनदास करमचन्द गान्धीले डा. अम्बेडकरको त्यो मागको विरोधमा भने आफू बन्दी रहेको अवस्थामै महाराष्ट्रको पुणे जेलमा आमरण अनशन शुरु गरिदिए । आफ्नो मागप्रति दृढ अडान लिँदै आएका डा. अम्बेडकर अन्ततः खतरामा पुगेको महात्मा गान्धीको जीवन बचाउन मानवताका नाताले तयार भए । आफ्नो माग 'पृथक निर्वाचन क्षेत्र'को सट्टा गान्धीले

मञ्जुर गरेको शर्त "तोकिएका विभिन्न क्षेत्रमा दलितहरूको लागि आरक्षित सिटमा संयुक्त निर्वाचन" पद्धतिमा सहमत भै २४ सितम्वर १९३२ मा पुणे जेलमा सम्झौता गरे, जसलाई भारतीय इतिहासमा "पुणे पैक्ट" भनिन्छ । त्यसमा गान्धीजीका अतिरिक्त अखिल भारतीय हिन्दू महासंघको तर्फबाट पं. मदन मोहन मालवीयले र भारतीय दलितहरूको तर्फबाट बाबा साहब डा. भीमराव अम्बेडकरले हस्ताक्षर गरेका थिए । त्यसै सम्झौताको आधारमा सन् १९४७ मा स्वतन्त्रतापश्चात् गठित संविधान मस्यौदा समितिको अध्यक्ष बनाइएका डा. भीमराव अम्बेडकर आफैले भारतको संविधान लेखे । त्यसमा दलित जातिको लागि शैक्षिक, राजनैतिक, प्रशासनिक हर क्षेत्रमा मनग्गे आरक्षणको व्यवस्था गरिएको छ । फलतः आजको भारतमा दलितहरू राष्ट्रपति, उप-राष्ट्रपति, उप-प्रधानमन्त्री, स्पीकर, डिपुटी स्पीकर, राष्ट्रिय पार्टीका अध्यक्ष, राज्यपाल, मुख्यमन्त्री आदि देशका सर्वोच्च पदहरूमा पुगिसकेका छन् भने सांसद, विधायक एवं मन्त्रीदेखि सन्तरीसम्मका विभिन्न राजनैतिक एवं प्रशासनिक ओहदाहरूमा गनिनसक्नु कार्यरत छन् ।

यसरी हेर्दा त्यो २४ सितम्बरको दिन भारतीय दलितहरूको लागि अधिकार प्राप्तीको दिन भएको देखिन्छ । तसर्थ सो दिनलाई "अधिकार दिवस"को रूपमा मनाउँदै भारतीय दलित साहित्य अकादमीले हरेक वर्ष नयाँ दिल्लीमा दलित साहित्यकार सम्मेलनको आयोजना गर्दै आएको छ । त्यसमा भारतभरिका २६ राज्य, ४ संघीय राज्य र तीअन्तर्गत हजारौं जिल्ला एवं तहसीलस्थित अकादमीका शाखा, प्रशाखा ईकाईका अध्यक्षहरूलगायत दलित जागरण अभियानमा होमिएका हजारौं लेखक, पत्रकार, इतिहासकार, कलाकार, बुद्धिजीवी एवं समाजसेवकहरूलाई निमन्त्रण गरिन्छ र उनीहरूमध्ये कैयौंलाई उनीहरूले आ-आफ्ना क्षेत्रमा गरेका कामको मूल्याङ्कनको आधारमा पुरस्कृत पनि गरिन्छ । त्यस अवसरमा पडोसी राष्ट्रवासीको नाताले नेपाली दलित लेखक, पत्रकार, बुद्धिजीवी र समाजसेवीहरूलाई पनि आमन्त्रण गर्ने र छनौटको आधारमा पुरस्कृत गर्ने परम्परा रहिआएको छ । त्यस सम्मेलनबाट प्रदान गरिने पुरस्कारहरूमध्ये डा. अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार र डा. अम्बेडकर राष्ट्रिय पुरस्कार प्रमुख मानिन्छन् भने अन्यमा डा. अम्बेडकर अन्तर्राष्ट्रिय विशिष्ट सेवा पुरस्कार, वीर एकलव्य राष्ट्रिय पुरस्कार, महासेनानी बिरसा मुण्डा पुरस्कार, वीराङ्गना

झलकारी बाई पुरस्कार, गुरु रविदास राष्ट्रिय पुरस्कार, सन्त कबीर राष्ट्रिय पुरस्कार, महर्षि वाल्मीकि राष्ट्रिय पुरस्कार र डा. अम्बेडकर फेलोसीप रहेका छन् । डा. अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार सर्वप्रथम दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलालाई प्रदान गरिएको थियो भने नेपाली दलित नेताहरू सर्वश्री स्व.टी. आर. विश्वकर्मा, सांसद मनबहादुर विश्वकर्मा र प्रताप राम लोहारलाई विगतका वर्षहरूमा प्रदान गरिएको थियो ।

यो वर्ष १९९७ को डा. अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार पाउने ३ जनामध्ये नेपालको तर्फबाट एकजना वरिष्ठ दलित राजनीतिज्ञ प्रकाश चित्रकार हुनु भएकोले निमन्त्रण पाएअनुरूप उहाँको साथ यो पंक्तिकारसहित ६ जनाको टोली यथा समयमा दिल्ली पुग्यो । सम्मेलनको पहिलो दिन २३ सितम्बरमा तालकटोरा स्टेडियममा आयोजित भव्य समारोहको शुरुमै नेपालबाट गएका अरु दुई टोली (नेपाल दलित श्रमिक मोर्चाका अध्यक्ष रूपलाल विश्वकर्माको नेतृत्वमा ६ जना र रा.द. समाज कल्याण संघका अध्यक्ष प्रतापराम लोहारको नेतृत्वमा ७ जना) सित भेट भएपछि जम्मा १९ जना नेपालीको सहभागिता त्यहाँ देखियो । जसरी हिन्दूस्तान जाने क्रममा संयोगले बुटवलमा जम्काभेट भएका गोरखाका राजा पृथ्वीनारायण शाह र पर्वतका मन्त्री बलिभञ्जन बानियाँले हिन्दूस्तान यात्रा अवधीसम्मको लागि मात्र पहाडिया एकता देखाउन आपसमा सल्लाह गरी आ-आफ्नो टोलीलाई एकीकृत गरेर राजा पृथ्वीनारायण र मन्त्री बलिभञ्जनको रूपमा यात्रा सम्पन्न गरेका थिए, त्यसै गरी उक्त सम्मेलनमा नेपाली टोली एउटा मात्र भएको देखाउनु समयको माग देखेर पंक्तिकारले त्यसको लागि भरमग्दुर प्रयास गऱ्यो तर नानीदेखि लागेको बानी कसैले नेतृत्व छोड्न तयार नभएकोले सफलता हात लागेन । त्यो दिनको समारोहमा उपस्थित भारतका प्रमुख हस्तीहरू महामहिम भू.पू. राष्ट्रपति शङ्करदयाल शर्मा र भू.पू. प्रधानमन्त्री अटलविहारी बाजपेयीले सभालाई सम्बोधन गरे । ती हस्तीहरूले र दोश्रो दिन २४ सितम्बरमा मावलंकर हलमा भएको भव्य समारोहमा उपस्थित प्रमुख अतिथि रेलमन्त्री रामविलास पासवान एवं सम्मेलन संचालकसमेतले अन्तर्राष्ट्रिय पुरस्कार पाएको हुनाले प्रकाश चित्रकारलाई नै नेपाली प्रतिनिधि मण्डलको एक मात्र नेताको रूपमा स्वागत, सम्बोधन र व्यवहार गरेको हुँदा पंक्तिकारले गरेको त्यो एकता प्रयास विफल पारिनुको कुनै अर्थ नरहेको स्वतः प्रष्ट हुन गयो ।

यस घटनाबाट चेत पाएका भए हाम्रा ती नेपाली मित्रहरूले भविष्यमा मौकाअनुसार राजा पृथ्वीनारायण र मन्त्री बलिभञ्जनको मार्ग अपनाउन पछि पर्नु हुने छैन भन्ने आशा गरिन्छ ।

सम्मेलनमा पुरस्कार वितरणकाक्रममा नेपालका दलितहरूको सेवा गरे वापत भनी डा. अम्बेडकर अन्तर्राष्ट्रिय विशिष्ठ सेवा पुरस्कार अर्जुनबहादुर गुरुङलाई प्रदान गरिएको र निजको अनुपस्थितिमा सो पुरस्कार ग्रहण गर्न प्रतापराम लोहारलाई बोलाइएको घोषणा मञ्चबाट हुँदा त्यहाँ उपस्थित नेपाली सहभागीहरू तीनछक परे । दलित उत्थान अभियानमा आजसम्म नेपाली दलितले नामै नसुनेका व्यक्तिले त्यसरी सम्मेलनको गरिमायुक्त पुरस्कार पाउँदा कहीँ पुरस्कारको दुरूपयोग त भएन ? भनी तीनछक पर्नु स्वभाविकै थियो । प्रतापराम लोहारले त्यो पुरस्कार अरुणाञ्चल प्रदेशका राज्यपाल माताप्रसाद (दलित जातिका) को हातबाट लिनु भयो । पुरस्कार पाउनेको असलीयत जान्न जिज्ञासा राखेका पंक्तिकारलगायतका उपस्थित नेपाली सहभागीहरूलाई निज अर्जुनबहादुर गुरुङ सेभ द चिल्ड्रेन यु.एस.एड.को काठमाडौंस्थित कार्यालयको एउटा कर्मचारी भएको र निजले त्यस कार्यालयबाट प्रदान गरिने दलित छात्रवृत्ति दिलाउनमा ठूलो सहयोग गर्ने गरेकोले सो पुरस्कारको लागि निजलाई आफूले सिफारिस गरेको कुरा लोहारजीले बताउँदा भने कोही सन्तुष्ट देखिएनन् । जे होस् त्यो घटना रहस्यमय र अन्वेषणको विषय चाहिँ जरुर बन्यो ।

अर्को विचारणीय र अति संवेदनशील कुरा- त्यस सम्मेलनमा नेपालको राष्ट्रियताको खिल्ली उडिरहेको पाइयो । आयोजकले नेपालीलाई पुरस्कार दिँदा “अन्तर्राष्ट्रिय” भने पनि समारोह स्थलमा बस्ने सिट भने “मित्रराष्ट्र नेपाल” लेखेर छुट्टै व्यवस्था नगरी उत्तर प्रदेश, विहार, मध्यप्रदेश, सिक्किम, महाराष्ट्र आदि भारतीय संघअन्तर्गतका प्रदेशहरूसरह तिनीहरूकै हाराहारीमा “नेपाल” मात्र लेखेर त्यसैमा नेपाली प्रतिनिधि मण्डललाई बसाल्ने गरेको देखियो । त्यति मात्र नभई त्यहाँबाट उपलब्ध गराइने प्रमाण पत्रलगायत हरेक कागजपत्रमा नेपाललाई उपयुक्त हुने शब्द “मित्र राष्ट्र” कतै नलेखिएको र केवल “प्रदेश” मात्र लेखिनुका साथै त्यसैमा “नेपाल” भनी लेख्ने गरिनाले त्यहाँ उपस्थित सर्वसाधारणलाई नेपाल कुनै स्वतन्त्र राष्ट्र नभई भारतीय संघअन्तर्गत सिक्किमजस्तै कुनै प्रदेश भएको भान पर्न गएको स्पष्ट देखिन्थ्यो । किनकि त्यहाँ नेपालीहरूले जस्तै सिक्किमेहरूले

पनि ढाका, एवं भादगाउँले टोपीयुक्त नेपाली पहिरन लगाएर आउने रहेछन् । विगत १३ वर्षदेखि यो व्यवहार परम्परागत रूपले चलेर आउँदा पनि यस अघिसम्म त्योसम्मेलनमा भाग लिन जाने एवं पुरस्कृत हुने कुनै नेपालीले यसबारे आधिकारिक रूपले आपत्ती नजनाएको बुझियो । यो कुरा राष्ट्रिय स्वाभिमानको दृष्टिले ज्यादै नराम्रो भएकोले पंक्तिकार सम्मिलित टोलीले यसबारे उपयुक्त सुझावसहितको विरोध आयोजक पक्षसमक्ष राख्यो । तर सँगै उपस्थित अन्य नेपाली मित्र टोलीले भने यसमा कुनै चासो नराखेको हुनाले आयोजक पक्षले पनि यस कुरामा त्यति वास्ता गरेन । तर अब उप्रान्त त्यस सम्मेलनमा भाग लिन जाने नेपाली दलित सहभागीहरूले आफ्नो देश र आफूहरूप्रति आयोजक पक्षबाट पूर्णतः अन्तर्राष्ट्रिय स्तरले व्यवहार गरिने कुराको स्पष्ट ग्यारेन्टी गरेर मात्र त्यहाँ जानु पर्ने देखिन्छ । आयोजकपक्ष भारतीय दलित साहित्य अकादमीबाट पनि यस कुरालाई गम्भीरतापूर्वक मनन गरी सम्मेलनमा सहभागी हुने नेपालीहरूप्रति स्वतन्त्र राष्ट्रका नागरिकको रूपमा व्यवहार र व्यवस्था गरिनेछ भन्ने अपेक्षा यस लेखमा गरिन्छ ।

(दैनिक लुम्बिनी, २०५४ असोज २४ शुक्रबार, बुटवल)

छायाँमा परेका समाजसेवी यमबहादुर विश्वकर्मा

धौलागिरि अञ्चल पर्वत जिल्लाको रमणीय क्षेत्र हुवास गा.वि.स. वडा नं. १ पैयुँ धरमपानी चाँपसेरा गाउँमा वि.सं. २००९ भाद्र २४ गते श्रीमती लौमायाको कोखबाट जन्मेका यमबहादुर विश्वकर्मा गहतराजको बाल्यकाल जन्मस्थलमै बित्यो । घरको आर्थिक स्थिति दयनीय हुनाले र त्यसबेला गाउँघरमा स्कुल पाठशालाको व्यवस्था नहुनाले पनि उनी निजी प्रयासबाट सामान्य लेखपढ गर्न सक्ने भएर जीविकाको लागि पिता लीलबहादुरको साथमा फलाम र ताँबोको परम्परागत पेसा अपनाई गाग्री ताउला, पञ्चपात्रो, आचमानी खोंचा आदि समाजलाई चाहिने भाँडाकुँडा बनाउन थाले । बाजे दाँगकोटबाट बसाई सरेर आएको हुनाले गाउँमा आफ्ना खास वंशज गहतराजहरू जम्मा ३ घर मात्र थिए । आसपासमा ठकुरी, खवास, बाहुन, नेवार, मगर, सार्की, दमाई गाउँहरू थिए ।



आफ्नो खेतीको जमिन नभएको र पेसागत ज्याला मजुरीले परिवार पाल्न धौ धौ परेको हुँदा यमबहादुर जन्मथलो छोडेर ८ जना परिवारसहित

२०२५ सालमा चितवन जिल्लाको माडी खैरानी गाउँमा बसाई सरे । ३ वर्षपछि चितवनकै ढुकुरबारीमा सुकुम्बासी जग्गा कमाउन पाइने थाहा पाई त्यहीं बसाई सारे । त्यहाँको जमिनमा ऐलेसम्म पनि कानुनी रूपले कब्जा हुन सकेको छैन र निजका ४ जना भाइ र पिता त्यहीँ रहेर गुजारा गरिरहेका छन् ।

यमबहादुरको राजनैतिक एवं सामाजिक जीवन २०२६ सालमा तत्कालीन वामपन्थी नेता रूपलाल विश्वकर्मासँग चितवन जिल्लाको माडी राजापुरमा भेट भएपछि शुरु भएको देखिन्छ । २०२९ साल फागुनमा चनौलीका रणेन्द्र बराली र दिवाकर भुसालले उनलाई 'अखिल नेपाल क्रान्तिकारी किसान संगठन'को विधिवत् सदस्य बनाए । त्यस संगठनको मुख्य उद्देश्यअनुरूप यमबहादुरले समाजमा चलेका अन्याय अत्याचार र शोषणविरुद्ध काम गर्न थाले । फटाहाहरूले गरिब गुरुवाका जग्गा १ विघा किनेर कागज गराउँदा त्यो गरिबको भएभरको २/४ विघा पुरै जग्गाको जालसाजी कागज गराएको वा थोरै रकम ऋण दिएर धेरै रकमको तमसुक बनाएको थाहा पाउनासाथ हुल हुज्जत लिई तत्काल त्यहाँ गई फटाहाको त्यस्ता किर्ते तमसुक च्याती फटाहालाई बढी जमिन र रकम हडप्न नदिने, कुनै साहुले ऋणी गरिबसँग सावाँ रु १००।– को व्याज वार्षिक १० पाथी धान लिने गरेको थाहा पाएमा तुरन्त २०/२५ जनाको डफ्फा खलामा नै गएर त्यस कुराको विरोध गरी साहुलाई बैंकको वार्षिक ब्याज १८ प्रतिशतभन्दा बढी २० प्रतिशतसम्म नगद ब्याज बुझी लिन बाध्य पार्ने, कुनै गरिबको ज्याला मजदुरी कुनै साहु फटाहाले मारेको थाहा पाउनासाथ त्यसको विरोधमा ज्यान फालेर सङ्घर्ष गरी तत्कालै उचित मजदुरी दिलाई/भराई दिने आदि थुप्रै सङ्घर्षहरूमा सक्रियतापूर्वक भाग लिए । त्यसको साथसाथै तत्कालीन 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद् चितवन शाखा'को कार्यक्रममा सामेल भै ठाउँठाउँमा दलितले चिया खाएका गिलास धुन लगाउने होटेलवालाहरूको विरुद्ध सङ्घर्ष गरी हानाहान मारामार गर्दै दलित मात्रको समानताको हक सुरक्षार्थ चलाइएको अभियानमा होमिए । यस्तो कार्यबाट रिसाएका कट्टर जातिवादी दलितका दुश्मनहरूले यमबहादुर र उनका सहयोद्धाहरूलाई फसाउन २०३३ सालमा चितवन माडीको कल्याणपुर बजारमा भएको गिलास माँझ्ने विषयक विवादमा होटलमा लुटपिट गरे भन्ने झुट्टा मुद्दा चितवन प्र.जि.अ.कार्यालयमा

दिनुका साथै राजकाज र पार्टीगत आरोपसमेत लगाई जाल बुने । त्यो मुद्दा चल्दाचल्दै २०३४ साल असार ६ गते भएको जुगेडी सङ्घर्षमा पनि यमबहादुर सामेल भए ।

तनहुँ जिल्लाको बन्दीपुरबाट चितवनको जुगेडी भन्ने गाउँमा आई बसेका ज्वाइँ, ससुरा घोडे र धर्मे नामक नेवार जातिका फटाहाहरूले आसपासका गाउँहरू- चण्डीभञ्ज्याङ गढी, काउले, दारेचोक, कोराक आदि दुर्गम भेगमा बस्ने बहुसङ्ख्यक चेपाङ्ग र मगर जातिका सोझालाटा जनतालाई वर्षाको अनिकालमा १० पाथी कोदो ऋण दिएवापत तोरी पाकेको सिजनमा १ मुरी लिने गर्दथे । कुनै गरिबले ती साहुसँग रु.५०।- ऋण लिएको रहेछ र संयोगवश त्यो ऋणी मऱ्यो भने किरियाबाट उम्केपछि उसको छोरोलाई रु. ५ हजारको तमसुक देखाई लुटिन्थ्यो । रु.१००।- ऋण दिनु पर्दा ती साहुले चेपाङ्ग, मगरबाट ३/४ माना घिउ वा एउटा खसी कोसेली लिने र ब्याज प्रतिमहिना सयकडा १० का दरले लिन्थे । यो अत्याचारबाट जनतालाई मुक्त पार्न रूपलाल विश्वकर्माको निर्देशनमा ती चेपाङ्ग र मगर जातिका गाउँगाउँमा स्कुल र प्रौढ स्कुल खोलेर २ वर्षसम्म पढाई उनीहरूलाई चेतनशील बनाइयो । त्यसपछि रूपलाल विश्वकर्माकै नेतृत्वमा २०३४ साल असार ६ गते ३०/४० वटा टोली बनाई “धनीको खोसेर गरिबलाई बाँड” लेखिएको रातो पोष्टर बोकेर फटाहा घोडे र धर्मेलाई जुगेडी गाउँमै घेरियो । उनीहरूलाई बाँधेर पल्टाई चामल र गहुँको गोदाम लुटियो । तर ठिक त्यसै मौकामा घोडे र धर्मेको मोटरले पुलिसलाई सहयोगार्थ त्यहाँ ल्याई पुऱ्याएकोले भागाभाग पर्न गई अभियान सफल हुन सकेन । गाउँगाउँमा धरपकड शुरु भयो । ८ जना पक्राउ परे । यमबहादुर भूमिगत भए ।

तेश्रो महाधिवेशनपछि असन्तुष्ट रोहित ग्रुप १, पश्चिमाञ्चल रातोझण्डा ग्रुप १, चितवनका रूपलाल विश्वकर्माको ‘अखिल नेपाल क्रान्तिकारी किसान संगठन ग्रुप १ गरी यति ३ ग्रुप मिलेर २०३४ साल भाद्र २२, २३ र २४ गते गोरखपुर (भारत)को पीपलडाँडामा “नेपाल मजदुर किसान संगठन”को जन्म भयो । त्यसमा सामेल हुन भूमिगत अवस्थाका यमबहादुर चितवनबाट १२ जना साथी (२ जना महिलासमेत) लिएर छितौनीघाटको बाटो हुँदै गोरखपुर पुगेका थिए । त्यहाँबाट फर्केपछि यमबहादुर २०३५ सालमा भएको जुटपानी सङ्घर्षमा सामेल भए ।

चितवनको जुटपानी भन्ने ठाउँमा मेघराज नामक एउटा बाहुनले धान कुट्ने मिल राखेर त्यहाँ काम विशेषले आउने चेपाङ्ग जातिका महिलाहरूलाई दिउँसै बलात्कार गर्ने, आफूले अरुसँग चामल लिँदा ९ माने पाथीले लिने तर अरुलाई चामल दिँदा ७ माने पाथीले दिने इत्यादि अत्याचार गर्थ्यो । त्यस अन्यायीलाई दण्ड दिन यमबहादुर जस्ता योद्धाहरू रूपलाल विश्वकर्माको निर्देशनमा तयार भई २०३५ सालमा त्यस मिलमा धावा बोलेर अत्याचारी मेघराजलाई कालोमोसो दलेर गाउँ परिक्रमा गराई ठूलो बेइज्जती गरियो । त्यसपछि २०३६ साल वैशाखमा भएको जनआन्दोलनका सिलसिलामा चितवन माडी कल्याणपुर गा.वि.स. वडा नं. २ रामराज्यपुरमा भएको जनसङ्घर्षमा शोषक पक्षीय एकजना मर्न गएकोले त्यसमा सामेल ५/७ सयको हुलमध्ये ८४ जनालाई क, ख, ग तीन श्रेणीमा विभाजन गरी मुद्दा हालियो । भूमिगत भएकामध्ये कोही भारतको दिल्ली, बम्बई, कानपुरतिर भागे भने यमबहादुर सोमेश्वर पहाडीको बाटो हुँदै भैंसालोटनबाट बर्दघाट निस्केर पूर्व चितवन पुगी रूपलाल विश्वकर्मासँग भेट गरे । २०३७ सालमा रूपलालले खटाएर यमबहादुर पर्वत जिल्लामा गए । २०२९ सालमा पर्वतको चुवागाउँमा एउटा सामन्त बाहुनको घर क्रान्तिकारीहरूद्वारा लुटिएको तर पैसा लथालिङ्ग भएको रहेछ । त्यहाँ काम गर्न खटिएका यमबहादुरले राम्जा तिलाहारका शिक्षक साथीहरूको सहयोग लिए । एक ठाउँको शिक्षकले अर्को ठाउँको शिक्षकलाई पत्र लेखी दिन्थ्यो र बिनाचप्पल, बिनाकपडा २ दिनको बाटो १४/१५ घण्टामा पार गरेर यमबहादुर त्यस ठाउँमा पुग्थे । जनताका घरमा बस्दा उनीहरू सँगसँगै खेतबारीमा खन्न, जोत्न र रोप्न जाने गर्थे । रूपलाल विश्वकर्माको 'सर्वहारावादी श्रमिक संगठन'का किताब, पर्चा, पम्प्लेट भारतको यु.पी.मा छापेर साथीहरूसहित भई विहार र नेपालका नाका नाकामा पुऱ्याउने र साँझपख सकेसम्म जङ्गलको गोरेटो बाटो प्रयोग गरी सामान ओसारपसार गर्ने गर्थे । त्यस काममा चौकीचौकीमा सीपाहीहरूसँग कुरा गरी बस्ने क्रान्तिकारी सि.आई.डी.हरूबाट ठूलो सहयोग पुग्थ्यो । चौकीको हिसाबले एउटा जिल्लालाई ६ वटासम्म क्षेत्रमा बाँडिन्थ्यो ।

२०४३ वैशाखदेखि रूपन्देही जिल्लाको मक्रहर गा.वि.स. वडा नं.८ मृगौली नयाँ रामनगरमा आएर सुकुम्बासीमा बसोबास गर्न थाले । २०४६ सालको जनक्रान्तिपछि २०४८ सालमा चितवन माडी शीतलपुरमा

सं.ज.मो.का नेता कामरेड बाबुराम भट्टराई, का. निर्मल लामा, का.पुष्पलाल दाहाल(प्रचण्ड) र सर्वहारावादी श्रमिक संगठनका नेता रूपलाल विश्वकर्मा, घनश्याम पौडेल, भीमप्रसाद र दिवाकर भुसाल आदि सम्मिलित महाधिवेशनले "एकता केन्द्र" बनायो । त्यसपछि पार्टीको आदेशानुसार यमबहादुर विश्वकर्माले रूपन्देहीमा काम गर्न थाले । २०४८ साल चैत्रमा बुटवलमा एउटा भारतीय मूलका व्यापारीले पेट्रोलमा मट्टितेल मिलाएर बेचिरहेको दैनिक लुम्बिनी पत्रिकाका प्रधान सम्पादक कर्णबहादुर कार्कीले फेला पारेपछि त्यस व्यापारीलाई कालोमोसो दलेर बजार परिक्रमा गराई ठानामा बुझाउन लैजाँदा सरकारले उल्टै कर्णबहादुर कार्की र बिनबहादुर कुँवरलाई पक्रेर भैरहवा जेलमा हाल्यो । त्यसपछि १४ सूत्रीय माग राखेर गरिएको जुलुस प्रदर्शनमा पनि यमबहादुर सम्मिलित भए ।

त्यसपछि २०४९ साल वैशाख २० र २१ गते नेपाल बन्द, चक्काजाम कार्यक्रममा सम्मिलित भए, राँके जुलुस निकाले । यसरी सक्रियतापूर्वक जनताको हकहित र भलाईको काम गर्दागर्दै दुर्भाग्यवश २०४९ साल चैत्र १७ गते अचानक यम बहादुरको दुवै आँखा दुख्न थाल्यो । पार्टी र साथीभाइको सहयोगले भैरहवा र काठमाडौंसम्म गई उपचार गराए तर आँखा भने बन्नुको साटो झन् बिग्रेर हाल पूर्णतः अन्धो जीवन बिताउन बाध्य भएका छन् । यसरी जीवनभर अरु गरिब गुरुवा लाटासोझा जनताको लागि समर्पित व्यक्ति यमबहादुर विश्वकर्मा ऐले एकदमै असहाय अवस्थामा ७ जनाको परिवारको बोझसहित मृगौली सुकुम्बासी गाउँको छाप्रोमा अन्धकारमय दिन बिताइरहेका छन् । ऐरेगैरे टपर्टुईयाँहरूले फटाफट राजनैतिक पीडितमा नाम दर्ता गरी जुन फाइदा उठाए वा उठाइरहेका छन्, त्यस सुविधाबाट कोसौं टाढा रहेका वास्तविक राजनैतिक पीडित यमबहादुर भने आफ्नो छाप्रोमा असहाय भई रोइरहेका छन् । उनलाई हेर्ने कोही छैन !

(दैनिक लुम्बिनी, २०५५ जेष्ठ १७ आइतबार, बुटवल)

श्री पशुपतिनाथको मूल भट्ट सार्की हुनु पर्छ !

कथित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्बहालीपश्चात् नेपालमा अरु कुराको परिवर्तन र विकास जेसुकै भए तापनि धार्मिक एवं सामाजिक रीतिरिवाज र मान्यतामा भने काफी हलचल आइरहेको छ। खास गरी देशमा परम्परागत एकाधिकार जमाउँदै आएको हिन्दू धर्म र हिन्दू समाजलाई गम्भीर क्षति पुगिरहेको देखिन्छ। एकातिर राजनैतिक, आर्थिक, शैक्षिक क्षेत्रमा विश्वभरि नै प्रभुत्व जमाएको इसाई धर्मले फ्याँकेको चारोको लोभलालचमा परी टाठाबाठा र शक्ति सम्पन्नदेखि गरिब गुरुवा नेपालीसमेतले हिन्दू धर्म त्यागी धमाधम 'वप्तिस्मा' लिइरहेका छन् भने अर्कोतिर देशका बहुसङ्ख्यक आदिवासी जनजातिहरूमा 'हिन्दू धर्म हाम्रो मूल धर्म नभई भारतबाट आएका विजेता आर्यहरूले हाम्रा पराजित पुर्खालाई जबरजस्ती थोपरी दिएको धर्म रहेछ। हामी चेतनशील भएपछि पनि त्यो धर्म मानी राख्नु वा त्यसको निर्देशनमा चल्नु नितान्त गल्ती हो' भन्ने चेत आएको छ। त्यसैले जनजातिको विद्रोह दावानलझैँ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिरहेको देखिन्छ। त्यसैको फल हो कि पहाडमा पूर्वतर्फ खम्बूवान, लिम्बूवान र पश्चिमतर्फ तमुवान, मगरात क्षेत्रमा दशैं/तिहार बहिस्कारका साथै जन्मदेखि मृत्युसम्मका संस्कारमा बाहुन पुरेतको बहिस्कार अभियानले जोर पकडेको देखिन्छ।

आफ्ना नागरिकले जानअन्जानमा गाई मारेमा, मान्छे मारे सरहको ज्यान सजाय तोकेर जेल हाल्ने तर त्यस्तै गाईको मासु टन्न पेटभरि खाएर त्रिभुवन एयरपोर्टमा उत्रेको विधर्मी विदेशीलाई भने झुकेर ढोग्दै गाईलाई पनि पुज्ने, गाई खाने विदेशीलाई पनि पुज्ने मतलबी आचरण

यहाँका बाहुनवादी शासकले गरेका छन् । त्यो देखेर दिक्क, वाक्क भएका जनजाति र दलित जनताहरू जातिवादी शोषणबाट मुक्त हुन राहतको खोजीमा लाग्ने क्रममा इसाई धर्म अँगाल्न पुग्नु स्वाभाविकै देखिन्छ । तर "पूजहुँ विप्र सकलगुण हिना, शूद्र नपूजहुँ वेद प्रवीणा" जस्ता बाहुन हितरक्षक नीति र हिन्दू धर्मले शीर्षस्थ स्थानमा राखिएका एवं धनधान्य र सकल सुविधाले युक्त हिन्दू समाजका अग्रणी बाहुनहरूसमेत इसाई धर्ममा लागेको देख्दा पो अचम्म लागेको छ त ! कवि लेखनाथ पौड्यालको "मौकामा बन्नु पर्दछ शत्रुको पनि सेवक, कोयली कागको पुत्र हुन्छ सानो छँदा तक" भन्ने कविता बाहुनहरूले नै सार्थक पारेका छन् । हुन त "खाना पन्तका, गाना अन्तका" भनेझैँ लुम्बिनीका बुद्धको नाउँको मागी खाने भाँडोमा बटुलेर ल्याएको भीक्षाले पशुपतिनाथको आँगनमा कोटी होम गर्ने प्रचलन भएको यो देशमा कोइलीले कौवालाई ठगेर आफ्नो बच्चा हुर्काएजस्तै प्रभु ईशुलाई ठगेर आफ्ना सन्तान नातागोतालाई फ्रान्स, अमेरिका पठाई सित्तैमा डाक्टर, इन्जिनियर बनाउनु बाहुनको लागि कुनै नौलो कुरा होइन । अझ ती सन्तानको सके त्यतै बिहेसमेत गराई विदेशी बुहारी वा ज्वाइँको आडमा डलरको खेतीसमेत गर्न नचुक्ने ती ठगहरूको धर्म परिवर्तनरूपी नाटकमा कुनै अचम्म मान्नु पर्ने छैन । बरु उनै मौका परस्तको देखासिकीले इसाई बन्न पुगेका हिन्दू धर्मद्वारा शोषित जनजाति र दलितहरूलाई चाहिँ धर्म परिवर्तन गर्न दिनु हुँदैन भनी एकोहोरो फलाकिरहेका विश्व हिन्दू महासंघका राष्ट्रिय अध्यक्ष अच्यूतराज रेग्मी, योगी नरहरिनाथ, नक्कली बाहुन बनाइएका डा. स्वामी प्रपन्नाचार्य आदि कथित हिन्दू धर्मका रखबारेहरूको चिन्ताप्रति भने अवश्य अचम्म मान्नु परेको छ ।

तिनै चिन्तकहरूले ऐले राष्ट्रिय चर्चाको रूपमा ल्याएको विषय "श्री पशुपतिनाथको मूल भट्ट पदमा परम्परादेखि एकाधिकार पाइआएका दक्षिण भारतीय ब्राह्मणहरूको बर्चस्व समाप्त गरी त्यसमा नेपाली ब्राह्मणहरूको बर्चस्व कायम गरिनु पर्ने" कुरामा ब्राह्मणेतर सबै नेपालीले ध्यान दिनै पर्ने देखिएको छ । पशुपतिनाथको दैनिक आयश्रोतमा पूर्ण निगरानी राखी त्यसको हिसाब किताब नियमित राख्नु पर्ने र त्यस रकमबाट सोही देवस्थलको स्याहार सम्भार गरिनुका साथै दक्षिण भारतस्थित तिरूपति बालाजी मन्दिरमा जस्तै अस्पताल, पाठशाला, धर्मशाला आदि राष्ट्रिय

एवं सामाजिक विकासका कार्यहरू सञ्चालन गरिनु पर्ने कुरामा कुनै नेपालीको दुईमत हुन सक्दैन । किनकि त्यस मन्दिरको मूल ढुकुटीबाट देश र समाजलाई आवश्यक परेको बेला अघि पनि धेरै सहयोग लिइएको कुरा इतिहासले बताउँछ। जस्तैः गोरखालीहरूसँगको लडाइँमा कान्तिपुरको रक्षार्थ पल्टन जुटाउन तत्कालीन राजा जयप्रकाश मल्लले, नेपाल–अङ्ग्रेज युद्धमा नेपाली पल्टनको शक्ति बढाउन प्रधानमन्त्री भीमसेन थापाले र परम्परागत कमाराकमारीहरूलाई अमलेख गर्न श्री ३ चन्द्रशमशेर राणाले त्यस ढुकुटीबाट सहयोग लिएको देखिन्छ ।

मूल भट्ट परिवर्तन गर्ने बारेमा ऐलेसम्म परम्परागत रूपले हिन्दू धर्ममै आस्था राखी टिकेर बसेका जनजाति र दलितहरूले राम्ररी सोच्नु पर्ने भएको छ। बाहुनलाई जन्मजात पुरोहित मान्ने जमाना अब रहेको छैन । यदि श्रीकृष्णको "जन्मना जायते शूद्रो कर्मणा द्विज उच्येते" भन्ने उक्तिलाई नै लिने हो भने जो कोही पनि कर्मले मात्र बाहुन हुने हुँदा पशुपतिको मूल भट्ट बन्न कर्मकाण्डको ज्ञाता भएमा हिन्दू धर्मावलम्बी जुनसुकै जातको व्यक्ति भए पनि हुने व्यवस्था बनाइनुपर्छ । त्यसो भएमा ऐलेको जातपात भेदभावविहीन संविधान र मुलुकी ऐनको उद्देश्य, मर्म र मनशाय अनुकूल पनि हुनेछ। जसरी मस्जिदको मौलवी जुनसुकै जातको मुसलमान पनि हुन सक्छ, गिर्जाघरको पादरी जुनसुकै जातको इसाई पनि हुन सक्छ, त्यसरी नै पशुपतिनाथको मूल पूजारी पनि योग्यता पुगेको हिन्दू धर्मावलम्बी जुनसुकै जातको नेपाली हुन पाउने व्यवस्था भएको खण्डमा नेपालमा बल्ल वास्तविक प्रजातन्त्र आएको महसुस गरिनेछ। विराटनगरका नारायण प्रसाद पोखरेलकी पत्नी बनेपछि हिन्दू बनेकी गौराङ्गना क्रिश्चियन युवतीलाई तथा हिन्दू बनेका हरेराम बालग्रुपका गौराङ्ग विदेशीहरूलाई र सुब्रह्मण्यम् स्वामीजस्ता पछि हिन्दू बनेकाहरूलाई समेत पूजा गर्न पशुपतिनाथको मन्दिरमा प्रवेश दिनु पर्छ भनी वकालत गर्दै आएका वि.हि.महासंघका राष्ट्रिय अध्यक्ष अच्यूतराज रेग्मीले हिन्दू एकता र राष्ट्रहितको लागि यस कुरामा पनि सहमति जनाई वकालत गर्नु आजको खाँचो हुन आएको छ ।

किराँती बाहुन स्वामी प्रपन्नाचार्य वा सार्की बाहुन "क" बहादुर सार्की जो सुकैले पनि योग्यता भएमा मूल भट्ट बन्न पाउने भएपछि कसैले पनि हिन्दू धर्म छोडेर क्रिश्चियन वा मुसलमान बन्ने छैनन् । फलतः अच्यूतराज, नरहरिनाथ वा हिन्दू धर्मका कथित हित चिन्तक कसैले पनि यसबारे आँसु

बगाउनु जरुरी पर्ने छैन। वि.सं.२०५१ असोज २२ शनिबारको कान्तिपुरमा प्रकाशित खबरअनुसार साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको बहुचर्चित उपन्यास 'सुम्निमा'लाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निवासस्थान अगाड़ि विराटनगरमा जलाउने दलित जनजाति एक्सन कमिटी, केन्द्रीय कार्यालय विराटनगरको १७ असोज २०५१ मा बसेको बैठकले यदि हिन्दू धर्मबाट अन्य धर्ममा हुने पलायनलाई रोक्ने हो भने काठमाडौंको पशुपतिनाथको मूल पूजारी 'सार्की' जातिबाट राखिनु पर्छ भन्ने निर्णय पारित गरी कार्यान्वयनको लागि सरकारसमक्ष पठाएको र त्यसको लागि दबाब दिन 'गो टु द पशुपति' अभियान चलाएको छ। त्यसरी हरेक जाति मूल भट्ट बन्न पाउने व्यवस्था गरिएपछि वाल्मीकि संस्कृत महाविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयहरूमा हिन्दू धर्मावलम्बी जुनसुकै जातका छोराछोरीले पनि ऐले बाहुनका छोराछोरीले पाएसरहको सहुलियत सुविधामा पढ्न पाउने व्यवस्था सरकारबाट अनिवार्य रूपले गरिने नै छ।

यदि उपरोक्त कुराको विपरीत जाल/प्रपञ्च रची मूल भट्ट बन्ने साविक परम्पराबाट दक्षिण भारतीय बाहुनलाई घोक्रेठ्याक लगाई त्यसको स्थानमा नेपाली बाहुन मात्रलाई स्थापित गराउने नयाँ परम्परा शुरु गर्ने हो भने मूल भट्ट परिवर्तनको यो विषयलाई राष्ट्रिय चासोको रूपमा उठाइनु व्यर्थ छ किनकि त्यस अवस्थामा बाहुनबाहेकका अन्य जाति, जनजाति र दलितसमेत सबै देशबासीको लागि यो विषय साँपनाथलाई लखेटेर नागनाथलाई भित्र्याउने जस्तो हुनुका साथै कौवालाई बेल पाकेर हर्ष न विस्मात् सरह हुनेछ। परिणामतः ऐले चलिरहेको धर्म परिवर्तनको गतिले अरु तीव्रता लिनेछ र त्यसलाई रोक्न कुनै तागतले सक्नेछैन। हलो अड्काएर गोरु पड्काउने हलीलाई विद्रोही गोरुले जुवा भाँचेर सिङले हिर्काई मारेझैं हिन्दू धर्ममा रहँदा पनि विभिन्न जालझेल र जातीय थिचोमिचोले सताउने, राहत पाउन अरु धर्ममा जान खोज्दा पनि रोक लगाउने फटाहा दुश्मनलाई जनताले ठेगान अवश्य लगाउनेछन् र गृहयुद्ध चम्कन सक्नेछ। वास्तविक रूपले यो देश, समाज र हिन्दू धर्मको हित चाहने जिम्मेवार निकायहरूबाट समयमै यसबारे गम्भीरतापूर्वक सोचिनेछ भन्ने आशा यो लेखले राखेको छ।

(दैनिक लुम्बिनी- २०५५ जेष्ठ २८ गते बिहीबार, बुटवल)

दलितहरूको व्यथा धर्म परिवर्तनको कथा

आँसु भट्टराई

नेपालमा इसाईहरू सल्बलाउन थालेको श्री ५ पृथ्वी नारायण शाहकै पालादेखि हो तर त्यसबेला उनीहरू टिक्न सकेनन् । श्री ५ पृथ्वीनारायण शाहले क्रिश्चियनहरूलाई देशको सीमा कटाएको इतिहास बोल्दछ । आज स्थितिले पल्टा खाएको छ, लाग्छ चाहे भने क्रिश्चियनहरूबाट हिन्दूहरू पो खेदिने हुन कि ?

मन्दिरै मन्दिरको शहर काठमाडौंलगायत मोफसलका शहरहरूमा समेत इसाईहरूले चर्च खडा गरिसकेका छन् । दिनहुँ इसाई धर्मप्रतिको नेपालीहरूको आकर्षण बढ्दो छ । आकर्षण बढ्नुको प्रमुख कारण गरिबी र छुवाछुत हो । इसाई नेपाली अनुहार हेरिसकेपछि बोल्न कर लाग्छ, अधिकता हिन्दूद्वारा कथित अछुत बनाइएकाहरूको छ । इसाई मण्डलीको नेतृत्व र उपल्लो तहको बहुसङ्ख्यक पदमा भने छुतहरू नै रहेको पाइन्छ । सम्पूर्ण नेपालीमध्ये अन्तर आत्मादेखि नै परिवर्तित भएर इसाई बन्ने शायद दश प्रतिशत मात्रै पो छन् कि ? यकिनसाथ भन्न गाह्रो छ ।

नब्बे प्रतिशत नेपालीहरूमध्ये केही आकर्षक रोजगारी, आर्थिक उपार्जनको लागि र बाँकी समाजका छुवाछुतको भुक्तमान व्यहोरेर दिक्क भएकाहरू पर्दछन् । यसो भन्दा कतिको मन चस्कन सक्छ जो छुत वर्गमा पर्दछन् । उनीहरू आर्थिक विपन्नताको सिकार नभएकोले अन्तर आत्मादेखि नै इसाई धर्मप्रति समर्पित भएको वकालत गर्न सक्छन् । उनीहरूले यो पनि बिर्सनु हुँदैन कि ५ वर्ष अगाडि इसाई मण्डलीमा सामेल युवाहरूमध्ये हालसम्म सहभागी अनुहार बाँकी कति छन् ? आत्म

उन्नतिको अवसरबाट बञ्चित भएकाहरू आकर्षक वेतनसहितको मिसनरी संस्थामा रोजगार बन्न लालायित हुन्छन् । सफल भएपछि विस्तारै इसाई मण्डलीबाट पर सरेको र कति सोचेजस्तो नभएपछि किनारा लागेको उदाहरण प्रशस्त भेटिन्छ । त्यसो त निष्ठावान् नेपाली इसाईहरू बिनास्वार्थ आफ्नो मिसनमा क्रियाशील भएको पनि देखिएको छ । जहाँसम्म 'अछुत' वर्गबाट इसाई धर्ममा आकर्षित हुनेहरूको कुरा छ, कारण एउटै छ सामाजिक उत्पीडनबाट थोरै भए पनि राहतको अनुभूति गर्न सक्नु ।

वर्तमान जनसङ्ख्याको पाँचखण्डको एक खण्ड अर्थात् करिब ४० लाख नेपाली दलित वर्गमा पर्दछन् । २००७ देखि २०४६ सालको राजनैतिक परिवर्तनले दलितहरूको मुक्ति र उत्थानका निम्ति देखावटी कानुन बनाउने शिवाय ठोस कार्य गर्न सकेको देखिएन । राजनीतिक दलहरूद्वारा दलितहरू केवल भोटको लागि मात्र आफ्नो बनाइएका छन् । उपल्लो वर्गको स्वार्थविरुद्ध जेहाद छेड्न अर्थात् छुवाछुतको अन्तका निम्ति दरिलो पाइला चाल्ने आँट आजका ठूला ठानिएका राजनैतिक पार्टी नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माले), राप्रपा आदिले गर्न नसक्नुको कारण यथास्थितिप्रतिको मोह नभए के हो त ? त्यसो त पार्टीपिच्छेका दलित संघ, संगठनमा विभाजित भएर नेताको इच्छानुसार डोरिने दलित नेता कार्यकर्ता पनि छुवाछुतको पक्षमा उभिएझैं लाग्छ । दुई-चार हजारले इसाई बनेर व्यक्तिगत मुक्तिको अनुभूति गर्दैमा समग्र दलितहरूको पीडा र समाजमा व्याप्त विकृति, विसङ्गतिको अन्त्य हुन नसक्ने कुरा दलितहरूले बुझ्नु पर्छ । दलितहरू हाम्रै दाजुभाइ, दिदीबहिनीसरह हुन् भन्ने कुरालाई भाषणमा हैन उच्चवर्गले व्यवहारमा प्रमाणित गर्नुपर्दछ ।

सभा, गोष्ठीमा दलितहरू र हामीमा शारीरिक भिन्नता केही नभएपछि किन अछुत भनेर हेला गर्ने भन्नेहरू घरमा तर्कन्छन् । क्याम्पसमा सँगै पढ्ने, विद्यार्थी हकहितका नाममा संगठनमा आबद्ध हुने युवक घरको चौघेराभित्र दलित साथीलाई आमन्त्रण गर्न हिचकिचाउँछ । छुवाछुत उन्मूलनको नारा उराल्ने युवाहरूको 'साहस' यस्तो छ भने दलितले भन्दा बिरालोले बाटो काटे वेश ! भन्ने अन्धविश्वासी प्रौढहरूको विचार कहिले बदलिएला ?

अन्धविश्वासको जरो उखेल्ने संविधान बनाउन त्यति सरल छैन र यसो भनेर विधानमा प्रजातान्त्रिक संविधानको अपमान गर्न खोजेको हैन । बरु

वि.सं. २०२० भाद्र १ गते जारी मुलुकी ऐनमा अधिराज्यभर छुवाछुतलाई मान्यता नदिने घोषणा भयो तर सरकार र समाजले व्यवहारमा उतार्न सकेन । संयुक्त जनआन्दोलन २०४६ पछि बनेको वर्तमान संविधानले छुवाछुतलाई निषेध गरे पनि दलितहरूले मन्दिर प्रवेश, पानी-पँधेरो प्रवेश, विद्यालय प्रवेशको लागि आन्दोलन गर्नुपर्ने स्थिति चालु अवस्थामा रहेको छ । अर्थात् २००७ देखि २०४६ सम्म भएको राजनीतिक परिवर्तनको सीमाभित्र दलित उत्थानको शब्दसार प्रशस्त भेटिए पनि सामाजिक परिवर्तन व्यवहारमा भेटिएन ।

दलित भनेर हामीलाई दबाउँछन् भन्ने तर उच्चवर्ग भनाउँदाको चालबाजी बुझ्न नसक्ने दलित कार्यकर्ताहरू साधारण जनताभन्दा दोषी हुन् । स्थानीय निर्वाचन २०५४ ताकाको कुरा हो- एकजना दलित कार्यकर्ता जो वामपन्थी समूहको दलित संगठनमा कार्यरत छन्, उनले आफ्ना साथीसँग भनेको सुनियो-....कमरेड कति असल आफूभन्दा उपल्लो वर्गका कमरेडको घर पस्न र चिया खान पाएपछि छुवाछुत सबैतिर हटेको ठाने वा आफू छतमा पुगेपछि सबै पुगेको माने ! मैले बुझिन । चुनावपछि भने कमरेडले दलित कार्यकर्तालाई घरभित्र हुने सभा, सेमीनारमा उपस्थित गराउन आवश्यक ठानेनन् ।

यस्तै हीनताबोध र ठालु अहम् “दलित” वर्गमा यदाकदा भेटिने प्रवृत्ति हो । बाहुन, क्षेत्री भनेर आफूले उच्चारण गर्दा ठूलो ठान्नु तर विश्वकर्मा, सुनार, तमोट आदि भन्न तुच्छ ठान्नु हीनताबोध हो । हिन्दू समाजमा विकास क्रमसँगै सिर्जना भएको चार वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रलाई श्रमविभाजनको आधारभन्दा ‘भाग्यको लेखा’ ठान्न थाल्नु हाम्रो मूर्खता शिवाय केही ठहर्दैन । समाज विकासको क्रममा हुर्किएको जातभात, छुवाछुत र उचनीचको विकृत चलनलाई दलित वर्गबाट समेत जानी-नजानी टेवा पुऱ्याइएको त छैन ? आँखा देख्नेहरूले आत्मसमीक्षा गर्नुपर्ने आवाज उठन थालेको छ ।

मैले अर्को उदाहरूण राख्न चाहन्छु । मन्दिर चिन्हबाट उठेका स्वतन्त्र वडाध्यक्ष उम्मेदवारसँग तानसेनमा एकजना उत्पीडित वर्गको दाजुले सोध्नुहुन्छ- “कम्युनिष्टले जित्यो भने तपाईंको घरमा पस्न पाउँछौं होइन त ?” वडाध्यक्ष उम्मेदवारले- “तपाईंको घरमा.. नेपालीलाई पस्न दिनु पर्छ त्यतिबेला, अनि हाम्रोमा पस्न पाइन्छ ।” भन्दा त्यो दाजुले आत्तिदै भन्नु

भयो- "मभन्दा तलकोलाई कहाँ हाम्रामा पस्न दिन्छु म ?" ठालु वर्गले गर्ने दलितमाथिको भेदभाव प्रवृत्ति उत्पीडितहरू एक-अर्कामा समेत सर्न पुगेको छ । इसाई बनेर जीवनस्तर केही सुध्रिएको भए पनि अधिकांश दलित इसाई दाजुभाइहरूमा मादक पदार्थप्रतिको मोह नहट्नु र स्वास्थ्य र शिक्षित सन्ततीको बारे सोच्ने बानी नबस्नु दुःखद् पक्ष हो । अर्थात् सकेर पनि परिवर्तनतर्फ उन्मुख हुन नचाहनुले यथास्थितिलाई टेवा पुऱ्याएको हुन्छ । नसक्नेको कुरा बेग्लै छ ।

हामी दलित वर्गले बाहुन, क्षेत्रीको झैं थरको नक्कल गर्नुपर्छ भनेर थर परिवर्तन गर्ने लहर चलेको छ । आजको प्रमुख आवश्यकता त्यो हो त ? गोल्छे सार्की, मनबहादुर विश्वकर्मा, रिपलाल विश्वकर्माले थर परिवर्तन नगरीकनै पनि सम्मानित बन्न पुगे । समाजमा असल कर्मद्वारा अरुको थरको नक्कल गर्दा केही वर्गको थरको महत्व बढाएको, यथास्थितिलाई टेवा पुऱ्याएको हुँदैन र ? थर परिवर्तन, उच्च वर्गको संघार कुच्ने जस्ता कामले यथास्थितिलाई टेवा पुऱ्याउँछ भन्ने आवरणलाई पनि बेवास्ता गर्न सकिन्न । धर्म परिवर्तन असमान भेदभाव र दुर्व्यवहार खेप्नेहरूका लागि क्षणिक राहत हुनसक्छ । यसो भन्नुको मतलब सबै नेपाली हिन्दू धर्मप्रति बफादार रहनु पर्छ भन्ने वकालत चाहिँ होइन । स्वेच्छाले जुनसुकै धर्ममा आस्था राख्ने र नराख्ने नैसर्गिक अधिकार प्रत्येक नागरिकलाई रहेको छ । तर धन, धाक-धम्की र अनुचित दवावको भरमा कसैको धर्म परिवर्तन गर्नु गराउनु भने ठीक होइन । धर्म व्यक्तिलाई निहित स्वार्थको लागि पिछलग्गु बनाउने माध्यम बन्नु हुँदैन ।

नेपालको सन्दर्भमा धर्म परिवर्तन स्वार्थद्वारा प्रेरित छ र विशेषतः दलित वर्गमा यो प्रवृत्ति वेशी हाबी भएको आरोप छ । ब्राह्मण, क्षेत्री, वैश्यमध्ये इसाई बन्नेहरू अधिकांश शिक्षित वर्गका पर्दछन् । तर दलितमध्ये धेरै अनपढ र गरिब धर्म परिवर्तनको मारमा परेका छन् । कांग्रेस, कम्युनिष्ट, राप्रपा सबै पार्टीप्रति आस्था राख्ने र इसाई हुँ भन्दै हिंड्ने दलित साथीहरू क्षणिक सुख अनुभूतिमा रहनु भए पनि समाजमा व्याप्त भेदभाव र छुवाछुत प्रथा उन्मूलनको बारेमा ठालु हिन्दूहरूले भन्दा पृथक ढंगले सोच्नु भएको छ त ? सोध्न मन लाग्छ ।

(दैनिक लुम्बिनी- २०५५ साल आषाढ २१ गते आइतबार, बुटवल)

टीका–टीप्पणी

दलितको थर कसैको नक्कल होइन !

२०५५ साल आषाढ २८ गतेको दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित लेख "दलितहरूको व्यथा धर्म परिवर्तनको कथा" मा लेखक आँसु भट्टराई (सम्भवतः जो स्वयं दलित उत्पीडनको मूल जरो मानिने ब्राह्मण जातिका हुनुहुन्छ) ले नेपाली दलितका वर्तमान समस्या र समाधानबारे चासो लिई जुन प्रकारले चर्चा गर्नुभएको छ त्यसको लागि उहाँलाई धन्यवाद नदिई रहन सकिन्न । युगौंदेखि ब्राह्मण एवं तिनका अनुयायीहरूद्वारा अनेकौं यातना र अपमान ब्यहोर्दै यो अवस्थामा आइपुगेका दलितहरूलाई उनीहरूको नैसर्गिक हक दिलाई देशका अन्य सामान्य नागरिकसरह बनाउन वर्तमान जमानाले केही मात्रामा भए पनि स्वस्फूर्त चेतना पैदा भएको छ । दलित स्वयंबाट चलाइएको सङ्घर्ष अभियान जति प्रभावकारी हुन्छ त्योभन्दा आँसु भट्टराई जस्ता स्वयं उत्पीडक वर्गका चेतनशील व्यक्तिहरूबाटै चालिएका दलितोत्थान सम्बन्धी कदम बढी प्रभावकारी हुनसक्छ भन्ने धारणा प्रबुद्ध दलितहरूमा रहेको छ । कथित उपल्लो जातिका अन्य लेखक बुद्धिजीवीहरूले पनि उहाँले जस्तै दलित वर्गको उत्थानसम्बन्धी चर्चा गरिएका लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा सधैँ प्रकाशित गराई सामाजिक सुधारमा निरन्तर टेवा दिने हो भने हाम्रो समाज एकताबद्ध हुन र देश द्रूतगतिले विकास पथमा लम्कन बेर नलाग्ने कुरा ठोकेर भन्न सकिन्छ ।

त्यस लेखमा भट्टराईजीले हामी दलितवर्गले बाहुन, क्षेत्रीको भैँ थरको नक्कल गर्नुपर्दछ भनेर थर परिवर्तन गर्ने लहर चलेको छ, आजको प्रमुख आवश्यकता त्यो हो त ? गोल्छे सार्की, मनबहादुर विश्वकर्मा, रिपलाल विश्वकर्माले थर परिवर्तन नगरीकनै पनि असल कर्मद्वारा समाजमा सम्मानित

बन्न पुगे । अरुको थरको नक्कल गर्दा केही वर्गको थरको महत्व बढाएको यथास्थितिलाई टेवा पुऱ्याएको हुँदैन र ? भन्ने लेख्नुभएको देख्दा उहाँलाई दलित वर्गको थर लेखाइबारे भ्रम परेको कुरा प्रष्ट बुझियो ।

संयोग नै भनौं, त्यस्तै भ्रममा परेर इलाका प्रशासन शाखा बुटवलबाट प्रदत्त ना.प्र.नं. ५६८१ मिति ०५५।२।१२ को नेपाली नागरिकता प्रमाण पत्रवाला नागरिक ज्ञानबहादुर थापा, विश्वकर्मा जातिको भएको र निजले जात थर ढाँटेर थापा लेखाएको हुँदा सो नागरिकता बदर गरियोस् भनी स. पकौडी गाविस वडा नं. ३ का वार्ड अध्यक्ष कल्लु लोधसमेतले जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा उजुरी दिएका रहेछन् । त्यस कार्यालयबाट पनि सो उजुरी मुताबिक निज ज्ञानबहादुर थापाको नागरिकता बदर गर्ने सम्बन्धमा प्रशासनिक कारवाही चलाउन थालेको चाल पाई त्यसको विरोधमा रूपन्देही जिल्लाका ३६ जना दलित नेता एवं कार्यकर्ताहरूको टोलीले मिति ०५५/३/२२ का दिन प्र.जि.अ.लाई भेटेर ज्ञापनपत्र बुझाएको थियो । छलफलपछि त्यो नागरिकता सदरै ठहरियो ।

माथि वर्णित दुईवटा प्रसङ्गबाट यो थाहा लाग्छ कि परम्परादेखि दलितलाई कामी, दमाई, सार्की, गाइने आदि मूल थर उच्चारण गरेर बोलाइने एवं लेख्ने/लेखाइने साथै ती थरका मानिसलाई जो कसैले पनि गर्नुसम्म अपमान गर्दै आएका थिए । वर्तमान प्रजातान्त्रिक वातावरणले स्वतः चेतनशील बन्न पुगेका ती थरका सन्तानले समाजमा घृणाको पर्यायवाची शब्द बनेका आ-आफ्ना साबिक प्रचिलत थरको सट्टा आ-आफ्ना पुरानै तर प्रचार प्रसार हुन नपाएका आन्तरिक थरहरू उल्लेख गर्दै नागरिकता र विद्यालयका प्रमाणपत्रहरू धमाधम बनाउन थाले । जसले गर्दा के बुद्धिजीवी, के प्रशासक, के साधारण जनता जताततै खैलाबैला मच्चिन पुगेको छ । 'यदि दलितले यसैगरी कथित उपल्लो जातसँग मिल्दाजुल्दा थर लेखाउँदै गएमा भविष्यमा एकदिन यस्तो आउने छ कि थरको आधारमा को बाहुन, को मगर, को क्षेत्री, को कामी, को दमाई आदि छुट्ट्याउन गाह्रो पर्नेछ । फलतः केवल नाम र जातको आधार मात्रले परम्परादेखि दलितलाई दबाएर देशको प्रशासनिक, राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक हरेक क्षेत्रमा उनीहरूको अंश भागसमेत सबै आफूले मात्र एकलौटी निर्विरोध खान पल्केका सवर्णहरूको छुट्टै पहिचान समाप्त हुनेछ । फलतः देवताहरूको लहरमा लुकेर बसेका राहु र केतुले अमृत

खाएसरह पत्तै नपाई दलितहरूले पनि अंशभाग खान थाल्नेछन्' भन्ने पीरले सबैलाई सताएको देखिन्छ । तसर्थ कसरी दलितहरूलाई आफ्नो पुरानो काँचुली फेर्नबाट ऐले नै रोक्न सकिन्छ भन्ने कोसिस सर्वत्रबाट चलिरहेको पाइन्छ । यसरी जात परिवर्तन गरी लेखाउनाले आफ्नो जातलाई आफैले हेला गरेको ठहर्ने हुँदा दलितले जात परिवर्तन गर्न हुँदैन अथवा अरुको थर नक्कल गर्नु राम्रो हुँदैन जस्ता कुराहरू चर्चामा आएका छन् । के दलितले अरुको थर नक्कल गरेकै हुन् त ? यस विषयमा यहाँ चर्चा गर्नु प्रासाङ्गिक हुन आएको छ ।

सबैलाई थाहा भएकै कुरा हो कि २०२० साल श्रावण मसान्त तकको पुरानो मुलुकी ऐनअनुसार र समाजको परम्परागत प्रचलन अनुसार जात थर बन्ने बनाउने, खसाल्ने उकास्ने काम प्रमुख रूपले बाहुन जातिको हातमा हुन्थ्यो । कुनै बाहुनले बाहुनीबाहेक अन्य कथित पानी चल्ने जातकी स्त्री जस्तैः क्षेत्रीनी, भोटेनी, मगर्नी, नेवार्नी आदिसँग दाम्पत्य जोडेमा तिनीहरूबाट जन्मेका सन्तान स्वतः क्षेत्री वा खत्री क्षेत्री हुन पुग्थे र उनीहरूको आन्तरिक थर पिता बाहुनकै अनुसार हुन्थ्यो (जस्तैः पिता बाहुन अर्याल भए सन्तान पनि अर्याल क्षेत्री हुन्थे आदि) । यसरी बाहुनबाट खसेका सन्तान खस कहलिन्थे । तर बाहुन र क्षेत्रीबाट खसेर मगर र गुरुङ जात बन्ने प्रावधान भने कहीँ कतै थिएन । त्यसो हुँदाहुँदै पनि बराल, बुढाथोकी, लामिछाने आदि बाहुनका आन्तरिक थर मगर, गुरुङहरूमा पनि प्रशस्त छन् । त्यसैगरी थापा, बुढाथोकी, रोक्का, घर्ती आदि क्षेत्रीहरूका आन्तरिक थर मगरहरूमा पनि छन् । च्वान भन्ने थर क्षेत्री र मगर दुबैमा छ तर अचेलका च्वान क्षेत्रीहरूले आफूलाई ऐतिहासिक दिल्ली नरेश पृथ्वीराज चौहानका वंशज उच्च कुलीन देखाउने लालसाले आफ्नो थर च्वानको साटो चौहान बनाएका भेटिन्छन् । यस्तो अवस्थामा बराल, बुढाथोकी, लामिछाने, थापा, रोक्का, घर्ती, च्वान आदि आन्तरिक थर भएका मगरहरूले बाहुन र क्षेत्रीको थर नक्कल गरेका हुन् भन्न कसैको हिम्मत छ ?

"होचोको मुखमा घोंचो" भन्ने उखान चरितार्थ पार्दै दलितलाई भने ऐरेगैरे जो सुकैले पनि हेप्ने हिम्मत गर्नु कहाँको न्याय हो ? जसरी बाहुन, क्षेत्री, मगर आदि जातका आ-आफ्ना आन्तरिक थर छन्, त्यसैगरी दलित भनिने विश्वकर्मा, दमाई, सार्की आदि जातका पनि आ-आफ्नै आन्तरिक

थरहरू प्रशस्त छन् । ती आन्तरिक थरहरू दुई प्रकारले बनेका देखिन्छन् । विश्वकर्मा जातकै उदाहरण लिऊँ-उनीहरूमा पहिलो प्रकारको आन्तरिक थर बाहुन र मगरको बराल, लामिछाने शाश्वत् भए जस्तै गहतराज, रसाली, दूधराज, रामदाम आदि शाश्वत छन् भने दोश्रो प्रकारका थरहरू कथित उपल्लो जातिबाट च्यूत भई खसेका हुन्, जस्तैः अर्याल, पौडेल, थापा, बस्नेत, खाती, कार्की, बराल, लामिछाने, घिमिरे आदि । यी दोश्रो प्रकारका थरहरू कथित उपल्लो जातको पुरुषले विश्वकर्मा जातकी स्त्रीसँग दाम्पत्य जीवन गाँस्दा जन्मेका सन्तानले विरासतमा पाएको पिताको थर हो ।

यसरी हामी जान्दछौं कि दलितहरूमा पनि परम्परादेखि नै आ-आफ्ना आन्तरिक थर छन् र तीमध्ये कतिपय थर कथित उपल्लो जातिसँग किन र कसरी मिल्न पुगेका छन् ? यति थाहा पाएपछि अब पनि दलितले उपल्लो जातिको थर नक्कल गरेको भन्न मिल्ला त ? सबैले सोँच्नै पर्ने भएको छ । यो सब जानिसकेर पनि बुझ पचाएर बाहुन, क्षेत्री, मगर आदि मूल थरका कथित उपल्ला जातिले आफ्नो मूल थर वा आन्तरिक थर जे इच्छा लाग्छ सोही लेख्न–लेखाउन पाइन्छ तर दलित जातिले चाहिँ समाजमा घृणाको पर्यायवाची बनिसकेका आ-आफ्ना मूल थर कामी, दमाई, सार्की, चमार, गाइने आदि मात्र लेख्नु लेखाउनु पर्छ र ? त्यसको साटो आ-आफ्ना आन्तरिक थर लेख्न लेखाउन पाइँदैन भन्ने हो भने सो कुरा ठोकेर भन्न र लेख्न सक्नु पर्‍यो । तब मात्र दलितले अर्को विकल्प जे खोज्नु पर्ने हो विचार गर्नेछन् ।

(दैनिक लुम्बिनी-२०५५ साल आषाढ ३२ गते बिहीबार, बुटवल)

टीका-टीप्पणी

कुरा थर परिवर्तन निषेधको थिएन

आँसु भट्टराई

दलितहरू माझ जातीय र आर्थिक मुक्तिको बहानासहित प्रभाव विस्तार गर्न सफल क्रिश्चियनहरूको नियतमा आधारित "दलितहरूको व्यथा धर्म परिवर्तनको कथा" शीर्षक लेख २०५५ आषाढ २१ र २८ को दैनिक लुम्बिनीमा क्रमशः प्रकाशित भयो । २१ गते क्रमशः प्रिन्ट भयो तर २८ गते क्रमशः शब्द प्रिन्ट गर्न छुटाइएछ । बरु आवाज-आवरण, माध्यम-माध्यक, नचानु- नचाहनुमा परिवर्तन भएछ । जे होस् लेख जारी छ । तर आजको प्रसङ्ग आषाढ ३२ गतेको दैनिक लुम्बिनीमा प्रकाशित सङ्ग्रामसिंह विश्वकर्माको लेख "दलितको थर कसैको नक्कल होइन !" को हो ।

आफ्नो लेखमा सङ्ग्रामसिंहजीले जसरी बाहुन, क्षेत्री, मगर आदि जातका आ-आफ्ना थर छन्, त्यसैगरी दलित भनिने विश्वकर्मा, दमाई, सार्की आदि जातका पनि आ-आफ्नै आन्तरिक थरहरू प्रशस्त छन् भन्ने पुष्टि गर्नुभएको छ । हालसालै विश्वकर्मा जातिको भएकै कारण ज्ञानबहादुर थापा नाममा दिइएको नागरिकता बदर गराउन स्थानीय जनप्रतिनिधिलगायत प्रशासनसमेत सक्रिय रहेको प्रसङ्ग उठाउनु भएको छ । लेखको अन्त्यमा उपल्ला जातिले जस्तै दलित जातिहरूले इच्छानुसार मूल वा आन्तरिक थर

लेख्न पाउनु पर्छ । घृणाको पर्यावाची बनिसकेका मूल थर कामी, दमाई, सार्की, चमार, गाइने आदिमात्र लेखिरहनु पर्छ भन्नु भएन भन्ने आवाज उठाउनु भएको रहेछ ।

सङ्ग्रामसिंहजीसँग सोध्न मन लागेको छ, तपाईंले आषाढ २१ गते र २८ गते दैनिक लुम्बिनीमा प्रकाशित "दलितहरूको व्यथा धर्म परिवर्तनको कथा"प्रति प्रतिक्रिया जनाउनु भएको हो वा पछिल्लो अङ्कमा प्रकाशित लेखको आशयप्रति ? प्रष्ट भएन । मैले बुझेसम्म तपाईंको प्रतिक्रिया (२८ गतेको अङ्कमा) उक्त शीर्षकमा प्रकाशित- "अरुको थरको नक्कल गर्दा केही वर्गको थरको महत्व बढाएको, यथास्थितिलाई टेवा पुऱ्याएको हुँदैन र ?" भन्ने वाक्यांशप्रति लक्षित रहेको छ ।

उपल्ला जातिको थरको नक्कल गर्दा दलितहरूले मुक्त भएको ठान्नु, आपसमै उचनीचको श्रृंखला कायम गर्नु जस्ता विकृति हुर्कन्छ भन्ने अर्ती दिने र घृणाको पात्र बनेका मूल थर दलितहरूले लेखिरहनु पर्छ भन्ने मेरो आशय थिएन र छैन । दलितहरूसँग मूल थरबाहेक आन्तरिक थर लेख्न पाउने अधिकार छ, निर्वाध पाउनु पर्छ । मूल थर वा आन्तरिक थर लेख्न पाउने वा नलेख्ने भन्ने विवाद र माग दलित उत्थानको सम्पूर्ण सार होइन र बनाइनु हुँदैन भन्ने मान्यता हो । मूल थर वा आन्तरिक थर लेख्ने, ठूलाठालु भनाउँदाको दैलो टेक्ने र दुई-चार सय दलितले हिन्दू, बौद्ध, इसाई धर्मको आडमा मुक्तिको बाटो खोज्ने सवाल नै दलित उत्थानको मूल आवाज हो त ? ब्राह्मणवाद हावी हिन्दू धर्म संस्कारमा दलितहरूमाथि व्याप्त दमनबाट राहत पाउन इसाई बने पुग्छ वा कुरीति र गरिबीको घेराबाट मुक्त हुन वर्ण-वर्गगत सङ्घर्षको खाँचो छ ? मेरो आशय यो थियो ।

मनुस्मृतिको मन्दविष हावी वर्णाश्रमी हाम्रो समाजभित्र व्याप्त दलितहरूको कथा मात्र पन्ध्र सय वर्षयताको अछुतप्रथामा सीमित छैन । झण्डै पैंतीस सय वर्ष अघिदेखि मौलिक स्वतन्त्रता, अस्मिता गुमाउन विवश दलितहरू माँझ यदाकदा एक आपसमै अपमानित गर्ने प्रवृत्ति पनि हुर्किएको छ । मुल थर लेख्ने र आन्तरिक थर लेख्नेहरू माँझ विशेषतः मेरी, आदि इत्यादि नाम राख्ने चलन इसाई बनेकाहरूमा हुर्केको छ । उनीहरू आफूलाई दलित मान्न तयार देखिन्नन्, किन ?

दुई चार सय दलितहरूले विशेष सुविधा पाउँदैमा, सम्बन्ध हुँदैमा

वर्णगत-वर्गगत सङ्घर्षको औचित्य टुङ्गिने हो कि ? मुल थर र आन्तरिक थर लेख्ने-नलेख्ने विवाद नै मूल सवाल हो ? सामन्ती शासन व्यवस्था र अर्थ व्यवस्थाको केन्द्रविन्दुको रूपमा खडा भएको जातपात र छुवाछुत प्रथा र दलित समस्या सामाजिक एवं राजनैतिक समस्या होइन त ? हामीले यतिबेला दलितहरूको समस्या समाधान केवल राज्य वा समाजको दया, माया, विवेकमा आधारित सीमित सुविधा वा संरक्षणबाट मात्र हुन्छ भन्ने ठान्नु आफैमा न्यायसंगत हुँदैन भन्ने मेरो मान्यता हो ।

सङ्ग्रामसिंहजीले आफूखुशी ब्राह्मणवादको प्रतिनिधि उत्पीडक व्यक्ति आदि-इत्यादिको पगरी गुथाइदिनु भएको रहेछ, बदलामा पगरी गुथाउन म चाहन्न । लेखबारे प्रतिक्रिया जनाई दलित समस्याको पोको फुकाउन सघाउनु भएकोमा आभारी छु ।

(दैनिक लुम्बिनी-२०५५ श्रावण १९ गते मंगलबार, बुटवल)

दलित र संस्कृत शिक्षाको प्रसङ्ग– एक चर्चा

नेपालका दलित उत्पीडितहरूको शैक्षिक एवं बौद्धिक स्तर उकास्न सक्दो प्रयास गर्दै आएको जनउत्थान प्रतिष्ठानले दलित समुदायबाट विद्यावारिधि गर्ने विद्वान् डा.मदन परियार एवं नेपाली दलितका समस्या र समाधान विषयमा विद्यावारिधि गर्ने विद्वान् डा. विद्यानाथ कोइरालालाई अभिनन्दन गर्ने विशेष कार्यक्रम २०५५ आषाढ २८ गते काठमाडौंमा सम्पन्न गऱ्यो । त्यस समारोहमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दलित जातिको लागि आरक्षणको सवालमा विवादास्पद मन्तव्य दिँदै विशेष शिक्षाको प्रबन्ध मिलाउने आश्वासन दिनुभयो भने महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति माधवराज गौतमले दलितवर्गलाई संस्कृत शिक्षा पढ्न आह्वान गर्दै संस्कृतमा उच्च शिक्षा हासिल गर्न चाहने दलितलाई महेन्द्र संस्कृत विश्वविद्यालयमा विशेष सुविधा दिइने कुराको घोषणासमेत गर्नु भयो । उक्त कुराहरू देशका विभिन्न सञ्चार माध्यमहरूबाट जान्न र सुन्न पाएका शिक्षाप्रेमी दलित बुद्धिजीवीहरूले प्रधानमन्त्रीको कथनलाई राजनीति प्रेरित मानेता पनि उपकुलपति माधवराज गौतमको आह्वानलाई भने अर्थपूर्ण र गम्भीररूपमा लिएका छन् ।

'दलितले वेद पढेमा जीउरो काटी दिनु', 'लुकी छिपी सुनेमा कानमा पगालेको शिशा खन्याई दिनु', पढेको मानिसले अधिकार र कर्तव्यको ज्ञान पाउने हुँदा दलितलाई शिक्षित हुन कहिल्यै नदिनु भन्ने निर्देशनहरू गौतम स्मृति, मनुस्मृति, भृगुसंहिता, महाभारत, रामायण आदि तमाम हिन्दू ग्रन्थहरूमा जतातत्तै उल्लेख भएको पाइन्छ । दलित शिक्षित बनेमा अटेरी बन्नेछ र हिन्दू धर्मको वर्ण व्यवस्था बमोजिम ब्राह्मण, क्षेत्री, वैश्यहरूको सर्वाङ्गीणरूपले सेवा गर्न मान्नेछैन । फलतः समाजमा भाँडभैलो

मच्चिनेछ । तसर्थ दलितलाई आफ्नो अधिकार र कर्तव्यको ज्ञान हुन नदिन विद्या आर्जन गर्नबाट सधैं टाढा राख्नु भन्ने कुराहरू ती ग्रन्थहरूमा लेखिएकाछन् । प्राचीन कालदेखि यस्तो अन्याय अत्याचारमा पिल्सिँदै आएका दलितहरूको लागि राणाकालसम्म पनि विद्याध्ययन गर्नमा कडा रोक थियो । त्यसैको फल हो कि ब्राह्मण जातिको मानिस पाखापखेरा अन्तर कुन्तरमा बसेको नै किन नहोस् स्वाभाविक रूपले शिक्षित र आफ्नो हक कर्तव्यप्रति सजग भएको पाइन्छ भने दलित जातिको मानिस अन्यत्रका कुरै छोडौं देशको राजधानी शहर काठमाडौंमा नै बसे तापनि अशिक्षित मूढ र आफ्नो हक कर्तव्यको राम्ररी ज्ञानै नभएको देखिन्छ । एक्काईसौं शताब्दीमा पनि देश र समाजको एक चौथाई भाग यो अवस्थामा रहनु निश्चय नै नेपाल र नेपाली मात्रको लागि दुर्भाग्य मान्नु पर्दछ ।

यस अवस्थाका दलितलाई विशेष सुविधा दिई शिक्षा क्षेत्रमा अघि बढाउनु पर्ने जिम्मेवारी भएको नेपाल सरकारले भने उल्टै देशको सर्वोच्च तहमा सर्वत्र हालीमुहाली रहेको शक्तिशाली ब्राह्मण जातिका छोराछोरीलाई नै जनताको खुन पसिनाबाट एकत्रित राजस्वको करोडौं रूपैयाँ खर्चेर वाल्मीकि संस्कृत महाविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालयलगायत पूर्वाञ्चल र पश्चिमाञ्चलका अनेकौं संस्कृत शिक्षालयहरूमार्फत् सित्तैमा खान, लाउन, बस्न र पढ्नको राजसी सुविधा परम्परादेखि हालसम्म उपलब्ध गराउँदै आएको छ । यस कुराको विरोध नेपाली दलितहरूले विभिन्न सभा समारोहमार्फत् पञ्चायत कालदेखि नै गर्दै आएका हुन् । ऐले आएर त्यो सुविधा र सहुलियत दलितलाई पनि उपलब्ध गराई संस्कृत शिक्षा अध्ययन गर्ने मौका दिइने घोषणा स्वयं महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपतिले गरेकोमा त्यसको सकारात्मक प्रभाव दलितहरू माझ पर्नु स्वाभाविकै हो ।

हिन्दू धर्ममा वर्ण व्यवस्था र छुवाछुत प्रथाका कट्टर हिमायति र मूल संरक्षकको रूपमा मानिँदै आएका विभिन्न हिन्दू मन्दिरहरू, त्यहाँका पूजारीहरू र ती पूजारी तयार पार्ने संस्कृत शिक्षालयहरूले नै हिन्दू समाजलाई आपसमा भाँड्न र कमजोर बनाउन अहम् भूमिका खेल्दै आएको कुरामा दुईमत हुन सक्दैन । त्यसैबाट आतङ्कित र निराश भएका दलितहरू वर्तमान जमानाका प्रभावले धमाधम क्रिश्चियन धर्मप्रति आकर्षित बन्दै गइरहेका देखिन्छन् । यस अवस्थामा यदि दलितले पनि ब्राह्मणसरह नै

संस्कृत शिक्षा आर्जन गर्ने सरकारी सुविधा पाउँछन् र पढाइ सकिएपछि ब्राह्मण पण्डितसरह नै समाजमा जजमानीलगायत योग्यतानुसार सम्पूर्ण कर्मकाण्ड गर्न पाउनुका साथै विभिन्न मठ मन्दिर देवस्थलका पूजारी, (जस्तैः गोर्खाकाली मन्दिरका पूजारी एवं श्री पशुपतिनाथ मन्दिरका मूल भट्ट) समेत बन्न पाउँछन् भने साबिक हिन्दू धर्म छोडेर विधर्मीको पछि पो किन लाग्नेछन् र !

यस दृष्टिबाट हेर्दा दलितहित, समाजहित, हिन्दू धर्महित र देशहितको लागि समेत अचुक ओखतीको रूपमा उपकुलपति गौतमजीको उक्त आह्वानले बढी महत्व पाउनु पर्ने देखिन्छ। व्यवहारमा लागू गर्न नसकेमा बनेका कानुन व्यर्थ भएजस्तै त्यो आह्वान पनि व्यर्थ नजाला भन्न सकिन्न। अतः त्यसलाई मन, वचन र कर्मले साकार पार्ने नै हो भने गौतमजी एवं सरकार समेतले समुचित कदम तुरुन्त चालिहाल्नु पर्‍यो । त्यसको लागि प्रारम्भिक संस्कृत पाठशालादेखि महेन्द्र संस्कृत विश्वविद्यालयसम्मका कक्षाहरूमा विद्यार्थी भर्ना गर्दा सार्वजनिक सूचना प्रकाशित गर्नु पर्‍यो । त्यसमा दलितको लागि विशेष सुविधा दिइने कुराको प्रष्ट उल्लेखसमेत हुनु पर्‍यो । त्यस्तो सुविधा नपाएमा दलित विद्यार्थी प्रवेश परीक्षामा नै अनुत्तीर्ण हुन वा गराइन बेर लाग्नेछैन। त्यो आकर्षण पाएर पढाइमा अघि बढेका दलित विद्यार्थीले पढाइ सकेपछि के गर्ने ? भन्ने ठूलो समस्या पर्न सक्छ । किनकि "पूजहुँ विप्र सकल गुण हिना । शूद्र नपूजहुँ वेद प्रवीणा" भन्ने तुलसीदासको निर्देशनको अक्षरशः पालन गर्दै आएको हिन्दू समाजले वेदादि सकल शास्त्रमा जतिसुकै पारङ्गत भएता पनि दलित जातिको पण्डितलाई सहजै जजमानी गर्न र मठ मन्दिरको पूजारी बन्न स्वीकार गर्नेछैन । त्यसबेला दलित जातिको त्यो पण्डित भोकभोकै मर्न सक्छ। अतः हिन्दु धर्मको हितरक्षार्थ वर्तमानमा संचालित विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्था, परिषद् आदि र नेपाल सरकार समेतले पहल गरी दलित जातिका त्यस्ता पण्डितलाई ब्राह्मण पण्डितसरह नै समाज र मठ मन्दिरहरूमा स्थापित गराउने व्यवस्था मिलाउनु पर्छ । यदि उपर्युक्त व्यवहारिक र सकारात्मक कदम चालिन्छ भने नेपाली दलितहरू हिन्दू धर्मदेखि वितृष्णायुक्त र विमुख हुनुपर्ने अवस्था रहनेछैन। त्यो काम नेपाली दलित, समाज र सिङ्गो राष्ट्रलाई नै फलदायी र कल्याणकारी हुनेछ।

(दैनिक लुम्बिनी, २०५५ श्रावण ८ शुक्रबार, बुटवल)

छुवाछुत प्रथाको मूली जरो जनै पूर्णिमा

हिन्दूमात्रको प्रमुख चाडहरूमध्ये एक मानिने यो सालको "जनै पूर्णिमा" पार भैसकेको छ । आपसमा उचनीचको भेदभावलाई बिर्सेर ऐक्यबद्ध हुन तम्सिएका हिन्दूहरूलाई वर्षैपिच्छे आउने जनैरूपी धागोको यो डोरोले, जनै लाउन पाउने जात "ठूलो" र जनै लाउन नपाउने जात "सानो" भन्ने प्रष्ट छुट्याउँदै टुक्राटुक्रा पारेर आपसमा एक अर्कोको दुश्मन बनाउने आफ्नो वार्षिक कर्तव्य दोहोऱ्याएको छ ।

यसरी हिन्दू समाजलाई भाँड्न र फाँड्नमा बर्सेनि अहम् भूमिका खेल्दै आएको यस चाडको कारण समाजमा आफू सर्वोच्च र सम्मानित स्थानमा विराजमान हुन पुगेका बाहुनहरूले यसलाई जतिसुकै महिमा मण्डित गरे पनि यस पर्वबाट त्यो जाति विशेषको निहित स्वार्थ सिद्धि भइरहनु बाहेक देश र समाजको लागि सधैं हानी नोक्सानी मात्रै भैआएको तथ्य ऐतिहासिक प्रमाणले देखाउँछ । जातीय उच्चताको अहङ्कारले मात्तिएका बाहुन-क्षेत्रीहरूको नेतृत्वमा रहेका भारतका करोडौं हिन्दूहरू आफ्नै घर आँगनमा मुट्ठीभर विदेशी मुसलमान एवं ईसाइहरूबाट पराजित र पराधीन भई झण्डै एक हजार वर्षसम्म गुलामी जीवन जीउन विवश जो भए त्यसलाई कुनै मामुली लज्जाजनक कुरो मान्न मिल्दैन । शत्रुपक्ष जस्तै यदि हिन्दूहरू पनि मन, वचन, कर्मले एकगठ हुन्थे भने उनीहरूलाई गुलाम बनाउनुको त के कुरा उनीहरूतर्फ टेढो आँखाले हेर्ने हिम्मत पनि कसैको हुन्थेन । जनतालाई एकापसमा फोरेर "भाइ फुटे गँवार लुटे"को स्थितिमा पुऱ्याउनुमा बाहुन, क्षेत्रीको जातीय उच्चताको अहङ्कारलाई बर्सेनि नवीकरण गरिदिने यही जनै पूर्णिमाको अहम् भूमिका रहेको निर्विवाद

देखिन्छ। भारतमा आफ्नो त्यो दुर्दशा खप्न नसकी धर्म रक्षाको बहानामा ज्यान बचाउन मङ्गोल बहुल मुलुक नेपालमा पसेका बाहुन-क्षेत्रीहरूले आफ्नो ज्योतिष, भूगोल, खगोल आदि अनेक विद्याको ज्ञान र बुद्धि चातुर्यका बलले कालान्तरमा लाटा सोझा मङ्गोलहरूउपर नै शासन गर्न सफल भए । यस कुराको प्रमाण लम्जुङ्गमा परम्परागत मङ्गोल राजा छँदाछँदै त्यहाँका बाठाटाठा बाहुनहरूले राजा हुनको लागि ठकुरी जात चाहिन्छ भन्ने कुरा खुद मङ्गोलहरूलाई नै सम्झाउन सफल भई साविक राजालाई हटाई त्यसको ठाउँमा कास्कीमा राज्य चलाइरहेका ठकुरी कुलमण्डन शाहका कान्छा छोरा यशोब्रह्म शाहलाई मागेर लगी लम्जुङ्गको राजा बनाएको घटनाबाट पनि प्रष्ट हुन्छ।

यसरी नेपाली समाजमा हावी हुन पुगेका बाहुन-क्षेत्रीहरूले आफ्नो कथित जातीय उच्चता र शुद्धतालाई जनै पूर्णिमाको आडमा बर्सेनि नवीकरण गर्ने काम विगतमा जो गरे त्यसबाट देश र समाजलाई के कति नोक्सानी ब्यहोर्नु पऱ्यो भन्नेबारे यहाँ धेरै चर्चा गर्नु छैन। तर को विदेशी विधर्मी, को स्वदेशी स्वधर्मी, को सानो जात, को ठूलो जात सबै एक आपसमा खानपान बातव्यवहार गरी घुलमिल भई मानवजन्य यावत् काम कुरा सम्पन्न गर्नुपर्ने आजको जमाना छ। ती काम कुरा पनि गर्ने, त्यसपछि आफूलाई अरुभन्दा छुट्टै उच्च कुलीन र विशिष्ट जातको भनाउन र जनाउन परम्परागत रूपले जनै पूर्णिमाको दिन नयाँ जनै पनि फेर्ने काम गर्नु आफैमा हाँस्यास्पद हुन्छ। यस कामले श्राद्धमा बिरालो खोजी खोजी बाँध्ने जस्तै फजुल काम समेत हुने हुँदा यसबारे भने यहाँ चर्चा नगरी नहुने भएको छ।

बिरामी परेर अस्पतालमा रगत लिनु-दिनु पर्दा आफू मिल्दो जातको मात्र रगत लिनु-दिनु गर्न सम्भवै छैन । आफ्नो ग्रुप मिल्दो रगत जुन जातको पाए पनि तुरुन्त लिएर बाँच्नै पऱ्यो र बाँचेकै छन् । के त्यस्ता बिरामी र तिनका परिवारको जातीय उच्चता र शुद्धता तिनीहरू स्वयंकै दृष्टिमा पनि कायम रह्यो त ? आपत परेका बेला दमाई, सार्की, कामी जो सुकैको पनि रगत लिएर बाँच्ने मतलब पूरा भएपछि भने शुद्ध बाहुन-क्षेत्री बनेर जनै पूर्णिमामा नयाँ जनै फेर्ने लाजमर्दो कुरो भएन त ? विश्वका ठाउँ-ठाउँमा रहेका हिन्दू धर्मका ठेकेदारहरू सबैले एकस्वरले खुब उच्चाकुल आर्यवंशी भनिएको र मानिएको नेपालको सम्मानित

राजपरिवारका राजकुमार धीरेन्द्रले खुलेर विदेशी, विधर्मी महिलासँग वैवाहिक सम्बन्ध गाँस्न आफूले विरासतमा पाइराखेको सम्मानित “श्री ५ अधिराजकुमार” को पदवीसमेत त्यागे । तर उनको सम्बन्ध राजपरिवारसँग नटुटेको कुरा विगत केही समयदेखि छापाहरूमा प्रकाशित समाचारहरूले पुष्टि गर्दछन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकी बहिनी स्व.श्रीमती विद्यालक्ष्मी कोइराला र छोरी सुजाता कोइरालाको विहे क्रमशः वर्तमान पाकिस्तानी परराष्ट्र मन्त्रालयका महासचिव पदमा कार्यरत महम्मद अकरम जाकी र जर्मन नागरिक क्रिश्चियन जोष्टसँग भए तापनि ती फुपू भदैनीको सम्बन्ध र जात माइतीघरमा पूर्ववत् कायमै रहेको देखिन्छ ।

आफ्ना छोरीहरू विदेशमा पढ्न पठाउने बहानामा त्यतैका धनी विदेशी विधर्मी केटासँग विहे गराई विदेशी ज्वाइँ र निजका परिवार समेतलाई आफ्नो घर परिवारमा निर्धक्कसँग आवतजावत, खानपान गराएर सित्तैमा डलरको खेती गर्न पल्केका आफूलाई खुब उच्च कुल ठान्ने परिवारको सङ्ख्या नेपालमा बढ्दो छ । त्यस्तै उच्च कुलीन आर्यवंशीका छोराहरूले विदेशी विधर्मी गाँठवाली सुन्दरीलाई फँसाई डलरको खेती गर्दै नेपालमा भित्र्याएर त्यताबाट जन्मेका सन्तानलाई समेत आफैसरह उच्च कुलीन बाहुन, क्षेत्री बनाएर राख्ने परिवारको सङ्ख्या पनि यहाँ बढ्दो क्रममा छ । अब विचार गर्नु पर्ने कुरा यो छ कि के उपर्युक्त अवस्थाका कथित उच्चकुलीन परिवारहरूले जनै पूर्णिमाका दिन हवनकुण्डमा धुँबारेका कथित पवित्र यज्ञोपवित धारण गर्दैमा त्यो परिवारको जातीय उच्चता र शुद्धता कायम रहिरहला त ? यदि इमान्दारीपूर्वक गहिरिएर यी कुराउपर विचार गर्ने हो भने अब पनि यो देशमा जनै पूर्णिमा चाड परम्परागत रूपले मनाउनु संस्कृति जगेर्नाको नाउँमा आफ्नो दिमागी बहुलट्ठीपनको प्रदर्शन गर्नु र आत्म प्रवञ्चना गर्नु शिवाय अरुथोक केही नठहर्ने कुरा ठोकुवा गर्न सकिन्छ ।

यसरी स्वयंमा विवादास्पद बन्न पुगेको जनै पूर्णिमा चाडले एकातिर तागाधारीहरूको जातीय उच्चतालाई हाँस्यास्पद बनाइदिएको छ भने अर्कोतिर ठूलो-सानो जातको दुर्भावनालाई बर्सेनि नवीकरण गरी जीवन्त राखिदिनाले यो वैज्ञानिक युगमा पनि कथित ठूलो जातमा जन्मेको व्यक्ति (भलै त्यो व्यक्ति दिनभरि बाहुन रातभरी डाउन वा अन्य अति नीच

आचरणको किन नहोस्) ले समेत कथित सानो जातमा जन्मेको सज्जन र सुयोग्य व्यक्तिलाई बात-बेबातमा सहजै हेप्ने गरेको यत्रतत्र देखिन्छ । त्यसैको फल हो कि आज देशभरि ठाउँठाउँमा पानी खाने धारा पँधेरोमा छुवाछुतको कारण सङ्घर्ष भैरहेको छ। मन्दिरमा छुवाछुत झैँझगडा बढेको छ । इसाई ईस्लामले ठाटसँग खाने गरेका होटलमा हिन्दू दलितलाई छुवाछुत गर्दा चिया खाएको गिलास माझ्ने कुरामा पिटापिट भएको छ। दलितले छोएको दूध बिक्दैन भनेर बैंकहरूले भैंसी, गाई पालन गर्न ऋण दलितलाई दिँदैनन् भने आफ्नो पूँजीले सकिनसकी दूध व्यवसाय गर्न तम्सिएको दलितको दूध छुवाछुतको कारण दूध संकलन केन्द्रले स्वीकार नगरिदिँदा त्यहीँ सङ्घर्ष चर्केको छ। यसरी छुवाछुतको कारणले देशभरि मच्चिइरहेको सङ्घर्ष र भाँडभैलोको मूल जरो भएको जनै पूर्णिमालाई एकताको वास्तविक चिन्ता गर्ने देशभक्तले तुरुन्त छोड्ने बेला भैसकेको छ। अन्यथा यो देशमा इसाई र ईस्लाम धर्मलाई मौलाउन मलजल हाल्ने काम सर्वसाधारणदेखि जिम्मेवार निकायसम्म सबैले गरेको ठहर्नेछ।

(दैनिक लुम्बिनी- २०५५ श्रावण २५ गते सोमबार, बुटवल)

कामीवाद देख्ने मित्र हो ! ऐनामा पनि हेर्नुस् !!

नेपालमा दलित जातिअन्तर्गत पर्ने कामी वा विश्वकर्मा जातिप्रति लाञ्छना लगाउँदै मिति २०५५/४/२१ को दैनिक लुम्बिनीमा प्रकाशित "दलित आन्दोलन र कामीवाद" शीर्षकको लेखद्वारा श्री सुन्दर नेपालीले ओकल्नु भएको विषले समग्र दलितको सर्वाङ्गीण उत्थानको सदिच्छा लिएर आन्दोलनमा होमिएका जुझारु र संवेदनशील दलितहरूमाझ सनसनी फैलाएको छ । नेपालमा ब्राह्मणवादी जातीय अत्याचारविरुद्ध सर्वप्रथम वि.सं. १९९७ सालमा संगठित रूपले सङ्घर्षको विगुल फुक्ने बाग्लुङ जिल्लाको गैरागाउँ निवासी भगत सर्वजित विश्वकर्मालाई नेपालको दलित आन्दोलनका "प्रणेता" मानिन्छ । ब्राह्मणवादी माकुरे जालोमा एउटै व्यथाले पिरोलिएका विश्वकर्मा, दमाई, सार्की, गाइने, बादी, चमार आदि सबै दलित जाति समग्र रूपले एकजुट भई त्यो जालोविरुद्ध सङ्घर्ष गरेमा मात्र जातीय समानता ल्याउनमा सफलता मिल्छ भनेरै उनी चलेका थिए । त्यही दृढ निश्चयले उनले वि.सं. २००० सालमा बाग्लुङ आसपासका १३ गाउँका कामी, दमाई, सार्की, गाइने आदि जातका ७३ जना दलितलाई गैरागाउँको भालुमारे भन्ने ठाउँको चौपारीमा भेला गराएर 'विश्व सर्वजन सङ्घ' नामक संस्था स्थापना गरी सङ्घर्षको अग्रीम योजना बनाएका थिए । उनैको बाटो पच्छ्याई विश्वकर्मा, दमाई

आदि प्रत्येक दलित जातिलाई एकजुट गराउँदै दलित आन्दोलनलाई समग्र रूपले अगाडि बढाइरहेका दलित योद्धाहरूलाई सो लेखरूपी विष वमनले विचलित पार्नु स्वाभाविकै हो ।

हो, सुन्दरजीले लगाउनु भएको आरोपमा केही हदसम्म सत्यता छ । तर परम्परागत रूपले एकापसमा छुवाछुत गर्नमा कामीहरू जति दोषी छन्, दमाई, सार्की आदि अन्य दलित जातिहरू पनि आ-आफ्ना ठाउँमा त्यत्ति नै दोषी छन् । दमाईले छोएको कामीले खान मान्दैन भने दमाईले पनि गाइनेले छोएको खाँदैन, त्यस्तै सार्कीले दमाई र गाइनेले छोएको खाँदैनन् भने गाइनेले बादीले छोएको खाँदैन । यस्तो जान्दाजान्दै कामीलाई मात्र 'उत्पीडित जातिभित्रका ब्राह्मण' को व्यङ्ग्यात्मक पगरी गुँथाइदिने सुन्दरजीले दमाईले गरेको छुवाछुतबारे भने एक शब्द पनि उच्चारण नगरेको देख्दा उहाँको भेदपूर्ण न्याय दृष्टिको तारिफ नगरी रहन सकिन्न । किनकि यही श्रावण १७ गतेको दैनिक लुम्बिनीमा उहाँको असली नामबाट प्रकाशित "उत्पीडित जातिभित्रकै विभेदी खाड्ल कहिले पुरिने ?" शीर्षकको फोटोसहितको लेखमा पनि कामी र दमाईप्रति यिनै विचारहरू उल्लेखित हुनाले उहाँको उपरोक्त न्याय दृष्टिको पुष्टि हुन्छ ।

दलित आन्दोलनमा कामीवाद हावी भएको साथै कामीलाई दलित जातिको ब्राह्मणको रूपमा देख्ने नेता र बुद्धिजीवीहरू सुन्दरजीको जातमा अरु पनि नभएका होइनन् । देशभरि ठाउँठाउँका धारा, पँधेरा, पाठशाला, मन्दिर, सभा, समारोह आदि सार्वजनिक स्थलहरूमा कथित ठूला जातिबाट दलितहरूउपर खुलेर गरिने छुवाछुतविरुद्ध न्याय माग्न जाँदा प्रशासनले बेवास्ता गर्ने गर्छन् । त्यस्ता केसमा दलितको पक्षमा तुरुन्त न्याय दिलाउने निर्देशन जिल्ला/जिल्लाका प्रशासकहरूलाई पठाइयोस् भनी तत्कालीन प्र.म. गिरिजाप्रसाद कोइराला समक्ष २०५० साल चैत्रमा प्रधानमन्त्री निवासमा गएको दलितहरूको डेलिगेशनले अनुरोध गरेको थियो । त्यस बखत प्र.म.ले जवाफ दिनुअघि उहाँकै बगलमा विराजमान रहेका तत्कालीन सांसद कृष्णसिंह परियारले 'दलित आन्दोलनमा कामीवाद हावी भएको, दलितहरूबीच आपसमै छुवाछुत रहेको, दमाईले छोएको कामीले नखाने गरेको हुनाले कथित ठूला जातिले छुवाछुत गरे भनेर दलितले विरोध गर्न नसुहाउने' भन्दै आत्मघाती कुरा गरे । त्यसैको

आधारमा तुरुन्तै प्र.म.ले डेलिगेशनलाई एक प्रकारले हप्काउँदै 'सर्वप्रथम तपाईं दलितहरू नै एकापसमा मिलेर बस्ने वातावरण तयार पार्नुस्, अरुलाई दोष नदिनुस्' भनी हचुवा तालले कोरा जवाफ दिएर फर्काएको कुरा दलित बुद्धिजीवीहरूमाझ ताजै छ। त्यस्तै दलित आन्दोलन अभियानमा जीवनभर विश्वकर्माहरूसँग सहयोग आदान-प्रदान गर्दै आउनुभएका नेपालका वरिष्ठ दलित राजनीतिज्ञमध्ये एक मानिनु हुने श्री प्रकाश चित्रकारले पनि बेलाबखत "नेपालको दलित उत्थान आन्दोलन अभियानमा यदि कोही बाधक छन् भने केवल विश्वकर्माहरू मात्र छन्, किनकि त्यस अभियानसम्बन्धी सम्पूर्ण सांगठनिक इकाईहरूमा विश्वकर्माहरू मात्र हावी छन् र उनीहरू स्वयंले दमाईले छोएको खाँदैनन्" भन्न चुक्नु हुन्न। आश्चर्य के छ भने गाइने र वादीले छोएको दमाईले पनि खाँदैनन् भन्ने बारेमा चाहिँ उहाँले केही बोल्न चाहनु हुन्न।

सुन्दरजी, परियारजी र चित्रकारजी सबै सचेत दलित नेता हुनुहुन्छ र दलितहरूबीच आपसी छुवाछुतको भेदभाव गराउने एक मात्र दोषी कामी जाति नभई नेपाल सरकार हो भन्ने कुरा उहाँहरूलाई राम्ररी थाहा छ। वि.सं. २०२० साल श्रावण मसान्तसम्म लागू रहेको पुरानो मुलुकी ऐनले 'गाइने, वादीले छोएको दमाईले नखानु, दमाईले छोएको कामी, सार्कीले नखानु र बिहेवारीसमेत नगर्नु आदि' भन्ने कडा बन्देज लगाएको थियो र कसैले त्यसको विपरीत गरेमा कठोर जेल सजाय हुन्थ्यो। त्यसरी फुटाइएका दलितहरूले कानुनी रूपले मुक्ति पाएको केवल ३५ वर्ष मात्र पूरा भएको छ। सयौं हजारौं वर्षदेखि बन्देज, परहेज र कठोर सजायको सरकारी तालिम पाउँदै र भोग्दै आएका दलितहरूको संस्कार र बानी केवल ३५ वर्षमा नै आफै सुध्रिन सक्छ कसरी ? जबकि उनीहरूलाई आपसमा भेदभाव गर्नु ठूलो भूल हो, समानताको व्यवहार गरेर चलेमा सबैको कल्याण हुन्छ भनेर निरन्तर तालिम दिने र सम्झाउने जिम्मेवार निकाय ऐलेसम्म न सरकार छ, न दलित नेताहरू नै कोही देखिएका छन्। यदि त्यसरी निरन्तर तालिम दिने तथा सभा गोष्ठी सञ्चालन गरेर सामूहिक भोज भतेर गर्ने गराउने हो भने ब्राह्मणवादी अत्याचारको एउटै व्यथाले पीडित ती सबै दलित जातिहरू एकापसमा तुरुन्त घुलमिल हुन बेर लाग्दैन भन्ने अनुभव कतिपय ठाउँमा पाइएको छ। दलितहरूलाई सिकाउने उक्त

अभियानमा सबै मिलेर लाग्नु पर्ने ऐलेको अवस्थामा एकापसलाई दोष दिने र हिलो छ्याप्ने फोहरी खेल खेल्नु कहाँतक उचित होला ? यस्ता कामले दलित उत्थान हुनुको सट्टा उल्टै धमिराको गोलामा रहेको सर्प र राजकुमारको पेटमा रहेको सर्पले आपसी भेद खोलाखोल गर्दा दुबै नष्ट भए जस्तै दलितहरू झन् नासिने र भासिने कुरामा कुनै शङ्का रहन्न ।

पञ्चायत कालदेखि नै राज्यले सरकारी तहमा दलितको न्यूनतम प्रतिनिधित्व गराउँदा केवल विश्वकर्मा जातिबाट मात्र गराएको र ती प्रतिनिधिहरूले नै दलित समुदायका अन्य कथित अछुत जातिलाई देशैभरि छिःछिः, दुर्दुर् गराएको उल्लेख उक्त लेखमा गरेर सुन्दरजीले आफ्नो मानसिक सङ्कीर्णताको परिचय दिनुभएको छ । छिःछिः, दुर्दुर् गराउने निकाय ती विश्वकर्मा प्रतिनिधि नभई खुद सरकारी परम्परागत व्यवस्था भएको व्यहोरा यथा प्रसङ्ग माथि उल्लेख भैसकेको छ । सरकारले केवल विश्वकर्मा जातिबाट मात्र प्रतिनिधित्व गराएको भन्ने सवालमा २००६ सालमा पुनर्गठित नेपाली कांग्रेसको केन्द्रीय सदस्य भएका सर्वश्री देवव्रत परियार र धनमान सिंह परियार पनि विश्वकर्मा थिए कि ? धनमान सिंह परियार त २००९ सालदेखि प्रधानमन्त्री वि.पी.कोइरालाको पालासम्म नै ने.का.पार्टीको महामन्त्रीसमेत रहेका हुन् । पञ्चायत कालमा वि.सं. २०२४ देखि २०२७ सालसम्म विराटनगरका हरकुमार सिंह (परियार) राष्ट्रिय पञ्चायत सदस्य थिए । उनी पनि विश्वकर्मा नै पो थिए कि ? नेपाली कांग्रेस र एमालेबाट क्रमशः प्रतिनिधित्व गराइएका सांसदहरू सर्वश्री कृष्णसिंह परियार र गोल्छे सार्की पनि विश्वकर्मा जातिकै पो थिए कि ? सुन्दरजीबाट उत्तरको अपेक्षा गरिन्छ !

संगठनमा विश्वकर्मा हावी भएको आरोपमा केही सत्यता छ, तर त्यसो हुनुमा अन्य दलित समुदाय पनि दोषी छन् । संगठनसम्बन्धी जुनसुकै काम कारबाही गर्नु परे पनि त्यहाँ मनसहित तन र धन पनि उपस्थित गराइनु अति जरुरी पर्छ । यस मामलामा विश्वकर्माबाहेक अन्य दलित समुदायका प्रायः सबैजसो मानिसहरू छलफल सरसल्लाह वा सभा समारोहमा दशौं पटक बोलाए तापनि सकेसम्म उपस्थित नै हुँदैनन् । कथम् उपस्थित भए भने सकेसम्म तर्केर बस्न खोज्ने, धन उठाउनु परेमा दश कोस पर भाग्ने प्रवृत्ति पाइन्छ । यदि उनीहरूकै बलमा सभा सञ्चालन गर्न खोज्ने हो

भने सहभागी जनदेखि आवश्यक धनसमेतको अनिकाल परेर त्यो सभा सञ्चालन हुनै गाह्रो पर्छ । विश्वकर्माहरू भने फलामको व्यवसाय गर्न प्रायः छोडिसकेका र सबैले सुनचाँदी एवं ताँवोको व्यवसाय गर्ने हुनाले अन्य दलित समुदायको तुलनामा आर्थिक रूपले केही सम्पन्न र सचेत छन् । फलतः ब्राह्मणवादी अत्याचारको विरुद्ध सङ्घर्ष गरेर मात्र जातीय उत्थान सम्भव छ भन्ने कुरा तुलनात्मक रूपमा बढी बुझेका हुनाले त्यससम्बन्धी सांगठनिक काममा तन, मन र धनले सहयोग गर्न पछि नपर्ने प्रवृत्ति उनीहरूमा पाइन्छ । एक प्रकारले भन्ने हो भने उनीहरूको सक्रियता र संलग्नताबिना दलित उत्थान आन्दोलनसम्बन्धी कुनै पनि सभा समारोहहरू सूचारु रूपले सम्पन्न हुनै नसक्ने अवस्था पाइन्छ । यस कुराको पुष्टि भैरहवा र बुटवलको उदाहरणबाटै पनि हुन सक्छ । स्वयं ती ठाउँका स्थायी बासिन्दा भएको हुनाले सुन्दरजी र चित्रकारजीले आफू सहभागी भएका त्यस्ता संगठन र सभामा अरु जातिका नआए पनि आफ्ना जातिका मानिस त पर्याप्त सहभागी गराउन सक्नु पर्छ ! त्यसो गर्न उहाँहरू किमार्थ सक्नु हुन्न र खिलिपत्रै विश्वकर्मा ओइरिए भने मात्र उहाँहरूको कार्यक्रम सफल हुन्छ । त्यो अवस्था भोगिरहेका उहाँहरूले संगठनमा विश्वकर्मा हावी भए भनेर त्यसरी आक्रोश पोख्नु के उचित होला त ? यसरी एकापसमा ठाडै दोषारोपण गर्ने यस्तो बानी त्यानु भएन भने उहाँहरू आफै, भारण्ड पन्छी बनेर दलित उत्थान आन्दोलनलाई "मति फुट्यो, प्राण छुट्यो" को स्थितिमा पुऱ्याउन सुनियोजित ब्राह्मणवादी षड्यन्त्रमा सामेल हुनुभएको पो हो कि ! भनी शङ्का गर्ने ठाउँ नेपाली दलितले पाउनेछन् ।

(दैनिक लुम्बिनी, २०५५ श्रावण २९ शुक्रबार, बुटवल)

टीका-टीप्पणी

जातीय आन्दोलनः कामीवादको फिराद पत्र

सुन्दर नेपाली

युगले काँचुली फेरे पनि हाम्रो समाजमा जातीय विभेदी परम्पराले काँचुली फेर्न सकेको छैन । जसले जति चर्का भाषण र नारा छाँटे पनि सामाजिक रूपमा झाँगिएको विखण्डनकारी जातीय छुवाछुत प्रथा उन्मूलनका लागि विशेष कानुन र कार्यक्रम सरकार वा संसदीय भाषामा डुबेका कुनै राजनीतिक दलले जनसमक्ष ल्याउन सकेका छैनन् ।

धर्मका आडमा कुसंस्कारलाई बचाई राख्न चाहनेहरूको सङ्ख्यामा आइरहेको झिनो गिरावटलाई पनि उत्पीडन भित्रकै उत्पीडनले थाम्न बल प्रदान गरेका घटनाहरूको फेहरिस्ती सङ्ग्रामसिंह विश्वकर्माजीलाई थाहा हुनु जरुरी छ ।

'दलित आन्दोलनमा कामीवाद' शीर्षकमा गत साउन २१ गते दैनिक लुम्बिनीमा प्रकाशित लेखले सङ्ग्रामजीलाई गहिरो चोट लागेछ, त्यो स्वभाविक पनि हो किनभने त्यो रोगले उहाँ पनि ग्रस्त हुनुहुन्छ । उहाँलाई मात्र होइन उक्त लेखले दलितभित्र ब्राह्मण कहलिएका धेरै विश्वकर्माहरूको दिमागमा चोट पुऱ्याएको हुनुपर्छ र उहाँले सबै विश्वकर्मा वर्गको ठेक्का लिएर सो कुराको खण्डनमा कम्मर बाँधेर उत्रनु भएको छ । अन्यथा विद्यमान प्रथाका बारेमा कुरा उठाउँदा विरोधका लागि विरोधको रूप खडा गर्नु नै पर्ने थिएन ।

दलित आन्दोलनमा कामीवाद छैन भन्ने दाबी गर्दै सङ्ग्रामजीले साउन २९ गतेको दैनिक लुम्बिनीमार्फत् ऐना हेर्न अनुरोध गर्नुभएको छ ।

तर ऐना सुन्दरहरूले होइन सङ्ग्रामजीहरूले नै राम्रोसँग हेर्नुपर्दछ भन्ने मेरो आग्रहछ ।

सङ्ग्रामजी तपाईंले नेपालमा ब्राह्मणवादी जातीय अत्याचारविरुद्ध सर्वप्रथम बाग्लुङका भगत सर्वजित विश्वकर्मालाई दलित आन्दोलनका प्रणेता मान्नुभएको छ । उनले ब्रह्मा, विष्णु, महेश्वर र विश्वकर्मा चार दाजुभाइ हुन् तसर्थ विश्वकर्माको पानी चल्नुपर्छ भनी स्पष्ट जातिवादी रूपमा उठाएको कुरालाई पनि आन्दोलनको मूल श्रेय भन्नुभएको छ, त्यसैले पनि प्रष्ट गर्छ कि दलित आन्दोलनमा कामीवाद कति छ ?

जातीय मुक्ति आन्दोलनलाई सामूहिक ढङ्गले अगाडि लैजाने प्रयत्न हिजो पनि भएका छन्, अहिले पनि जारी छ र भोलि पनि रहिरहनेछ तर जातीय मुक्ति आन्दोलनको एकतामा बाधा आउँछ भन्ने कुरा उठाएर त्यसभित्रका नकारात्मक कुराहरूलाई बचाउनुपर्छ भन्ने कुरा नै अत्यन्त गलत छन् ।

आदरणीय सङ्ग्रामजी तपाईंको बौद्धिकतामा बिर्को लागेको छैन भने यो युगमा आध्यात्मिक होइन, विज्ञानसम्मत कुराहरूलाई जनमानसमा फैलाएर रुढीवादी परम्परालाई नष्ट गर्ने बाटोमा लागौं । अवैज्ञानिक मनगढन्ते कुरा ब्रह्मा, विष्णु, महेश्वर र विश्वकर्मा चारभाइ हुन् भन्ने जस्ता किम्बदन्तीलाई मिल्काई दियौं जसमा कुनै सत्यता छैन ।

फेरि कुरा चरणबद्ध नै अगाडि सारौं, नेपाली कांग्रेसको टिकटमा २०४८ सालमा बाँके जिल्लाबाट प्रतिनिधि सभामा जानुभएका सांसद कृष्णसिंह परियारको कारणले जातीय छुवाछुत प्रथा अन्त्यका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले निर्देशन जारी गर्नुभएन । तपाईंहरू नै मिलेर आउनुहोस् भन्नुभयो । परियारजीहरू पनि दोषी छन् भन्ने जुन तर्क ल्याउनुभएको छ, त्योभन्दा अघि दलित जातिको नाममा ब्याज खाने हिरालाल विश्वकर्मा, टेकबहादुर विश्वकर्मा, टि.आर. विश्वकर्मा जस्ताले खेलेको भूमिकालाई कसरी हेर्नु भएको छ ? के तपाईं गर्वका साथ पुष्टि गर्न सक्नुहुन्छ ? उल्लेखित व्यक्तिहरूले खेलेको भूमिकाले नेपालका उत्पीडित जातिहरूले कुन कुन क्षेत्रमा मुक्ति पाएका छन् ?

नेपालमा पिछडिएका जातिको प्रतिनिधित्व गर्दै सरकारमा जाने तर संयुक्त राष्ट्रसंघ मतहातका मानव अधिकारवादी संघ संस्थालाई नेपालमा जातीय विभेद छैन भनी गलत सूचना दिने हिरालाल विश्वकर्मा हुन् कि

कृष्णसिंह परियार र प्रकाश चित्रकार ? यसको जवाफ सायद सङ्ग्रामजीसँग पनि छैन होला !

फेरि राज्यले उत्पीडित समुदायको प्रतिनिधित्व गराउने सवालमा विश्वकर्मा वर्गलाई नै बढी प्राथमिकता दिएको कुराको प्रतिवाद गर्दै एमालेको तर्फबाट राष्ट्रिय सभामा जानुभएका गोल्छे सार्की र नेकाको तर्फबाट प्रतिनिधि सभामा जानुभएका कृष्णसिंह परियार कुन जातिका पर्छन् ? भनी सङ्ग्रामजीले प्रश्न उठाउनु भएको छ । कृष्णसिंह परियार कसैको दयाले टीका लाएर प्रतिनिधि सभामा पुगेको व्यक्ति होइन र जाति विशेषको ब्याज असुल्ने रोगले ग्रस्त व्यक्तित्व पनि होइन । त्यो कुरा सङ्ग्रामजीले बुझ्दा राम्रो हुन्छ । अर्कोतर्फ गोल्छे सार्कीको हो ? गोल्छेका सङ्घर्षमय जीवनका अतीतहरू मैले उल्लेख गर्नुपर्छ जस्तो मलाई लाग्दैन, किनभने सङ्ग्रामसिंह विश्वकर्माजी आफै परिचित हुनुहुन्छ । तर एउटा कुरा के थाहा हुँदा राम्रो हुन्छ भने २०४८ सालमा नेकपा एमालेले गोल्छे सार्कीलाई राष्ट्रिय सभामा मनोनित गर्दा चार जना विश्वकर्माको २४ घण्टे पूर्जी बुझ्न परेको थियो । जुन पूर्जीमा ४ जना विश्वकर्माले गोल्छे सार्कीलाई लेखेका थिए 'तपाईं कसरी कसलाई सोधेर राष्ट्रिय सभामा जानुभयो, यो कुराको स्पष्टीकरण २४ घण्टाभित्र बुझाउनुहोला ।' गोल्छे सार्कीले सो पूर्जी विश्वकर्माभन्दा अलग भएकै कारण बुझ्न परेको थियो ।

२००७ सालमा मुलुकमा ठूलो परिवर्तन आयो । पाल्पा तानसेनमा तत्कालीन चिफ जर्नेल रुद्र शमशेरले सबै वर्गका जनसमुदायको भेला गरी सामाजिक सुधारका कुरा राख्ने त्यसबखत दलितको प्रतिनिधित्व गर्दै पाल्पाका दलित नेता रिपलाल विश्वकर्मा जानुभएको रहेछ । सबैसँग आफ्ना कुराहरू राख्दै जातीय छुवाछुत सामाजिक कलङ्क हो, यस्तो भेदभाव राख्नु हुँदैन भन्ने कुरा सामूहिक रूपमा कमलराज रेग्मीहरूले समेत राखेपछि चिफ जर्नेल रुद्र शमशेरले रिपलाल विश्वकर्मासँग प्रश्न गरे 'के तिमी दमाईं, सार्कीको पानी चलाउन तयार छौ ।' विश्वकर्माले भने- 'त्यो त एकैसाथ गाह्रो छ ।' रुद्र शमशेरले भने, 'त्यसो भए यो कुरा स्वीकार्न अरु जातिलाई झन् गाह्रो छ, पहिला तिमीहरू नै मिलेर आओ ।' विश्वकर्माका यही कुराले गर्दा तानसेनका गणेश गौतम अहिले पनि जातीय आन्दोलनप्रति नै सधैं नकारात्मक दृष्टि राख्छन् । यो कुन वाद हो ?

२०४२ सालमा राष्ट्रिय पञ्च भेलाले छुवाछुतलाई दण्डनीय करार

गर्नुपर्छ भनी पारित गरिसकेको अवस्थामा २०४४ सालमा राष्ट्रिय नाचघर काठमाडौंमा आयोजित भाद्र १ गतेको दिवसका दिन प्रकाश चित्रकार, अङ्कुरबाबा जोशी, तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहजस्ताले 'छुवाछुतलाई दण्डनीय करार गरिनुपर्छ' भन्दा 'छुवाछुत प्रथा शिक्षा र चेतनाले हट्ने हो कानुनले होइन, त्यसैले कानुन बनाउनु जरुरी छैन' भन्ने प्रस्ताव राख्ने प्रतापराम लोहार कुन जातिका हुन् ? २०४८ सालमा जातीय छुवाछुत प्रथा अन्त्यका लागि सङ्कल्प प्रस्ताव ल्याउन प्रस्ताव गर्दा इन्कार गर्ने दलसिंह कामी कुन जातिका हुन् ? यसको जवाफ पनि सङ्ग्रामजीसँग होला कि ? मलाई थाहा छ सङ्ग्रामजी तपाईंले जातीय मुक्तिको अभियानमा धेरै कलम चलाउनुभएको छ । हुमिन काण्डमा उल्लेखनीय भूमिका खेल्ने प्रकाश चित्रकारलाई पाल्पा हुमिनका विश्वकर्मा साथीहरूले अलग्गै खाना खुवाउने दुष्प्रयास गरेका घटना पनि त तपाईंकै सामु छन् ।

कुरा धेरै छन्, आन्दोलन जारी छ। धेरै आन्तरिक कुराहरू सार्वजनिक नगर्दा नै राम्रो हुन्छ । त्यसैले विवादको कलम बन्द गरौं । सङ्ग्रामसिंह विश्वकर्माजी विरोध बाहुनको होइन, ब्राह्मणवादको हो । कामीको होइन, कामीभित्रको ब्राह्मणवादको हो । त्यसरी नै लिँदा राम्रो हुन्छ होला ।

(दैनिक लुम्बिनी- २०५५ साल भाद्र ४ गते बिहीबार, बुटवल)

(**नोटः लेखकले फोनबाट पनि अनुरोध गरेपछि दोहोरो विवाद यहीं टुङ्गियो ।**)

नेपाली दलितको लागि भदौ १ गतेको महत्व

मानवजन्य स्वभाविक प्रेम गरी आपसमा वैवाहिक सम्बन्ध गाँस्नु मात्रलाई पनि जघन्य अपराध मानेर कथित ठूला जातकी स्त्रीको पति हुन पुगेको कथित साना जातको पुरुषलाई नेल, हतकडी र गलफन्दीसहित १४ वर्ष काराबास र त्यस स्त्रीलाई ७ वर्ष काराबासको सजाय दिने अत्याचारी कानुन लेखिएको श्री ३ जङ्गबहादुर राणाद्वारा वि.सं. १९१० मा बनाइएको मुलुकी ऐन २०२० साल श्रावण मसान्ततक कायम रहँदा नेपालका दलितहरू कोल्हुमा उखु पेलिएझैं निर्ममतापूर्वक पेलिँदै आएका थिए । हुन त २००७ सालमा नेपालबाट राणा शासन हटेपछि त्यो सजाय व्यवहारमा लागु गर्न छोडियो, तथापि २००७ देखि २०१७ सालसम्म बनेका विभिन्न पार्टीहरूका कथित प्रजातान्त्रिक सरकारहरू कसैले पनि त्यसलाई हटाइहाल्नु पर्ने खाँचो देखेनन् । त्यो कानुन बरकरार रहनाले त्यस्ता युगल जोडीहरू सरकारले कोची पो हाल्छ कि भन्ने डर त्रासले विदेशिन बाध्य भैरहे । उनीहरूलाई अब विदेशिनु पर्दैन, निर्धक्क भै घरैमा बसे हुन्छ भनी ढुक्क गराउने आधार सिर्जना भएन । त्योबाहेक दलितले धारो, पधैंरो, अड्डा, अदालत आदि सार्वजनिक एवं सरकारी निकायमा समेत छुन, पस्न र बस्न नपाउने साविक अत्याचार पनि त्यस अवधीभर यथावत् कायमै रह्यो । ठिक त्यसै बेला तत्कालीन राजा स्व. श्री ५ महेन्द्रले २०२० साल भाद्र १ गतेका दिन नयाँ मुलुकी ऐन जारी गरेर दलितलाई छुवाछुत र विदेशिनु पर्ने स्थितिबाट कानुनी रूपले ग्यारेन्टीका साथ मुक्त गरिदिए भने नारी जातिलाई पनि बालविवाह, बहुविवाह र अनमेल विवाह आदि शोषणबाट मुक्ति दिए । यसरी २०१२ सालमा आफ्नै नेतृत्वमा छुवाछुत विरोधी आन्दोलन चलाएका स्व. वी.पी. कोइरालाले आफ्नै सरकारको पालामा समेत गर्न नसकेको काम राजाले

गरेरै छाडे । आफूलाई त्यत्रो ठूलो सजायको फन्दाबाट अनायास मुक्ति दिएका हुँदा राजा र त्यो दिनप्रति आभार र सम्झना प्रकट गर्न नेपाली दलित हरेक वर्षको भाद्र १ गतेलाई नयाँ मुलुकी ऐन तथा सामाजिक एकता दिवसको रूपमा मनाउन थाले र मनाउँदै आएका छन् ।

तर कथित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना पश्चात् भने सो दिवस मनाउनेबारे दलितहरूमाझ तीव्र विवाद सिर्जना भएको पाइएको छ । एकथरीको भनाइ छ कि–'राजा महेन्द्रले २०१७ साल पौष १ गते प्रजातन्त्रको हत्या गर्ने काम जो गरे, त्यसपछि उनले जतिसुकै राम्रो काम गरे तापनि व्यर्थ ठहर्छ । नयाँ मुलुकी ऐन पनि उनले आफ्नो स्वार्थ र बाध्यतावश ल्याएका हुन् । २०१८ साल माघ ९ गते जनकपुरमा आफूउपर बम हान्ने बाहुन जातिको दुर्गानन्द झालाई मृत्युदण्ड नदिई नहुने, तर तत्काल विद्यमान पुरानो मुलुकी ऐनले भने बाहुनलाई स्पष्टसँग अवध्य मानेको हुँदा पर्न गएको अप्ठ्यारोबाट बच्न राजाले कानुनको नजरमा सबै जात समान गराउने जातिपातिविहीन मुलुकी ऐन नल्याई नहुने बाध्यता परेर पुरानोलाई हटाई नयाँ मुलुकी ऐन ल्याएका हुन् । अर्को कुरा त्यस बेलासम्म नेपाल संयुक्त राष्ट्र संघ र असंलग्न राष्ट्र गुट आदि विभिन्न अन्तर्राष्ट्रिय संघ, संस्थाहरूको सदस्य भैसकेको र तत्सम्बन्धी विभिन्न देशमा हुने सभासम्मेलनमा बोल्दा नेपालका राजाले पनि अरु देशको देखासिकी गरेर दक्षिण अफ्रिकालगायत संसारैभरि भए गरेका रङभेद, जाति र जातीय उत्पीडन आदिको विरोध गर्ने गरेकोमा खुद नेपालमा कानुनी रूपले नै तीव्र जातीय भेद र थिचोमिचो कायम छ भनी जान्ने र सुन्ने विदेशी पत्रकारहरूले प्रत्येक पटकको भाषण सकिनासाथ विभिन्न कोणबाट जेलिएका प्रश्नहरू सोधेर राजालाई आजित पार्ने गरेकाले त्यसबाट बच्न, संसारको आँखामा छारो हाल्न मात्र पनि राजाले पुरानो मुलुकी ऐन खारेज गरी नयाँ मुलुकी ऐन ल्याएका हुन् । यदि उनले नेपालबाट जातिभेद साँच्चिकै हटाउन चाहन्थे भने आफ्नो परम्परागत संस्कार पनि यथावत् राख्न सकिने बाहिरी संसारको आँखा पनि झ्वाट्ट नपर्ने चलाखी गरी खुसुक्क त्यस ऐनमा अदलको १० नम्बर राख्ने थिएनन् । उल्टै बालविवाह र बहुविवाहलाई जस्तै जातीय भेदभाव गर्नेलाई पनि कडा सजायको व्यवस्था ऐनमा गर्ने थिए । जसले गर्दा ती विवाहहरूको प्रथा हाल समाजबाट लोप भएजस्तै छुवाछुत प्रथा पनि ऐलेसम्म प्रायः लोप भैसक्ने थियो आदि ।'

अर्कोथरीको भनाइ के छ भने 'नयाँ मुलुकी ऐन ल्याउनको लागि राजालाई उपरोक्त घटनाहरूले केही असर जरुर गरे होलान्, तर यदि उनले देशबाट जातीय भेदभाव हटोस् भन्ने हार्दिक इच्छा नगरेका भए मुलुकी ऐन नफेरेर पनि काम चल्न सक्थ्यो । किनकि राजा निरङ्कुश थिए । आफ्नो ज्यान लिन खोज्ने बाहुन दुर्गानन्द झालाई ज्यान सजाय दिन उनलाई कुनै आइतबार पर्खनुपर्ने थिएन, केवल एक हुकुम नै काफी थियो । रह्यो अन्तर्राष्ट्रिय सम्मेलनमा गरेका भाषणसम्बन्धी कुरा ! रङभेद र जातिभेद विरुद्ध हजारौं क्षेत्रबाट विरोध भएता पनि दक्षिण अफ्रिकामा २/४ वर्षअघि नेल्सन मण्डेलाले शासन हातमा नलिएसम्म सो भेदभाव बरकरारै रह्यो र अघोषित रूपमा कालाहरूउपर गोराहरूको शोषण ऐलेसम्म पनि कायमै छ भने हिन्दू वर्णाश्रमवादी समाजको बाहुल्यता रहेको नेपालमा त झन् बाहिरकाले जतिसुकै हल्ला मच्चाए पनि त्यो मुलुकी ऐन नफेरेको भएमा राजालाई कहीँकतैबाट खतरा हुने थिएन । उक्त ऐन बदल्नको लागि न त नेपालका नारी र दलितले आन्दोलन गरेका थिए न त अन्तर्राष्ट्रबाट दक्षिण अफ्रिकालाई भए जस्तो दवाब नै भएको थियो । अतः पुरानोलाई हटाई नयाँ मुलुकी ऐन ल्याउने काम राजाबाट नितान्त स्वविवेक र नेपाली जनताबीच क्रमिक रूपले एकता कायम होस् भन्ने सदिच्छा मात्रले भएको हो न कि कुनै बाध्यताले । अदलको १० नम्बर त तत्काल जनतामा पर्न सक्ने हिंस्रक प्रतिक्रियालाई मध्यनजर राखी केही समयको लागि मात्र राखिएको थियो । अतः राजा महेन्द्रको त्यो क्रान्तिकारी कदमलाई न्यून मूल्याङ्कन गर्नु उनीप्रति अन्याय गर्नु र खोलो तऱ्यो लौरो बिर्स्यो गर्नु ठहर्छ' आदि ।

उपरोक्त दुवैथरीका तर्कहरू आ-आफ्ना ठाउँमा ठिक देखिन्छन् तापनि आफ्नो लागि वास्तविक प्रजातन्त्र अझै नआएको अनुभव गर्न बाध्य नेपाली दलितले के बुझ्नु पर्छ भने यदि राजा महेन्द्रले हिम्मत गरेर त्यस बखत नयाँ मुलुकी ऐन ल्याउँदैनथे भने २००७ सालदेखि २०१७ सालको अवधीसम्म रहेजस्तै ऐलेसम्म पनि पुरानो मुलुकी ऐन यथावत् रहने थियो । किनकि त्यो बदल्न आवश्यक सङ्घर्ष गर्ने स्थितिमा दलित ऐले पनि छैनन् । २० प्रतिशत दलितलाई केही सुविधा दिंदा ८० प्रतिशत ब्राह्मणवादी जनता रिसाउलान् र आफ्नो भोटमा खलल पर्ला भनी सोच्ने नेपाली कांग्रेस, एमाले, माले र राप्रपा आदि राजनैतिक पार्टीहरूको

पहलमा मुलुकी ऐन बदल्ने त्यत्रो ठूलो काम हुने कल्पना गर्नु नै मूर्खता ठहर्छ। यो कुरा मार्क्सवादका र प्रजातन्त्रका राम्रा पक्षहरू समेटेर लेखिएको प्रजातान्त्रिक समाजवादको बाह्रौं धारामा सयकडौं सालदेखि पछि परेका जातिहरू समान अवसरबाट अघि बढ्न नसक्ने हुनाले उनीहरूलाई विशेष अवसर प्रदान गरेर अघि बढाउनु पर्छ भनी स्पष्ट लेख्नु हुने स्व.वी.पी. कोइरालाको सिद्धान्तमा उभिएको नेपाली कांग्रेस र एमाले, माले आदि कम्युनिष्ट पार्टीहरूले पनि आफ्नो हातमा मौका आएको बखत दलितको उत्थान गर्ने विषयमा पञ्चायत कालको भन्दा बढी कुनै ठोस काम नगरेकोबाट पुष्टि हुन्छ । दलितहरूले ऐले समाज, अड्डा, अदालत आदिमा जे जति सुविधा उपभोग गर्न पाएका छन्, त्यही नयाँ मुलुकी ऐन र जमानाका प्रभावको बदौलत पाएका छन् भन्नु अत्युक्ति नहोला। किनकि सुदूर पश्चिमाञ्चल क्षेत्रका कतिपय राजनैतिक पार्टी कार्यालयहरूमा समेत दलितहरू ऐले पनि पस्न पाएका छैनन् ।

यसरी हेर्दा राजा महेन्द्रका अन्य कामहरू जे जति विवादास्पद मानिए तापनि यो नयाँ मुलुकी ऐन ल्याउने काम चाहिँ नेपाली दलित मात्रको लागि ज्यादै महत्वपूर्ण र क्रान्तिकारी साबित भएको छ । अतः हरेक सालको भाद्र १ गतेलाई नेपाली दलितले आफ्नो मुक्तिक्रमको सबभन्दा पहिलो तर सर्वाधिक जबर फलामे ढोका खोलिएर मुक्ति पाएको दिनको रूपमा र ऐलेसम्म देखिए भोगिएका नेताहरूमा राजा महेन्द्रलाई दलित मात्रको सर्वाधिक हित चिन्तकमध्ये एक नेताको रूपमा सदा स्मरण गर्नै पर्ने देखिन्छ। कसैको लहैलहैमा लागेर हिन्दी फिल्मी गीत “मतलब निकल गया है तो पहिचानते नही” चरितार्थ पार्नु नेपाली दलित मात्रको कर्तव्य होइन ।

(दैनिक लुम्बिनी-२०५५ साल श्रावण ३१ गते, आइतबार)

नेपालमा विद्यमान छुवाछुत समस्या र समाधानका उपायहरू

नेपालमा हिन्दू राजाहरूको शासन शुरु भएदेखि नै बाहुन पुरोहितहरूको इशारामा मनुवादी वर्णाश्रम व्यवस्था र छुवाछुत प्रथा प्रारम्भ भएको ऐतिहासिक प्रमाण भेटिन्छ । त्यो समाज भँडुवा र दलित शोषक व्यवस्थालाई राजा जयस्थिति मल्ल र राजा राम शाहको पालामा कथित सामाजिक सुधारको नाउँमा अरु दह्रो बनाइयो भने राणाकाल वि.सं. १९१० मा तत्कालीन श्री ३ जङ्गबहादुर राणाले त्यो व्यवस्था र प्रथालाई बकाइदा कानुनी जामा पहिराउन मुलुकी ऐन बनाई लागू गराए, जसले ऐले दलित भनिने जातिका व्यक्तिहरूलाई सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं प्रशासनिक हरेक क्षेत्रमा साँच्चैका अछुत र दास बनाई राख्ने काम गर्‍यो । हुन त त्यो कानुनले बाहुन र क्षेत्री दुई जातबाहेक अन्य सबै जातका मानिसलाई दासदासी बनाउन पाइने व्यवस्था गरेको थियो, तर दलित जातिको लागि त्यो विशेष उत्पीडक सावित हुन पुग्यो । जसअनुसार दलितले राम्रा कपडा लगाएर हिंड्न नहुने, पानी चल्ने गराइएका सबै जातको अधीन भई बस्नुपर्ने, शिक्षा हासिल गर्न नपाउने, धन आर्जन गर्न वा प्रदर्शन गर्न नपाउने त छँदै थियो, मानवजन्य स्वाभाविक प्रेम गरी ठूला जात भनाउँदाकी छोरीसँग सम्बन्ध जोडेमा प्रेमी दलितलाई नेल, गलफन्दी, हतकडीसहित चौध वर्षको कठोर काराबास र प्रेमीकालाई ७ वर्षको सामान्य काराबास सजाय गरिन्थ्यो । कथित ठूला जातका घरमा खेती उतार्न हली गोठाले प्रायः सबै दलित जातिका काम गर्न सक्ने

बलिया तन्नेरीहरू राखिन्थे, त्यसै कारण त्यस्तो प्रेम प्रपञ्च परिरहन्थ्यो र ती दलित तन्नेरी प्रेमीहरू १४ वर्षे कठोर काराबासमा परिरहन्थे । त्यसरी १४ वर्ष झ्यालखानामा बिताई कोही पनि घर फर्केको उदाहरण छैन । सबै जेलमै तडपेर मर्दथे । यस्तै अवस्थामा राणाशाही फ्याँक्न नेपालमा जनआन्दोलनको लहर चल्यो ।

बाग्लुङ जिल्लाको गैरागाउँका क्रान्तिकारी भगत सर्वजित विश्वकर्माले दलितहरू सर्वप्रथम शिक्षित बनेर संगठित हुनु पर्ने, तब मात्र सङ्घर्ष गरेमा सफलता पाउन सकिने रहस्य बुझेर आफ्ना सहयोद्धा साथीहरू लक्ष्मी नारायण, मनवीर, पदमसिंह आदिको सहयोगमा दलितहरूलाई समेटी वि.सं. २००० जेष्ठमा गैरागाउँको भालुमारे भन्ने ठाउँमा कामी, दमाई, सार्की, गाइने आदि जातका ७३ जना दलितहरूको उपस्थिती गराई ‘विश्व सर्वजन संघ’ नामक संस्था गठन गरे । त्यस भेलाले पारित गरेका विभिन्न निर्णय प्रस्तावहरू, उत्तिनै बेला पण्डित हयग्रीव पन्त, मुखिया सरस्वतीदत्त पन्त आदिको हुल आई लुटेर लगे । त्यही क्रममा २००६ साल श्रावणमा “भात भान्सा सोली डोली आफ्नो आफ्नो, मान्छे सराबरी हुन पाऊँ” भन्ने नाराका साथ खुलेर जातीय भेदभावका विरुद्ध बाग्लुङ बजारमा आन्दोलन गरेका दलितहरू र सरकारी प्रहरीबीच नेपालमै सर्वप्रथम मुठभेड भयो । पक्राउ परेकामध्ये मुख्य ठहरिएका भगत सर्वजित विश्वकर्मा बाग्लुङ जेल र पाल्पा जेलमा १७ महिना कठोर यातना भोगेपछि २००७ साल पुषमा जेलमुक्त भए । यसै अवस्था वि.सं. १९९९ मा सप्तरी हनुमान नगरको जेल फोरेर भागेका अङ्ग्रेजका भारतीय राजनैतिक बन्दी जयप्रकाश नारायणहरूको नेलहत्कडी तोडिदिएको आरोपमा अन्य साथीसँगै पक्रिई काठमाडौंको भद्रगोल जेलमा शहीद हुन पुगेका कृष्णवीर कामी र २००७ सालको सशस्त्र क्रान्तिमा तनहुँ बन्दीपुरको मोर्चामा शहीद भएका वीर योद्धा चन्द्रबहादुर सार्कीसमेतको शहादतको फलस्वरूप स्थापना भएको वि. सं. २००७ सालपछिको कथित प्रजातान्त्रिक ‘नेपाल सरकार’ समक्ष पनि भगत सर्वजित विश्वकर्माको समूहले जातिभेद विरुद्ध आफ्ना माग राख्यो । सरकारी प्रोत्साहन नपाएपछि भारतीय दलितहरूका मसीहा डा. भीमराव अम्बेडकरले दलितलाई दिएको शिक्षा, “शिक्षित बन, संगठित होऊ र आफ्नो हक प्राप्तिको लागि सङ्घर्ष गर”लाई अनुशरण गर्दै सर्वजित विश्वकर्मा समूहले तत्कालीन पढेलेखेका दलित नेता हिक्मतसिंह

विश्वकर्माको अगुवाईमा बाग्लुङ जिल्ला गैरागाउँको हिलियापानी भन्ने ठाउँमा वि.सं. २००९ सालमा "विश्वकर्मा प्राइमरी स्कुल" नामक नेपालको सबैभन्दा पहिलो दलित शिक्षालय खोलेर दलित जातिलाई विद्याको ज्योति प्रदान गर्ने काम गऱ्यो । उनीहरूको अथक सङ्घर्ष चिलरहेकै अवस्था २०१० सालमा काठमाडौंका दलितहरूले हाकु भाइ कपालीको नेतृत्व र सहश्रनाथ कपाली, टी.आर. विश्वकर्मा आदि दलित नेताहरूको संयोजनमा पशुपतिनाथ मन्दिर प्रवेश अभियान चलाए । फलस्वरूप सरकारी प्रहरी र दलित आन्दोलनकारीहरूबीच नेपालमा दोश्रो मुठभेड भयो ।

पाल्पामा रिपलाल विश्वकर्माको नेतृत्वमा दलितहरू जागिरहेका थिए भने नेपालका ठाउँठाउँमा दलितहरू आफ्नो मौलिक हक प्राप्तिका लागि धारा, पँधेरा, मन्दिर, होटल, स्कुल आदिमा सङ्घर्षरत हुन थाले । यी सबै घटना उपर सकेसम्म नजिकिएर चनाखो भै हेरी रहेका तत्कालीन राजा महेन्द्रले अब राणाकालीन जाति भेदवादी मुलुकी ऐन खारेज गरी दलितलाई कानुनी समानता नदिई नहुने देखिरहेका थिए । ठिक त्यसै बखत २०१८ साल माघ ९ गते सोमबार जनकपुरमा राजाको सवारी गाडीमा अचानक बम प्रहार भयो, जसबाट राजा रौं प्रमाणले बाँचे । त्यसरी राजाउपर प्रहार गर्ने व्यक्तिलाई स्वतः मृत्युदण्ड हुने कानुनी प्रावधान त थियो, तर अभियुक्तको रूपमा पक्रिएको व्यक्ति भने दुर्गानन्द झा नामक बाहुन परे । तत्काल विद्यमान मुलुकी ऐनअनुसार बाहुन जाति अवध्य मानिएकोले राजालाई पर्न गएको समस्या समाधान गर्न पनि तत्कालै मुलुकी ऐन बदलेर बाहुन, शूद्र सबै जात समान र सबैलाई कसुरअनुसार बराबर सजाय हुने कानुन नबनाई नहुने महसुस गरियो । अर्को कुरा नेपाल त्यति बेलासम्म संयुक्त राष्ट्रसंघको वडापत्रमा सहीछाप गरी सदस्य भैसकेको र राजा महेन्द्रले वि.सं. २०१२ सालमा बाङ्डुङ् सम्मेलनमा र २०१८ सालमा बेल्ग्रेड सम्मेलनमा मानवाधिकारबारे स्तरीय भाषण दिई वाहवाही पाइसकेका थिए । जसले गर्दा आफ्नो देशमा कानुनीरूपले रहेको जातीय भेदभाव हटाउनु उनको लागि इज्जतको सवाल बनिसकेको थियो । यी सब घटना र तत्कालीन राजनैतिक वातावरण समेतले गर्दा राजाले राणाकालीन मुलुकी ऐन खारेज गरी जातिपाति र लिङ्गभेदविहीन नयाँ मुलुकी ऐन बनाई २०२० साल भाद्र १ गते जारी गरे । फलतः ठूला जातकी स्वास्नी ल्याउने दलित १४ वर्ष जेल जानैपर्ने व्यवस्था सदाका

लागि समाप्त भयो भने सबै नागरिकलाई एक प्रकारको कसुरमा एकै प्रकारको सजाय हुने व्यवस्था हुन गई सोहीअनुसार २०२० साल माघ १५ गते दुर्गानन्द झालाई पनि सुन्दरीजल कारागारमै मृत्युदण्ड दिइयो । त्यस ऐनले बालविवाह, बहुविवाह, अनमेल विवाहलाई दण्डनीय बनाई नारी जातिलाई पनि उत्पीडनबाट मुक्त गऱ्यो । यसरी परम्परादेखिको कानुनी उत्पीडनबाट मुक्ति दिएको दिन हुनाले हरेक सालको भाद्र १ गते राजा महेन्द्रलाई नेपाली दलित एवं महिला वर्गले सम्झना गर्दै आएको सन्दर्भमा आज हामी यहाँ जम्मा भएका छौं ।

त्यसरी बाङ्डुङ् एवं बेलग्रेड सम्मेलनबाट फर्कँदा बाटोमा पत्रकारहरूको 'नेपालमा जातीय विभेद विषयक' प्रश्नको समुचित उत्तर दिन नसकी आत्तिएको हुँदा र त्यतिबेलासम्मको अवध्य बाहुन मात्रलाई मृत्युदण्ड दिनुपर्दा बाध्यतावश राजा महेन्द्रले सो नयाँ मुलुकी ऐन जारी गरेको भएता पनि त्यसबाट दलितलाई धेरै राहत मिल्यो र कानुनीरूपमा समान देखिए । त्यसपछि भने दलितलाई माथि उकास्दै लैजाने पहल सरकारी क्षेत्रबाट खासै भएको पाइँदैन । पञ्चायत कालभरि १४० सिटको राष्ट्रिय पञ्चायत सभामा दलित प्रतिनिधि केवल १ जना मात्र राजाबाट मनोनित हुन्थे, जसले राजाको इशारामा चल्नुबाहेक दलित हित संबर्धनार्थ एउटा सिन्को भाँच्ने काम पनि गरेनन् । राणाकालमा गोरखा भाषा प्रकाशिनी समितिका अध्यक्ष एवं श्री ३ चन्द्रशमशेरका अति विश्वासपात्र सरदार राममणि आ.दी.ले लेखेको निर्देशन "जङ्गली, स्वाँठे, तिघ्रे, पाखे, खर्पने डोकेको देश हो नेपाल, भगवान ! राखी देऊ यो यसै गरी । यी सभ्य भए हाम्रो सिरीखुरी कहाँ जाला ? मन्त्रिमण्डल जोड्दा बाहुन-क्षेत्री लिएर जोड्नु मतवाली कबै नहुल्नु" अनुसार शासन चलेको थियो भने पञ्चायतकालभरि पनि शाासनदेखि समाजसम्म हर क्षेत्रमा बाहुन-क्षेत्रीकै बोलवाला रह्यो । यी दुईजातको दया र विवेकमा मात्र अन्य जातका फाटफुट मानिसले मौका पाउँथे । २०४६ सालको पूर्वार्धमा ७५ जिल्लाका ७५ जना प्रमुख जिल्ला अधिकारीमध्ये ६९ जना केवल बाहुन मात्र थिए । देशको सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक, शैक्षिक, व्यापारिक, औद्योगिक, ठेक्कापट्टा आदि आयआर्जनका हरेक श्रोतमा एकछत्र उनीहरूकै कब्जा थियो । शासनको प्रमुख केन्द्र काठमाडौंका आदिवासी एवं परम्परादेखि व्यापारमा एकछत्र पकड भएको कारण नेवार जाति मात्र उनीहरूको पछिपछि पुग्न

सकेको देखिन्थ्यो । बाँकी रहेका बहुसङ्ख्यक जनजाति, दलित र मधेशी सबै उनीहरूकै दयामा आश्रित थिए । २०३६ सालको छिन्ताङ्ग काण्डमा मारिएका धनवीर दर्जी, गम्भे दमाई, चन्द्रबहादुर दमाई, टंक विश्वकर्मा र गणेश विश्वकर्मा तथा २०४६ सालको जनआन्दोलनमा शहीद भएका ज्ञानबहादुर सार्की, पम्फा शाही, रेखा विश्वकर्मा, ऋषिराम परियारसहितका घोषित र अघोषित अनगिन्ती दलित योद्धाहरूसमेतको शहादतबाट प्राप्त भएको हालको तथाकथित प्रजातन्त्रमा पनि हालत लगभग उस्तै छ ।

कांग्रेस, एमाले, राप्रपा, माले जुनसुकै पार्टीको सरकार आए पनि बाहुन बहुल हुनाले दलितप्रतिको नीति र कार्यक्रममा कुनै परिवर्तन आएको पाइएन । गाउँ समाजमा पनि ती पार्टीका मानिसहरू आ-आफ्ना अन्य निजी स्वार्थमा एकापसमा जतिसुकै खिचातानी र मनमुटाव गरे पनि दलितलाई दबाउने काममा भने सबै एकमत रहेको देखिन्छ । देशका अन्यत्र ठाउँका त कुरै छोडौं खुद राजा बस्ने राजधानी शहर काठमाडौंमा समेत दलितले डेरा पाउन सकेका छैनन् । मन्दिर प्रवेश गर्दा, होटलमा खाना खाँदा, धारा पँधेरामा पानी भर्दा, सार्वजनिक स्थलमा ठूला जात भनाउँदालाई छुँदा, ऐलेपनि पिटाई खाई सामाजिक उत्पीडन भोग्न बाध्य भएका दलितले सरकारी उत्पीडन पनि कम्ती भोग्नुपरेको छैन । दूध संकलन केन्द्रले ऐलेपनि दलितका दूध स्वीकार्न इन्कार गरिरहेका छन् । सुदूर पश्चिमाञ्चलका स्कुलमा दलित विद्यार्थी र सरकारी कार्यालयमा दलित कर्मचारी पस्न र बस्न पाएका छैनन् । शाही सेनामा दलित सैनिकले अरु जातका सैनिकसँगै बसेर खाना खान पाएका छैनन् । कानुनले यस्तो छुवाछुत व्यवहारलाई दण्डनीय उल्लेख गरे पनि बाहुन जातिको कब्जामा रहेको न्याय र प्रशासनले यससम्बन्धी मुद्दा वर्षौंसम्म किनारा नलगाई झुलाइरहेका छन् ।

दलितप्रति हुने गरेका सरकारी उत्पीडन र भेदभावमध्ये एउटा अर्को उदाहरण पनि यहाँ प्रस्तुत गरिन्छ । नेपाली नागरिकता लिन दलितले कति झन्झट ब्यहोर्नु परेको छ, सो भनीसाध्य छैन । परम्परामा कुनै गौतम थरको बाहुनले दमाई जातकी स्त्रीसँग प्रेम विवाह गरेको रहेछ भने त्यसका सन्तान दमाई भई कपडा सिउने र बाजा बजाउने भए पनि उनीहरूको आन्तरिक थर चाहिँ गौतम नै चलिआउनु स्वाभाविकै हो । अब त्यो सन्तानको कुनै पढेलेखेको वा जागरुक व्यक्तिले बाउको नागरिकतामा 'दमाई' लेखिएको

भएता पनि आफ्नो स्कुलको सर्टिफिकेट वा अन्य प्रमाणपत्रमा आन्तरिक थर 'गौतम' लेखे लेखाएको रहेछ भने नेपाली नागरिकताको प्रमाणपत्र बनाउने बेला बाउको थरसँग ठ्याक्कै मिल्ने गरी थर लेख्नुपर्छ भन्दै त्यो दमाई जातिको व्यक्तिलाई गौतम थरको नागरिकता दिन सम्बन्धित अड्डाले रोक्छ । यद्यपि त्यसरी रोक्नुपर्ने कुनै कानुनी बन्देज देखिँदैन । तर पनि गौतम थरमा नागरिकता दिँदा त्यो दमाई व्यक्ति वा त्यसका सन्तान कालान्तरमा बाहुन जातिमा मिसिएलान् र बाहुन जातिको शुद्धता नष्ट होला कि भनी प्रशासक चिन्तित हुनाको फल त्यो दमाई व्यक्तिले न नागरिकता पाउँछ न उसले पढेको सर्टिफिकेट नै काम लाग्छ । फलतः ऊ अलपत्र पर्छ । तर बाहुनले भने त्योभन्दा धेरै अचम्मको केसमा पनि सजिलै नागरिकता पाएका छन् । बाजेको नाम राधाकृष्ण शर्मा, बाबुको नाम उमानाथ उपाध्याय र आफ्नो नाम गोपीराम पौडेल लेखिएका जस्ता नागरिकता प्रंमाणपत्र त गनेर साध्यै छैन । **एउटा अझै रोचक र अचम्मको उदाहरणः– अर्घाखाँची जिल्लाको अर्जुन ढाकावाङ्ग गा.वि.स.मा जन्मघर भई हाल बसाई सरेर कपिलवस्तु जिल्लाको गजेहडा गा.वि.स.मा बसोबास र नेपाल बैंक लिमिटेड बुटवलमा जे.टी.ए. पदमा काम गर्ने पुनाराम जोशीको नागरिकता प्रमाणपत्रमा बाबुको नाम लेखिएको छ–कविराम खनाल ।**

यो असम्भव घटना कसरी घटेछ भने निज पुनाराम बाल्यकालमै आफ्ना सम्पर्की जोशी थरका बाहुनको आसाम–राज्य (भारत) स्थित घरमा बस्न र नोकरी गर्न पुगेछन् । घर मालिक जोशीले निजलाई आफ्ना छोराहरूसरह माया गरेर छोराहरूकै साथ स्कुलमा पढ्न पठाएछन् । ती छोराहरूले स्कुलमा पुनारामको थर पनि आफ्नै थर बनाएर नाम लेखाई दिएछन्, पुनाराम जोशी । ती पुनाराम जोशीले त्यहाँबाट हाईस्कुल एवं जे.टी.ए. तालिमसमेत पास गरी सर्टिफिकेटहरू लिएर नेपाल फर्के । ती सर्टिफिकेटहरू पनि काम लाग्ने र आफ्ना पिता कविराम खनालको छोरा पनि ठहरिने गरी उनको नेपाली नागरिकताको बलियो प्रमाणपत्र यसरी बन्यो– बाउको नाम कविराम खनाल/छोराको नाम पुनाराम जोशी । क्या हाँसो लाग्दो र उदाहरणीय नागरिकता प्रमाणपत्र छ त्यो । त्यसैको बलमा नेपाल बैंक लि.बुटवलमा जे.टी.ए.पदमा जागिर खाँदैछन्– पुनाराम जोशी !

दलितको लागि एक एक अक्षरमा बाधा अड्चन पार्ने प्रशासनले त्यस्तो अचम्मको नागरिकता प्रमाणपत्र पुनाराम जोशीलाई कसरी दियो

त ? स्पष्ट छ कि नागरिकता लिने र दिने दुवैथरि बाहुन जातिका परे त्यसै कारण त्यो प्रमाणपत्र दिनु/लिनु भनेको उनीहरूको लागि सरकारी झन्झटको विषय नभई आफ्नै परिवारको सामान्य कामसरह भयो !

यो सब किन भैरहेको छ त ?

जनआन्दोलन पश्चात् तुरुन्त गठित ११ सदस्यीय अन्तरिम मन्त्रिमण्डलमा ७ जना बाहुन राखियो भने ९ सदस्यीय संविधान सुझाव आयोगमा ६ जना बाहुन राखियो । जसले गर्दा बहुजातीय, बहुधार्मिक र बहुभाषिक नेपाललाई जबरजस्ती हिन्दू राष्ट्र बनाई बाहुन-क्षेत्री स्वतः सर्वोपरि हुने पञ्चायतकालीन ऐन कानुन यथावत् रहन दिइयो । दलित एवं पिछडिएका जातिलाई उकास्नको लागि हर क्षेत्रमा गरिनुपर्ने आरक्षण, संरक्षण आदिको व्यवस्था ठ्याम्मै गरिएन । त्यसबारे दलित एवं पिछडिएकाहरूको आँखामा छारो हाल्न संविधानको धारा ११(३)/(४) र २६(१०) मा बडो कन्जुस्याइँपूर्वक जो झीनो व्यवस्था उल्लेख गरियो त्यो पनि व्यवहारमा उतार्ने जमर्को हालसम्म गरिएको छैन । त्यसैको फल हो कि ऐले पनि ७५ जिल्लाका ७५ वटा प्रमुख जिल्ला अधिकारीमध्ये ६१ जना बाहुन मात्र छन् । बाँकी १४ जनामा ४ जना क्षेत्री, ६ जना नेवार र १/१ जना मगर, गुरुङ, यादव र मुसलमान छन् । यसै अनुपातमा संसददेखि सडकसम्मका राजनैतिक, प्रशासनिक कार्यालयहरू र सामाजिक, आर्थिक, शैक्षिक, व्यापारिक, औद्योगिक, ठेक्कापट्टा, नवनिर्माण आदि सकल आयआर्जनका श्रोत एवं निकायमा तल्लो तहदेखि नेतृत्व तहसम्म ८० देखि ९० प्रतिशतसम्म बाहुनै बाहुन कार्यरत छन् । रहेपहेका बाँकी प्रतिशतमा अन्य जातकाले जो मौका पाएका छन् त्यो पनि उनै बाहुनहरूको दया र विवेकले मात्र पाएका छन् । अघि राणातन्त्रमा राणाले चाहे जो कोहीलाई पनि बनाउन र बिगार्न सक्थे भने ऐले यो कथित प्रजातान्त्रिक कालमा यहाँका बाहुनहरू जो कोहीलाई पनि बनाउन र बिगार्न सक्ने स्थितिमा छन् । यसरी हेर्दा ऐलेको प्रजातन्त्रलाई 'बाहुनतन्त्र' भनेमा अत्युक्ति नहुने देखिन्छ । के यसरी देश उँभो लाग्ला त ?

पहाडतर्फ पुरानो उखान छ "मिलीजुली बसौं बाँडीचुँडी खाऊँ" । यसको अर्थ यो हुन्छ कि मिलीजुली बस्नको लागि आ-आफ्नो अंश भागअनुसार सबैले खान पाउनै पर्छ । त्यसो नभई कवि लेखनाथ पौड्यालको

कविता “म खाऊँ मै लाऊँ सुख सयल जति छन् सब म गरुँ । म बाँचू मै नाँचू अरु सब मरुन् दुर्बलहरू ।” अनुसार देशको कुल जनसङ्ख्याको केवल १२ प्रतिशत मात्र सङ्ख्या भएको बाहुन जातिले देशको ८०/९० प्रतिशत आयआर्जन हुने हरेक क्षेत्र आफू एक्लैले खाएर अरु सबै जातलाई भेडाबाख्रा सरह दुर्बल बनाएपछि के मिलीजुली बस्ने अवस्था आउँछ त ? यो कटु सत्यलाई सबैले विचार नगरी नहुने भएको छ ।

किनकि खाई नखाई गरेर सबै जातका मानिसले आ-आफ्ना सन्तान पढाएका र बढाएका छन् । पढेका बाहुनका सन्तान ऐरेगैरेले पनि फटाफट हरक्षेत्रमा रोजगारी पाउने तर तीभन्दा मेधावी र जेहन्दार भए पनि अरु जातिका सन्तान भने बेरोजगार भै भौतारिन र विदेशिन बाध्य हुने ! के यही हो त प्रजातन्त्र ? ऐले हाम्रो नेपाल संसारको सबैभन्दा गरिब देशमध्येको दोश्रोमा गनिन्छ । सदियौंदेखि ऐलेसम्म निरन्तर बाहुनको एकछत्र नेतृत्वमा चल्दै आएको यो देशको त्यो हाल हुनुमा अरु को जिम्मेवार हुने त ? यो कुरा सबै नेपालीले सोचेर चाँडोभन्दा चाँडो नेतृत्व परिवर्तन गर्ने र आफ्ना अंशभाग, को र कसले खाए पचाएको छ भन्ने राम्ररी थाहा पाई त्यसबाट फिर्ता लिने बेला आइसकेको छ ।

उपरोक्त कुरालाई मध्यनजर राखी आफ्नो हक-अधिकार मान-मर्यादा पुनः प्राप्तिको लागि निम्न कुराहरूमा ध्यान दिन सम्पूर्ण नेपाली दलित एवं शोषित समुदायसँग यो समारोह आयोजक समितिले आह्वान गर्दछ ।

१. सबै नागरिकले देशका हरेक क्षेत्रमा जनसङ्ख्याको अनुपातमा अंश भाग पाउनु मात्र प्रजातन्त्र हो भन्ने कुरा राम्ररी बुझ्ने ।
२. आफै शासन सत्तामा नपुगी कुनै जातिको पनि सर्वाङ्गीण विकास नभएको संसारको इतिहास साक्षी छ । अतः दलित, शोषितले पनि सत्तामा सहभागिता पाउन कम्मर कस्ने । कुनै शासकले पनि ऐलेसम्म आफूखुशी शासितलाई शाासनसत्तामा सहभागिता दिएको उदाहरण छैन । तसर्थ त्यो सहभागिता प्राप्तिको लागि कठोर सङ्घर्षको लागि पनि दलितहरू एकजुट भै तयार रहने ।
३. दलितहरूलाई कसैको दया र भीख होइन, उनीहरूको सयकडौं वर्षदेखि खोसिएको हक र अधिकार चाहिएको छ । राजा र अन्य राजनैतिक पार्टीहरूबाट मनोनित गरी राष्ट्रिय सभामा मात्र पुऱ्याइने दयाको सिट दलितलाई चाहिँदैन । वर्तमान अवस्थामा

२० प्रतिशत जनसङ्ख्या भएका दलितले देशको शासन सत्तामा पनि २० प्रतिशत नै अंश भाग पाउनु पर्छ । जस्तै प्रमुख जिल्ला अधिकारीको ७५ सिटमा १५ सिट दलितले पाउनु पर्छ भने प्रतिनिधि सभाको २०५ सिट र राष्ट्रिय सभाको ६० सिटमा क्रमशः ४१ सिट र १२ सिट गरी जम्मा ५३ सिट दलितले पाउनु प्रजातन्त्र हो भन्ने कुरा राम्ररी बुझ्ने ।

४. दलितको आन्दोलन समानता प्राप्तिको लागि हो । यसको मतलब बाहुन बराबरको समानता हो, क्षेत्री बराबरको होइन । जबसम्म हाम्रो समाजमा सर्वोच्च मानिएका बाहुन बराबर दलित पुग्दैनन् तबसम्म समानताको लक्ष्य पूरा भएको मानिँदैन भन्ने कुरा बुझ्ने ।

५. मुस्लिम देशहरूलाई खुशी पारेर OPEC धनराशि हात पार्ने हेतुले देशको कुल जनसङ्ख्याको केवल २ प्रतिशत मात्र जनसङ्ख्या भएका मुसलमानहरूलाई संसदीय चुनावमा टिकट दिन र मन्त्रिमण्डलमा स्थान दिन राजादेखि राष्ट्रिय स्तरका ठूला पार्टीहरू (कांग्रेस, एमाले) सबै तँछाड् मछाड् गर्नुका साथै अन्य प्रशासनिक, न्यायिक हरेक क्षेत्रमा समेत मान्यता दिई उच्च ओहदासमेत दिएको पाइन्छ । तर २० प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका दलितलाई भने ती सबैले मान्छे नै नगनी न त संसदीय चुनावमा टिकट नै दिएका छन् न कुनै उच्च ओहदा नै । बरु नेपालमा सर्वप्रथम पञ्चायतकालमा समेत मन्त्री पद दिइएका दलितलाई ऐले कुनै पार्टीको सरकारले पनि मन्त्रिमण्डलमा सामेल नगरीकनै सबै जातिको समीकरण भएको मन्त्रिमण्डल गठन गरियो भन्न लाज नमानेको देखिन्छ । त्यसै कारण कुनै व्यक्ति वा पार्टीको गुणगान एवं जयजयकार गरेर दलित जातिको हित संवर्द्धन तथा सर्वाङ्गीण विकास कहिल्यै हुनेछैन भन्ने कुरो कहिल्यै नबिर्सने ।

६. सृष्टिमा जम्मा दुई जात छन्, स्त्री र पुरुष । यी दुईभन्दा अन्य जाति हुनै सक्दैन भन्ने तथ्य सबैले राम्ररी बुझ्ने ।

७. स्वयं आफ्नै उत्पीडनका कारण दलितले धर्म परिवर्तन गर्न बाध्य भएका छन् भन्ने कुरो जानेर पनि बुझ पचाई धर्म परिवर्तनमा

रोक लगाउन जोडदार आवाज उठाउँदै हलो अड्काएर गोरु पड्काउने काम ब्रह्माणवादीले जो गरिरहेका छन् त्यसको कडा विरोध गर्ने ।

८. पुस्तौंदेखि समाजमा व्यावहारिक रूपमा वैधता पाएको छुवाछुत प्रथा एकै चोटी हटाउन सकिँदैन, विस्तारै हट्छ भनी ब्रह्मणवादीले दलितलाई थाङ्ग्रामा सुताउने कोसिस गरेको पाइन्छ । यसरी आफ्ना अंशियार भाइ हिन्दूधर्मी दलितलाई भने विस्तारै हुन्छ भनी पर्खन लगाउने ती ब्राह्मणवादी स्वयंले आफ्नी छोरीचेली विधर्मी अमेरिकन, बेलायती, जर्मनी, इरानी, पाकिस्तानी, जापानी आदि इसाई मुसलमानलाई सुम्पेर ज्वाइँ बनाउने र ती विधर्मीका छोरीचेली आफ्ना छोराले ल्याउँदा बुहारी बनाई भित्र्याउनुका साथै ती बुहारीबाट जन्मेका सन्तानलाई विशुद्ध आफ्नै वंश सन्तान बनाउने काम भने तुरुन्ता तुरुन्तै गरिरहेका छन् ? त्यस कामलाई पनि विस्तारै हुन्छ भनी किन पर्खेका छैनन् ? यस कुराको कडा विरोध गर्ने ।

९. जबसम्म उत्पीडित वर्ग स्वयं संगठित भै हरप्रकारको सामाजिक उत्पीडन र राज्यका कानुनी अड्चनहरूको प्रतिकार गर्दैनन् तबसम्म उनीहरूप्रतिको अन्याय नहट्ने कुरा राम्ररी बुझेर विभिन्न पार्टीगत हिसाबले विभाजित रहे तापनि आम दलितलाई असर पार्ने समस्या आइपरेको बेला दलितहरू निःशर्त एक ढिक्का भै सङ्घर्ष गर्न तत्पर रहने ।

१०. नेपालमा जागिर एवं रोजगार पाउन गाह्रो छ भनी सजिलै विदेशिने दलितहरूको प्रवृत्तिले उनीहरूको अंश भाग अरु जातिले खाने निर्विरोध मौका पाएको देखिन्छ । अतः आफ्नो योग्यताअनुसारको नोकरी रोजगारीको लागि स्वदेशमै अंश भाग लिन सङ्घर्ष गर्ने बानी बसाल्ने ।

यो राष्ट्रिय समस्यालाई बेवास्ता गरेमा भोलिका दिनहरूमा यो देश पनि छिमेकी मुलुक श्रीलंका-तमील र सिंहाली जातिहरूको समस्यामा फँसे झैँ ठूलो समस्यामा नफँस्ला भन्न सकिन्न । त्यसबाट बच्न र देशमा शान्ति सुव्यवस्था कायम राख्दै सबैको सर्वाङ्गीण विकास गर्न देशका सबै

बुद्धिजीवी, शासनमा बसेका शक्तिशाली बाहुन जातिका पदाधिकारीहरू एवं सरकार समेतबाट युग अनुकूल कदम चालेर दलितलगायत सबै जातले आ-आफ्नो अंशभाग पाउने सजिलो उपाय सोचियोस् र तुरुन्त कदम चालियोस् भन्ने अनुरोध गर्दै यो आयोजक समितिले उहाँहरूसँग निम्न कुराहरूको समेत अपेक्षा राखेको छ ।

१. तेश्रो आम चुनावपछिको पहिलो संसद अधिवेशन चलेको महिनौं भैसक्दा पनि विभिन्न पार्टीहरूले दलितहरूसँग ठाउँ ठाउँमा गरेका वचनबद्धताअनुसार दलितलाई शासनका हरेक क्षेत्रमा दिनु पर्ने अंश भाग दिनका निमित्त ल्याइनु पर्ने आरक्षण बिल ऐलेसम्म सदनमा पेश नहुनु दुःखको कुरो भएको छ । सो बिल तुरुन्त सदनमा पेश गरियोस् ।

२. शासन सत्तामा सहभागितालगायत अन्य राजनैतिक, शैक्षिक, आर्थिक, सामाजिक हरेक क्षेत्रमा दलितको लागि २० प्रतिशत अंशभाग(कोटा) छुट्याइयोस् र त्यस्ता कोटामा आवश्यक योग्यता पुगेका दलित जातिका उम्मेदवारहरूबीच मात्र खुल्ला प्रतिस्पर्धा गराई छनोट गर्ने व्यवस्था गरियोस् ।

३. आफ्नो देशका दलितलाई मान्छे नै नगन्ने र कुकुरलाई भन्दा नीच व्यवहार गर्ने शासकहरूबाट भारतका दलित जातिका राष्ट्रपति महामहिम के.आर.नारायणनलाई राजदरबारदेखि पशुपतिनाथको मन्दिरसम्म भित्र्याउने र सनातनी रूपमा भात भान्सा चलाउने जो काम गरियो त्यसको लागि धन्यवाद छ । हामी स्वदेशी दलितप्रति पनि मौकामा त्यस्तै समानताको सद्व्यवहार गरियोस् र शाही सेनामा कार्यरत दलित जातिका सैनिकहरूलाई छुट्टै बसालेर खुवाउने प्रचलन तुरुन्त हटाई निजहरूलाई पनि शाही सेनाको भान्साभित्र बिनाभेदभाव सामेल गराइयोस् ।

४. देशका सरकारी सञ्चार माध्यमबाट साविकमा दिने गरेको धुम्रपान एवं मदिराको विज्ञापन हटाई त्यसको सट्टा धुम्रपान एवं मदिरा विरोधी विज्ञापन प्रसारण गरेजस्तै विद्यालय, महाविद्यालयमा हाल पढाइने पाठ्यपुस्तकमा संस्कृति जगेर्नाको नाममा राखिएका जातिपाति समर्थित सामग्रीहरू हटाई त्यसको सट्टा जातिपाति व्यवस्था विरोधी रचना सामग्रीहरू राख्नुका साथै राजा पृथ्वीनारायण

शाहदेखि मुख्तियार भीमसेन थापाको शासनकालसम्म नेपालको एकीकरण अभियानमा आर्थिक सल्लाह दिएर योगदान गर्ने विषे नगर्ची, वीर रसका गीत गाएर जनतामा युद्धप्रति जोस-जाँगर जगाई योगदान गर्ने मणिराम गाइने, पल्टनलाई आवश्यक पर्ने खुकुरी, बन्दुक, तरबार, तोप आदि हातहतियार बनाएर योगदान गर्ने जसवीर कामी, ती हातहतियार र सैनिकको लागि आवश्यक दाप, झोला, पेटी, जुत्ता आदि छालाका वस्तु बनाएर योगदान गर्ने कालु सार्की र नेपाल-अङ्ग्रेज युद्धको बेला अङ्ग्रेजहरूलाई गुप्ती बाटो नबताई परम देशभक्ति देखाएवापत शत्रुबाट मकवानपुरमा मारिएका शहीद बाङ्गे सार्कीसमेत दलित जातिका गौरवहरूलाई सरकारले राष्ट्रिय विभूति घोषित गरी उनीहरूको जीवनी विद्यालय र महाविद्यालय स्तरका पाठ्यक्रममा समावेश गराई पठन पाठन गराइयोस् । रेडियो नेपालको विज्ञापन सेवामार्फत् ऐले एक्सन एड (आई.एन.जी.ओ.) को सहयोगमा दलित सेवा संघबाट साप्ताहिक प्रसारण हुने गरेको दलित जनजागरण कार्यक्रमको अतिरिक्त त्यस प्रकारका कार्यक्रमहरू सरकारी तवरबाटै ने.टी.भी. र रेडियो नेपालमार्फत् दैनिक प्रसारण गरियोस् । साथै ती सञ्चार माध्यमबाट हालसम्म प्रचारप्रसार भैरहेका ब्रह्मणवादलाई बढावा दिने खालका धार्मिक कार्यक्रम एवं हिन्दी धारावाहिकलाई बन्द गरियोस् ।

५. छुवाछुतको कारणले शहर बजारका डेरामा, गोर्खा-कालीलगायतका मन्दिर प्रवेशमा, सरकारी दूध संकलन केन्द्रमा, सिन्धुपाल्चोक आदि ठाउँका होटल, पसल, पानी पँधेरामा, स्कुलमा, सुदूर पश्चिमाञ्चलका सरकारी कार्यालयसमेतमा भेदभाव कायमै छ। लाखौंलाख दलितले दिनैपिच्छे ठाउँ ठाउँमा पिटाई र उत्पीडन भोग्नु परेकै छ । यस्ता भेदभावलाई कानुनले दण्डनीय माने पनि अभियुक्तलाई दण्ड गरिएको प्रेरक दृष्टान्त ऐलेसम्म न्यायालयबाट पाउन नसक्नु दुःखको विषय भएको छ । यसबारे न्यायपक्षमा बोल्दा अधिसङ्ख्यक ब्राह्मणवादीहरूको भोट कट्ला भनेर डराई प्रभावशाली राष्ट्रिय पार्टीहरू सबै मौन बस्ने गरेका देखिन्छन् भने सरकारी भूमिका एकदमै नकारात्मक पाइन्छ। यो देश भँडुवा र राष्ट्रघाती प्रवृत्ति हो । त्यसै कारण ती पार्टी र सरकारबाट त्यस्ता केसमा तुरुन्त न्यायपक्षमा

बोल्ने र निर्णय दिने बानी बसालियोस् जसले गर्दा समाज तीव्र गतिले सुध्रिनेछ र देशमा शान्ति सुव्यवस्था कायम हुनेछ ।

६. सार्वजनिक स्थलमा गरिने छुवाछुत भेदभावविरुद्धको मुद्दालाई सरकारवादी मुद्दा मानियोस् र अन्यायीलाई फाइदा पुऱ्याउन मुद्दालाई लम्ब्याउने हालसम्म चलिआएको परिपाटी त्यागेर यस्ता मुद्दाको छिटोभन्दा छिटो कारवाही किनारा गरी अन्यायीलाई दण्ड दिई समाज सुधार्ने काम गरियोस् ।

७. दलितहरूको खुनपसिनाबाट उठाइएको सरकारी राजस्व रकमसमेतबाट वाल्मीकि संस्कृत महाविद्यालय, पिण्डेश्वर संस्कृत पाठशाला, हरिहर संस्कृत पाठशाला, स्वर्गद्वारी आश्रम संस्कृत पाठशाला आदि देशभरि छरिएर रहेका विभिन्न संस्कृत पाठशाला एवं महेन्द्र संस्कृत विश्वविद्यालयमा देशको शासक जाति एवं हर प्रकारले समर्थ बाहुनका सन्तानलाई नै झन् शुरु कक्षादेखि विद्यावारिधिसम्म सित्तैमा खान, लाउन, बस्न, पढ्नसमेत पाउने व्यवस्था गरिएको छ । त्यहाँ अध्ययन गराई तयार पारेर देशका विभिन्न सरकारी गैरसरकारी कार्यालयहरूमा निम्नदेखि उच्च पदसम्ममा नियुक्ति पाउन सहयोग पुऱ्याइएको छ । त्यतिले मात्र नपुगी रहेपहेका छुटपुटले समेत रोजगारी पाऊन् भन्ने उद्देश्यले संस्कृत शिक्षालाई अनिवार्य गरेर स्कुलैपिच्छे १/१ जना संस्कृत शिक्षक भर्ना गर्ने अवस्था सृजना गरिएको छ । तर सर्वहारा सुकुम्बासी दलित जातिका छोराछोरीको लागि भने त्यस्तो कुनै व्यवस्था नगरिनु 'अघाएकाले खाने डाँडावारि, भोकाएकालाई डाँडापारि' भन्ने उखानझैँ भएको छ । तसर्थ दलित जातिका विद्यार्थीहरूको लागि पनि ठीक त्यस्तै सरकारी व्यवस्था गरी सित्तैमा उच्च शिक्षासम्म हासिल गर्ने र पढाइपश्चात् सरकारी एवं गैरसरकारी सेवामा स्वतः नियुक्त हुने अवसर प्रदान गरियोस् ।

८. राजनैतिक पार्टीहरूले ऐलेसम्म दलित जातिको समस्यालाई राष्ट्रिय समस्याका रूपमा नलिएको हुनाले ती पार्टीका प्रतिनिधिहरू दलितहरूको सभामा बोलाइएर आई भाषण दिँदाबाहेक अन्य सार्वजनिक सभाहरूमा जाँदा र बोल्दा दलित जातिका समस्याबारे कुनै चर्चा परिचर्चा नै गर्दैनन् । तसर्थ ती पार्टी एवं प्रतिनिधिहरूले यो समस्यालाई राष्ट्रिय समस्याको रूपमा लिनुपर्छ र यसबारे यत्रतत्रका

सभाहरूमा चर्चा गर्ने परिपाटी बसालियोस् जसले गर्दा यो समस्या राष्ट्रिय समस्या भएको बोध सर्वत्र हुनेछ र समाधान गर्न सजिलो पर्नेछ ।

९ दलित समुदायमध्ये केवल १० प्रतिशत मात्र साक्षर छन् भने ८५ प्रतिशत गरिबीको रेखामुनि रहेका छन् । देशको कुल २० लाख कृषि मजदुरमध्ये ८० प्रतिशत दलित छन् । सरकारको नवौं योजनाको मुख्य लक्ष्य गरिबी निवारण गर्नु रहेको छ । आम दलितहरू छुवाछुत र जातीय भेदभावकै कारण गरिब बन्न बाध्य छन् । नेपालको सन्दर्भमा वास्तविक सर्वहारा र सुकुम्बासी भन्नु नै दलितहरू हुन् । तर सरकारबाट सामाजिक कुरीति, अन्धविश्वास र गलत व्यवहार हटाउने तथा दलित समुदायको सर्वाङ्गीण विकास गर्ने हेतुले कुनै ठोस कार्यक्रम तर्जुमा नै गरिएको छैन भने यो देशबाट गरिबी निवारण हुन्छ कसरी ? अतः सरकारबाट यसतर्फ समयमै सोची आवश्यक ठोस कदम चालियोस् ।

१०. नेपाल संयुक्त राष्ट्र संघको सदस्य हुनाले त्यस संघले मानवाधिकार र जातीय भेदभाव उन्मूलन सम्बन्धमा जारी गरेको घोषणा पत्रानुसारको कार्यक्रम हाम्रो देशमा पनि चाँडोभन्दा चाँडो सञ्चालन गरियोस् ।

लेखक/प्रस्तोताः- **डिकबहादुर विश्वकर्मा**

(प्रस्तुत सामग्री ३७ औं नयाँ मुलुकी ऐन तथा सामाजिक एकता दिवस समारोह समिति २०५६ द्वारा सम्पन्न कार्यक्रममा प्रस्तुत कार्यपत्र हो- सम्पादक)

(दैनिक लुम्बिनी २०५६ भाद्र ६ आइतबार, भाद्र ७ सोमबार र भाद्र ८ मंगलबार, बुटवल)

दलित उत्पीडन समस्यालाई हल्का ठान्नु हानिकारक

"जातिपातिको आधारमा भेदभाव गर्नेलाई जरिवाना" शीर्षकमा काठमाडौंबाट प्रकाशित २०५६ भदौ २८ गतेको कान्तिपुर पत्रिकामा छापिएको समाचारअनुसार तनहुँ जिल्लाको पोखरी भञ्ज्याङ्ग गा.वि.स. वार्ड नं. ५ स्थित मगर पूजारी रहने थानी माईको मन्दिरमा मिति २०५४/१२/२८ मा परशुराम परियार, मनबहादुर दुलालसमेतका दलितहरूको जमातलाई पूजा गर्न जाँदा झपटबहादुर थापा, तुलराम थापासमेतका मगर जातिका जमातले परम्परागत छुवाछुत गर्दै मन्दिर प्रवेश गर्न दिएनन् । झगडा बढेपछि दुवैथरि जमात एक अर्काविरुद्ध उजुर गर्न तनहुँ अदालतमा पुगे । सो अदालतले सामाजिक रीतिस्थिति खलल पारेको भन्ने मुद्दामा वादी दावा पुग्न नसक्ने ठहर गरी वादी मगर पक्षलाई जनही रु.१०।- (दश रूपैयाँ) जरिवाना गऱ्यो । सार्वजनिक स्थल मठ मन्दिरमा छुवाछुत गरी प्रवेश गर्न नदिएर संविधान र मुलुकी ऐनको मर्म विपरीत काम गरी जनताको मौलिक हक र अधिकार हनन् गरेको भन्ने वादी परशुराम परियार र मनबहादुर दुलालसमेतको मुद्दामा तुलाराम थापासमेत मगर पक्षका ९ जनालाई दोषी ठहऱ्याई जनही रु. ५०।- (पचास रूपैयाँ) जरिवाना गर्ने फैसला गऱ्यो ।

झगडिया दुबै पक्ष मिति २०५५/३/१५ मा जिल्ला प्रशासन कार्यालय तनहुँसम्म पुग्दा पनि सहमति हुन नसकेपछि बाध्य भएर मिति ०५५/११/१९ मा अदालतमा पुगेका थिए । दलितहरूले संविधान र कानुनबमोजिम धार्मिक सभा समारोह र मठ मन्दिरमा उपस्थित हुन पाउने सुरक्षित अधिकारको हनन् भएको भनी उक्त मन्दिरको तालासमेत फोरी

परम्पराअनुसार मगर पूजारी नै राखेर पूजा चलाएको कुरा उल्लेख गरिएको सो समाचारमा दलितहरूको पक्षमा लाग्ने धमनसिंह आले, इन्द्रबहादुर रिलामी र भक्तबहादुर सिंजाली मगरका तीन घर परिवारलाई समेत अन्य १ सय ६ घर परिवारका मगर समुदायले आफ्नो गुठीबाट निकाला गरेको कुरा उल्लेखित छ ।

सो समाचार व्यहोरा सरसरी हेर्दा धार्मिक सभा समारोह, मठ मन्दिरजस्ता सार्वजनिक स्थलमा संविधान र कानुनको मर्मविपरीत आचरण गर्दै छुवाछुत गर्ने देश र समाज भँडुवा अभियुक्तहरूलाई अदालतले खुद निजहरूवादी रहेका मुद्दामा समेत सजाय दिएको र निजहरू प्रतिवादी रहेको मुद्दामा पनि सजाय दिएर दलितहरूको न्याय पक्षमा फैसला गरेको हुँदा कुरो टुङ्गिएको देखिन्छ । तर दलितहरू पनि मान्छे हुन् र यो देशका अन्य मान्छेसरह हरेक क्षेत्रमा बराबरीका अंशियार हुन् भन्ने सत्यलाई नछोड्ने हो भने यो कुरालाई त्यति सजिलै टुङ्ग्याउन मिल्दैन ।

यो फैसलाउपर गम्भीरतापूर्वक विचार गर्दा फैसला गर्ने न्यायाधीश स्वयंको व्यक्तिगत नियतमा दलितहरूप्रति मनुवादी दुराग्रह र खोट भएको प्रष्ट देखिन्छ । कानुनले दलितलाई मन्दिर प्रवेश गर्नबाट रोक्न नपाइने प्रष्टै पारेको हुँदा यस केसमा न्यायाधीशले मन्दिर प्रवेश गर्न पाउने गरी दलितको पक्षमा फैसला दिनु निजको बाध्यता थियो । त्यसकारण यस कुरामा दलितले न्यायाधीशप्रति आभारी हुनुपर्ने प्रश्नै उठ्दैन । न्यायाधीशको सदाग्रह र दुराग्रह छुट्याउन सकिने मापदण्ड केवल तजबिजी रूपमा रहेको दण्डसजाय व्यवस्था हो, जसमा न्यायाधीशले दलितहरूको पूर्णतः उपेक्षा गरेको पाइन्छ । हो, यससम्बन्धी दण्ड सजायको कानुनमा “सम्म” भन्ने तजबिजी शब्दको व्यवस्था गरेर कानुनले तोकेको परिधीमा रही थोरै धेरै जति मन चाहे सजाय गर्न सक्ने एकलौटी अधिकार न्यायाधीशलाई दिएको छ । तैपनि दलितहरू कोही कुकुर, बिराला, भ्यागुता, मुसा त होइनन् कि यिनीहरूलाई गरेको मर्मतोड अपमानको दण्डसजाय आजकलको जमानामा पनि केवल १० रूपैयाँ र ५० रूपैयाँ गर्नु मनासिव होस् ।

मान्छेले मान्छेलाई कुकुर, बिरालोसमेत सहजै जाने ठाउँमा पस्न र बस्न नदिई रोक्ने, हेप्ने र अपमान गर्ने कुरालाई त्यति हल्का र हचुवा पाराले हेर्नु र व्यवहार गर्नु स्वयंमा अन्यायपूर्ण ठहर्छ । त्यस्तो गम्भीर केसमा यथार्थ न्यायको जिम्मा लिएर बसेको अदालतजस्तो सम्मानित संस्थाले अन्यायी

पक्षलाई अति तुच्छ रकम जनही केवल रु. १०।- र रु.५०।- जरिवाना गर्नुले दलितहरूलाई हेप्नु र अपमान गर्नु कुकुर, बिरालालाई अपमान गर्नु बराबर ठानेर अति हल्का र हचुवा पाराले निर्णय गरेको ठहर्छ । यो त ठिक मनुस्मृतिअनुसार भयो, जसमा भनिएको छ कि एउटा शूद्रलाई मार्‍यो भने एउटा भ्यागुतो मारे बराबरको पाप लाग्छ । यस्तो निर्णय दलित एवं समाजकै लागि दुर्भाग्यपूर्ण हुन्छ ।

सामान्यतयाः जति धेरै आर्थिक एवं शारीरिक दण्ड हुन्छ अपराधी, अपराध गर्न त्यति नै हच्कन्छ भने थोरै सजाय गर्दा झन् हौसिन्छ । प्रस्तुत केसको लागि प्रचलित मुलुकी ऐन अदल महलको दफा नं. १० (क) मा "कसैले कसैलाई जातिपातिको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन सक्नेछ" भन्ने प्रष्ट उल्लेख भएकोले सम्मानित अदालतले चाहेको भए अन्यायीहरूलाई सोबमोजिम सजाय सहजै हुने थियो । देश, काल, परिस्थितिको मागअनुसार पनि त्यसरी छुवाछुत गर्ने अन्यायीहरूलाई कडाभन्दा कडा सजाय गरिनु अनिवार्य देखिन्छ, किनकि जमानाका प्रभावले अबका दलितहरू त्यस्तो अपमान सहेर, दबेर बस्ने स्थितिमा छैनन् । अन्यथा विवाद स्वतः चर्किन्छ र चर्किँदै र बढ्दै जान थाल्यो भने भोलिका दिनमा यो देशको स्थिति छिमेकी मुलुक श्रीलंकाका तमील र सिंहालीहरूको जस्तो हुन सक्ने तीतो सत्य स्वीकार्नै पर्छ । भविष्यको त्यस्तो खतराबाट बच्न छुवाछुत गर्ने अन्यायी पक्षलाई शुरु कारवाहीमा नै दबाउन र हतोत्साही गर्नु नितान्त जरुरी छ । त्यसरी एक ठाउँका अन्यायीलाई दबाएमा त्यस दृष्टान्तले त्यस्तै अन्याय गर्ने मनस्थितिमा रहेका अडोसपडोस् सयौं ठाउँका अन्यायीहरू हच्कन्छन् । फलतः छुवाछुत प्रथाले यो देशबाट सतिप्रथा, बहुविवाह प्रथा र अनमेल विवाह प्रथाले विदा लिएझैँ छिटोभन्दा छिटो विदा लिनेछ । तबमात्र सबै नेपाली एकजुट भएर मिलीजुली बस्नेछन् र देशको वास्तविक विकासले द्रूत गति लिनेछ । तर त्यसो नगरी केवल १०।-, २०।-, ५०।- रूपैयाँ मात्र जरिवाना गरिन्छ भने भोलिका दिनहरूमा ऐरेगैरे नत्थु खैरेले पनि दलितलाई छुवाछुत गर्ने, हेप्ने र अपमान गर्नेछन् । फलतः झगडा दिन दुगुना रात चौगुनाको हिसाबले बढ्नेछ र निकट भविष्यमै यो देश श्रीलंकाको स्थितिमा

पुग्नबाट कसैले रोक्न सक्ने छैन । अतः यो कुराको गाम्भीर्यलाई न्याय दिने कुर्सीमा बसेका अधिकारीहरूले राम्ररी विचार गर्नेछन् । अब उप्रान्त ऐनमा उल्लेखित "सम्म" शब्दको तजबिजी अधिकारको दुरूपयोग नगरी मान्छेले मान्छेलाई सार्वजनिक रूपमा अपमान गर्नु ठूलो अपराध हो भन्ने सम्झेर यस्ता केसमा अन्यायीलाई एक वर्ष कैद वा तीन हजार रूपैयाँ जरिवाना वा दुबै सजाय हुने फैसला गर्नेछन् भन्ने नेपाली दलितहरूले अपेक्षा राखेका छन् ।

यस सम्बन्धमा यत्तिमै कुरो टुङ्ग्याउन अझै नमिल्ने देखिन्छ । 'मनुवादीहरूबाट शदियौंदेखि दलितहरूजस्तै मङ्गोल पनि शोषित पीडित हुँदै आएको हुनाले दलितको र मङ्गोलको पीडा एउटै हो । त्यसकारण मनुवादीहरूको अत्याचार र उत्पीडनबाट मुक्त हुन दलित एवं मङ्गोल सधैं एकजुट भई सङ्घर्ष गर्नुपर्छ' भनेर आ-आफ्ना विभिन्न सभा समारोहहरूमा दिनहुँ भाषण छाँट्ने नेपाल मगर संघ, नेपाल राष्ट्रिय जनमुक्ति पार्टी आदि मङ्गोलका विभिन्न संघ संस्था र राजनैतिक पार्टीहरूले पनि उपरोक्त केसमा थाहा नपाएझैं गरेर एक शब्द नबोली चुपचाप बसेको देख्दा नेपाली दलितहरू आश्चर्यचकित छन् । काँग्रेस, एमाले, मसाल, रा.प्र.पा, आदि बाहुनबहुल पार्टीहरूले त खुद आफ्नै पार्टी कार्यकर्ताहरूले दलितलाई मठ मन्दिरमा पस्न नदिंदा, धारा पँधेरामा छोइछिटो गर्दा, दूध संकलन केन्द्रमा छुवाछुत व्यवहार गर्दा, होटल पसल आदि ठाउँ ठाउँमा छुवाछुत गर्दा अक्सर परिरहने झैंझगडामा दलितको पक्षमा एक शब्द बोल्दैनन् । उल्टै अन्यायी पक्षको पृष्ठपोषण गर्दै "यसरी आत्तिनु भएन, यो छुवाछुत विस्तारै हट्छ...." आदि चिप्ले कुराले सम्झाउँदै दलितलाई थाङ्ग्रामा सुताउने प्रयास गर्छन् वा मौन बस्छन् । त्यस्तो व्यवहार भोग्दै व्यहोर्दै आएका दलितहरूले उनीहरूबाट यस केसमा आफ्ना पक्षमा बोल्लान् वा अन्यायी पक्षलाई दबाबमूलक पाराले सम्झाउलान् कि भन्ने आशै गरेका थिएनन् । यो केस त खाटी मङ्गोल जातिका मगरहरूले सार्वजनिक स्थलमा सामूहिक रूपले छोइछिटो गरेको र प्रकाशमा आएको पहिलो केस भएकोले यसमा ती मङ्गोलबहुल संघसंस्था र पार्टीहरूले मौनता साँधेर बस्नु किमार्थ नहुने देखिन्छ । यसमा उनीहरूलाई दलितको पक्षमा बोल्न सजिलो पनि छ किनकि,

(१) यो छुवाछुतको घृणित व्यवस्था मङ्गोलहरूको मौलिक

व्यवस्था नभई भारतबाट आएका मनुवादीले 'फुटाऊ र शासन गर' नीतिअनुरूप उनीहरूलाई सिकाएको व्यवस्था हो ।

(२) मङ्गोल र दलित दुबै एकै ब्राह्मणवादी व्यवस्थाबाट पीडित भएकोले त्यो उत्पीडनबाट फुत्कन दुबैले आपसमा मिलीजुली सङ्घर्ष गर्नु पर्छ भन्ने कुरा स्वयं उनीहरूबाट नै ठाउँ ठाउँका प्रत्येक भाषणमा भन्ने गरिन्छ ।

(३) प्रस्तुत केसमा मगर समुदायकै ३ घर मगर परिवारले दलितलाई साथ दिएका छन् र उनीहरूलाई समेत अन्यायी पक्ष १०६ घर मगर परिवारले सामाजिक बहिस्कार गरेका छन् ।

(४) मङ्गोलहरूको थानमा बाहुनहरूको मन्दिरमा झैँ छुवाछुत गरिँदैन । यसको उदाहरण भदौ २८ गतेको कान्तिपुर पत्रिकामा प्रकाशित "एउटै घरमा बाउन्न वटा चुल्हो बल्ने गर्दथ्यो" शीर्षक समाचारमा समेत उल्लेखित छ । जसअनुसार धनकुटा नगरपालिका वडा नं. ५ बिहीबारे हटियामा रहेको आठ पहरिया राईहरूको मुख्य थान 'मार्गा देवी थान' मा सबै जातजातिलाई समानरूपले प्रवेश दिइन्छ ।

यस कुरालाई मध्यनजर राखी ती मङ्गोलबहुल संघसंस्था र पार्टीहरूले अब उप्रान्त यस्तो छुवाछुत सम्बन्धी केसमा मौनता त्यागी तुरुन्त दलितका पक्षमा आवश्यक कदम चालिहाल्नेछन् भन्ने अपेक्षा नेपाली दलितले लिएका छन् ।

(दैनिक लुम्बिनी, २०५६ असोज १६ आइतबार, बुटवल)

हलो अड्काएर गोरू पड्काउने काम नगरियोस् !

काठमाडौंबाट प्रकाशित ०५६ भदौ २७ गतेको दैनिक कान्तिपुर पत्रिकामा छापिएको "जागिर नखाई घर नफर्कने पीडित हितबहादुर" शीर्षक समाचारले देशका जागरुक एवं दलित उत्पीडनविरुद्ध सङ्घर्षशील दलितहरूबीच असन्तोष र सनसनी फैलिएको छ ।

समाचारअनुसार सगरमाथा अञ्चल खोटाङ्ग जिल्ला दुवपुल गा.वि.स. वडा नं. ६ निवासी हितबहादुर घले सार्कीले गाउँका साहु महाजनको घरमा हली, गोठालो बसेर गाउँकै हाई स्कुलबाट एस.एल.सी. पास गरेपछि साहुसँग १ हजार ऋण लिएर विराटनगर गई मोरङ्ग क्याम्पसमा भर्ना भएर कुल्ली काम गर्दै आई.ए. पास गरे । त्यसरी कुल्ली र मजदुरी गरेर बि.ए.पढ्न असम्भव देखी नोकरी गर्ने विचारले उनले जागिर खोज्न थाले । अरु दर्जाको जागिर पाउन सम्भव नदेखेर पियन पदमै भए पनि नोकरी गर्ने विचारले १०/१२ वटा कार्यालयमा अन्तर्वार्ता दिए । अन्तर्वार्ता लिने हाकिम सबै कथित ठूला जातिका हुनाले अन्तर्वार्ताका क्रममा उनी सार्की जातको भन्ने थाहा पाउनासाथ उनलाई अरु कुनै कुरै नसोधी 'ल अब तिमी जाऊ' भनी पठाइहाल्ने र स्वतः फेल गरि दिनाले उनले ऐलेसम्म कतै जागिर पाउन सकेका छैनन् ।

ती हितबहादुर सार्कीको समस्या ऐले नेपालका सम्पूर्ण दलितहरूको यथार्थ स्थितिको चित्रण बनेको छ । जमानाका प्रभावले उर्लंदो शैक्षिक चेतनाको लहरको प्रभाव नेपाली दलितहरूमा पनि स्वतः परेको

छ । फलस्वरूप के गाउँ, के शहर देशको कुनाकाप्चासमेतका अधिकांश दलितहरूले साहुको ज्याला मजदुरी गरेरै भए पनि बालक छोराछोरीलाई किताबकापीका झोला बोकाई स्कुल पाठशाला पठाएकाछन् । दलित विद्यार्थीहरूले पनि मेहनतसाथ पढेका छन् । हो ! तीमध्ये अधिकांशले अत्यधिक गरिबीको कारणले पढाइलाई निरन्तरता दिन नसकी ४/५ कक्षामै छोडेर अलपत्र भई साहुकै ज्याला मजदुरी गर्न वा बाउबाजेको परम्परागत पेसा अँगाल्न बाध्य भएका छन् । तर पनि बाँकीले भने जेनतेन पढी एस.एल.सी./आई.ए. पास गरेरै छाडेका छन् ।

फगत् नाङ्गो शरीर लिएर संस्कृत पाठशालामा देखिन पुग्ने आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक हरेक दृष्टिले समर्थ बाहुन जातिका छोराछोरीलाई सरकारी खर्चबाट सित्तैमा लाउन, खान, बस्नका साथै अति उच्च कक्षासम्म पढ्न र पढाइपश्चात् नोकरी गर्नसमेतको सुविधा प्रदान गरिरहेको वर्तमान नेपाल सरकारले शदियौंदेखि प्रताडित उत्पीडित दलित जातिका छोराछोरीलाई पनि त्यस्तै व्यवस्था गरी पढाउनु एवं नोकरीको समेत सुविधा प्रदान गर्ने जिम्मेवारी र दायित्व लिनु पर्ने हो । तर सरकारले पढाउने दायित्वप्रति त बेवास्ता गरेको छ नै कमसेकम आफैले अनेकौं कष्ट भोग्दै त्यसरी पढेका दलितलाई नोकरी रोजगारीको विशेष अवसर त प्रदान गर्नुपर्ने हो । त्यो पनि नगर्ने उल्टै अन्तर्वार्तामा समेत जात सोधी जतिसुकै योग्य भए पनि दलित उम्मेदवारलाई निरुत्साहित पारी फेल गर्ने तर कथित ठूला जातिका आफ्ना उम्मेदवारलाई भने ऐरेगैरे नत्थुंखैरे भेडाबाख्रा चराउने गोठाला जस्ता भए पनि पास गराई नियुक्ती दिने गर्नु कहाँसम्मको अन्याय अत्याचार हो ? के यही हो त प्रजातन्त्र ? नोकरी रोजगारी जति सबै कथित ठूला जातका सन्तानले मात्रै गर्ने खाने, हितबहादुर सार्कीजस्ता दलितका सन्तान भने जतिसुकै योग्य भए पनि बेरोजगार हुन बाध्य भै भोकभोकै मर्नु पर्ने ! के यही हो त समाजवाद ! नेपाली उखान “मर्नुभन्दा बहुलाउनु निको” तथा हिन्दी कहावत् “मरता क्या न करता” अनुसार भोकभोकै मर्नुपर्ने अवस्था आएपछि मान्छेले जे पनि गर्ने आँट गर्छ अनि जन्मन्छ विद्रोह ! एकातिर हितबहादुर जस्तालाई विद्रोही बन्न आफैले बाध्य पार्ने, अर्कोतिर विद्रोहीलाई संविधानको दायराभित्र आउन आह्वान पनि गर्ने ! के यसै गरी सजिलै समस्याको समाधान होला त ? त्यसरी विद्रोही बन्न बाध्य भएका हितबहादुरहरूलाई

आह्वान गर्नुअघि उनीहरू किन विद्रोही बने ? स्वेच्छाले बने कि बन्न बाध्य पारियो भन्ने कुरा राम्ररी विचार गरिनु पर्‍यो । यदि आह्वानअनुरूप दायराभित्र आइहालेमा ती हितबहादुरहरू सजिलै अटाउन र शान्तिपूर्वक मिलीजुली बस्न सक्ने फराकिलो दायरा आफ्नो विधान र व्यवहारमा विद्यमान छ कि छैन, त्यो कुरा यो देशका जिम्मेवार शासकहरूले राम्ररी सिंहावलोकन गर्नु पर्‍यो । त्यसैअनुरूप आफ्नो व्यवहार र विधानसमेतलाई सच्याउनु, संशोधन गर्नु पर्‍यो । तब मात्र आह्वान गर्न सुहाउँछ ! त्यसो नगरी मेरो गोरुको बाह्रै टक्का भन्ने उखानजस्तै आफ्नो व्यवहार र विधान भने केवल आफ्नै मात्र स्वार्थपूर्ति गर्ने गरी पूर्ववत् र यथावतै राख्ने, त्यसैमा समाहित हुन हितबहादुरलाई आह्वान गर्ने काम चाहिँ हलो अड्काएर गोरु पड्काउने जस्तै हुनेछ । त्यस्तो काम जनताको आँखामा छारो हाल्नु र अमूल्य समय खेर फाल्नु सिवाय अर्थोक केही हुन्न । हितबहादुरहरूबाट भविष्यमा आउन सक्ने कुनै पनि खतरादेखि सजिलै बच्न र देशमा अमन चैन, शान्ति, सुव्यवस्था कायम राख्न साँच्चै चाहने हो भने “म खाऊँ मै लाऊँ.... ” वाला परम्परागत नीतिलाई च्यात्तै त्यागेर हितबहादुरहरूले पनि जनसङ्ख्याको अनुपातमा समाजिक, आर्थिक, राजनैतिक प्रशासनिक एवं शैक्षिक क्षेत्रमा आ-आफ्नो अंश भाग सजिलै पाउन सक्ने गरी पूर्णसमानुपातिक आरक्षणको व्यवस्था तुरुन्तै गर्नुपर्ने बेला आइसकेको छ । सम्बन्धित सबैमा समयमै होस आओस् !

(दैनिक लुम्बिनी, २०५६ कार्तिक ११ बिहीबार, बुटवल)

स्व. थर्कबहादुर गहतराज र राधास्वामी सन्त मार्ग

सबै सांसारिक प्राणीसरह मानिस पनि जन्मेपछि एक दिन मर्नैपर्छ तापनि जीवनभर आफ्नै दुनो सोझ्याउने चिन्तामा मात्र लीन भई पशुपंक्षी र किरा फट्याङ्ग्रासरह इहलीला समाप्त पार्ने मानिस अधिकांश हुन्छन् भने आफ्नो साथै अरुहरूको समेत भलो गर्ने, उपकार गर्ने र समाज सुधारको काममा जीवनको धेरै समय बिताउने मानिस कताकति मात्र फेला पर्छन् । त्यस्तै परोपकारी र समाज सुधारक व्यक्तिमध्ये एक थिए- स्व. थर्कबहादुर गहतराज ।

पाल्पा जिल्लाको पूर्वी भेगमा पर्ने हुमिनको सुनारगाउँमा वि.सं. १९७९ साल जेष्ठ ८ गते पिता जुद्धवीर र आमा अरुन्धतीको माहिलो छोराको रूपमा जन्मेका थर्कबहादुर गहतराज सानै उमेरदेखि चलाख र विद्या अध्ययनशील भए पनि त्यसबखत राणाकालमा दलित जातिका मानिसलाई पढ्ने लेख्ने कुरामा अनेक प्रकारका कठिनाइको सामना गर्नुपर्दा आफूलाई दैनिक घर व्यवहारमा चाहिने सामान्य हरहिसाब र लेखपढ गर्न जान्नु सिवाय उनको पढाइ अघि बढ्न सकेन । परम्परादेखि ठूलो जात र साना जातका लागि छुट्टाछुट्टै व्यवस्था गरिएका पँधेराहरूका विरुद्ध राणाकालमा पनि सङ्घर्ष गरी सबै जातका लागि एउटै पँधेरो गराउन सफल भएका तथा हुमिनकोटको जल्पादेवी थान आदि सार्वजनिक स्थलमा हुने गरेको छुवाछुत र थिचोमिचोको विरुद्ध दमाई, सार्की, कामी एकजुट भै स्थानीय नेवार र क्षेत्री बाहुनहरूसँग सङ्घर्ष गर्दै आएका हुमिनका दलितहरूमा रहेको जातीय भेदभावविरुद्ध सङ्घर्ष गर्ने चेतना र प्रेरणा थर्कबहादुर गहतराजलाई विरासतमा मिलेको देखिन्छ । देशका अन्यत्र गाउँठाउँका दलितहरूमा जस्तै हुमिन र त्यस वरपर गाउँका दलित जातिका मानिसहरूमा पनि भैंसी, राँगा, लैना बकेर्ना पाडापाडी, सुंगुर, बाख्री आदि स्त्री जाति चौपायाँसमेत

बाह्रै मास काटेर खानुका साथै बर्सेनि आफैलाई पर्ने अनिकालको समेत वास्ता नगरी आफ्नो घरमा जहान बालबच्चा पाल्नु पर्ने अनाज कुहाएर जाँडरक्सी बनाई सेवन गरी प्रायः सँधैंजसो मातेर बस्ने चलन थियो । कतै सभा समारोहमा जानु पर्‍यो भने पनि जाँडरक्सी नखाई जाने हिम्मतै नगर्ने दलितको बानी देखेर उनी ज्यादै चिन्तित हुन पुगे । जातीय समानता हुनु पर्ने कुरामा निःशर्त ऐक्यबद्ध भै सङ्घर्षशील हुन सधैं तयार रहे तापनि त्यसको लागि चाहिने चोखो र तीखो दिमागलाई भने सधैं रक्सी र मासुले लरबराई राख्ने गर्नु हुमिनका दलितहरूको ठूलो भुल थियो । यदि उनीहरूलाई मासु र मदिरा सेवनबाट मुक्त गराउन सकेमा उनीहरूको आचरण व्यवहारमा स्वतः सुधार हुने र त्यस अवस्थामा चेतनशील दिमागका धनी हुमिने दलितहरूको जातीय उत्थान अभियानले राम्रो गति पाउन सक्ने दृढ अठोट मनमा लिएर थर्कबहादुर गहतराजले आफ्ना जेठा दाजु स्व. श्यामलालसँग गहन विचार विमर्श गरी सर्वप्रथम आफूहरूले नै मांस, मदिरा एवं धुम्रपान छोडेर नमुना बन्ने निर्णय गरे । सौभाग्यवश त्यसैबेला परम्परागत रुढीवादी हिन्दू धर्मको चिरफार गरेर समग्र मानवजाति एक हुन्, कोही ठूलो जात र कोही सानो जात हुँदैन, हिंसा गर्नु, मांस-मदिरा एवं धुम्रपानको सेवन गर्नु मानव मात्रको लागि अनुचित छ, 'सर्वेभवन्तु सुखिनः सर्वेसन्तु निरामया' को भावनाअनुरूप मानिसले चल्नुपर्छ भन्ने उपदेश मानवजातिलाई दिँदै भारतको तत्कालीन पञ्जाब प्रान्तमा पर्ने व्यास भन्ने ठाउँमा रहेका राधास्वामी सन्तमार्गी सत्गुरुको महिमा त्यसतर्फ रहेका आफ्ना नातेदारहरूबाट उनले थाहा पाए । दाजु श्यामलालसमेतको सल्लाहले थर्कबहादुर वि.सं. १९९४ साल मंसिरमा व्यास गई राधास्वामी सन्त मार्ग ग्रहण गरी त्यस मार्गको सम्भवतः नेपालमै पहिलो सत्सङ्गी बन्न पुगे । त्यसको लगत्तै वि.सं. १९९५ मा उनका दाजु श्यामलाल गहतराज पनि व्यास गई राधा स्वामी सन्तमार्ग ग्रहण गरी फर्के ।

त्यसपछि उनीहरू दुई भाइ मिलेर पाल्पा जिल्लाको हुमिन, ताँहु, चिदीपानी, देवीनगर झँडेवा, देउगीर आदि छरछिमेकसमेतका दलितहरूमाझ त्यो सन्तमार्गको जोडदार प्रचारप्रसार गर्दै उनीहरूको आचरण शुद्ध पार्नमा जोड दिए । फलस्वरूप त्यस क्षेत्रका दलितहरू धेरैले मासु, मदिरा छोडे । जसले छोड्न सकेनन् उनीहरूले पनि ती सन्तमार्गीहरूको आचरण व्यवहार देखेर लाज शर्म मानी दिउँसै जाँडरक्सी खाई मातेर जथाभावी बेइज्जती र होहल्ला गर्दै हिंड्ने तथा मृत्यु, भोजमा माछामासु र जाँडरक्सीको सेवन

गराउने बानी च्यात्तै छोडे । यसले गर्दा दलित उत्पीडन समस्या समाधानार्थ पहिलेदेखि नै जागरुक र एकजुट हुँदै आएका ती दलितहरूको लागि सुनमा सुगन्ध थपे झैं हुन गयो । यस कुराको सम्पूर्ण श्रेय निश्चय नै श्यामलाल गहतराज र थर्कबहादुर गहतराज दुई भाइलाई जान्छ । उनीहरूले आफ्नो गाउँमा र अन्य छिमेकी गाउँहरूमा समेत गई प्रायः १५/१५ दिनमा गराइरहने सत्सङ्ग कार्यक्रमले अशिक्षित जनतालाई एकातिर सधैं मातेर बस्ने अनियमित जनजीवनमा सुधार ल्याउने प्रेरणा पुऱ्यायो भने अर्कोतर्फ शैक्षिक चेतनातर्फ पनि उन्मुख गरायो । केही मात्रामा त्यसैको पनि फल होला, यो पंक्तिकारलाई पनि पिता मानबहादुर विश्वकर्मा (सेते सुनार) ले २०११ सालमा तानसेनमा पुऱ्याई पढाउन थाल्नु भयो ।

जेठा दाजु श्यामलाल गहतराज सन्त मार्गकै प्रचार प्रसारमा बढी लिप्त रहेको अवस्थामा त्यो सन्तमार्गप्रति दलितहरूभन्दा पनि त्यस भेगका कथित सवर्ण जातिका मानिसहरू बढी आकर्षित भै सो मार्ग ग्रहण गरी प्रचारप्रसार गर्न थाले । फलतः नेपालमा पहिलोपल्ट वि.सं. १९९४ मंसिरमा पाल्पा हुमिनका केवल १ जना थर्कबहादुर गहतराज मात्रले लिएको त्यो राधास्वामी सन्तमार्ग ऐले विस्तार भै पाल्पा, काठमाडौं, बुटवल, चितवन, पोखरा, भैरहवा आदि नेपालका प्रसिद्ध ठाउँहरूमा करिब २० हजार व्यक्तिले ग्रहण गरिसकेका छन् । हाल नेपालभरि त्यस मार्गका ४० वटा केन्द्र र उपकेन्द्र स्थापना भैसकेका छन् भने काठमाडौं गोंगबु नजिक सामाखुसीमा २४ रोपनी जग्गा लिई सत्सङ्ग घर बनाइएको छ । सत्सङ्ग घरको लागि चितवन जिल्लाको टाँडी पर्सामा २ विघा, रूपन्देही जिल्लाको योगीकुटी क्षेत्रमा ६ विघा जग्गा लिइएको छ भने बुटवल नगरपालिका-११ टी.सी.एन. पछाडि ईंट्टा भट्टा ठाउँमा २.५ कट्ठा जमिन लिएर सत्सङ्ग सञ्चालन गरिएको छ । ऐले राधास्वामी सन्तमार्गी बुटवल क्षेत्रमा मात्रै करिब १० हजार रहेकाछन् ।

त्यसरी सन्तमार्गमा लागेका स्व.थर्कबहादुर गहतराजले जनसेवा र राजनीतितर्फ पनि उत्तिकै चासो राख्थे । नेपाली दलितका सर्वमान्य क्रान्तिकारी नेता बाग्लुङ निवासी स्व. भगत सर्वजित विश्वकर्मा वि.सं.२००६ साल असारमा बाग्लुङ जेलबाट अड्डासार भै पाल्पा जेलमा राखिएका बखत उनका मित्र तानसेनका दलित नेता स्व.रिपलाल विश्वकर्माको प्रेरणाले थर्कबहादुर गहतराजले उनलाई जेलमा हरसम्भव सहयोग गरे भने १७ महिनाको सजाय काटी जेलमुक्त भएका सर्वजितलाई हुमिनको आफ्नो

घरमा लगेर १० दिन राखे । यसअघि नै सर्वजितको निर्देशनमा सम्पन्न आरनको टुँडो भाँच्ने अभियानमा पनि उनी यथासमय सहभागी भैसकेका थिए । २००७ सालसम्म राणा शासन फ्याँक्न चलेको जनआन्दोलनमा पाल्पा तानसेनका नेताहरू कमलराज रेग्मी, त्रिरत्न बज्राचार्य (हाल स्वर्गीय) एवं पाल्पा लाम्दीखोलाका टंकनाथ काफ्ले (हाल स्वर्गीय) सँग तन, मन, धनले काँधमा काँध मिलाई काम गरे ।

गाउँघरका साहु, महाजन, मुखिया, जिम्मावाल, जाली फटाहाहरूको घर एवं खेतबारीमा राणाकालदेखि चलिआएको बेठी बेगारी काम दलितहरूले पनि सित्तैमा गर्नु पर्थ्यो । फलामका खेतीपातीयोग्य औजार बनाउने कामी, कपडा सिउने दमाई तथा जुत्ता सिउने सार्कीहरूले गाउँगाउँका मगर, गुरुङ, राई, लिम्बू, नेवार, क्षेत्री, बाहुन आदि तथाकथित विष्टहरूका तत्तत् काम ज्याला मजुरी नलिई वर्षभरि गरेवापत यति पाथी कोदो, मकै, धान वा अन्य जुनसुकै अनाज, सेवाको अनुपातमा अति थोरै पाउने गरी 'बाली' ठेकिएको हुन्थ्यो । त्यसरी सेवा गर्दै आएका कामी, दमाई, सार्कीलाई ती विष्टले ठेकिएको बाली दिने बेलामा भने त्यही थोरै बालीमा पनि भुस, ढुङ्गा आदि मिसाएर दिने वा एउटा सानो फलामको खुर्पी वा कपडाको थैली वा छालाको पेटी ल्याइदिनु भनेको रहेछ र कामी, दमाई, सार्कीले त्यो ल्याउन भ्याएनछ भने त्यत्तिका निहुँमा वर्षभरि सेवा गरेबापत पाउनु पर्ने न्यून बाली पनि रोकिदिन्थे । थर्कबहादुरले यस्तो दलित उत्पीडनको कडा विरोध गर्थे, साथै त्यसका विरुद्ध दलित जनजागरण अभियान चलाउँदै गाउँ-गाउँमा घुम्थे । त्यही अभियान सिलसिलामा वि.सं. २००९ सालमा एकपटक थर्कबहादुर गहतराज तानसेनका समाजसेवी नेता त्रिरत्न बज्राचार्यका साथ अन्य २/४ जना साथ लिई ऐलेको झडेवा गा.वि.स.अन्तर्गत पर्ने देउगीरको बगाले गाउँका कामीहरूलाई सम्झाउन पुगे । राणाशासन गएको र प्रजातन्त्र आएकोले साविकदेखि गरिआएको साहु महाजनको बेठी बेगारी पनि गर्नु पर्दैन र विष्टका खेतीपाती एवं घरसारका फलामे औजार आदि अन्य सेवा पनि थोरै बालीमा गर्ने बानी छोडेर आफूलाई पर्ता पर्ने पर्याप्त ज्याला मजदुरी लिएर मात्र गर्नु पर्छ, त्यसो गर्नको लागि पुरै गाउँका कामीहरू एकगठ एकमत हुनु पर्छ भनी सम्झाई बुझाई राती त्यहीं बास बसे । त्यहाँका अबुझ र अविवेकी कामीहरूले थर्कबहादुरको टोलीलाई रातीमा बास पनि दिए, कुरा पनि राम्ररी सुने, पाहुनालाई ख्वाउन सक्ने जति राम्रो खाना पनि ख्वाई राम्ररी सुताए । त्यसपछि ती कामीमध्येका केही टाठाबाठा

भनाउँदाहरू तुरुन्तै त्यस क्षेत्रको तत्कालीन प्रतिष्ठित मानिएको मुखिया जिम्मावाल हिरासिंह रायमाझी क्षेत्रीसँग गई "लौ हजुर हामी त प्रभुहरूका चरणका दास हौं । हजुरहरूको सेवाबिना हाम्रो गुजारै चल्दैन । तर हुमिनका सुनारहरू तानसेनका बाँडासमेतलाई लिएर आज हामीकहाँ आई अब प्रजातन्त्र आयो, तिमीहरूले बाहुन-क्षेत्री आदि ठूलाजातलाई जदौ गर्न पनि पर्दैन, बेठी बेगारी पनि दिन पर्दैन, बालीघरे विष्ट नकमाओ, आफूले बनाउने हरेक औजारहरूको उचित ज्यालामजदुरी तुरुन्तै असुल गरओ भनेर हजुरहरूका विरुद्ध हामीलाई भड्काएका छन्, हामीले उनीहरूलाई राम्ररी खुवाई सुताएर आएका छौं । कसो गरौं ?" भनी चुक्ली लगाउन पुगेछन् । फलतः तत्काल हिरासिंह रायमाझीका लठैतहरूले थर्कबहादुर गहतराजहरू सुतेको घर घेरिहाले । संयोगले रातीको मौकामा भाग्ने उचित बाटो फेला पारी भागेर थर्कबहादुरहरू बल्लतल्ल ज्यान जोगाई अर्को दिन बिहानै हुमिन पुग्न सफल भए ।

यस्ता अनेकौं बाधा अड्चन व्यहोरी काम गरिरहेको अवस्थामा आफ्ना मृतक दाजुभाइको परिवार र सम्पत्तिको हेरचाह गर्नु पर्ने कार्यकारण परी थर्कबहादुर अचानक वि.सं. २०१२ सालमा बाग्लुङ जिल्लाको बिहुँ, ताराखसे भन्ने गाउँमा गई बसोबास गर्न पुगे । त्यहाँ रहेर पनि आफूसक्दो दलित जनजागरण सेवा पुऱ्याउँदै आएका उनी प्रातः स्मरणीय दलित नेताहरू स्व. सहश्रनाथ कपाली, टी.आर. विश्वकर्मा र हिरालाल विश्वकर्माहरूद्वारा काठमाडौंमा गठित एवं संचालित नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को केन्द्रीय सदस्यसमेत भई काम गरे । बेलाबखत उनी आफ्नो जन्मथलो हुमिनमा पनि आइरहन्थे । त्यसै अवस्था २०३६ सालमा पाल्पा जिल्लाको ताँहु गा.वि.स.मा पर्ने रम्भा माध्यमिक विद्यालयका विद्यार्थीहरू पूर्वी पाल्पाको रामपुरटार र स्याङ्जाको चापाकोट टारमा शैक्षिक भ्रमणमा गएको बखत रामपुरको रातामाटा भन्ने ठाउँमा बास बस्दा सबै विद्यार्थी एवं शिक्षकसमेतको लागि खाना पकाउने काममा विवाद पऱ्यो । रामचन्द्र गहतराजको नेतृत्वमा दलित विद्यार्थी सबै कम्मर कसेर खाना बनाउन लाग्दा छुवाछुतको कुरा उठाई मारपिट भई भान्सा रणक्षेत्रमा परिणत भएपछि भ्रमण कार्यक्रम सकेर फर्कनासाथ रम्भा मा.वि.का प्रधानाध्यापक गोपालप्रसाद श्रेष्ठले पूर्वाग्रह राखी उल्टै हुलदङ्गा मच्चाएको आरोप लगाई रामचन्द्र गहतराजलगायतका ७ जना दलित विद्यार्थीलाई स्कुलबाटै रेष्टीकेट गरे ।

त्यस घटनाको विरोधमा थर्कबहादुर गहतराज समेतको नेतृत्वमा हुमिनका दलितहरू, वरिष्ठ दलित राजनीतिज्ञ प्रकाश चित्रकार एवं श्री ५ बाट मनोनित तत्कालीन रा.पं.स.टी.आर. विश्वकर्मासमेतको सक्रिय सहयोग लिई अञ्चलाधीश कार्यालय बुटवल एवं राष्ट्रिय पञ्चायत सभासमेतमा डेलिगेशन गई त्यो दलित उत्पीडन केसलाई राष्ट्रिय समस्या र चासोको विषय बनाइयो । त्यसबाट आत्तिएका छुवाछुतवादी विपक्षी फटाहाहरूले २०३६ साल आषाढ १४ गते रम्भा मा.वि. का करिब ५०० विद्यार्थीलाई भड्काई "प्रकाश दमाई, मुर्दावाद ! टी.आर.कामी, मुर्दावाद ! कामी दमन, सहँदैनौं !" आदि नानाथरी नाराका साथ हुमिनको सुनार गाउँमा आई मनपरी ढुङ्गा हानेर हमला गराए । त्यस हमलाको हुमिनका गाउँलेहरूबाट प्रतिरोध हुँदा विद्यार्थीहरूबीच परेको भागाभागमा आफै लोटेर घुँडामा सामान्य चोट लागेका केशबहादुर मगर नामक विद्यार्थीलाई ती फटाहाले सोर्सफोर्स लगाई सरकारी अस्पताल तानसेनमा भर्ना गरे । मार्ने नियतले थर्कबहादुर गहतराज र डिकबहादुर विश्वकर्मा (यो पंक्तिकार) ले आदेश दिएका र शिवप्रसाद मानवले खुकुरी प्रहार गरी काटेको भन्ने झुट्टा व्यहोरा श्रृजना गरी सार्वजनिक अपराध ऐनअन्तर्गत प्रमुख जिल्ला अधिकारीको कार्यालय पाल्पामा मुद्दा पारियो । पाल्पा जिल्ला पञ्चायतका तत्कालीन कार्यवाहक सभापति ताँहु निवासी होमबहादुर श्रेष्ठ (हाल स्वर्गीय) ले उक्त थर्कबहादुरसमेतका ३ जना आरोपितलाई झ्यालखानामा हाल्न निक्कै कसरत गरे । तर सत्यतथ्य र अकाट्य प्रमाणले गर्दा ती फटाहाहरूको केही जोर चलेन र अन्तमा मुद्दा झुट्टा ठहरिई आरोपितहरू जोगिए ।

यसरी जीवनका धेरै वर्ष समाज सुधार आन्दोलन र दलित उत्थान आन्दोलनमा अर्पेका थर्कबहादुर गहतराज जीवनको अन्तिम घडीमा बुटवल, नारायणघाट र काठमाडौंमा छरिएर रहेका आफ्ना तीन श्रीमती, ७ भाइ छोरा र ४ बहिनी छोरीहरूको आश्रयमा सरीसरी दिन बिताउन थाले । मधुमेह रोगले उनका दुबै आँखालाई विस्तारै असर पार्दै लग्यो र अन्तमा २/३ वर्ष पुरै अन्धो जीवन बिताई मिति ०५६ कार्तिक ८ सोमबारका दिन ७८ वर्षको उमेरमा काठमाडौंको शिक्षण अस्पतालमा सदाको लागि यो संसार छोडेर गए । नेपाली दलित एवं राधास्वामी सन्तमार्गीहरूका लागि सदा स्मरणीय रहने त्यो ऐतिहासिक व्यक्तित्वलाई अन्तिम अभिवादन !

(दैनिक लुम्बिनी, २०५६ कार्तिक २० शनिबार, बुटवल)

दलितका मित्र पं. छविलाल पोखरेलबारे केही कुरा

प्रख्यात समाज सुधारक एवं आजीवन जातीय समानताको शङ्खघोष गर्ने अथक योद्धा पण्डित छविलाल पोखरेलको ९६ वर्षको उमेरमा २०५६ साल फागुन १ गते पूर्वाञ्चलको धरान नगरपालिका वडा नं. १२ स्थित आफ्नै निवासमा देहान्त भएको खबरले जातीय समानता अभियानमा सङ्घर्षरत सम्पूर्ण जुझारु दलितहरू मर्माहत हुन पुगेका छन् । वि.सं. १९६१ सालको मंसिर ५ गते धनकुटा जिल्लाको कचिन्डे गाउँमा जन्मनुभएका छविलाल पोखरेल व्याकरण, वेदादि धर्मशास्त्रका प्रकाण्ड विद्वान् हुनुका साथै हिन्दू धर्म एवं समाजका प्रखर सुधारवादी हुनुहुन्थ्यो । त्यसैले उहाँलाई पूर्वी नेपालका “व्यास” पनि भनिन्थ्यो । विविध विषयमा कलम चलाई नेपाली भाषामा १५ वटा र संस्कृत भाषामा दुईवटा पुस्तकको रचना गरेर भाषा र साहित्यको ठूलो सेवा गर्नुभएका उहाँले शैक्षिक क्षेत्रमा गर्नुभएको योगदानले देश र समाजलाई ठूलो गुन लाउनुभएको छ । वि.सं. १९९१ सालमा धनकुटा बजारमा गोकुण्डेश्वर पाठशाला स्थापना गर्नुभयो जो ऐले हाई स्कुल भई संचालित छ । त्यसैगरी धरान बजारमा पनि पब्लिक माध्यमिक विद्यालय र सार्वजनिक विद्या भवन शारदा बालिका विद्यालय आदिको स्थापना गरी सामान्य जनताका छोराछोरीले पढ्न पाउने सुअवसर उपलब्ध गराउनुभयो भने धरानको सबैभन्दा पुरानो क्याम्पस महेन्द्र बहुमुखी क्याम्पसको स्थापनामा संचालक समितिको सचिव भै महत्वपूर्ण भूमिका निभाउनुभएको थियो ।

कठोर राणाकालमा जन्मेहुर्केका पोखरेलले यसरी शिक्षा र चेतनाको ज्योति बाली सामान्य जनता र कथित दलित उत्पीडितहरूका घर दैलोमा

समेत उज्यालो पुऱ्याउने प्रयास जीवनपर्यन्त गर्नुभयो । शिक्षा भनेको बाहुन जातिको मात्र पेवा हो भन्ने परम्परादेखि चल्दै आएको सोचाइलाई चुनौति दिँदै उहाँले आफूद्वारा स्थापित एवं संचालित स्कुल पाठशालामा बाहुन-क्षेत्री जातका विद्यार्थीका साथमा गुरुङ, राई, लिम्बू आदि त्यस बखतसम्म केवल हली, गोठाले र नोकर मात्र बनाइराखिएका सबै जातिका छोराछोरीलगायत यहाँसम्म कि अछुत मानिएका दलित उत्पीडितहरूका छोराछोरीलाई समेत विनाभेदभाव धमाधम पढाउने अभियान थाल्नुभयो । "हिन्दू धर्म मान्ने सबै नेपाली बराबर छन्, कोही ठूलो जात र कोही सानो जात छैन । सत्कर्मले मानिस बाहुन बन्नुपर्छ, जातले होइन । देश र समाज विकासको लागि सत्कर्म गर्ने हिन्दू धर्मावलम्बी स्त्री-पुरुष सबै बाहुन हुन् र सबैले पढ्न र जनै धारण गर्न सक्छन्" भन्ने सिद्धान्त प्रतिपादन गरेर उहाँले त्यसको कार्यान्वयन गर्ने काममा 'अछुत'हरूका घरमा पूजा सप्ताह आदि अनुष्ठान गर्नुपर्दा स्वयं आफै गएर वा आफू जान नभ्याएमा आफ्ना शिष्यहरूलाई खटाई पठाएर सम्पन्न गराउनुहुन्थ्यो ।

परम्परागत मान्यताहरू तोड्ने उहाँका ती सुधारात्मक कदमले तत्कालीन समाजमा खैलाबैला मच्चायो तर पनि उहाँ अविचलित रही आफ्नो अभियानलाई सकेसम्म निरन्तरता दिनुभयो । यसै सन्दर्भमा नयाँ मुलुकी ऐन रजत जयन्ती राष्ट्रिय समारोह ५ वटै विकास क्षेत्रमा मनाउने क्रममा धरानमा सम्पन्न पूर्वाञ्चल विकास क्षेत्रको सम्मेलनको उद्घाटनमा भाषण गर्दै मिति २०४४ चैत्र २७ गते खुद उहाँले नै भनेको र पंक्तिकारले सुनेको एउटा प्रसङ्ग यहाँ प्रस्तुत गर्नु उपयुक्त नै हुनेछ ।

वि.सं. २००३ सालमा पण्डित छविलाल पोखरेलले आफूले स्थापित एवं संचालित धरानस्थित पाठशालामा पढ्न चाहने सबै जातिका छोराछोरीका साथमा 'अछुत' भनिने कामी जातिका छोराहरू सर्वश्री हिरालाल विश्वकर्मा र टी.आर. विश्वकर्मालाई पनि पढाउने क्रान्तिकारी कदम चाल्नुभयो । त्यो समय मनुवादी राणाकाल भएकोले अछुत जातका मानिसले पढ्नु र उनीहरूलाई पढाउनु समेत अपराध ठहरिन्थ्यो । फलतः स्थानीय समाज र पाठशाला संचालक पदाधिकारीहरूसमेतले उहाँको त्यो क्रान्तिकारी एवं युगान्तकारी कदमको एक स्वरले विरोध गरे । त्यस कुरामा मूढ बहुमतको अगाडि आफू एक्लैको केही जोर नचल्ने देखेपछि उहाँले एउटा शर्तमा सबैलाई मञ्जुर गराउनुभयो कि 'यदि काठमाडौंका राणा शासकहरूबाट

अछुतहरूलाई पनि पढाउनु भन्ने हुकुम आएमा कसैले विरोध नगर्ने' । ती सबै विरोधीलाई पूर्ण विश्वास थियो कि काठमाडौंबाट राणाहरूले त्यस्तो स्वीकृति किमार्थ पठाउने छैनन् । तत्कालै पण्डित छविलालले काठमाडौं शिक्षा विभागका तत्कालीन डाइरेक्टर मृगेन्द्र(?) शमशेर ज.ब.रा.लाई देश, काल र परिस्थिति सम्झाउँदै एउटा निवेदन पत्र लेखी पठाउनुभयो, जसमा अछुत भनिने कामी, दमाई आदि जातिका जेहन्दार, कर्मठ र लगनशील छोराछोरीलाई पढ्न दिनु र पढाउनु धर्म शास्त्रसम्मत हुने हुँदा हिरालाल र टी.आर.आदि 'अछुत' विद्यार्थीलाई पनि पढाउन पाउने स्वीकृति हुकुम प्रमाङ्गी मिलोस् भन्ने स्पष्ट उल्लेखित थियो । संयोगको कुरा काठमाडौंका ती राणा डाइरेक्टर पनि शायद उदारवादी परेछन् क्यारे पण्डितजीको पत्रको मर्म अक्षरशः बुझेछन् । फलतः "पण्डित ! तिमीले पठाएको निवेदन पाएँ । तिम्रो विचार धेरै राम्रो छ, पढ्न चाहने अछुत जातका छोराछोरीलाई पनि तिमीले चाहेअनुसार पढाउनु" भन्ने बेहोराको विधिपूर्वकको सरकारी पत्र पं. छविलालसमक्ष यथासमयमा पुग्यो । अब के चाहियो ? पण्डितजीको जुँगो ठाडोको ठाडै रह्यो र विरोधीहरूको मुखमा ताला लाग्यो । फलतः हिरालाल र टी.आर. विश्वकर्माहरूले निर्विघ्न पढ्न पाए । उनै हिरालाल विश्वकर्मा पञ्चायतकालमा शिक्षा राज्यमन्त्रीसमेत भए भने टी.आर.विश्वकर्मा पञ्चायत कालको राष्ट्रिय पञ्चायत सभामा महापञ्च भए र नेपालको दलित उत्थान आन्दोलनमा जीवनपर्यन्त अग्रणी भूमिका खेलेका हुनाले स्वर्गीय भए तापनि जागरुक नेपाली दलितहरूका हृदयमा प्रेरणा स्रोतका रूपमा सधैं बसिरहेका छन् । यसरी हेर्दा यो कुरा स्पष्ट भन्न सकिन्छ कि हिरालाल विश्वकर्मा र टी.आर. विश्वकर्मालाई कर्म दिने व्यक्ति पण्डित छविलाल पोखरेल नै हुन् ।

पाठकगण ! एकातिर पण्डित छविलाल पोखरेलले राणाकालदेखि नै जातीय समानता एवं अछुतहरूको समग्र उत्थानका लागि त्यसरी एक्लै लागिपरेको पाइन्छ भने हिन्दू धर्म एवं समाजका शक्तिशाली ठेकेदारहरू कसैले पनि उहाँको राष्ट्रहित र युगान्तकारी कदमको महत्व बुझ्ने कोसिस नगर्नाले ऐले पनि समाजमा जातीय उचनीच भेदभाव कायमै हुनु अत्यन्त दुःखको कुरो छ । जमानाका प्रभावले स्वतः चेतनशील भएका ऐलेका जनजाति एवं दलित जातिका मानिसहरू त्यो भेदभाव र व्यवहारदेखि रुष्ट एवं आक्रोशित छन् । फलतः हिन्दू धर्म छोडेर क्रिश्चियन आदि अन्य

धर्मतर्फ पलायन हुन पाइला चाल्दैछन् । हिन्दू धर्मका मूर्ख ठेकेदारहरूले भने ती पलायनकारीहरूलाई हिन्दू धर्ममा नै सन्तोषपूर्वक बस्न सक्ने वातावरण बनाउन हिन्दू धर्मको परम्परागत सङ्कीर्ण घेरालाई उदारतापूर्वक फराकिलो बनाउनुको साटो उल्टै धर्म परिवर्तन गर्न नपाउने जटिल कानुन बनाएर जबरजस्ती रोक्ने असफल प्रयास गर्दैछन् । हिन्दू धर्ममै बस्दा अछुत बनाई कुकुर, बिरालो, चरो, मुसोलाई भन्दा नीच र तुच्छ व्यवहार गर्ने, सो धर्म छोडेर अन्य धर्ममा जान खोज्दा धर्म परिवर्तन गर्न पाइन्न भन्दै कानुन बनाएर रोक्न पनि खोज्ने गरेर हलो अड्काएर गोरु पड्काउने काम ती ठेकेदारहरूले जो गर्दैछन् त्यो एकदमै राष्ट्रघाती, समाज भँडुवा र भाइ फोरुवा भएकोले उनीहरूको त्यो प्रयास कहिल्यै सफल हुन सक्दैन । हिन्दू धर्मको दायरा फराकिलो नपारेसम्म धर्म परिवर्तनलाई रोक्ने तागत कोही कसैमा नभएको ठोकुवा गर्न सकिन्छ । त्यस्तै स्थिति शैक्षिक क्षेत्रमा छ । अछुतका छोराछोरी पढाउन पं. छविलाल पोखरेलले राणाकालमा समेत त्यत्रो सङ्घर्ष गर्नुभयो भने ऐले पनि अछुत विद्यार्थीले नेपालका विभिन्न शहर गाउँका स्कुलहरूमा पस्न र अन्य जातका विद्यार्थी सँगसँगै बसेर पढ्न पाएका छैनन् । अन्यत्रका त कुरै छोडौं भक्तपुर जिल्लाको खरिपाटीस्थित शाही सैनिकका छोराछोरी सरकारी खर्चले पढाउने सैनिक स्कुलमा समेत अछुत जातिका सैनिकका छोराछोरीलाई छुवाछुतको कारणले भर्ना लिइँदैन ।

यदि छविलाल पोखरेलले चालेको हिन्दू धर्म र समाज सुधारक युगान्तकारी कदमको महत्व हिन्दु धर्मका अन्य बहुमत ठेकेदारहरूले बेलैमा राम्ररी बुझ्थे र अनुशरण गर्थे भने ऐलेसम्ममा नेपाली हिन्दू समाज एक सूत्रमा बाँधिइसक्थ्यो । फलतः जातीय उचनीच छुवाछुत भन्ने कुरा इतिहासको गर्भमा पुगिसक्थ्यो । त्यस अवस्थामा न त धर्म परिवर्तनको कुरो आउथ्यो न त धर्म परिवर्तनविरुद्ध कानुनको नै आवश्यकता पर्थ्यो ।

यी सबै कुराहरूलाई दृष्टिगत गर्दा पं. छविलाल पोखरेल र उहाँको सिद्धान्तको महत्व अबका दिनहरूमा झन् बढेर गएको छ । साथै उहाँका पार्थिव शरीरले यो संसार छोडेर गए तापनि सम्भवतः राष्ट्रप्रेमी, सामाजिक एकताका पक्षधर र जातीय समानतासहित दलित जातिको सर्वाङ्गीण विकासका निम्ति जुझारु नेपाली दलितहरूका हृदयमा प्रेरणा श्रोतको रूपमा उहाँ सधैँ बसिरहनु भएको छ ।

पाठकगण ! शीर्षकअनुसार लेखको अन्त्य भैसकेको छ तापनि दाहसंस्कारको बेला पण्डितज्यूको पार्थिव शरीरमा नेपाली कांग्रेस पार्टीको झण्डा ओढाई राजनीतिकरण गर्ने जुन काम भयो त्यस विषयमा पंक्तिकारको मनमा खड्केको केही कुरा राख्नु प्रासाङ्गिक नै हुनेछ । 'सर्वजन हिताय सर्वजन सुखाय' नीतिअनुरूप व्यावहारिक सत्कर्ममा सधैँ सक्रिय रहन मन पराउने पण्डितज्यूले गफाडी र फोहरी राजनीतिमा कहिल्यै चासो राख्नुभएन । २००७ सालको जनक्रान्तिको बेला नेपाली कांग्रेसले धनकुटा कब्जा गर्ने क्रममा युद्ध गर्न तम्सिएका त्यहाँका राणाकालीन बडाहाकिमलाई पण्डित पोखरेलले देश, काल, परिस्थितिको बोध गराउनुका साथै बेकारमा रक्तपात गरेर जनधनको नाश गर्नु उचित छैन भनी सम्झाई सहजै नेपाली कांग्रेससमक्ष आत्मसमर्पण गर्न राजी गराउनु भयो । फलतः विनारक्तपात धनकुटा नेपाली कांग्रेसको कब्जामा आयो । त्यसपछि भने उहाँले नेपाली कांग्रेस वा कुनै पार्टी विशेषप्रति कुनै लगाव नराखी यथावत् पूर्ववत् आफ्नो मानव उत्थान सेवामा लागि रहनु भयो ।

धनकुटामा कांग्रेसलाई त्यत्ति सहयोग गरेको कारण मात्रले हो वा नमालुम कुन आधारमा हो सबै नेपाली, सबै पार्टीको साझा सम्पत्तिको रूपमा स्थापित भैसक्नु भएको त्यस्तो निष्पक्ष व्यक्तित्वको लासलाई भू.पू. अर्थमन्त्री महेश आचार्यले नेपाली कांग्रेस पार्टीको झण्डा ओढाइदिएर एकातिर "जनप्रिय र उत्तम व्यक्तित्व जति सबैलाई नेपाली कांग्रेसले 'मान या नमान मै तेरा मेहमान' भन्ने हिन्दी उखानअनुसार जबरजस्ती कांग्रेसीकरण गर्छ" भन्ने प्रचलित भनाइलाई चरितार्थ पार्‍यो भने अर्कोतिर जीवनभर न हिन्दू, न मुसलमान भै मरेका सन्त कवीरको लासमाथि एकाधिकारको दावा गर्दै हिन्दू र मुसलमान लडेजस्तै गर्न किन खोजियो बुझिनसक्नु भएको छ । तर नेपाली कांग्रेसले त्यसरी उहाँको व्यक्तित्वलाई सङ्कुचित (पार्टीगत) गर्न खोजे तापनि पण्डित छविलाल पोखरेल सम्पूर्ण नेपालीका सम्पति हुनुहुन्छ भन्ने कुरा घाम जत्तिकै छर्लङ्गछ ।

(तेह्रौं दिनको पुण्य तिथिको अवसरमा)

(दैनिक लुम्बिनी- २०५६ फागुन १३ गते शुक्रबार, बुटवल)

रामप्रीत पासवानलाई बधाई !

नेकपा एमालेले हालैमात्र आफ्नो पार्टीको पुरजोर शक्ति लगाएर राष्ट्रिय सभाको उपाध्यक्ष पदमा विजयी बनाएका एमालेका सांसद श्री रामप्रीत पासवानलाई नेपाल उत्पीडित जातीय मुक्ति समाजको केन्द्रीय निकायले मिति २०५८।४।३२ मा देशको प्रमुख व्यापारिक नगर बुटवलमा हार्दिक अभिनन्दन गऱ्यो । त्यस अवसरमा प्रायः सबैजसो वक्ताहरूले एमाले पार्टीप्रति हार्दिक आभार प्रकट गरे ।

वर्तमान बहुदलीय व्यवस्थामा व्यवस्थापिकाका दुई अङ्गमध्ये एक राष्ट्रिय सभाजस्तो गरिमामय निकायको उपाध्यक्ष पदमा नेपालमा अति नै अपहेलित दलित समुदायको व्यक्तिलाई पदस्थापन गराउन ठूलो योगदान गरेकोमा निश्चय नै एमाले पार्टी धन्यवादको पात्र छ र त्यस्तो उच्च पदमा सर्वप्रथम पुग्न सफल हुनुभएका सांसद श्री रामप्रीत पासवानज्यू पनि मुरीमुरी बधाईका पात्र हुनुहुन्छ, त्यसमा दुई राय छैन । तर विश्वका दलित उत्पीडित सर्वहारा जनताका मसिहा बन्न पुगेका कार्लमार्क्स, लेनिन, माओहरूको सिद्धान्त र मार्गदर्शनलाई आफ्नो प्रमुख लक्ष्य बनाएर जन्मेको नेकपा एमाले नेपाली दलितहरूका नजरमा शुरुका दिनहरूमा जति आशा-भरोसाको केन्द्र बिन्दु बनेको थियो, वर्तमान अवस्थामा त्यत्तिकै शङ्कास्पद पार्टी बन्न पुगेको छ । तथाकथित प्रजातन्त्रको पुनर्बहालीको ११ वर्ष लागिसक्दा पनि आफूहरूलाई वास्तविक रूपमा प्रजातन्त्र आएको अनुभूति गर्न नपाएका नेपाली दलितहरूप्रति त्यस एमाले पार्टीले गर्दै आएको पार्टीगत एवं नेता, कार्यकर्ताको व्यक्तिगत व्यवहार देखेर नै अहिले नेपाली दलितले एमालेलाई

पनि अन्य मनुवादी पार्टीहरूसरह ठान्न वा शङ्काका घेरामा राख्न पुगेका हुन् । नेपालका दलित एवं उत्पीडित जनजाति उपर भएका सरकारी वा सामाजिक शोषण दमनका जल्दाबल्दा समस्या र राष्ट्रिय सवालमा एमाले र अन्य मनुवादी पार्टीहरूको भूमिकामा कुनै तात्विक भिन्नता देखिएन । वि.सं. २०४९ साल वैशाख ८ गते नेपाली काँग्रेसको तत्कालीन सरकारले मुलुकी ऐन संशोधनको बहानामा अदल महलको १० नम्बरमा थप गरी दलित जातिलाई मन्दिर एवं धार्मिक स्थलहरूमा पस्न, पूजा गर्न नपाउने र त्यस्तो व्यवहारलाई भेदभावपूर्ण व्यवहार नमानिने गरी जुन दलितमारा कानुन पारित गऱ्यो, त्यो पारित गराउनमा एमाले पनि सरकार जत्तिकै जिम्मेवार मानियो । यदि त्यसबखत प्रमुख प्रतिपक्षीको स्थानमा रहेको एमालेले जोडदार विरोध गरेर हल्ला मच्चाउँथ्यो भने नेपाली दलितलाई पक्का विश्वास छ कि त्यो दलितमारा कानुन पास हुनै सक्ने थिएन । हुन त यसबारे तत्कालै कुरा चल्दा नेकपा एमालेका नेताहरूले हामीले त्यो कानुन पारित नहोस् भनी आफ्नो पार्टीको तर्फबाट 'नोट अफ डिसेन्ट' लेखेका हौं, तर कांग्रेसले जबरजस्ती आफ्नो बहुमतको आधारमा पारित गरायो त हामीले के गरौं ? भनी पिण्ड छुटाउने प्रयास नगरेका पनि होइनन्, तर नेपाली दलितलाई यो कुरा राम्रोसँग थाहा छ कि यदि ती एमाले नेताहरूले त्यो कानुनविरुद्ध सदनभित्र र बाहिरसमेत जोडदार हल्लीखल्ली गर्थे भने त्यो पारित हुने नै थिएन । फलतः नेपाली दलितले त्यसविरुद्ध रिट दायर गरेर सर्वोच्च अदालतबाट त्यो कानुन बदर गराउनु पर्ने नै थिएन ।

त्यस्तै कुरा संस्कृत शिक्षालाई अनिवार्य गरेर सरकारी खर्चमा चलेका विभिन्न संस्कृत विद्यालय, विश्वविद्यालयबाट निःशुल्क संस्कृत पढी घरमा बेरोजगार बसेका बाहुन जातिका छोराछोरीलाई रोजगारी दिलाउने षड्यन्त्रमूलक कार्यमा एमालेका तत्कालीन सांसदहरूले सहमतिमा हस्ताक्षर गरे । पछि त्यस कुराको चर्को विरोध हुँदा बल्ल हस्ताक्षर फिर्ता लिए ।

एमालेको नौ महिने शासनकालमा आफ्ना दलित मनोनित सांसदलाई मन्त्रिमण्डलमा सामेल नगरेर देशको २० प्रतिशत जनसङ्ख्या रहेका दलितको चित्त दुखाइयो । तर दुई प्रतिशत जनसङ्ख्या भएका मुसलमानलाई भने मन्त्रिपरिषद्मा सामेल गरेर पञ्चायतकालको बिंडो थामियो ।

करिब डेढ वर्षदेखि ऐलेसम्म राष्ट्रिय चर्चामा आएको सप्तरी, सिराहा, सर्लाहीका दलित चमारहरूलाई परम्परागत रूपले सिनो नफालेका कारण त्यहाँका समग्र सवर्ण समाजलगायत प्रशासन समेतबाट जो उत्पीडन, दमन र आर्थिक, सामाजिक नाकाबन्दीजस्ता अन्याय अत्याचार भैरहेको छ त्यसबारे एमालेको भूमिका पूर्णतः शङ्कास्पद रहेको छ । त्यत्रो राष्ट्रिय समस्यालाई एमालेले किन सदन र सडकमा चर्काएन ? रहस्यको विषय छ । जमानाका प्रभावले आज एकाएक जुर्मुराएर उठेका दलितहरूले अन्याय, शोषण, दमनको नेपालभरि सर्वत्र विरोध, विद्रोह र सङ्घर्ष गरिरहेका छन् । धारामा, मन्दिरमा, होटलमा, स्कुल-पाठशालामा, अफिसमा जताततै दलितहरू आ-आफ्नो पाराले जुधिरहेका छन् । तिनीहरूलाई न्याय दिलाउनको लागि सङ्घर्षमा साथ दिनु त परै जाओस् एमाले या त मूकदर्शक बनेको या रहस्यमय भूमिका खेलिरहेको नेपाली दलितले अनुभूति गर्नुपरेको छ । दलितप्रति एमालेको यस्तो प्रवृत्तिको प्रकारान्तरले विरोध त्यस सभाका संचालक वक्ताहरूमध्येका एकराज विश्वकर्मा र जातीय मुक्ति समाजको केन्द्रीय महासचिव जितु गोतामेको भाषणमा समेत मुखरित भएको पाइयो ।

पञ्चायतकालमा राष्ट्रिय पञ्चायतको १४० सिटमध्ये १ सिटमा अघोषित रूपले दलितलाई अनिवार्यतः राजाबाट मनोनित गरिन्थ्यो र पछिल्ला दिनहरूमा राज्यमन्त्रीसम्म पनि बनाइयो । ऐले एमालेले रामप्रीत पासवानलाई राष्ट्रिय सभाको उपाध्यक्ष बनाएर त्यही पञ्चायती शैलीलाई दोहोऱ्याउने काम गरेको छ । कुनै अनहोनी र नौलो काम गरेको छैन । २० प्रतिशत जनसङ्ख्या भएका दलितलाई जनसङ्ख्याको अनुपातमा हर क्षेत्रमा आरक्षण हुनुपर्छ । दलितहरू कसैको दयामायाले होइन कि आफ्नो हक अधिकारपूर्वक आरक्षित सिटबाट व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सबै क्षेत्रमा डंकाको चोटमा जान पाउनु पर्छ तब मात्र दलितले देशमा प्रजातन्त्र आएको अनुभूति गर्न पाउनेछन् भन्ने जोरदार माग पञ्चायत कालदेखि नै गर्दै आएका जागरुक दलितहरूको लागि भने एमालेद्वारा एक्लो रामप्रीत पासवानलाई राष्ट्रिय सभामा उपाध्यक्ष पदमा पुऱ्याउने काम चाहिँ दलितलाई फकाउन बच्चालाई ललीपप उपलब्ध

गराएजस्तो वा राजाले पञ्चायतकालमा राज्य मन्त्री बनाएजस्तो भन्दा बढी मान्न नमिल्ने देखिन्छ । तापनि यसको लागि एमालेलाई धन्यवाद भने दिनैपर्दछ । पञ्चायतकालमा हिरालाल विश्वकर्मा राज्यमन्त्री त भए तर दलितको हकहित रक्षा र संवर्धनका विषयमा सिन्को भाँचेनन् । त्यस्तै नेकपा एमालेबाट मनोनित पूर्व सांसद गोल्छे सार्कीले त्यस पदमा मनोनित हुनुअघि दलित उत्थान सम्बन्धमा बोल्नुसम्म बोल्थे तर मनोनित हुनासाथ पार्टीको नीति विपरीत बोल्न पाइन्न भनेर दलित समस्या विषयमा बोल्नै छाडे । त्यही स्थिति ऐले रामप्रीत पासवानको पनि नदोहोरियोस् भनी नेपाली दलितहरूले कामना गरेका छन् । मौका र महत्वपूर्ण पदमा पुग्नुभएका उपाध्यक्ष श्री रामप्रीत पासवानज्यूले दलितको हक हितमा बोल्नु वा केही गर्नुपरेका बखत आफूलाई सर्वप्रथम नेपाली दलितहरूको नेता एवं आशा भरोसाको केन्द्र हुँ तब मात्र एमाले पार्टीको बफादार कार्यकर्ता वा नेता हुँ भन्ने सोचेर व्यवहार गर्नु हुनेछ भन्ने पूर्ण आशा गरिएको छ । अन्तमा उहाँलाई पुनः हार्दिक बधाई ।

(दैनिक लुम्बिनी-२०५८ भदौ ११ गते सोमबार, बुटवल)

दलितलाई न्याय चाहिन्छ

मकवानपुर जिल्ला छतिवन गा.वि.स.-८ स्थित कर्मप्राप्ति प्रस्तावित निम्न माध्यमिक विद्यालयले प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाद्वारा सञ्चालित खाना कार्यक्रमअन्तर्गत उपलब्ध गराइने आवश्यक सामग्रीबाट दैनिक रूपले दिवा खाजा बनाई त्यहाँ अध्ययनरत ३५७ जना विद्यार्थीलाई खुवाउन मासिक रु. एक हजारमा नबढ्ने गरी घटाघट पारिश्रमिकको आधारमा भान्सेको आवेदन माग गरेको थियो । त्यसको लागि परेका ५ वटा आवेदनमध्ये राजकुमार परियार र बद्रीबहादुर विश्वकर्माको आवेदन सबैभन्दा कम अर्थात् मासिक रु. सात सयमा काम गर्ने गरी परेपछि निजहरूलाई खाजा व्यवस्थापन कमिटीको निर्णयानुसार उक्त विद्यालयका प्रधानाध्यापक पदमबहादुर विश्वकर्माले २०५९ साल जेष्ठ १ गतेदेखि लागू हुने गरी विधिवत् भान्सेमा नियुक्ति दिए । तत्पश्चात् निज भान्सेहरूले दिवा खाजा तयार पारी विद्यार्थीहरूलाई खुवाउन मात्र के शुरु गरेका थिए, अछुत जातिले पकाएको खाना अन्य उपल्लो जातका बालबालिकालाई खान दिएको भनी जातीय विवाद खडा गर्दै स्थानीय बासिन्दा गिरिराज दर्लामी मगरको नेतृत्वमा २०५९ जेष्ठ ३ गते शुक्रबार एक हुल मानिस विद्यालयमा आई अभद्र व्यवहार गर्दै निज परियार र विश्वकर्मालाई दिवा खानाको भान्सेबाट जबरजस्ती ढङ्गले हटाउनुका साथै आफू दलित जातिको भएकै कारणले दलित जातिको व्यक्तिलाई भान्से बनाएको भन्ने आरोप लगाएर प्रधानाध्यापक पदमबहादुर विश्वकर्माको पनि गर्नुसम्म बेइज्जत गरे । सो घटनापश्चात् आकस्मिक रूपले बसेको सो विद्यालयको सञ्चालक समितिको बैठकले पनि हुल्लडबाजहरूकै समर्थन गरी भान्सेबाट राजकुमार परियार र बद्रीबहादुर विश्वकर्मालाई तत्कालै हटाई सो पदमा उत्तम पुलामी मगरलाई नियुक्त गऱ्यो । यो समाचार विभिन्न राष्ट्रिय क्षेत्रीय एवम् स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भैरहेको छ र घटना थाहा पाउनेहरू खास गरी दलित जातिमा

सनसनी फैलिएको छ ।

उक्त घटनाबारे विचार गर्दा हामी यो पाउँछौ कि चार जात छत्तीस वर्ण व्यवस्थाको पृथ्वीनारायण शाहकालीन सोच नेपाली समाजमा अहिले पनि प्रकारान्तरले विद्यमान रहेको छ र त्यहीअनुरूप आफूलाई उच्च जातिको हुँ भन्ने भ्रम पालिरहेका पाखण्डीहरूको अहङ्कारको कारणले नै सो घटना भएको हो । दिनहुँ भइरहने त्यस्ता घटनालाई यहाँ सामान्य मानिन्छ पनि । परम्परादेखि सधैँ दुःख-सुख बाँडेर आफूसँग सँगै बसेका एउटै धर्म, एउटै भेष-भाषा भएका आफ्ना साख्खै अंशियार एकथरी भाइलाई कुकुर, बिरालो, चरो, मुसोभन्दा पनि तल्लो स्तरको ठानी हेलाहोचो गरी दलित अछुत बनाउने र आफूलाई भने ठूलो जाति ठान्नेहरू साँच्चै नै कति ठूला र शुद्ध रहेछन् त भन्नेतर्फ नियाल्दा यस्तो पाइन्छ । समाजका नाइके जाति ठानिएको बाहुन जातिका पौराणिक पुर्खाहरू चन्डाल्नीको छोरो पराशर ऋषि, बोटे मझ्निनीको छोरो महर्षि वेदव्यास, वेश्याको छोरो वशिष्ट ऋषि आदि भएको प्रमाण देखिन्छ भने अहिलेको अवस्थामा अमेरिका, युरोप, अरब आदि इसाई मुसलमान देशमा नगएको वा जाने दाउ नगरेको कुनै बाहुन भेटिन्न । साथै इसाई, मुसलमान आदि विधर्मी विदेशीसँग आफ्नी छोरी, बुहारी लेनदेन गरेर तिनीहरूबाट जन्मेका सन्तानलाई आफैसरह बाहुन बनाएर सनातनी स्वीकारेका घटना गनेर र भनेर साध्य छैन । यस्तो प्रचलन र व्यवहारबाट अन्य कथित ठूला जाति क्षेत्री, वैश्य आदि कोही पनि चोखा बचेका छैनन् । उपरोक्त भान्सेको घटना घटाउने मध्येको प्रमुख नाइके दर्लामी एवम् शुद्ध जातको भान्से भनी नियुक्ति पाएको पुलामी दुवै जना मगर जातिका हुन् । मगरहरू उहिले नेपालमा जाति व्यवस्थाले प्रवेश नपाउँदै थुम्के, भूरे, टाकुरे, राजा रजौटा हुँदा हुन् तापनि ब्राह्मणवादी शासन व्यवस्था शुरु भएदेखि निरन्तर बाहुन-क्षेत्रीको ढोके, पाले, हली, गोठाले आदि नोकरचाकरकै भूमिकामा आफ्नो जीवन गुजारेको र नेपाल-अङ्ग्रेज युद्ध पश्चात् विदेशी विधर्मी अङ्ग्रेज र भारतीयहरूको गुलामीमा बहादुरी देखाउँदै आएको इतिहास प्रमाण छ । अहिले पनि उनीहरूको जीविकोपार्जनको मूल श्रोत र आधार त्यही रहेको छ । नेपालमा बाहुन-क्षेत्रीबाहेक कथित पानी चल्ने शुद्ध भनिएका अन्य सबै जातको भूत र वर्तमान हालत प्रायः मगरहरूको जस्तै छ ।

यसरी हामी देख्छौँ कि विदेशी विधर्मीसँग रगतको नातासमेत

गाँसिसकेका नेपालका कथित ठूला जातहरू दलित जातिभन्दा कति ठूला र शुद्ध रहेछन् । यस अवस्थामा निजहरूले दलितलाई मात्र अछुत र तल्लो जात भनी हेलाहोचो गर्नु कहाँसम्म जायज छ ? विचारणीय तथ्य छ । पृथ्वीनारायण शाहकालीन चार जात छत्तीस वर्णको नाराले अब देशलाई टुक्राउनु सिवाय हित गर्ने छैन । यदि अहिले कट्टर सनातनी हिन्दू नीति नियममा रहने, बस्ने खुद पृथ्वीनारायण शाह नै हुन्थे भने पनि जमानाको प्रभावले गर्दा सामाजिक एकता र शान्तिको सवालमा उनको कडा विरोध हुने पक्का थियो । आफूले भने इसाई, मुसलमान जुनसुकै जातिसँग पनि जथाभावी खानपान गर्नुका साथै छोरी बुहारीबाट रगत सम्बन्धसमेत गाँसेर पनि खुब उच्चकुल आर्यवंशी हुँ भनी घमण्ड गर्न नछोड्ने तर परम्परादेखिका स्वधर्मी सह-बासी एकथरी हिन्दूहरूलाई भने अछुत तल्लो जात भन्दै कुकुरलाई भन्दा बढी हेला हौँचो गर्ने अहिलेका समाज भँडुवाहरूको विरोध नहुने कुरै भएन ।

यस्तो अवस्थामा नेपालका दलितले उक्त भान्से घटनालाई सहेर बस्ने प्रश्नै आउँदैन र झगडा चर्किनु स्वाभाविकै छ । विदेशी विधर्मीलाई आफ्नो चुलोको ज्वाइँ, बुहारी बनाउनेहरूले स्वदेशी, स्वधर्मी दलितलाई पनि त्यस्तै व्यवहार गरेमा देश, समाज एक ढिक्का हुने निश्चित छ । फलतः सीप जाँगरका धनी दलितहरूको सङ्गतले देश आफ्नै बलबुतामा कृष्णप्रसाद भट्टराईको कल्पनानुसार सिंगापुर बन्न बेर लाग्नेछैन । त्यस्तो सद्बुद्धि त कथित ठूला जातिलाई आएको छैन नै, सार्वजनिक स्थल विद्यालयमा समेत छोइछिटो गर्नु र व्यर्थैको झगडा निकाल्नु कहाँसम्मको बदमासी हो ? अन्य आयआर्जनका सरकारी, गैरसरकारी, स्थायी, अस्थायी पद र अवसरहरूबाट त दलितलाई परम्परादेखि नै बञ्चित गरिँदै आएको छ नै, कमसेकम त्यै जाबो मासिक रु. सात सयको अवसरबाट समेत जबरजस्ती हटाइनु कहाँतकको अन्याय हो ? यस्तो अन्याय अत्याचार दलितहरूउपर बारम्बार र दिनहुँ भैरहेको छ, तर दलित उत्पीडितका स्वघोषित मसिहा नेपालका थुप्रै कम्युनिष्ट पार्टीहरू भने मौन छन् । किन उनीहरू दलितलाई न्याय दिने पक्षमा बोल्दैनन् ? गोरेबहादुर खपाङ्गी मगर कहाँ छन् ? मगरहरूले पटक-पटक ठाउँ ठाउँमा गरिरहेको दलितप्रतिको यस्तो अन्यायमा उनी किन बोल्दैनन् ? प्रधानमन्त्री शेरबहादुर देउवाको २०५८ श्रावण ३२ गतेको ८ बुँदे घोषणा कता पुग्यो ? हिन्दू दलितहरू मन्दिरभित्र पस्न पाएका छैनन् ।

होटल, धारा, पँधेरा र विद्यालयमा पिटिइरहेका छन् । अफिस कार्यालयमा नोकरी रोजगारी पाउन सकेका छैनन् । छुवाछुत भएको प्रमाण पाएमा छुवाछुत गर्नेलाई दण्ड गर्ने कानुन कता गए ? जेष्ठ १ गते नियुक्ति पाएको भान्से जेष्ठ ३ गते सञ्चालक समितिबाट हटाइए, योभन्दा ठूलो प्रमाण अरु के चाहियो ? यसमा सबै पक्षले नसोँची नहुने बेला आइसकेको छ । आम नेपाली दलितको रोजीरोटीको सवालसँग जोडिएको यस घटनालाई अत्यन्त गम्भीरतापूर्वक लिई हालसम्म विभिन्न पार्टीका स्वघोषित भातृ संगठन बनेर आत्मरतिमा रमाई बसेका विभिन्न दलित संगठनका नेता कार्यकर्ता सबैले आ-आफ्ना मालिक पार्टीहरूको मोह र भ्रमजालको घेराबाट बाहिर निस्केर यस प्रकारका घटनाको निमित्त मात्रै भए पनि कार्यगत एकता गरी एकगठ भई 'वरम् प्राण परित्यागो मान भङ्गेन जीवनात् । प्राणत्यागे क्षणम् दुःखम् मानभङ्गे दिने दिने' भन्ने मन्त्र जप्दै जोड्दार सङ्घर्ष गरी दलितलाई न्याय र अन्यायीलाई सजाय दिलाउन तुरुन्त कम्मर कस्ने बेला आएको छ । प्रशासकहरूले पनि यस्ता मामलामा दलितलाई सही न्याय दिलाउनु आजको आवश्यकता भएको तथ्य बिर्सनु हुँदैन । किनकि हिन्दू धर्मको वर्ण व्यवस्थाबाट प्रताडित दलितहरू शासनबाट न्याय नपाए धर्म परिवर्तन गर्न खोज्नेछन् । हिन्दू धर्ममा बस्दा हेलाहोँचो गर्ने र न्याय नदिने तर धर्म पलायन गर्न खोज्दा रोक्ने हो भने त्यो काम हलो अड्काएर गोरु पड्काउने जस्तै हुनेछ । जसले गर्दा स्वतः विद्रोह जन्मन सक्छ । फलस्वरूप भविष्यमा पाकिस्तानजस्तो मागसमेत नआउला भन्न सकिन्न । यस्तै सबै कुराहरूमा विगतमा शासनबाट सही न्याय नपाउनाले कतिपय दिग्भ्रमित दलितहरू माओवादी भड्काउका सिकारसमेत बनिरहेको तथ्यलाई नजरअन्दाज गर्नु हुँदैन । 'दुर्बलस्य बलम् राजा'भन्ने उक्ति अनुरूप अहिलेसम्म सबैले दुर्बल देखेर हेप्ने, थिचोमिचो गर्ने गरिएका दलितलाई प्रशासकहरूले बल दिएर न्याय दिएमा नै नेपालका शान्तिप्रिय र कला, कौशल, सीप, जाँगरका धनी दलितहरू कुनै कसैको भड्काउमा नलागेर आतङ्ककारी बन्नबाट रोकिनेछन् र शान्तिपूर्वक मिलीजुली बसेर देश विकासमा जुट्नेछन् ।

(दैनिक समाचार पत्र ब्लास्ट टाइम्-०५९ जेष्ठ १५ गते धरान/दैनिक लुम्बिनी, २०५९ जेठ १८ शनिबार, बुटवल/आदर्श समाज दैनिक, ०५९ जेठ २४ शुक्रबार, गैंडाकोट, नवलपरासी)

जनैपूर्णिमा– सामाजिक एकतामा कति घातक ?

(सामाजिक एकताविना देशको वास्तविक विकास सम्भव नहुने कुरामा दुईमत छैन । समयको मलमले उचनीचको आपसी भेदभाव बिर्सी देशकाल परिस्थितिवश विस्तारै एकजुट भई देश विकासमा अग्रसर हुन लागेका नेपालीबीच एकापसमा उचनीचको समाजभँडुवा विचारधारा सधैँ फैलिरहोस् र देशबासी कहिल्यै एकमत हुन नपाऊन् भनेर नवीकरण गर्ने हिसाबले वर्षैपिच्छे आउने यो जनै पूर्णिमा जस्तो हिन्दू धर्मघाती, राष्ट्रघाती चाड विश्वमै अर्को छैन । दुःख र विडम्बनाको कुरो त यो छ कि देशमा त्यो जनै नवीकरण गर्ने काम ती अनपढ, अशिक्षित र कर्मकाण्डीहरूले भन्दा अति उच्च शिक्षित र देश देशावर घुमेर शेष पल्टेकाहरूबाट अझ बढी विधि पुऱ्याएर र रिष्ठो नबिराएर भैरहेको छ ।)

प्रत्येक वर्षमा १ पटक आउने समाजभँडुवा र राष्ट्रघाती चाड जनै पूर्णिमा यो २०५९ सालको लागि पनि आज भदौ ६ गते आउँदैछ । आज आफूलाई हिन्दू धर्मावलम्बी भएकोमा गर्व गर्ने नेपालीहरूमध्ये एकथरीले नयाँ जनै फेरेर आफूहरू संसारका अन्य सबै जातिहरूभन्दा उच्च हौं भन्ने भ्रमलाई नवीकरण गर्नेछन् भने अर्काथरीले आफ्ना साख्खै अंशियार ती जनैधारीहरूले जनैको डोरोका आडमा आफूलाई गरेको हेलाहोचो र घृणा व्यवहारको पुनःस्मरण गरेर आफू हिन्दू भएर जन्मेकोमा दुःख मनाउ गर्नेछन् । फलतः ती दुवैथरी हिन्दूहरूमा वर्षभरिको लागि नजाँनिदो किसिमले विकसित हुने आपसी मनमुटाव, घृणा र द्वेष बिजारोपण कार्यको पनि नवीकरण हुनेछ ।

सामाजिक एकताबिना देशको वास्तविक विकास सम्भव नहुने कुरामा

दुईमत छैन । समयको मलमले उचनीचको आपसी भेदभाव बिर्सी देशकाल परिस्थितिवश विस्तारै एकजुट भै देश विकासमा अग्रसर हुन लागेका नेपालीबीच एक आपसमा उचनीचको समाज भँडुवा विचारधारा सधैँ फैलिरहोस् र देशबासी कहिल्यै एकमत हुन नपाऊन् भनेर नवीकरण गर्ने हिसाबले वर्षैपिच्छे आउने यो जनै पूर्णिमा जस्तो हिन्दु धर्मघाती, राष्ट्रघाती चाड विश्वमै अर्को छैन ।

यो कुसंस्कारलाई रुढीवादी, कर्मकाण्डी, अशिक्षित एवं अबुझ व्यक्तिहरूले मात्र पालना गरेको भए त्यो कुरो क्षम्य हुन्थ्यो । किनकि त्यस अवस्थामा जमानाका प्रभावले एकदिन उनीहरूले पनि देश विदेशको रीतिथिति बुझ्लान्, थाहा पाउलान् र आफ्नो कुप मण्डुकताको बोध भएपछि त्यो भाइफोरुवा कुरीति छोड्ने छन् भनी आशा गर्ने ठाउँ प्रशस्तै रहन्थ्यो । तर दुःख र विडम्बनाको कुरो त यो छ कि यो देशमा त्यो जनै नवीकरण गर्ने काम ती अनपढ अशिक्षित र कर्मकाण्डीहरूले भन्दा अति उच्च शिक्षित र देश देशावर घुमेर शेष पल्टेकाहरूबाट अझै विधि पुऱ्याएर र रिठ्ठो नबिराएर भैरहेको छ । डिप्लोमा र डिग्री हासिल गरेका तथा डाक्टर इन्जिनियर भै काम गरिरहेकाहरू जसले, ईश्वर के हो ? समाज के हो ? संस्कार एवं संस्कृति के हो ? समाज एवं देश हितकारी संस्कृति कुन हो ? जनै संस्कृतिले देश र समाजलाई एकतामा बाँध्छ कि भाइफोरुवा काम गरेर भाँड्छ ? आदि कुराको फेंदटुप्पो सबै थाहा पाएका जागरुक व्यक्तिहरूले समेत यो चाड मान्दछन् । नेपाल, भारतबाहेक 'मांस मांस सब एक है जस बकरी तस गाय' को नीतिअनुरूप गो हत्या गर्नु र गाईको मासु खानुलाई सामान्य कुरा ठानिने अरब, युरोप, अमेरिका आदि मुसलमान एवं इसाई देश देशावरको भ्रमण एवं पाही गरेर त्यहाँ भक्ष/अभक्ष सबैथोक खाएर नेपाल फर्केका तथा ती विदेशका विधर्मी मुसलमान इसाई युवक युवतीसँग वैवाहिक सम्बन्ध गाँसेर तिनीहरूबाट सन्तानोत्पादन गरेकाले समेत आफ्नो मूल हिन्दू धर्मानुसारको जात, थर लेख्न छोडेका छैनन् र यो दिनमा वैदिक विधिपूर्वक आफ्नो जनै नवीकरण गर्छन् । उनीहरूले विदेशी विधर्मी पत्नीबाट जन्मेका आफ्ना वर्णशङ्कर सन्तानलाई पनि विधिवत् जनै धारण एवं नवीकरण गराई अन्य नेपालीहरूभन्दा श्रेष्ठ र खुब उच्चाकुल आर्यवंशी भएको दाबी र प्रमाणित गर्ने कामको समेत नवीकरण गरिरहेका छन् । के यो काम राष्ट्र र समाजहित अनुकूल होला

त ? यिनीहरूको यस कार्यले जनै लगाउन नहुने भनिएका जाति एवं जनै लगाउने जातिहरूबीच व्यर्थैको भेदभाव र मनमुटाव ल्याउने कुरा निश्चित छ। यस्तो कुसंस्कारी चाडलाई २०५७ सालसम्म हर्षोल्लासपूर्वक मनाउन सरकारी विदा नै घोषित गरिन्थ्यो । तसर्थ देश एवं समाजको हितलाई ध्यानमा राखी यो भाइ फोरुवा चाड मान्न तुरुन्तै छोड्नु पर्छ भन्ने कुरा यो पंक्तिकारले दशकौं पहिलेदेखि बुटवलबाट प्रकाशित हुने दैनिक लुम्बिनी एवं विराटनगरबाट तत्काल प्रकाशित युगदर्पण, मन्दिरा आदि साप्ताहिक एवं पाक्षिक पत्रिकाहरूमा छापिएका आफ्ना लेखहरूमार्फत् सम्बन्धित सबैलाई जानकारी गराउँदै आएको थियो ।

गत वर्षदेखि यस चाडको लागि दिने सरकारी विदा हटाइएकोमा केही खुशी मान्नु पर्दछ। त्यसैकारण संस्कृति जगेर्नाका नाउँमा भाइफोरुवा र समाज भँडुवा यो कुसंस्कृतिलाई बढावा नदिई सामाजिक एकता एवं राष्ट्रिय अखण्डताको रक्षाका लागि देशबाट विदा दिन सबै जनैधारीहरूले यो वर्षको जनै पूर्णिमादेखि नै जनैलाई सदाका लागि त्यागेर अन्य अनपढ एवं अबुझहरूको अगाडि स्वयं उदाहरण बन्न पहल गर्नु पर्ने बेला आइसकेको छ ।

(दैनिक लुम्बिनी-२०५९ साल भदौ ६ गते बिहीबार, बुटवल)

श्रीकृष्ण जपेर मुक्ति पाइन्न !

हिन्दूहरूका आराध्यदेव श्री कृष्णको जन्मोत्सव यो वर्ष पनि सम्पूर्ण हिन्दूजगतमा धूमधामका साथ मनाइयो । नेपालमा पनि खस-आर्यको साथै अरुको लहैलहैमा अर्थ नपाई गोविन्द गाउने पुर्ख्यौली संस्कार पाएका अज्ञानी जनजाति, दलित, मधेशी आदिले समेत सो उत्सव तँछाड्मछाड् गर्दै मनाइरहेका छन् । तर कालिगढले कल्पना गरेर गढेका अति सुन्दर मूर्ति र कलाकारले लेखेका तस्वीरहरू सिंगारेर त्यसको अगाडि जतिसुकै व्रत, जप, पूजन, भजन गरे तापनि अन्तकालमा त्यस भक्तालुको मुक्ति श्रीकृष्णबाट कदापि हुँदैन भन्ने कुरा श्रीकृष्णलाई भगवान् भनेर चिनाउने खुद महाभारत ग्रन्थमै लेखिएका निम्न प्रसङ्गहरूबाट चेतना हुने सबैको लागि प्रस्ट पारिएको छ ।

१. *जानकार सन्तहरूले त्यस ग्रन्थको सारमा भनेका छन्ः-*

पाण्डव चारभाइ नर्क गए, युधिष्ठिर एक्लै धाम ।
कृष्ण भगवान् अर्जुनको, आए खै के काम ??

ग्रन्थका अनुसार पाँच पाण्डवहरूको अन्त्यावस्थामा सधैं सत्यवादी र सत्कर्ममा मात्रै तनमन लगाउने हुँदा युधिष्ठिर मात्र स्वर्ग जान पाए, बाँकी ४ भाइ पाण्डव द्रोपदीसहितै कुम्भिपाक नर्कमा गए । भीम, नहकुल, सहदेव र द्रौपदी नर्क गएकोमा भन्दा अर्जुन नर्क गएकोमा आश्चर्य छ । किनकि भगवान् श्रीकृष्ण र अर्जुन पूर्वजन्ममा नारायण र नर नामका साख्खै दाजुभाइ थिए । द्वापर युगमा पनि ती दुबै साख्खै दाजु बहिनी बासुदेव र कुन्तीका छोराहरू भै जन्मेको हुँदा साख्खै नातादार थिए । सुभद्रालाई बिहे गरेपछि अर्जुन श्रीकृष्णका साख्खै बहिनी ज्वाइँ पनि भए । त्यसरी पूर्वजन्मदेखि यस जन्मसम्म साख्खै रगतको सम्बन्धले बेह्रिएका अर्जुनलाई महाभारतको युद्धमा सर्वोपरि राख्न र बचाउन पनि कृष्णले गर्नु नगर्नु

जालझेल, छलकपट गरे । केही उदाहरणः-

(**क**) **एकलव्य बधः**– महाभारत युद्धमा कौरवको तर्फबाट लड्ने उद्देश्यले आइरहेको त्यतिबेलाको सर्वोत्कृष्ट धनुर्धर निषादराज एकलव्यलाई अर्जुनको लागि ठूलो खतरा बुझेर जोगीको भेष धरेका श्रीकृष्णले बाटोबीच जङ्गलमै भेटी धोखापूर्वक उसको ज्यान लिएर अर्जुनलाई त्यसबाट साफै जोगाए ।

(**ख**) **जयद्रथ बधः**– आफ्नो छोरा अभिमन्यूको हत्यारा जयद्रथलाई सूर्यास्त नहुँदै मारेर बदला लिने अन्यथा आत्मदाह गर्ने प्रण गरेका अर्जुनलाई बचाउन, लुकेर बसेको जयद्रथ आफै बाहिर निस्कने अवस्था होस् भन्ने हेतुले नक्कली सूर्यास्त गराए । खुसी हुँदै बाहिर निस्केर अर्जुनलाई आत्मदाह गर्न कर लगाइरहेको जयद्रथलाई एक्कासी आकाशमा घाम देखाएर तत्कालै अर्जुनबाट बध गराई अर्जुनलाई साफै बचाए ।

(**ग**) **घटोत्कच बधः**– मात्र एकपटक प्रयोग गरेमा जोसुकै पनि मारिने वरदान पाएको अमोघअस्त्र केवल अर्जुनलाई मार्न प्रयोग गर्ने भनी साँचेर राखेको कर्णलाई युद्धमा विचलित गराई त्यो अस्त्र प्रयोग गर्न बाध्य पार्ने र त्यसबाट राक्षसलाई पनि मराउने, अर्जुनलाई पनि बचाउने कुटिल उद्देश्यले त्यस महायुद्धमा आफ्ना बाउहरूको मद्दत गर्न राक्षसी सेना लिएर सामेल भएको भीम-हिडिम्बा पुत्र घटोत्कचलाई अर्जुनको साटो लड्न पठाई कर्णको अमोघास्त्रद्वारा मराएर त्यसबाट पनि अर्जुनलाई बचाए ।

यसरी विभिन्न छलकपट कर्म/कुकर्म गरेरै भए पनि आफूले बचाउँदै र साथ दिँदै आएका अनन्य मित्र र रगतको नाताले बेह्रिएका अर्जुनलाई त श्रीकृष्णले अन्तकालमा स्वर्ग लैजान सकेनन् र नर्क जानु पर्‍यो, केवल आफ्ना सत्कर्मका बलले मात्र युधिष्ठिर स्वर्ग गए भनेर खुद महाभारत ग्रन्थमा प्रष्ट लेखिएको छ भने ऐलेका मान्छेले उनै श्रीकृष्णको भजन कीर्तन, व्रत, पूजनादि लाखौं गरे पनि मुक्तिको आशागर्नु व्यर्थ छ ।

२. प्रभास क्षेत्रमा यादव कुलको संहार र श्रीकृष्णको देहान्त भएको खबर पाएपछि उनका विधवा पटरानी, रानी, बालबच्चा, बूढाबूढी तथा श्रीकृष्णसँग विश्वप्रसिद्ध रासलीला रचाएका गोपिनीहरूसमेतलाई हस्तिनापुरमा ल्याई आफैले पालनपोषण गर्ने उद्देश्यले राजा युधिष्ठिरले आज्ञा दिँदा अर्जुन द्वारिका गई उक्त सबै स्त्री, बूढाबूढी

र बाल बच्चालाई रथमा ल्याइरहेको अवस्थामा बीचबाटो जङ्गलमा भिल्ल डाँकाहरूले हमला गरे । स्वयम् श्रीकृष्णको साथमा जवानीका दिन बिताएका पटरानी, रानी, गोपिनीहरूका अस्मिता र सम्पत्ति डाँकाहरूले अर्जुनकै अगाडि लुट्नसम्म लुटे । सङ्कटको त्यो घडीमा ती आईमाईहरूले आफ्नो रक्षार्थ श्रीकृष्णलाई जङ्गलै थर्कुञ्जेल चिच्याई चिच्याई गुहारे । तर त्यहाँ न त चिरहरणको बेला द्रौपदीको मद्दतमा पुगेका तथा तिनै गोपिनीहरूसँग रासलीला रचाएका 'एकोहम् द्वितीयो नास्ति, मामेकम् शरणम्ः ब्रजः' भनी उद्घोष गर्ने श्रीकृष्ण नै मद्दतको लागि आए न त अपराजेय ठानिएको अर्जुनको गाण्डिव धनुले नै काम गऱ्यो । विचरी ती स्त्रीहरूमध्ये तरुनी र अर्धबैंसे जतिलाई छानीछानी डाँकाहरूले हरेर लगे । लाचार महाबली अर्जुन भिल्लहरूबाट दुर्गति पारी छोडिएका बूढाबूढीहरू र बालबच्चालाई साथमा लिई लुरुलुरु हस्तिनापुर फर्के ।

उपरोक्त प्रसङ्गहरूबाट प्रस्ट हुन्छ कि जब आफैले भोग विलास र संगत गरेका रानी, गोपिनीहरू र अर्जुनको लागि त श्रीकृष्णले द्वापर युगमै केही गर्न सकेनन् भने हजारौं वर्ष बितिसकेपछिको यो कलीकाल र वैज्ञानिक युगमा केही स्वार्थी धर्म व्यवसायी र पुरेतहरूको भाउँतामा लागेर श्रीकृष्ण र राधेराधे जप्दैमा मुक्ति पाउने आशा गर्नु मूर्खता मात्रै हुने पक्का छ । दलितहरूले त झन् गीताको अठारौं अध्याय राम्ररी पढ्नुपर्छ । त्यो पढेपछि; एकातिर 'चतुर्वर्ण्य मया श्रृष्ट्वा गुणकर्म विभागशः' भनेका श्रीकृष्णले अर्कोतिर शूद्र जातिले गर्नुपर्ने भनी के कस्ता नीच कर्महरू बताएका छन्, साथै त्यहाँ उनले चार वर्णको लागि बेग्लाबेग्लै तोकेका कर्महरू कस्ता भेदवादी छन्, एक वर्णको व्यक्तिले अर्को वर्णको कर्म गर्नै नहुने, गरेमा पृथ्वीमा अधर्म र पापाचार बढ्ने, त्यस अवस्थामा अधर्मी, पापीहरूको नाश एवं धर्मको रक्षा गर्न आफूले बारम्बार अवतार लिइरहनु पर्ने (धर्म संस्थापनार्थाय सम्भवामीयुगे युगे) भन्दै कसरी शूद्रको खोइरो खनेका छन्; सबै कुरा स्वतः जानकारी हुनेछ ।

(दैनिक लुम्बिनी, २०५९ भदौ १४ शुक्रबार, बुटवल/पारदर्शी दैनिक २०५९ भाद्र २९ शनिबार, नारायणगढ, चितवन/अङ्कुश दैनिक, वीरगञ्ज ४ असोज २०५९/ दैनिकपत्र, २० भदौ २०७२ बुटवल/ मकालु टुडे, २०७७ श्रावण २६ सोमबार, इटहरी सुनसरी)

दलितको सम्झनामा कविराज अर्याल

समाजसेवी एवं दलित हितचिन्तक भू.पू. जिल्ला शिक्षा अधिकारी कविराज अर्याललाई मिति २०५९/०६/२३ का दिन रूपन्देही जिल्लाको भैरहवा बजारस्थित साल्ट ट्रेडिङ्ग कर्पोरेशन भवन अगाडि बाटोमा हिंडिरहेको बेला लु.१ ख. १८८७ नम्बरको ट्रकले धक्का दिएर गिराएपछि सोही ट्रकले ब्याक गरी कुचेर मारेको दर्दनाक खबर थाहा पाएर उहाँका परिचित एवं जान्नेसुन्ने सबै दलितलाई पर्नु पीर परेको छ । उसै पनि चालकको लापरवाहीले सवारी साधनको ठक्करबाट सर्वसाधारण बटुवा मर्नु–मारिनु ठूलो अपराध हो । त्यसमा पनि सवारी साधन ब्याक गरी/गरी कुचेर नृशंस हत्या गर्नु अक्षम्य अपराध हो र त्यस अपराधको जति निन्दा र विरोध गरे पनि थोरै हुन्छ । त्यस्ता हत्यारा चालकलाई थोरै मात्र आर्थिक दण्ड गरी मुक्त गर्ने हाम्रो देशको विद्यमान अन्धो न्याय प्रणालीले गर्दा त्यस प्रकारका हत्या-अपराध दिनहुँ बढ्दो अवस्थामा छन् । त्यस्ता हत्यारालाई कम्तीमा दस (१०) वर्ष जेल सजाय अनिवार्य हुने व्यवस्था भैदिएमा गाडी ब्याक गरेर मार्ने राक्षसी प्रचलनमा निकै कमी आउने कुरा निर्विवाद छ । सम्बन्धित निकायले यसतर्फ अविलम्ब ध्यान देओस् भन्ने यो लेखकको जोरदार निवेदन छ ।

हिन्दू समाजमा जातीय उचनीचको दुर्भावना फैलाउनमा प्रमुख भूमिका खेल्ने बाहुन जातिमा जन्मनुभएका कविराज अर्याललाई चिन्ने मौका यो पंक्तिकारले सर्वप्रथम वि.सं. २०३६ सालमा पाएको थियो । त्यतिबेला उहाँ पाल्पा जिल्लामा जिल्ला शिक्षा अधिकारीको पदमा कार्यरत हुनुहुन्थ्यो । त्यो वर्षको हिउँदमा ताँहु गा.पं.स्थित रम्भा माध्यमिक विद्यालयले आफ्ना विद्यार्थीहरूलाई शैक्षिक भ्रमण गर्न पूर्वी पाल्पाको रामपुर एवं स्याङ्जा जिल्लाको चापाकोट गाउँ पञ्चायतहरूमा पठायो । पहिलो बास परेको ठाउँ रामपुरमा खाना बनाउने कुरालाई लिएर दलित एवं गैरदलित विद्यार्थीबीच

वादविवाद पऱ्यो । भ्रमणटोलीको नेतृत्व गर्न खटिएका शिक्षकद्वय सुरबहादुर के.सी. एवं नीलकण्ठ न्यौपानेसमेतका गैरदलित विद्यार्थी समूहले रामचन्द्र गहतराजसमेतका ७ जना दलित विद्यार्थीहरूलाई जातीय विभेद र छुवाछुत गरी भान्सामा सामेल हुनबाट ठाडै बञ्चित गर्न खोजे । फलतः झगडा चम्क्यो । बहुसङ्ख्यक गैरदलित समूहबाट दलित विद्यार्थीहरू मुसो चुटाई पिटिए । त्यसरी अन्यायमा परेका ती दलित विद्यार्थीलाई, भ्रमण सकेर फर्केपछि उल्टै झगडालु र हुल्याहाको आरोप लगाई रम्भा मा.वि.का.तत्कालीन प्रधानाध्यापक गोपालप्रसाद श्रेष्ठले १ वर्षको लागि रेस्टीकेट गरेर "होँचोको मुखमा घोँचो" भन्ने उखान चरितार्थ पारे ।

त्यस घटनाले हुमिन, ताँहुलगायत आसपासका दलित बस्तीहरूमा ठूलो सनसनी फैलायो । विवादले जोड पक्डदै जाँदा मुद्दा पाल्पा जिल्लाको शिक्षा कार्यालय, सि.डि.ओ.कार्यालय र अञ्चलाधीश कार्यालय बुटवल हुँदै तत्कालीन राष्ट्रिय पञ्चायतसम्म पुग्यो । राष्ट्रिय पञ्चायतबाट तत्कालीन रा.पं.स.हरू सर्वश्री टी.आर. विश्वकर्मा, परशुराम राई एवं दलित नेता प्रकाश चित्रकारहरूको सहभागितामा उक्त घटनाको छानबिन आयोग गठन भयो । त्यसै दौरान जिल्ला शिक्षा अधिकारीको पदीय दायित्व सम्हालेका हुनाले कविराज अर्याल त्यस मुद्दामा प्रत्यक्ष सम्बन्धित हुनुपऱ्यो । सो घटना घट्नु भन्दा केही महिना अघि मात्र सम्पन्न "बहुदल कि निर्दल" भन्ने देशव्यापी जनमत सङ्ग्रहमा एकमतले बहुदल पक्षमा जनमत दिएका त्यस क्षेत्रका दलितहरू तत्कालीन प्रमुख जिल्ला अधिकारी, अञ्चलाधीश आदि प्रमुख प्रशासकहरूका नजरमा स्वतः व्यवस्था-विरोधी ठहरिएका थिए । त्यसै कारणले उक्त रेस्टीकेट मुद्दामा दलितहरूले न्याय पाउन निकै कठिन परिस्थिति परिरहेको थियो तापनि जि.शि.अ.कविराज अर्यालले दलितहरूलाई सक्दो सहयोग गर्नुभयो । आफ्नो कार्यालयबाट दलितहरूको पक्षमा सहयोग त गर्नु हुन्थ्यो नै अन्यत्रको लागि पनि जो चाहिँदो सल्लाह सुझाव निरन्तर रूपमा दिइरहनु भयो । यस कुराको उल्लेख उहाँले केही महिनाअघि (सम्भवतः २०५९ भाद्र १० गते) को दैनिक लुम्बिनीमा प्रकाशित आफ्नो संस्मरणात्मक लेखमा पनि गर्नुभएको पाइन्छ ।

उक्त काण्डका मूल सूत्राधार प्रधानाध्यापक गोपालप्रसाद श्रेष्ठका साख्खै नातेदार एवं ताँहु बजारकै बासिन्दा हुमबहादुर श्रेष्ठ त्यतिबेला जिल्ला पञ्चायत कार्यालय पाल्पाका कार्यवाहक सभापति भएका र

उपरोक्त जनमत सङ्ग्रहको नतिजाको कारण प्रायः सबैजसो प्रशासकहरू दलितको विपक्षमा भएका हुँदा त्यस केसमा दलितहरूले सजिलै न्याय पाउन त सकेनन् तापनि त्यस सन्दर्भमा कविराज अर्यालले आफु सक्दो जो योगदान गर्नु भयो, त्यो भने दलितहरूको लागि बिर्सी नसक्नु रह्यो । त्यसै घटनादेखि त्यस क्षेत्रका दलितहरूले उहाँलाई आफ्नो हितकारी एवं राष्ट्रिय सामाजिक एकताको कट्टर पक्षधर र असली समाजसेवीको रूपमा चिन्दै र जान्दै आएका हुन् । यदि नेपालका सबै सत्तासिन बाहुन-क्षेत्रीहरूले दलित उत्पीडितहरूप्रति कविराज अर्यालको जस्तो विचार एवं व्यवहार राख्छन् भने सामाजिक एकता र दलित उत्थानको सवालमा नेपाली दलितहरूले त्यति ठूलो आन्दोलन र सङ्घर्ष गर्नुपर्ने नौबत नै नआउने कुरामा यो पंक्तिकार विश्वस्त छ ।

आज कविराज अर्याल हामी सबैको माझबाट असामयिक रूपले विछोड हुनु भएकोमा हामी मर्माहत छौं । सामाजिक एकता र समानताको लागि हमेशा सङ्घर्षरत सम्पूर्ण नेपाली दलितहरू उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछन् ।

(मेचीकाली दैनिक २०५९ कार्तिक ४ सोमवार, बुटवल)

मन्त्रिमण्डलमा दलितः ठूला पार्टीको सोंचमा झापड

आखिरमा प्रकाश चित्रकारलाई मन्त्रिमण्डलमा सामेल गरेर वर्तमान सरकारले समग्र नेपाली दलितलाई इज्जत र सम्मान दिएरै छाड्यो। नेपालको एकीकरण अभियानमा हातहतियार बनाउने, छाला र कपडाका पल्टनियाँ साजसज्जा तयार पार्नेदेखि बिसे नगर्चीले आर्थिक सल्लाहसमेत दिनेजस्ता समर्पित योगदान गरेका नेपाली दलितले देशबाट एकतन्त्रीय राणा शासन फ्याँक्न चालिएका पटक पटकका आन्दोलनमा पनि अन्य जात वर्गका आन्दोलनकारीहरूसँग काँधमा काँध मिलाई शहादत दिँदै कम्ती रगत बगाएका होइनन्! तर त्यसको प्रतिफलस्वरूप आएको कथित प्रजातन्त्रवादी शासन व्यवस्थाले भने दलितहरूका ती योगदान र शहादतको कुनै कदर गरेन। दलितलाई उकास्न सीपमूलक तालिम एवं रोजगारीको व्यवस्था गरी आर्थिक टेवा दिने, सुकुम्बासी अवस्थामा रहेका अधिकांश दलितलाई जग्गा जमिन उपलब्ध गराउने, शैक्षिक जागरण ल्याउने, पढेलेखेका दलितलाई राजनैतिक एवं प्रशासनिक पदहरूमा नियुक्ति हुने मौका दिई प्रोत्साहित गर्ने आदि कुनै प्रकारको ठोस कार्यक्रम वा अभियान २००७ सालदेखि २०१७ सालसम्मका कुनै शासकहरूले चालेनन् वा चाल्ने आवश्यकता नै देखेनन्। २०१५ सालको प्रथम आम निर्वाचनमा समेत न त कुनै पार्टीले दलितलाई राष्ट्रियस्तरको नेतृत्वका लागि उम्मेद्वारी दिने मौका नै दिए न त विजयी कांग्रेसी सरकारले आफ्नो मन्त्रिमण्डलमा दलितलाई पनि स्थान दिनुपर्ने आवश्यकता नै देख्यो। यहाँसम्म कि जातीय विभेदले परिपूर्ण राणाकालीन मुलुकी ऐनलाई खारेज गर्नुपर्ने आवश्यकतासमेत कसैले महसुस गरेनन्।

त्यसरी राणा शासनको समाप्ति र प्रजातन्त्रको स्थापनापछि पनि

कौवालाई बेल पाकेर हर्ष न विस्मात्‌को अवस्थामा परेका नेपाली दलितहरूलाई राजा महेन्द्रको प्रत्यक्ष शासन कालमा २०२० साल भाद्र १ गते नयाँ मुलुकी ऐन जारी भएपछि मात्र सर्वप्रथम केही राहत महसुस भयो । त्यसपछि १४० जनाको राष्ट्रिय पञ्चायत सभामा राजाबाट १ जना दलित अनिवार्य मनोनीत गर्ने व्यवस्था भयो । जसको अनुशरणस्वरूप आजसम्म पनि नेपाली काँग्रेस र नेकपा एमालेले आ-आफ्नो तर्फबाट राष्ट्रिय सभामा १/१ जना दलितलाई मनोनीत गर्दैछन् । ७० देखि ९० प्रतिशतसम्म बाहुनैबाहुनले भरिएका ती पार्टीहरूले दलितबाट भने ऐलेको माहौलमा पनि १ जनाभन्दा बढी मनोनीत गर्ने आवश्यकता नै देखेका छैनन् । २०३१ सालमा हिरालाल विश्वकर्मालाई सहायक मन्त्री बनाएर पञ्चायती व्यवस्थाले नेपालमा सर्वप्रथम दलित जातिलाई मन्त्रिमण्डलमा स्थान दिने ऐतिहासिक काम गर्‍यो । त्यो व्यवस्थालाई कालो दिनभन्दै गरिएको २०४६ सालको जनआन्दोलनमा अन्य सबै जातजातिसरह सक्रिय योगदान र शहादत दिएको दलित जातिलाई प्रजातन्त्रको कथित पुनर्बहालीपश्चात् बनेका अन्तरिम सरकारदेखि निर्वाचित सरकारसम्म पूरै १२ वर्ष शासन गरेका नेपाली कांग्रेस एवं नेकपा एमालेलगायतका ठूला पार्टीहरूले भने आ-आफ्नो मन्त्रिमण्डलमा सामेल गर्नुपर्ने कुनै आवश्यकता नै देखेनन् । आफूलाई जनपक्षीय र सर्वहारा पक्षधर भन्न रुचाउने ने.क.पा. एमालेले मन्त्रिमण्डल बनाउँदा र आफूलाई समाजवादी भनेर नथाक्ने काँग्रेसले मन्त्रालय र कामसमेत पुर्‍याउन नसक्ने गरी ४७/४८ जनाको जम्बो मन्त्रिमण्डल बनाउँदा पनि देशको कुल जनसङ्ख्याको १२ प्रतिशत मात्र रहेका बाहुनहरूलाई मन्त्रिमण्डलमा ७० देखि ८० प्रतिशतसम्म स्थान दिएर विना विभागीय मन्त्रीसमेत नियुक्त गर्न लाज मानेन, तर देशको कुल जनसङ्ख्याको झण्डै चौथाइ हिस्सा ओगटेको दलित जातिलाई भने ती मन्त्रिमण्डलहरूका लागि पनि साँच्चैको ‘अछुत’ बनाएर टाढै राखियो । अन्य प्रशासनिक एवं राजनैतिक पदहरूमा दलित जातिलाई स्थान र प्रोत्साहन दिने कुरा त परै जाओस् ।

‘म खाऊँ मै लाऊँ.......अरु सब मरुन् दुर्बलहरू’ भन्ने सोचले ग्रस्त बाहुनवादीहरूको यस्तै अविवेकी काम र उपेक्षित व्यवहारले गर्दा नै कतिपय दलितहरू बहुदलीय शासन व्यवस्थाबाट आफ्नो जातीय उत्थान हुने कुरामा विश्वस्त हुन नसकी निराश भै कुहिराको कागझैँ बनेको अवस्थामा आफ्नो

जातीय उत्थान र विकासको सही दिशा खोज्दै माओवादीलगायतका विभिन्न विचारधाराहरूतर्फ दौड्न बाध्य भएका देखिन्छन् । ठीक यसै बेला वर्तमान सरकारले वरिष्ठ दलित नेता प्रकाश चित्रकारलाई मन्त्रिमण्डलमा सामेल गराई दलितहरूलाई इज्जत, मान दिएको छ र यो विषय नेपाली दलितहरूका लागि गम्भीर एवं सोचनीय बन्न पुगेको छ । यो कामले वर्तमान सरकार अरु जाति र पार्टीहरूको दृष्टिमा राम्रो वा नराम्रो चाहे जस्तोसुकै मानियोस्, तर तुलनात्मकरूपमा दलित जातिका लागि सर्वथा धन्यवादको पात्र छ । यस कामले एकातिर दलित उत्पीडितहरूले पनि हरेक क्षेत्रमा अनिवार्य रूपले स्थान, मान पाउनैपर्छ भन्ने सन्देश सबैलाई दिएको छ भने अर्कोतिर दलित जातिलाई कत्ति महत्व नदिई केवल भोट बैंक मात्र बनाई सामान्य ललीपप चटाएर थाङ्नामा सुताउँदै आइरहेका कांग्रेस, एमालेलगायतका ठूला पार्टीहरूको बाहुनवादी सोच र व्यवहारमा झापड पनि परेको छ ।

अन्तमा, नेपाली दलितलाई इज्जत, मान दिएको यस कामको लागि वर्तमान सरकारप्रति सम्पूर्ण नेपाली दलितहरूको तर्फबाट यो लेखद्वारा आभार प्रकट गरिन्छ भने यस्तै प्रकारले भविष्यमा पनि दलितलाई सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक एवं शैक्षिक हरेक क्षेत्रमा उकास्न र न्याय दिन सरकारले सक्दो प्रयास गर्नेछ र विभिन्न कार्यक्रमहरू अगाडि ल्याउनेछ भन्ने आशा पनि गरिएको छ ।

(दैनिक लुम्बिनीः ०५९ मंसिर ७ शनिबार, बुटवल/ब्लाष्ट टाइम्स दैनिक, २०५९ मंसिर ११ बुधबार, धरान)

दलितलाई हक दिन ढिलो नगरौं !

दैनिक लुम्बिनी पत्रिकामा मिति २०५९।९।१७ मा प्रकाशित 'छुवाछुतविरुद्धको सामाजिक अभियानबारे सोच्दा' शीर्षकको दुर्गा पौड्यालको लेखले ब्राह्मणवादको पक्षमा घुमाउरो पाराले वकालत गर्नुका साथै दलितलाई भ्रममा पार्ने कोशिशसमेत देखिएकोले सबैले ध्यान दिनैपर्ने निम्न कुराहरू बुँदागत रूपमा पेश गरेको छु-

१. छुवाछुत र ब्राह्मणवादः-

लेखिकाले अहिले छुवाछुत प्रथा पूरै हटेर गएको उल्लेख गर्नुभएकोमा सानी छँदा उहाँले देख्नुभएको छोइछिटो हाल्ने र छोएका भाँडा आगो-पानी हालेर भित्र लैजाने तथा दलितले खाएका भाँडामा नखाने चलन ऐले पनि तत्तत् ठाउँहरूमा कायमै छ । पहाडका सदरमुकाम शहरहरू र मधेशका शहरहरूमा बाहिरी देश देशावरका मान्छेहरूसँगको संसर्ग र जमानाको प्रभावले ठाडै त्यो चलन हटेको छ तापनि प्रकारान्तरले छुवाछुत कायमै छ। उदाहरणार्थः काठमाडौं, पोखरादेखि बुटवल, भैरहवासम्मका शहरहरूमा ऐले पनि विदेशी गोरा, इसाई, मुसलमानहरूलाई सजिलै आफ्ना घरमा डेरा दिने वा पेइङ्ग गेष्ट बनाउने कथित ठूला जातिले आफ्ना स्वधर्मी हिन्दू दलितहरूलाई भने सकेसम्म आफ्नो घरमा डेरा गर्न दिँदैनन् पेइङ्ग गेष्ट बनाउने कुरा त कल्पनातीत नै भयो । यहाँसम्म कि अर्काको घरमा डेरा गरी बस्न बाध्य भएका कथित ठूला जातिका मान्छेहरू पनि सकेसम्म दलितको घरमा डेरा गरी बस्न चाहन्नन् । स्वयं लेखिका वा उहाँका नजिकका नातेदारहरू पनि आफूलाई बढी उदार देखाउन दलितको घरमा गएर खुलेआम खाइदिन सक्नुहुन्छ तर दलितहरूलाई कस्तै सफा सुग्घर र शिक्षित भए पनि खुलेआम आफ्ना घरमा ल्याई सनातनी खुवाउने र आवतजावत गराउनबाट सकेसम्म बच्न चाहनुहुन्छ । स्वयं उहाँ उक्त

लेखमा विश्वकर्मासँग प्रेम विहे गर्ने आफ्नै चेली बाहुनीको नाम ठेगाना उल्लेख गर्न हच्कनु भएबाट पनि यस कुराको पुष्टि हुन्छ । यदि ती चेलीका बाउआमाले आफ्नी छोरी र विश्वकर्मा ज्वाइँलाई आफ्नो घरमा विदेशी विधर्मी, इसाई गोरा र मुसलमान ज्वाइँलाई भित्र्याएसरह सनातनी भित्र्याएर आवतजावत गराएका हुन्थे भने पक्कै पनि लेखमा ती चेलीको नाम, ठेगाना सगर्व सप्रमाण उल्लेख हुने थियो । विदेशी विधर्मीलाई सहजै ज्वाइँ पनि बनाउने र बुहारी पनि बनाई तिनीबाट जन्मेका बालबच्चालाई आफ्नै वंशमा सामेल गराई आफ्नै जातको नागरिकतासमेत बनाइदिने, तर सँगै बस्ने साख्खै अंशियार दलितहरूका छोराछोरीसँग आफ्नो छोराछोरीको प्रेमविवाह भयो भने सकेसम्म त्यो दलितको खोइरो खनेर त्यसलाई अलपत्र पार्ने वा वनबास गराउने अथवा त्यस्तो प्रेम गर्ने सन्तानसँग पनि च्यात्तै नाता तोडी १ नम्बरको दुश्मनी गर्न बिथिबेर नलाउने चलन र व्यवहार यत्रतत्र देख्न भोग्न पाइएकै छ । यसरी आफूलाई मन परे विधर्मी विदेशीलाई पनि सम्मान गर्ने, मन नपरे साख्खै दलित दाजुभाइसँग पनि दुश्मनी गर्न पछि नपर्ने हुनाले यस्तो प्रथालाई अब बाहुनवादको अलावा बौलाहावाद, छाडावाद र मनपरीवादसमेत भन्नुपर्ने भएको छ ।

लेखमा आम जनताको ध्यान बाहुनवादबाट मोडेर सामन्तवाद, विश्वकर्मावाद आदितिर लैजाने प्रयास गरेको देखियो । जनताको आयआर्जन, श्रीसम्पत्ति, रोजगारी आदि कुराको सवालमा ती वादहरूको प्रसङ्गअनुसार उल्लेख हुनुपर्ने कुरा आफ्नै ठाउँमा छ । तर छोइछिटो र जातीय उचनीचको कारणले गरिने भेदभाव, छलकपटको सवालमा हुने चर्चा परिचर्चा, काण्ड, घटना, चलन, व्यवहार आदि भने निर्वाधरूपले ब्राह्मणवादभित्रै पर्दछन् । किनकि समाजमा छुवाछुत र जातीय उचनीचको शुरुआत गर्ने प्रवर्तक, निर्देशक, प्रचारक र संरक्षक बाहुन जाति हो भन्ने निर्विवादै छ । क्षेत्री, नेवार, वैश्यहरूले बाहुनले सिकाए मुताविक मात्रै भेदभाव गरेका हुन् । नेपालका बहुसङ्ख्यक जनजाति शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू आदि मङ्गोलहरू उत्तरतर्फका देश मङ्गोलिया, चीनबाट आएका र ती देशहरूमा जातीय छुवाछुत, भेदभावको कल्पनासमेत नभएको हुनाले ती मङ्गोल मूलका नेपालीलाई पनि छुवाछुत र उचनीच भेदभाव बाहुनहरूबाटै सिकाइएको कुरामा दुई राय छैन । यस कुराको प्रमाण २०२० साल श्रावण मसान्तसम्म नेपालमा लागू रहेको बाहुनहरूद्वारा लिखित

नेपालको मुलुकी ऐन नै मान्न सकिन्छ । यसैकारण स्पष्ट छ कि भारत एवं नेपालको समाजमा परम्परादेखि हालसम्म चल्दै आएको जातीय छुवाछुत, भेदभाव गर्ने नीति नियम वा वाद बाहुनहरूले बनाएको हुनाले यससम्बन्धी वादलाई ब्राह्मणवाद भन्नु सटिक एवं जायज छ । जातीय छुवाछुत चाहे जनजातिबाट भएको होस्, चाहे दलितहरूबीच आपसमा भएको होस्, चाहे जुनसुकै जातको व्यक्तिबाट भए गरेको होस्, त्यसको मूल जरो अन्ततः बाहुनवादमा नै रहेको हुन्छ । प्रसङ्गवश ब्राह्मणवादलाई दोष दिँदा कसैले चित्त दुखाउनु पर्ने प्रश्नै आउँदैन ।

२. आरक्षण र शिक्षाः–

लेखमा दलितहरूलाई आरक्षण आवश्यक नभएको बरु उनीहरूलाई अनिवार्य निःशुल्क शिक्षा प्राप्तिका लागि आन्दोलन छेड्नु पर्ने सुझाव दिएको देखियो । नेपालमा परम्परादेखि राजनीतिक, प्रशासनिक, सरकारी एवं गैरसरकारी नोकरी, ठेक्कापट्टा, वाणिज्य, व्यवसाय आदि देशको बागडोर सम्हाल्नेदेखि आयआर्जनका गतिला र भरपर्दा सम्पूर्ण स्रोत साधनहरूमा बाहुन-क्षेत्रीहरूको एकछत्र रजाइँ चल्दै आएको र उनीहरूको पछिपछि वाणिज्य व्यवसाय आफ्नो पकडमा हुनाका कारणले सम्पन्न र चेतनशील भएका नेवार वैश्यहरूले पनि फाइदा उठाउँदै आएका तथा सोबाहेकका जनजाति एवं दलितहरू विदेशमा गई विदेशीको नोकरी चाकरी गरेमा बाहेक स्वदेशमा उपरोक्त तीन जातका ढोके, पाले, हली, नोकरचाकर हुँदै जीवन यापन गर्दै आएको सर्वविदितै छ । त्यसै कारण विगतदेखि नै दलितहरूले देशको महत्वपूर्ण राजनीतिक, प्रशासनिक आदि ठाउँमा स्थान पाउने कुरै भएन । राणाशासन समाप्तिको ६ दशक बित्न लाग्दा पनि स्थिति त्यही नै छ । देशमा दुई/दुई चोटी आएको कथित प्रजातन्त्रपश्चात् पनि ऐले ७५ जिल्लाका ७५ जना प्रमुख जिल्ला अधिकारीमध्ये ८० देखि ९० प्रतिशतसम्म केवल १२ प्रतिशत जनसङ्ख्या भएका बाहुन जातिका मात्रै छन् । उनीहरूको मन्त्रीदेखि सन्तरीसम्म, हाकिमदेखि पियनसम्म त्यही अनुपातमा वर्चस्व छ । तर देशको कुल जनसङ्ख्याको २० प्रतिशत स्थान ओगटेका दलितहरूको उपस्थिति भने उपरोक्त सबै पदहरूमा ० प्रतिशत छ । यसरी देशका सबै क्षेत्रका पदहरूमा भएजति दरबन्दी सबै ओगटेर बसेका ३० लाख बाहुनहरूको लागि लेखमा 'योग्यता नभएका माथिल्ला जाति

भन्नेहरूले पनि ठाउँ पाएका छैनन्, यो कसैबाट छिपेको छैन' भनी लेखिनु, तर ५० लाख दलितको लागि भने हिरालाल विश्वकर्मा, गोल्छे सार्की र प्रकाश चित्रकार आदि औंलामा गन्न मिल्ने १०-१५ जनाले मामुली पद पाउनु नै काफी ठान्नु लेखकको चिन्तन कहाँसम्मको आश्चर्यजनक हो ?

सन् १९४७ मा भारत अङ्ग्रेजबाट मुक्त हुँदा र त्यसको ३ वर्षपछि सन् १९५० मा नेपाल राणा शासनबाट मुक्त हुँदा दुबै देशका दलितहरूको राजनैतिक, आर्थिक एवं सामाजिक स्थिति लगभग एकैनासको थियो । त्यसको लगत्तै भारतमा संविधानतः दलितलाई हरक्षेत्रमा आरक्षणको व्यवस्था गरिएको हुनाले आज त्यहाँ दलितहरू देशको सर्वोच्च पद राष्ट्रपति पनि बनिसके भने राजनैतिक, प्रशासनिक आदि विविध महत्वपूर्ण क्षेत्रका अति उच्च पदमा गनेर र भनेर नसकिने सङ्ख्यामा स्थापित भैरहेका छन् । तर नेपालमा दलितहरू सांसारिक प्रभावले सामाजिक स्थितिमा केही परिवर्तन ल्याएको बाहेक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रका कुनै महत्वपूर्ण पदमा पुगेका छैनन् । देशका सम्पूर्ण सरकारी, गैरसरकारी, निजी, राजनैतिक, प्रशासनिक सबै निकायमा बाहुनहरूको एकलौटी कब्जा हुनाले उनीहरूको तजबिजले भर्ना गरिने पियन, अर्दलीलगायतका सबै पदमा पनि (स्वीपरबाहेक) बाहुनैबाहुन र कताकति अरु जातका मानिस भरिएका छन् । कथित पानी नचल्ने हुनाले चियानास्ता ओसारपसार गर्न र घर क्वार्टरमा भातभान्साको काम गर्नसमेत राख्न नमिल्ने भनिने दलित जातिका व्यक्तिले मौका पाउने कुरै भएन । सोबाहेक अन्य प्राइभेट स्कुल, वाणिज्य, व्यवसाय आदि क्षेत्रमा पनि आफ्नै नालनाता, जात, वर्ग वा पानी चल्ने भनाउँदा जातका मान्छे भर्ना गर्ने र दलितलाई छिर्न नदिने एक प्रकारको बारबन्देज नै लगाउने गरिएको जताततै देखिन्छ । यसरी सँगसँगै पढेका बाहुन जातिका ऐरे-गैरेले रोजगारी कुनै न कुनै रूपमा पाइहाल्ने तर ऋणधन गरी बडो कष्टसाथ पढेका वा नपढेका दलित जातिका भने कसैले कहीँ पनि रोजगारी नपाउने भएपछि दलितहरू पढ्नमा उत्साहित हुन्छन् कसरी ? तसर्थ सबैले बुझ्नु पर्छ कि दलितलाई आरक्षण नहुनाले कति मार परेको छ र उनीहरूलाई पढ्न बाहुनवादले कसरी छेक्ने गरेको रहेछ । महिनाको दुई किलो खाने तेल पाउने लोभले पाठशालामा दैनिक रुजु हाजिर भै पढ्ने नेपाली मनोवृत्तिले ग्रसित दलितहरू यदि रोजगारी नोकरीको लागि आरक्षणको सुविधा पाउँछन् भने एस.एल.सी. त के कुरा

डिग्रीसम्म पढ्न पनि बाहुनहरूसँग दाँजिएर तँछाड्मँछाड् गर्दै होमिने छन् । यसमा कुनै शङ्का छैन ।

अन्तमा, म सम्बन्धित सबैसँग यो अनुरोध गर्न चाहन्छु कि अबका दिनलाई शान्त राख्न चाहने हो भने मिलीजुली बस्न बाँडीचुँडी खानै पर्छ 'म खाऊँ मै लाऊँ...अरु सबै मरुन् दुर्बलहरू' को राग अलाप्दै 'सबैको लागि बराबरीको मौका दिइएकै छ, खुला प्रतियोगितामा उत्तीर्ण हुन सकेनौं त के गर्ने' भन्ने बहाना गर्दै दलितहरूको अंशभाग पनि एकलौटी आफैले खाने र दलितलाई भ्रममा पारेर थाङ्नामा सुताउने प्रयास गर्नुभन्दा भारतमा जस्तै आरक्षणको सुविधा तुरुन्त दिएर आ-आफ्नो अंशभाग खाने व्यहोर्ने मौका दिनु नै देशहितमा हुनेछ । नेपालमा भारतका राम्रा नराम्रा अरु सबै कुराको सिको तुरुन्तै गर्न भैरहेको छ भने आरक्षणजस्तो दलितलाई शान्त राख्ने राम्रो कुराको सिको गर्न किन नहुने ? दलितहरू पनि पहिला नम्बरका राष्ट्रवादी, देशभक्त र समझदार छन् भन्ने कुरा विगतका इतिहासले नै बताइरहेको छ । अतः दलितहरूको आवाजलाई मोड्ने प्रयासमा समय खेर फाल्नुभन्दा उनीहरूलाई सामाजिक इज्जत दिन र आरक्षणको माध्यमबाट अधिकार दिन ढिलो नगरेमा नै सबै नेपालीको कल्याण होला ।

(दैनिक लुम्बिनी- २०५९ पुस २४ गते बुधबार, बुटवल)

दशौं पञ्चवर्षीय योजनामा दलित उत्थान– एक चर्चा

श्री ५ को सरकार स्थानीय विकास मन्त्रालयअन्तर्गत गठित उपेक्षित उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले मिति २०५९/१०/२८ मा रूपन्देही जिल्लाको सिद्धार्थनगरमा 'दशौं पञ्चवर्षीय योजना र दलित उत्थानको सन्दर्भ 'विषयक एक दिने गोष्ठी सम्पन्न गऱ्यो । त्यस गोष्ठीमा नेपालका दलितहरूको उत्थान एवं विकास गर्न श्री ५ को सरकारले दशौं पञ्चवर्षीय योजनामा लक्षित गरेका नीति, कार्यनीति र कार्यक्रमबारे प्रकाश पारिएको थियो भने रूपन्देही जिल्लाका दलितहरूको तर्फबाट पनि केही सुझावहरू सोही समितिमार्फत् सरकारसमक्ष पेश गरिएको थियो ।

दलितहरूको उत्थान र विकास गर्ने सम्बन्धमा सरकारले नवौं पञ्चवर्षीय योजनामा पनि थुप्रै आशा लाग्दा योजना र कार्यक्रमहरू प्रकाशमा ल्याएको थियो, तर विभिन्न कारणले कार्यान्वयन हुन नसकी उपलब्धी शून्य प्रायः रह्यो । यसरी प्रत्येक पञ्चवर्षीय योजनामा आफ्नो विकासको लागि सरकारबाट बनाइने कार्यक्रमहरू केवल कागजी बाघ मात्र साबित भएको अनुभव गर्दै आएका दलितहरू दशौं योजनामा पनि आफ्नो लागि लक्ष्यअनुरूप उपलब्धी मिल्ला भन्ने कुरामा सशंकित नै देखिन्छन् । उनीहरूको त्यो शङ्का मेटाउन र दलित उत्थानसम्बन्धी लक्षित कार्यक्रम सफल पार्न वास्तवमै चाहने हो भने सरकारले निम्न कुराहरूमा समेत ध्यान दिनु जरुरी देखिन्छ ।

१. देशभरि छरिएर रहेका दलितहरूको हकहित संरक्षण र संवर्धन गर्दै उनीहरूको समग्र विकास गर्ने तथा सामाजिक, प्रशासनिक, राजनैतिक एवं धार्मिक क्षेत्रबाट भैरहने परम्परागत भेदभाव थिचोमिचोबाट जोगाई उनीहरूलाई सही न्याय दिलाउने काममा राज्य पक्षलाई ठोस

सल्लाह दिन र सहयोग गर्न ऐले कार्यरत राष्ट्रिय दलित आयोगलाई स्वायत्त र कानुनी अधिकारप्राप्त संवैधानिक निकाय बनाइनु पर्छ । तत्पश्चात उक्त आयोगका जिल्लास्तरीय इकाई कार्यालयहरू खोलेर ७५ वटै जिल्लामा कार्यरत गराइनु पर्छ ।

२. दलितहरूले हरक्षेत्रमा उचित स्थान पाउने वातावरण तयार पार्न आवश्यक ऐन कानुन, नीति नियम बनाई कडाइका साथ लागू नगरेसम्म साँचो न्याय पाउन सक्दैनन् । त्यस्तो नीति निर्माण गर्ने तहमा ऐलेसम्म एकलौटी कब्जा जमाउँदै आएका एकल जाति विशेषका अधिकारीबाट अब पनि आशा गर्नु व्यर्थ छ भन्ने कुरा घाम जस्तै छर्लङ्ग छ । अतः दलित जातिका (क) स्नातक वा सोभन्दा माथिको शैक्षिक योग्यता भएका शिक्षित व्यक्ति र (ख) कम्तीमा १५ वर्षसम्म दलित जातिको उत्थान अभियानमा समर्पित भई लागेका कार्यकर्ता, मध्यबाट नै बराबर सङ्ख्यामा छनौट गरी कम्तीमा १० जनालाई त्यस्तो नीति निर्माण गर्ने तहमा नियुक्त गरिनु पर्छ । त्यसपछि उनीहरूको र राष्ट्रिय दलित आयोगसमेतको राय सल्लाहअनुसार मात्र दलित सम्बन्धित ऐन कानुन सरकारले बनाउनु पर्छ ।

३. दलितहरूको हितमा सरकारले बनाई जारी गरेका ऐन, कानुन, नीति, नियमहरूको अक्षरशः पालना गरी उनीहरूलाई संरक्षण र संवर्धन गर्दै सही न्याय दिलाउने काम, परम्परागत रूपमा चल्दै आइरहेको वर्तमान प्रशासनिक कर्मचारी सञ्जालबाट हुने आशा गर्नु व्यर्थ छ। तसर्थ त्यस्तो काममा सरकारलाई भित्री मनले सहयोग पुऱ्याई देशको अखण्डता र अमन चैनलाई निरन्तरता दिने वातावरण सधैँ बनाइराख्न त्यस्ता अधिकार प्राप्त प्रशासनिक एवं न्यायिक पदहरू (जस्तै-मन्त्रालयका सचिव, निर्देशक, प्रमुख जिल्ला अधिकारी, प्रहरी र सेनातर्फका उच्च अधिकारी एवं न्याय सेवातर्फका न्यायाधीश, न्यायाधिवक्ता आदि) को कुल दरबन्दीमध्ये जनसङ्ख्याको समानुपातिक हिसाबले हुने लगभग २० प्रतिशत पदमा दलित जातिका पढेलेखेका स्नातक व्यक्तिहरूलाई खोजीखोजी प्राथमिकता दिएर नियुक्ति गरी कार्यरत गराइनु पर्छ ।

४. दलित जातिका शिक्षित व्यक्ति शत प्रतिशत बेरोजगार छन् । यसो हुनु देश र दलित दुबैको लागि खतरापूर्ण छ । अतः ती शिक्षित दलित युवाहरूलाई देशका सरकारी, अर्धसरकारी, गैरसरकारी आदि रोजगारीमूलक कार्यालय, संस्थान, पाठशाला, अदालत आदि सबै निकायमा उनीहरूको शिक्षाको स्तर अनुसारको पदमा खोजीखोजी प्राथमिकतापूर्वक नियुक्ति दिई भर्ना गर्नु पर्छ । त्यसको अलावा देशभरका प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्मका प्रत्येक पाठशालामा दरबन्दीअनुसार दलितले पाउने समानुपातिक कोटाका शिक्षक अनिवार्यरूपले भर्ना गर्नु पर्छ । देशका झन्डै ४ हजार गा.वि.स.मा काम गर्ने ४ हजार सचिवमध्ये कम्तीमा ८०० जना गा.वि.स. सचिव दलित जातिका शिक्षित युवाहरूमध्येबाट नियुक्ति गर्नु पर्छ । स्वास्थ्य सेवामा दलित जातिका डाक्टर, नर्स एवं हेल्थ असिस्टेन्टहरू प्रशस्त तयार पारी जनताको सेवामा पठाएमा एकातर्फ शिक्षित दलितले रोजगारी पाउँछन् भने अर्कोतर्फ देशबाट छुवाछुत हटाउनमा उनीहरूको सेवाले बढी प्रभावकारी काम गर्ने प्रष्ट छ । अतः पूर्ण सरकारी खर्चमा दलित जातिबाट प्रत्येक वर्ष १० जना डाक्टर र ५०० जना नर्स एवं हेल्थ असिस्टेन्ट तयार पार्ने काम सुरु गरिहाल्नु पर्छ । जन्मैदेखि शिल्पकार भएका दलित जातिका युवाहरूलाई सरकारी खर्चमा ईन्जिनियर ओभरसियरजस्ता प्राविधिक शिक्षा एवम् तालिम दिलाई देशको सेवामा लगाइनु पर्छ ।

५. ऐलेसम्म दलित जातिको व्यक्तिलाई कुनै पनि कार्यालयको कर्मचारीमा भर्ना नै नगर्ने र कथंकदाचित कुनै श्रोतबाट भर्ना भैहालेको भए त्यस दलितलाई सकेसम्म अपायक पर्ने दूरदराजका स्थानमा पदस्थापन वा सरुवा गरी हैरान परेशान पारी अन्ततः राजीनामा गरेर नोकरी छोड्न बाध्य पार्ने अघोषित प्रचलन सनातनीरूपले जताततै देख्न पाइन्छ । यसले गर्दा शिक्षित एवं अशिक्षित दलितहरू नोकरीतर्फ अग्रसर हुन नचाहने र भित्रभित्रै देशको सिङ्गो शासन व्यवस्थाप्रति नै असन्तुष्टि बढाउँदै विमुख हुने गरेका पाइन्छन् । उनीहरूको त्यो असन्तुष्टि एकजुट भएमा भविष्यमा विष्फोटन ल्याउने कुरामा शङ्कै छैन । अतः दलितलाई शान्त राख्न र सही न्याय दिलाउन सरकारले समयमै

सोच्नु जरुरी छ । पानी चल्ने भनिएका जातिको कर्मचारी देशको जुनसुकै भागमा खटिए पनि ऊ त्यहाँका अन्य कर्मचारीहरू एवं हिन्दू समाजद्वारा सहजै स्वीकार्य हुन्छ, फलतः त्यसले त्यहाँ डेरा पाउनु, होटलमा खान पाउनु र कार्यालयमा सर्वस्वीकार्य हुनु सामान्य कुरा हुन्छ । तर त्यसरी खटिने कर्मचारी यदि दलित जातिको हुन्छ भने त्यसउपर चारैतर्फबाट ठूलो सङ्कट ओइरिन थाल्छ । सर्वप्रथम त त्यो कर्मचारी आफ्नै कार्यालयका अन्य कर्मचारीहरूबाट सहज स्वीकार्य हुँदैन । त्यसपछि क्रमशः उसले बाहिर बस्न डेरा पाउँदैन, होटलमा इज्जतसाथ खान पाउँदैन । सबैतिरबाट बहिस्कृत र अपहेलित हुन पुगेको त्यस कर्मचारीको आफ्नो हालत कस्तो होला र निजबाट कार्यालय वा देशले कस्तो काम वा प्रतिफलको अपेक्षा गर्न सक्ला ? सोचनीय छ ! अतः दलित जातिका कर्मचारीलाई उनीहरूको इच्छा बेगरका स्थानमा पदस्थापना वा सरुवा गर्न नपाइने नियम तुरुन्त बनाइनु पर्छ । तबमात्र दलितहरू आश्वस्त भई देशको शासन व्यवस्थामा सहभागी हुन अग्रसर हुनेछन् र उनीहरूबाट हुने भावी विद्रोहबाट राज्य निश्चिन्त हुन सक्नेछ ।

६. कार्यालयहरूमा हाकिमको खाना बनाउन र चियापानी ओसार्न सजिलो हुने ठानेर हालसम्म पानी चल्ने भनिएका जातबाट मात्र पियन पदमा कर्मचारी भर्ना गर्ने परिपाटी कायम छ । जसले गर्दा एकातिर कार्यालय स्तरबाटै छुवाछुतलाई संरक्षण र बढावा दिएको देखिन्छ भने अर्कोतिर दलित जातिका कम पढेलेखेका वा निरक्षर युवाहरूले आफ्नोसमेत अंश भाग लाग्ने ती कार्यालयमा स्वीपरबाहेक पियनका त के कुरा बगैँचामा काम गर्ने पदमा समेत नियुक्ति पाउन सकेका छैनन् । यसको निराकरणको लागि हरेक कार्यालयले पियन स्तरको दरबन्दीको कम्तीमा चौथाई भाग कर्मचारी अनिवार्यतः दलित जातिबाट भर्ना गर्ने व्यवस्था गरिनु पर्छ । यसरी भर्ना गर्ने व्यवस्था देशको सैनिक एवं प्रहरी सेवामा पनि लागू गरिनु पर्छ । तबमात्र कम पढेलेखेका दलित युवाहरूले पनि रोजगारी पाउनेछन् र देशमा शान्ति सुव्यवस्था राख्नमा मद्दत पुग्नेछ ।

७. दिनप्रतिदिन बदलिँदो संसारिक परिवेशको प्रभावले परम्परागत शिल्पकला पेसा लोप हुँदै जानाले र त्यसबाट गुजारा गर्न मुस्किल हुनाले दलित जातिका युवाहरू स्वतः बेरोजगार हुन पुगेका छन् । रहेसहेका सुनचाँदी पसल, फलाम कामका पसल, छालाजुत्ता पसल, तैयारी कपडा पसल आदिका साथै यहाँसम्मकि सारङ्गी रेटेर जीवन धान्ने कामसमेतमा बाहुन, क्षेत्री आदि शासक जातिका व्यक्तिहरूबाट ठाउँठाउँमा भएको पेशा अतिक्रमणले ती दलित अझै दयनीय आर्थिक मारमा परेका छन् । ती बेरोजगारलाई शान्त र व्यवस्थित गराउन सरकारले उनीहरूको लागि पूर्ण सरकारी खर्चबाट सीपमूलक तालिमको व्यवस्था गर्नु पर्छ । घरेलु उद्योग कार्यालयबाट दिइने प्रत्येक प्रशिक्षणहरूमा पनि अनिवार्यरूपले दलितहरूलाई सहभागी गराइनुपर्दछ । आवश्यकताअनुसार उनीहरूलाई विदेशमा समेत तालिम लिन पठाइनु पर्छ । तालिमपश्चात् उनीहरूको लागि रोगजारीको उचित व्यवस्था गर्नुपर्दछ ।

८. देशका ९५ प्रतिशत दलितहरू पूर्णतः सुकुम्बासी अवस्थामा रहेका छन् । उनीहरूलाई सामान्य गुजारा गर्न मिल्ने जमिनको न्यायोचित मालिक नबनाइएसम्म दलितको आर्थिक स्तर उकास्न किमार्थ सकिन्न । अतः राष्ट्रिय दलित आयोगको जिल्ला ईकाईबाट प्रमाणित गरिएका भूमिहीन दलितलाई सामान्य गुजारालायक जमिन निःशुल्क उपलब्ध गराई भूमिपति बनाइनु पर्छ ।

९. माथि लेखिएअनुसार सीपमूलक तालिम पाएका र भूमिपति बनाइएका दलितलाई रोजगारीमूलक कार्य गर्नको लागि राष्ट्रिय दलित आयोगको जिल्ला इकाईको सिफारिसमा बिनाधितो ऋण सहजै प्रदान गर्ने व्यवस्था राज्यले गर्नुपर्दछ ।

१०. अहिलेसम्म छुवाछुत गर्नेउपर राज्यको व्यवहार हेर्दा राज्यले छुवाछुत समस्यालाई गम्भीरतापूर्वक कत्ति नलिएको देखिन्छ । यदि यो समस्यालाई यसरी बेवास्ता गर्दै जाने हो भने भविष्यमा दलितले पाकिस्तानजस्तो माग नगर्लान् भन्न सकिन्न । अतः देशलाई अखण्ड

र शान्त राख्नको लागि छुवाछुत व्यवहार गर्नेलाई राज्यले तदारुकताका साथ दमन गर्नैपर्छ । त्यसको लागि छुवाछुतको अपराधलाई राज्यले अन्य सार्वजनिक अपराधसरह तुरुन्त सरकारवादी मुद्दा घोषणा गर्नुपर्छ, साथै दोषी प्रमाणित अभियुक्तलाई अर्थदण्ड नगरी कम्तीमा ३ वर्षको अनिवार्य जेल सजाय हुने व्यवस्था गरिनुपर्छ ।

यदि माथि उल्लेखित कामकुराहरू सरकारबाट कार्यान्वयन गरिन्छ भने दशौं पञ्चवर्षीय योजनामा दलित उत्थानको लागि लक्ष्य गरिएको कार्यक्रम सफल हुनमा निश्चितरूपले ठूलो योगदान पुग्नेछ र अहिलेसम्म प्रजातन्त्रको अनुभूति गर्न नपाएका नेपाली दलितहरूले देशमा बल्ल प्रजातन्त्र आएको थाहा पाउनेछन् । अन्यथा उनीहरूको लागि यो दशौं पञ्चवर्षीय योजनाको परिणति पनि विगतका नौ वटा योजनाहरूको जस्तै नहोला भन्न सकिन्न ।

(दैनिक लुम्बिनीः २०५९ फागुन १२ सोमबार, बुटवल
ब्लाष्ट टाइम्स दैनिकः २०५९ फागुन २२ बिहीबार, धरान)

आफै त महादेव उत्तानो पर, कसलाई देलान् वर !

(भगवान् मानिएका शिवजीबाट अप्रमाणिक पौराणिक कालमा सकल देवतालगायत विश्वका चराचर प्राणीको भलै रक्षा र कल्याण भएको हुँदो हो तर प्रमाणिक, ऐतिहासिक र वर्तमान कालमा उनले अति नै आवश्यकता परेको बेला पनि आफ्नो शक्ति देखाउनु त परै जाओस्, अस्तित्वसमेत पुष्टि गर्न सकेका छैनन् । फलतः मन्दिरमा स्थापित उनको मूर्तिको ढुङ्गा र सामान्य ढुङ्गामा कुनै तात्विक भिन्नता पाउन सकिएको छैन ।)

हिन्दूहरूका तेत्तीसकोटी देवताहरूमध्ये शिवजीलाई सबैभन्दा ठूलो मानिन्छ । धर्मशास्त्रहरूमा इन्द्रादि सकल देवताहरूले आपतको बेला शिवको शरण परेपछि मात्र त्राण पाएको कुरा यत्रतत्र उल्लेख छ । स्वयम् विश्वको सृष्टिकर्ता मानिएका ब्रह्मा र पालनहार मानिएका विष्णुले समेत आ-आफ्नो अभीष्ट सिद्धिको लागि शिवजीलाई नै खुशी पार्नु पर्ने ठानेर बेलाबखत उनको आराधना-पूजा गरेको पाइन्छ । भगवान् भनिने रामले पनि लङ्का आक्रमण गर्नुअघि युद्धमा सफलताको कामना गर्दै समुद्रको किनार रामेश्वरमा शिवजीको पूजा- आराधना गरेर मात्र आफ्नो फौजलाई अगाडि बढाएको उल्लेख पाइन्छ । त्यसैले होला शिवजीलाई देवाधिदेव महादेव भन्ने गरिन्छ । महादेवका अन्य नामहरूमा सोमनाथ, विश्वनाथ, पशुपतिनाथ आदि प्रसिद्ध छन् भने भारत, नेपाल आदि विभिन्न मुलुकमा स्थापित ती नामका मन्दिरहरूमा सर्वसाधारण भक्तजनहरूबाट दिनहुँ पूजा आराधना गरी आ-आफ्नो अभीष्ट सिद्धिको कामना र आशा गरिन्छ । हरहर महादेव रक्षा गर ! भनेर जप्दै आ-आफ्नो रक्षा र कल्याण महादेवबाट हुने कुरामा

भक्तजनहरू ढुक्कै देखिन्छन् । नेपालमा पनि अति ठूलादेखि सानासम्मका सबै भक्तजनहरू श्रीपशुपतिनाथले हामी सबैको रक्षा र कल्याण गरुन् भन्दै लपेटिएर महादेवको पूजा आराधनामा नित्य तल्लीन देखिन्छन् । यसरी भक्तजनहरू आफ्नो रक्षा र कल्याण हुने कुरामा महादेवप्रति पूर्ण विश्वस्त र ढुक्क देखिन्छन् तापनि महादेवले भने उनीहरूको इच्छा र आकांक्षा रत्तिभर पूरा गर्न नसकी 'आफै त महादेव उत्तानो पर, कसलाई देलान् वर' भन्ने कहावत् अक्षरशः चरितार्थ पारिरहेको देखिन्छ । यस कुराको पुष्टि निम्न ऐतिहासिक घटना विवरणहरूबाट पनि गर्न सकिन्छ ।

१. तत्कालीन भारतको सबैभन्दा ठूलो, वैभवशाली र महिमा-मण्डित शिवजीको मन्दिर मानिएको गुजरात कठियावाड़स्थित प्रसिद्ध सोमनाथ मन्दिरमा आक्रमण हुने पूर्वसूचना पाएअनुसार मन्दिरको आसपास सुरक्षार्थ 'हरहर महादेव'को गगनभेदी नाराका साथ जम्मा भएका प्रायः भारतभरिका सयकडौं हिन्दू राजा महाराजाहरू र हजारौं सेनालाई मुट्ठीभर मुसलमान सेना साथ लिई आएको हमलावर सुलतान महमूद गजवनीले सन् १०२५ ई.मा निर्ममतापूर्वक संहार गऱ्यो । मन्दिर तोडेर भताभुङ्ग पारियो भने 'चाहेजति धन दौलत लैजाऊ तर मूर्ति नछोइदेऊ' भनी त्यहाँका पूजारीहरूले गरेको पुकारा र गिडगिडाहटलाई सुल्तानले ठाडै अस्वीकार गरी सोमनाथको मूर्तिलाई गदा प्रहारले सयकडौं टुक्रा बनाई ध्वस्त पाऱ्यो । तत्पश्चात् मूर्ति स्थलमा गोकशी (गाईलाई काटेर मार्ने काम) गरेर अपवित्र बनाई ध्वस्त पारेका मूर्तिका टुक्रालगायत सारा धनदौलत लुटी सयकडौं ऊँटहरूमा लदाई गजनीमा फर्क्यो (श्रोतः भारत वर्षका इतिहास) । त्यसबेला दुनियाँका रखवाला र पालनहार मानिने शिवजीबाट स्वयं आफ्नै मन्दिर र आफ्नो पक्षको हजारौं हिन्दू सेनाको रक्षा र शत्रु सुल्तानको नाश गर्न नसक्नुले शिवजीको अस्तित्वमा नै शङ्का उत्पन्न गराउँछ ।

२. शिवजीको अर्को ठूलो र प्रसिद्ध मन्दिर काशी (बनारस) का विश्वनाथको पनि त्यही हाल छ । काशीमा विश्वनाथ मन्दिर अहिले जहाँ छ, त्यो स्थान मूल मन्दिरको स्थानका हिसाबले पाँचौं हो । सबभन्दा पहिलो मूल मन्दिर, त्यसपछि ठाउँ फेरेर बनाएको दोस्रो

मन्दिर, त्यसपछि अर्कै ठाउँमा बनाइएको चौथो विश्वनाथ मन्दिरलाई कालक्रमानुसार सुल्तान मुहम्मद गोरी, फिरोज शाह तुगलक, सिकन्दर लोदी र औरङ्जेव आदि कुख्यात मन्दिर ध्वंसक र मूर्ति भञ्जक मुसलमान आक्रामकहरूले तोड्ने र अपवित्र पार्ने काम गरिरहे । तर जसरी जालमा फँसेको माछोलाई पानीले माया मारी छोडेर तर्के तापनि माछाले पानीको माया मार्न नसकी तड्पी रहन्छ त्यसैगरी मन्दिरको बारम्बारको लडाइँमा भक्तहरूको कुनै मद्दत नगरी साथ छोड्ने शिवजीलाई मूर्ख हिन्दूहरूले भने बिर्सन र छोड्न नसकी प्रत्येक पटक क्रमशः अर्को पवित्र स्थान खोज्दै नयाँ विश्वनाथ मन्दिर बनाउँदै गए । एवं प्रकारले बन्ने क्रममा अहिले विद्यमान विश्वनाथ मन्दिर पाँचौं पटक बनेको हो ।

यसरी आफ्नो र आफ्ना आश्रित अनुयायी भक्तजनहरूको समेत हुनसम्मको दुर्दशा र दुर्गति बारम्बार भैरहँदा पनि भगवान् मानिएका विश्वनाथ (शिव)बाट कुनै शक्ति र अस्तित्व प्रदर्शन नहुनुले उनीप्रतिको आस्था र विश्वास स्वतः संकटमा पर्नु स्वाभाविकै हुन्छ । त्यो पुरानो ऐतिहासिक कुरालाई छोडौं भने पनि हालसालै करिब २० वर्ष अघिको कुरा- काशीका उनै विश्वनाथ भगवानको मूर्तिमा लगाइएको सुनचाँदी र जवाहरतका गहना चोरी भए । जसले गर्दा समस्त हिन्दू जगतमा नै ठूलो खलबली मच्चियो (वर्तमान विश्वनाथ मन्दिर पाँचवा हुनुको कारण र गहना चोरी दुवै कुराको श्रोतः टाइम्स अफ इण्डिया, नयाँ दिल्लीद्वारा प्रकाशित धर्मयुग साप्ताहिक पत्रिकाको विश्वनाथ मन्दिरमा गहना चोरीसम्बन्धी तत्कालीन विशेषाङ्क) । त्यसरी आफ्नै गहना चोरी हुँदा पनि थाहा नपाउने विश्वनाथको अस्तित्व स्वीकार्नु मूर्खता नभए के होला त ?

३. आक्रमणकारीको प्रहारबाट नेपाली हिन्दूका आराध्यदेव मानिने पशुपतिनाथ पनि बँचेका छैनन् । बंगालका तत्कालीन शासक सुल्तान समसुद्दीन इलियासले वि.सं. १४०६ मा काठमाडौं उपत्यकामा हमला गर्दा त्यहाँका तत्कालीन संयुक्त शासक जयराज देव र देवल देवी दुवैजना लगायत सबै प्रजाहरू आ-आफ्ना दरबार, घरबार च्यात्तै छोडी ज्यान जोगाउन जङ्गल पसेर लुके । सुल्तानले पशुपतिनाथको

मन्दिरलाई ध्वस्त पारी मूर्तिलाई तीन टुक्रा पारेर अपवित्रसमेत बनायो। सोबाहेक स्वयम्भूको मन्दिर पनि ध्वस्त पारी गर्भगृह खोतल्यो साथै अन्य कतिपय मन्दिर र मूर्ति तोडी ध्वस्त पारी सात दिनसम्म शहरमा वितण्डा मच्चाई आगो लगाई भएभरका धनदौलत लुटेर पूर्वी नेपाल हुँदै बंगाल फर्क्यो। हमलावर गैसकेपछि बल्ल राजा जयदेवलगायत सबै मानिस जङ्गलबाट निस्केर आ-आफ्ना बचेखुचेका बासस्थानमा आए। त्यसपछि तिनीहरूबाट भएको पुनरुद्धारका क्रममा पशुपतिनाथको दोस्रो मन्दिर बन्यो जो ऐले खडा छ (श्रोतः प्रो.ढुण्डीराज भण्डारीद्वारा लिखित नेपालको आलोचनात्मक इतिहास)। त्यसबेला आफ्नै मन्दिर र आफ्ना भक्तजनहरूको त्यत्रो दुर्दशा हुँदा पशुपतिनाथबाट कुनै शक्ति प्रदर्शन नहुनुले पनि उनको अस्तित्वमा राम्रै प्रश्न चिन्ह लगाएको देखिन्छ।

४. यदि हालसालैको प्रमाण हेर्ने हो भने स्व.श्री ५ वीरेन्द्रबाट पनि बेलाबखत आफ्ना भाषण सन्देशको क्रममा 'श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्' भनी पशुपतिनाथको आडभरोसा लिएको र पूजा आराधना गरेको हामी सबैलाई थाहै छ। त्यस्ता धर्मभीरु र जनप्रिय राजाको २०५८ साल जेष्ठ १९ गते सपरिवार कस्तो दर्दनाक अन्त्य भयो ? जग जाहेरै छ। पशुपतिनाथको भक्तिभरोसाले राजालाई समेत सुरक्षा दिन सकेन।

माथि वर्णित २।४ वटा घटना परिघटनाहरू त केवल दृष्टान्त मात्र हुन्। यसरी हामी देख्छौं कि भगवान् मानिएका शिवजीबाट अप्रमाणिक पौराणिक कालमा सकल देवतालगायत विश्वका चराचर प्राणीको भलै रक्षा र कल्याण भएको हुँदो हो तर प्रमाणिक ऐतिहासिक र वर्तमान कालमा उनले अति नै आवश्यकता परेको बेला पनि आफ्नो शक्ति देखाउनु त परै जाओस् अस्तित्वसमेत पुष्टि गर्न सकेका छैनन्।

फलतः मन्दिरमा स्थापित उनको मूर्तिको ढुङ्गा र हगनगौंडीको ढुङ्गामा कुनै तात्विक भिन्नता पाउन सकिएको छैन। त्यस अवस्थामा सन्त कबीरको 'दुनियाँ ऐसी बाँबरी पत्थर पुजन जाए, घरकी चकिया कोइ न पुजे जेकर पीना खाए' भन्ने भौतिकवादी शिक्षा शत प्रतिशत सत्य ठहर्न पुग्दछ। त्यसमा सन्तले आम जनताको लागि कुनै काम नलाग्ने निष्क्रिय ढुङ्गोलाई

पुज्नु भन्दा मकै, गहुँ, कोदो आदि अनाज पिसेर जनताको खानपिनमा दैनिक सहयोग पुऱ्याउने सक्रिय ढुङ्गाको भ्ँतोलाई पुज्न उपयुक्त हुन्छ भन्ने तार्किक शिक्षा सर्वसाधारणलाई दिएका छन् । यो कुरा समाजका पढेलेखेका टाठाबाठा पण्डित पुरोहितहरूलाई राम्रै गरी थाहा छ । तर जनता अशिक्षित, अन्धविश्वासी र रुढीवादी रहँदासम्म मात्र उनीहरूको परम्परागत स्वार्थ सिद्धिको दुनो सोझो रहिरहने हुनाले उक्त कुरा कहींकतै प्रचारप्रसार गर्न चाहँदैनन् । बरु संस्कृति जगेर्नाको नाममा जनतालाई मूर्ख बनाइराख्न मूर्तिपूजा, यज्ञ हवन, कर्मकाण्ड आदि हुँदा नहुँदा अन्धविश्वास, रुढी संस्कार नछोड्न र खोजीखोजी पालना गर्न जनतालाई उत्प्रेरित गरिरहेका देखिन्छन् ।

अतः फाल्तु काम के हो ? 'सर्वजन हिताय' असली काम के हो ? भनी हामी सर्वसाधारण आफैले वैज्ञानिक र भौतिक बुद्धिले सोचेर अस्तित्वहीन र काल्पनिक देवताहरूको पछि लागी पूजा, आराधना, जप, तप, हवन, यज्ञ आदिमा आफ्नो अमूल्य समय, धनपैसा र खाद्यान्नसमेत खेर फाल्नुको साटो हुम्ला, जुम्ला, कालिकोट, मुगु आदि विकट जिल्लाका भोकानाङ्गा जनताको सेवामा ती वस्तुहरू प्रयोग गरेमा वास्तविक धर्म हुने देखिन्छ ।

(दैनिक लुम्बिनी-२०५९ साल फागुन १६ गते शुक्रबार, बुटवल)

विश्वकर्मा जातिको जनसङ्ख्या घटेकै हो त ?

नेपालका अन्य सबै जातजातिको जनसङ्ख्या दिनानुदिन बढ्दै गएको अवस्थामा दलित समुदायमध्ये सर्वाधिक जनसङ्ख्या भएको जाति कामी वा विश्वकर्माको जनसङ्ख्या भने सन् १९९१ को राष्ट्रिय जनगणनामा ९६३६५५ भएको तुलनामा सन् २००१ को जनगणनाको तथ्याङ्कमा झनै घटेर ८९५९५४ मा झरेको देखिन्छ। यो तथ्याङ्कले सरोकारवाला सबैलाई विश्वकर्मा जातिको जनसङ्ख्या वास्तवमा घटेकै हो त ? भन्नेबारे यथार्थ छलफल र छानबिन गर्नुपर्ने मोडमा उभ्याएको छ। दलित जातिको समग्र उत्थानको लागि नभई नहुने आरक्षणको माग सरकारसमक्ष राखिरहेको बेला र समग्र दलितको हकहित सम्बर्धनार्थ राष्ट्रिय दलित आयोगद्वारा चाल्न थालिएका विभिन्न कदमहरूको लागि उनीहरूको बृहत्तर जनसङ्ख्याको आवश्यकता महसुस भैरहेको छ। यस्तो अवस्था दलितमध्ये एक प्रमुख जाति विश्वकर्माको जनसङ्ख्या उल्टै घटेको रेकर्डबाट देखिनु आफैमा चर्चाको विषय हुन आउँछ। देशका अन्य प्रमुख जातिहरूको जस्तै विश्वकर्मा जातिको जनसङ्ख्या पनि निरन्तर र उत्तरोत्तर वृद्धिमा छ भन्ने कुरा निर्विवाद छ। त्यसो हुँदाहुँदै पनि घटेको तथ्याङ्क कसरी देखियो त ? प्रश्न गम्भीर र विचारणीय छ। यसको उत्तर निर्क्यौल गर्नुअघि निम्न ३ पक्षमा विचार गर्नु जरुरी देखिन्छ।

(१) जनगणना लिन खटिएका कर्मचारीले धाँधली गर्नु
(२) धर्म परिवर्तन गर्नु
(३) स्वयम् विश्वकर्माहरूले जात छिपाएर बस्नु।

उपरोक्त ३ वटा पक्षलाई निम्नानुसार केलाउन सकिन्छ।

(१) **कर्मचारीहरूको सम्भावित धाँधलीः**

नेपालको शासन प्रशासनको सम्पूर्ण कर्मचारी सञ्जालमा अहिले पनि बाहुन-क्षेत्री जाति विशेषको एकलौटी आधिपत्य भएको कारण राष्ट्रिय जनगणना लिन खटिएका कर्मचारी पनि स्वतः उनीहरू नै हुने भए । विश्वकर्मा जातिको जनसङ्ख्या घट्नु र बढ्नुसँग उनीहरूले त्यति मतलब नराखेका हुन सक्छन् । सवर्ण समाजशास्त्रीहरू र अन्य लेखकहरूले लेखेका किताब एवं लेख रचनाहरूमा पनि नेपालमा बसोबास गर्ने प्रमुख जातिहरूको उल्लेख गर्दा कामी, दमाई, सार्की आदि दलित जातिलाई कत्ति कमत्व नदिई प्रायः छुटाएको देखिन्छ । यसबाट पनि उक्त कुराको पुष्टि हुन्छ । त्यसमाथि विश्वकर्मा जातिको नेपालमै अत्यधिक जनघनत्व रहेका सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका सबै जिल्लाहरू माओवादी अति प्रभावित क्षेत्र भएका कारण त्यहाँ गाउँगाउँमा जनगणना लिन जान कर्मचारीहरू डराई त्यस क्षेत्रको जनसङ्ख्या तथ्याङ्क आफ्नै कोठामा बसेर हचुवा तवरले तयार पारेका र त्यस्तो तथ्याङ्कमा तत्तत् गाउँगाउँका विश्वकर्माहरूको जनसङ्ख्या न्यूनतम लेखिदिएको हुन सक्छ । यस्तो काम देशैभरका माओवादी प्रभावित जिल्लाहरूमा पनि भएको हुन सक्छ । विश्वकर्मा जातिको जनसङ्ख्या घटेको देखिनुमा यो पनि एउटा बलियो सम्भावित कारण हुन सक्छ ।

(२) **धर्म परिवर्तन गर्नुः**

विदेशी विधर्मी इसाई मुसलमानहरूलाई आफूसरहको मान्यता दिई उनीहरूसँग रोटीबेटीको रगत सम्बन्धसमेत सजिलै गाँस्ने तर आफ्नो एकै धर्म, एकै रूपरङ, एकै रहनसहन, एकै भेषभूषा भएका साख्खै अंशियार एकथरी दाजुभाइलाई भने 'अछुत' को संज्ञा दिई पशुभन्दा तल्लो ठानेर हेप्ने, घृणा गर्ने ब्राह्मणवादी नेपाली समाजको व्यवहारबाट दिक्क भई त्राण पाउन नेपाली दलित, 'नरहला बाँस नबज्ला बाँसुरी' उखान चरितार्थ पार्दै न हिन्दु धर्ममा रहने न छुवाछुत भेदभाव सहने भन्दै धमाधम हिन्दु धर्म छोडेर विधर्मी बन्ने क्रम बढ्दो छ । त्यही धर्म पलायनले पनि विश्वकर्मा जातिको जनसङ्ख्या घटाउनमा केही असर गरेको देखिन्छ ।

(३) **विश्वकर्माहरू स्वयम्ले जात छिपाउनुः**

नेपालको परम्परागत जातिवादी व्यवस्थामा तल्लो भनिएको जातिको

मान्छे माथिल्लो भनिएको जातिमा बढुवा भै जान विशेष राजाज्ञाबेगर नपाउने तर माथिल्लो जातिको मान्छे भने प्रेम विवाह, यौन सम्पर्क, सामाजिक बहिस्कार एवं राजाज्ञा आदि विभिन्न कारणबाट सजायस्वरूप तल्लो जातमा झरी रहन्थे वा खसालिन्थे । त्यसरी मूल जातबाट खसे तापनि पुरुष प्रधान सामाजिक परिपाटी हुनाले तिनीहरूबाट जन्मेका सन्तानको आन्तरिक थर भने पिताको आन्तरिक थर नै कायम रहन्थ्यो । उदाहरणार्थः कुनै पौडेल थरको बाहुनले कमिनीसँग प्रेम विवाह वा यौनसम्पर्क गरी गर्भ बोकायो भने उनीहरू तल्लो भनिएको कामी जातमा झर्थे । त्यस्तै कुनै माथिल्लो भनिने जातका एकै परिवारका केटाकेटीले आपसमा यौन समागम गरी सन्तान जन्माएमा उनीहरू सामाजिक बहिस्कारमा परी जातिच्यूत भै तत्कालीन धर्माधिकारी (ततूसम्बन्धी अदालतको प्रमुख) ले तोकेबमोजिमको तल्लो जातमा झरेर 'अछुत' गनिन्थे । कहिलेकाहीँ राजाज्ञाद्वारा पनि जात झारिन्थ्यो : श्री ५ पृथ्वीनारायण शाहको आज्ञाले युद्धमा मारिएका उनका आफ्नै जेठान मकवानपुरे राजा दिग्बन्धन सेनका परिवारहरू 'सार्की' जातमा झारिएका थिए ।

उपरोक्तानुसार जुनसुकै कारणबाट जात झारिए तापनि उनीहरूका सन्तानको आन्तरिक थर भने मूल पुरुषको थर नै रहने हुँदा कामी, दमाई, सार्की आदि जातिमा पनि बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार आदि कथित ठूला जातका आन्तरिक थरहरू पौडेल, कोइराला, पन्थी, सेन, थापा, रोका, बराल आदि प्रशस्तै देख्न पाइन्छ । पहिले राणा कालसम्म ती दलितहरूले विरासतमा पाएका आफ्ना आन्तरिक थरहरू आफ्नो नामको पछाडि लेख्न पाउँदैनथे । केवल आपसमा बिहेवारी गर्दा पति/पत्नी एउटै वंशका नपरुन् भन्नाका खातिर मात्र आपसमा आन्तरिक थरको सोधखोज गरेर जानकारी लिने गरिन्थ्यो । जमानाको प्रभावले आजकल भने दलितहरूले पनि बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङले जस्तै नामको पछाडि आ-आफ्ना आन्तरिक थर पौडेल, कोइराला, सेन, रावल, थापा, घर्ती, घले आदि खुल्लम खुल्ला नागरिकता प्रमाणपत्र समेतमा लेख्न लेखाउन थालेका छन् । अर्काको घरमा डेरा भाडामा बस्दा, होटलमा खाँदा, देश परदेशमा हिँड्दा फलानो जात भन्ने थाहा पाउनासाथ दलितलाई सबैले हेप्ने र घृणा गर्ने हुनाले पनि बाध्य भई दलितहरू आफ्नो मूल जात लेख्न/लेखाउन भन्दा आन्तरिक थर बताउन लेखाउन बढी प्रवृत्त भएका देखिन्छन् । उनीहरूलाई यो

समस्या नेपालका प्रायः सबै ठाउँमा झेल्नु परिरहेको पाइन्छ । काठमाडौं, पोखरा उपत्यकालगायत पहाडका दुर्गम गाउँ शहरहरूका त कुरै छोडौं, भैरहवा, बुटवल, वीरगञ्ज, विराटनगरजस्ता सुगम र छुवाछुत भेदभाव सामान्यतः नगरिने शहरहरूमा समेत कतिपय दलितहरू जात ढाँटेर बसेको पाइन्छ । आम दलितहरूको यो बाध्यता वा प्रवृत्तिअनुरूप नै कतिपय विश्वकर्माहरूले पनि जनसङ्ख्या तथ्याङ्क लिन आएका कर्मचारीलाई आफ्नो मूल जात नबताई आन्तरिक थर लेखाई पठाएको हुन सक्छ, जसले गर्दा जनसङ्ख्या तथ्याङ्कमा विश्वकर्मा जातिको सङ्ख्या घटाउन र अन्य कथित उच्च जातिको सङ्ख्या बढाउनमा परोक्ष भूमिका खेल्यो । यस्तो एउटा उदाहरण स्वरूप स्वयं पंक्तिकारको पाल्पा जिल्लाको तानसेन नगरपालिका सिलखान टोल निवासी नातेदारलाई लिन सकिन्छ । मुल थर विश्वकर्मा भए तापनि आफ्नो नामको पछाडि कोष्ठभित्र (वि.क.) नलेखिकन आन्तरिक थर पौडेलमात्र लेख्न पाउनु पर्ने अडानमा पाल्पा जिल्लामा खटी आएका ४/५ वटा प्रमुख जिल्ला अधिकारीहरूसँग छलफल गर्दै आएका निज नातेदारले अन्ततः नामको पछाडि थर पौडेल मात्र लेखाएर आफ्नो पूरै परिवारको नागरिकता प्रमाणपत्र बनाउन सफल भए । आजकल उनी प्रत्येक काम कारबाहीमा आफ्नो परिवारलाई पौडेल थरले पहिचान गराउँछन् भने कसैले कोष्ठभित्र (वि.क.) पनि लेख्नु पर्ने सुझाव दिएमा डटेर विरोध गर्छन् । प्रष्टै छ कि २००१ को जनसङ्ख्या तथ्याङ्कमा निजले आफ्नो पूरै परिवारको थर पौडेल लेखाए, जसले गर्दा विश्वकर्माको सङ्ख्या घटाउन र बाहुन जातिको सङ्ख्या बढाउनमा अहम् सहयोग पुग्यो । यस्तै प्रकारले भारतीय सेनामा थापा थर लेखाएर भर्ती भई नेपाली नागरिकता पनि थापा थरमा नै निकालेर आफूलाई थापा क्षेत्री अथवा मगर बनेको भ्रम पालेर बसेका विश्वकर्माहरू पनि गनी नसक्नु पाइन्छन् । यसरी आफूलाई पौडेल, पन्थी, थापा, रिसाल आदि बनाउँदै जाति पलायन गर्ने प्रवृत्ति बढ्नाले पनि विश्वकर्मा जातिको सङ्ख्या घटेको हुन सक्ने बलियो सम्भावना देखिन्छ ।

विश्वकर्मा जातिको जनसङ्ख्या घटाउने सम्भावित कारक तत्वको रूपमा माथि उल्लेखित ३ पक्षमध्ये स्वयम् जात छिपाउने पक्ष नै बढी घातक देखिन्छ । किनकि माओवादी प्रभावित क्षेत्रको जनगणना गर्न नसकी सम्भावित छुटेको जनसङ्ख्या भविष्यमा माओवादी समस्या हल

हुनासाथ अर्को जनगणना अवधीमा स्वतः विश्वकर्माको जनसङ्ख्यामा थपिन आउने निश्चित छ । धर्म परिवर्तन गरी क्रिश्चियन, मुसलमान बन्न पुगेकाहरूलाई त्यस धर्मतर्फ के कस्तो सुविधा प्राप्त छ त्यो आफ्नै ठाउँमा छ, तर हिन्दू धर्ममै रहेर जात ढाँटी उच्च जाति बन्ने सपना देखेका दलितहरूको हालत भने भविष्यमा घरको न घाटको हुने निश्चित छ । त्यसरी जात ढाँटेर बसेकाहरूलाई जान्ने सुन्ने माथिल्लो जात भनाउँदा जति सबैले आपसमा कानेखुशी गर्दै आफू र आफ्नो समाजदेखि धेरै टाढा राख्न कदापि छोडेका छैनन् भने नजानेर वा नचिनेर कुनै दलित कदाचित आफ्नो समाजमा समाहित हुन पुगेको रहेछ भने पनि असली जातको भेद खुल्नासाथ त्यो जात ढँटुवाको गर्नुसम्म बेइज्जती गरेको पाइन्छ । अझ कतैकतै त त्यस्ता दलितलाई कुटपिट र थुनछेकसम्म गरेको र त्यो थाहा पाएर विभिन्न दलित संगठनहरूले हस्तक्षेप गरी उनीहरूलाई बचाएका घटनासमेत यत्रतत्र देख्न पाइन्छ ।

जात छिपाउने यो प्रवृत्तिले एकातिर उनीहरू स्वयंलाई यसरी नोक्सान भैरहेको छ भने अर्कोतिर सिङ्गो दलित समाजलाई पनि ठूलो हानि व्यहोर्नु परिरहेको छ। किनकि दलित जनसङ्ख्या तथ्याङ्कमा घटेपछि जनसङ्ख्याको समानुपातिक हिसाबले पाउनु पर्ने भनी माग गरिएका आरक्षण आदि विभिन्न सरकारी सुविधाको पाउने कोटा प्रतिशत पनि स्वतः घट्ने भयो । तर सुविधा उपभोग गर्नेबेला भने ती जातढँटुवाले पनि त्यसै कोटाबाट अंश लिने भएपछि दलितलाई नोक्सान हुने नै भयो । आपसमा फुटेर होइन जुटेर मात्र दलितले आफ्नो खोसिएको हक अधिकार फिर्ता लिन सक्ने कुरामा दुईराय छैन । जाति पलायन गरेर भाग्नु फुट्नु हो भने आफ्नो मूल जातिको पहिचान नछोडेर बस्नु जुट्नु हो । यो कुरा राम्ररी बुझी समस्या समाधानको लागि प्रत्येक दलितले आफ्नो नामको पछाडि आन्तरिक थर कोइराला, पौडेल, पन्थी आदि लेख्दा कोष्ठभित्र मुल थर विश्वकर्मा, परियार आदि पनि लेख्ने गरेमा कुनै पनि दलित जातिको जनसङ्ख्या तथ्याङ्कमा घट्न पाउने छैन । त्यसो भएमा दलितहरूले आफ्नो वास्तविक जनसङ्ख्याको प्रतिशतको आधारमा देशको राजनैतिक, प्रशासनिक, शैक्षिक हरेक क्षेत्रमा समानुपातिक हिसाबले आफ्नो पूरा अंश भाग पाउन सक्नेछन् । यसतर्फ सबै दलितले गम्भीरतापूर्वक सोच्नु पर्ने देखिन्छ ।

(दैनिक लुम्बिनीः २०५९ फागुन २६ सोमबार, बुटवल)

टीका-टिप्पणी

'विश्वकर्माको जनसङ्ख्या घटेकै हो त ?' को प्रतिउत्तरमा

ओमप्रसाद पौडेल

२०५९ साल फाल्गुन २६ गते सोमबार दैनिक लुम्बिनीमा प्रकाशित लेखमार्फत हाम्रा नातेदार पूर्व घर हुमिन वर्तमान भैरहवा राष्ट्रबैंकमा कार्यरत कर्मचारीज्यूले लेखेको बुँदा नं. ३ मा जात र थर ढाँटी नागरिकताको प्रमाणपत्र जिल्ला पाल्पाका सिडियो कार्यालयबाट छलफल गरी पौडेल थर राखी लिन सफल भए भन्ने अनर्गल प्रचार गरेकोमा हामी तानसेन पाल्पाका समस्त उपेक्षित तथा उत्पीडनमा परेका श्रमजीवी वर्गहरुबाट आपत्ति प्रकट गर्दै घोर निन्दा र भर्त्सना गर्दछौं ।

किनकि आजको बदलिदो परिस्थितिको २१ औं शताब्दी खुड्किलोमा आइपुग्दासम्म पनि हामी पशुभन्दा तल्लोस्तरमा बाँच्न बाध्य भएको हुँदा वर्तमान युवा शक्ति तथा विद्वान वर्गहरुको सल्लाह सहमतिका आधारमा पूर्वजहरुबाट पाइआएको वंशजको थर लेख्ने प्रचलन निकालेका हौं । यसमा कसैको दुईमत छैन भन्दा फरक पर्दैन ।

कामी, दमाई, सुनार, सार्की गाइने भन्ने श्रम शब्दलाई जातीय रुपमा परिणत गराई समाजमा हेलाको दृष्टिले हेर्ने र घृणा गर्दछन् । शायद तपाईको छोरा तथा भाइबुहारीलाई सोध्न सक्नुहुन्छ । र, भाइबुहारीले समेत 'मानव' गहतराज राखी नागरिकताको प्रमाणपत्र लिइसकेको तपाईलाई जानकारी नै होला र तपाईकै सल्लाह मुताविक लिएको हो कि ? यसमा तपाईले गम्भीर भएर सोच्नुपर्दछ । अरुले विश्वकर्मा, परियार (कोष्ठभित्र) लेखेनन्

ढाँटेर बाहुनवादको थर लेखे भन्नुको के औचित्य ठहर्छ ? तपाई हिन्दू धर्म मान्नुस् या नमान्नुस् हामीलाई टाउको दुखाउनु केही छैन तर ख्याल गर्नुस् हाम्रो सामाजिक बनोट बडो विचित्र छ । यसै हिन्दू धर्मभित्र रही सामाजिक परम्पराको मर्यादाको ख्याल गरी वैवाहिक सम्बन्ध गाँस्दा र मृत्यु हुँदा र जन्मदा समेतमा वंशज अनुसारको थर–गोत्र अत्यावश्यक चाहिन्छ । र, वैवाहिक सम्बन्ध एउटै थरमा हुँदैन । सायद तपाईंको दम्पत्तीको पनि फरक नै छ होला भन्ने विश्वास लिन्छौं भने अरुको खिल्ली उडाउनु कहाँको बुद्धिमानि ठहर्छ ?

नेपालको इतिहास हेर्नुस् मल्लकालीन अगाडि उत्तर हिमाल पारिदेखि नेपालमा आएका मङ्गोलियन जाति जस्तै- मगर, गुरुङ्ग, राई, लिम्बु, चेपाङ, नेवार जनजातिहरू चीन, जापान, कोरिया, तिब्बतबाट पूर्ववंशजहरू नेपाल आएका हुन् भन्ने इतिहास साक्षी छ ।

ब्राह्मण, क्षेत्री कहलाउनेहरु र उपेक्षित, उत्पीडनमा पर्ने वर्गहरु 'आर्यन' जाति हुन् भन्ने र दक्षिण महाभारतदेखि आगमन (प्रवेश) गरेको हो भन्ने पौराणिक ग्रन्थ तथा लेखबाट स्पस्ष्ट हुन्छ । र वर्ण व्यवस्था हुनुपूर्व यहाँ कोही कसैबाट उच, नीच तथा सानो-ठूलो भन्ने ठोस प्रमाण छैन । न कि छुत-अछुतको भेदभाव थियो । यसमा दुईमत छैन ।

पछि जयस्थिति मल्लले विक्रम सम्वत १४३७ मा भारतबाट ५ जना ब्राह्मण झिकाई, बोलाई मानव नयाँ शास्त्रको रचना गरी श्रम विभाजनको निर्माण गरी जाति प्रथा लागू गरेको सर्वविदितै छ । शेष पछि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको लगत्तै मल्लकालीन कानूनी व्यवस्थालाई संशोधन गरी मेरो ४ वर्ण ३६ जातको फूलबारी हो भन्ने महावाणी निकाले र पचास प्रतिशतलाई जाति र उपजाति भनी (शुद्र) जातिमा गराए । वर्तमान युवा पिंढीले कसले म तल्लो थरको हुँ भनेर लेख्न चाहन्छन् ! इतिहास अनुसार नेपालमा बसोबास गर्ने मंगोलियन (शुद्र) जाति माथि उल्लेखित केही थरहरुलाई पनि भनिन्छ । तर राज्यबाट थरमा तल्लो भन्ने लेख्ने चलन कहीं पाइँदैन । र, पेशागत थर लेख्ने ब्राह्मणवादको सल्लाह र सुझाव हो ।

पृथ्वीनारायण शाहले आफ्ना जेठान समेतलाई, तपाईको लेख अनुसार मकवानपुरे राजा दिग्वर्धन सेनका पत्नी र छोराछोरीहरुलाई सार्की जातमा झारे भन्ने उल्लेखनीय कुरामा सायद उनका कुल वंशजहरु (पूर्णजहरु)

ले चम्रकार (सार्की) पेशा गर्ने भएकोले ब्राह्मणहरूको सहमति अनुसार तल झारे होलान् र श्रमको आधारमा थरलाई राणा शासनकालमा बन्दूक तेस्र्याई अड्डा खडा गरी तल थर झारेको धेरैमा पाइन्छ । यो कहाँसम्म जायज हो । आफै बुझ्नुस् ।

तर हाम्रो पूर्वजहरु यसरी तल थर झारी बसी आएका होइनन् भन्ने स्पष्ट प्रमाणहरु दिन सक्दछौं । यसै क्रम अनुसार वि.सं. १९१० सालमा राजेन्द्र विक्रमले मुलुकी ऐन बनाए, त्यसबेला पनि छुवाछुत प्रथा प्रचुर मात्रामा यथास्थितिमा नै सीमित राखे ।

माथि उल्लेखित कुरामा उपेक्षित उत्पीडित वर्गहरु गरीब, अशिक्षित निमुखा भएकै कारणबाट नै यस्ता पीडाहरु भोग्नुपर्‍यो । र २०२० सालमा स्वर्गीय महेन्द्रले देशमा बढ्दो उत्पीडन प्रचुर मात्रामा रहेकै कारणले र विकास निर्माणमा समेत बाधा देखिएका कारणले छुवाछुत, प्रथालाई कोरा कागजमा मात्र उन्मुलन गरे । सोही अनुरुप श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट हीनताबोधनको थर माथि उल्लेखितलाई हटाई पेशा नै हो भन्ने राखे । तर दुर्भाग्य नयाँ शिक्षालाई ल्याई पुरानो पाठ्यक्रममा राखेका शिक्षा हटाई झन् सामन्तवादी थर नै कायम राख्न दलितका सोच राख्ने मसीहाहरूले अगाडि सार्दैछन् ।

नातेदारजी ४०-५० लाख उत्पीडनमा पर्ने अपहेलित नेपालीलाई हीनताको संज्ञा 'दलित' भन्दै आउनु भएको छ । मैले २०५५ सालमै दलितको परिभाषा दिँदै 'दलित' भन्नाले अर्थ (दलित-पतित) (दिमाग खुस्केको) नेपाली शब्दकोशमा छ । नेपालको ७५ जिल्लामा छरिएर बसेका कामी, दमाई, सार्की भनिने यी सबै सप्तऋषिकै सन्तति हुन् भन्नु पर्दा फरक पर्दैन । यसमा दुई मत छैन ।

७५ वटै जिल्लामा नागरिकताको प्रमाणपत्रमा नाम थर राख्ने विषयमा वादविवाद भएकै कारणले २०५२/४/४ मा गृह मन्त्रालयको आदेश बमोजिम मन्त्रिपरिषद्को निर्णयले उपेक्षित तथा उत्पीडितमा पर्नेहरुमा वंशजको नाता ठहरे दिनु भन्ने आदेश भएको तपाईलाई थाहा छ कि नाई ? अध्ययनको कमी छ कि नातेदारजी ।

विश्वकर्मा भन्नाले दुइटा शब्दलाई परिभाषा दिन्छ । एक, विश्वकर्मा भगवान्, जस्ले संसारै बनायो । दुई, विश्व भनेको ब्रह्माण्ड (संसार), कर्मा भनेको काम गर्ने. वालालाई भन्न सकिन्छ । जस्तैः फलाम धातुका

औचार बनाउने, सुनको गहना बनाउने, कपडा, काटी लगाउने वा बनाउने, जुत्ता बनाउने, मूर्ति बनाउने, डोको बुन्ने निर्माणका कामलाई (पेशालाई) विश्वकर्मा भन्न सकिन्छ न कि तपाई मात्र ।

त्यसैले पनि जनगणनामा तथ्यांक घट्नु, वि.क. थर नलेख्नु स्वाभाविकै हो । यसमा दुई मत छैन । यस तानसेन-पाल्पा सिडियो कार्यालयबाट, उपेक्षित तथा उत्पीडन पर्नेहरुको तल लेखिए मुताविकका थर वंशजहरूको भएकै कारणले थर राखी नागरिकताको प्रमाणपत्र लिइसके । आफै आएर बुझ्न सकिन्छ । कतिपयले जस्तै- १ गौतम, २. गैरे, ३ पौडेल, ४. रुचाल, ५. रिसाल (रसाली) ६. लोहनी, ७. बुढाथोकी, ८. गहतराज, ९. पोखरेल, १०. कालिराज, ११. वसेल, १२. गोतामे, १३. ठाडाराई, १४. कालिकोटा, १५. हिताङ्ग, १६. खाती, १७. घिमिरे, १८. गजमेर, १९. लामिछाने, २०. बराल, २१. बराली, २२. हमाल इत्यादि । यी उल्लेखित वंशजका थर हुन् । जसलाई (कैरन) पनि भनिन्छ ।

र, तपाईंको लेख मुताविक उल्लेखित थर लेख्नेलाई श्री ५ को सरकारबाट पाउने सुविधा, सहयोगबाट बञ्चित भए भन्ने र आफूले खनेको खाडलमा आफै पुरिने भन्ने प्रश्नमा तपाईलाई थाहा छ कि नाई ? उच्च शिक्षा हासिल गर्ने छात्रछात्राहरूले केन्द्रबाट पाउने सुविधा रकम पाइसके, तपाईं अन्धकारमै बस्नुभएको रहेछ । थाहा नै रहेनछ ।

तसर्थ नातेदारजी अब पनि पुरानै विचार भावनालाई परिवर्तनमा ल्याउन सक्नु हुन्न भने जीवन व्यर्थ छ । र, आउने पिंढीले सराप्नेछन् । जातीय समानताको लागि 'सम्पूर्ण उत्पीडित वर्गहरू एक होऊ ।'

(तानसेन- सिलखानटोल, विशाल बजार)

दैनिक लुम्बिनी- २०५९ चैत २१ गते शुक्रबार

समस्या समाधानको सही बाटो त्यो होइन

वि. सं.२०५९ फागुन २६ गते दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित विश्वकर्मा जातिको जनसङ्ख्या घटेकै हो त ? शीर्षकको मेरो लेखप्रति कतिपय प्रबुद्ध विश्वकर्मा मित्रहरूले मौखिक वा लिखित रूपमा आपत्ति प्रकट गर्नुभएको पाएँ । सम्पूर्ण दलितहरूले आफ्नो थर पौडेल, पन्थी, गौतम, कोइराला, अर्याल, थापा आदि लेख्दै र राख्दै जाने हो भने आज नभए भोलि, भोलि नभए पर्सि पनाति खनातिका पालासम्ममा त कसै न कसै पनि असली बाहुन-क्षेत्री हुन पक्का पाइन्छ भन्ने मित्रहरूको तर्क जो छ त्यसबारे गहिरिएर सोच्नुपर्ने देखिन्छ । युगौंदेखि मनुवादी व्यवस्थाबाट उत्पीडित दलितहरूको समग्र विकास र जातीय समानता प्राप्ति नै अहिलेको दलित उत्थान आन्दोलनको प्रमुख लक्ष्य र आवश्यकतामा कुन मार्ग अपनाउन सही ठहर्ला त्यस कुरामा दलितहरू स्पष्ट हुनु जरुरी छ । यदि त्यो लक्ष्य क्षेत्री जातका विश्वामित्रले तपस्यापश्चात् बाहुन बने झैं सम्पूर्ण दलित एक एक गरेर बाहुन-क्षेत्री बनेमा प्राप्ति हुने हो भने मित्रहरूको तर्क एकछिनलाई ठिकै मान्नु पर्ला । तर त्यो मार्ग अपनाई बाहुन-क्षेत्री बन्न दलितलाई कम्ती गाह्रो छैन । किनकि व्यक्तिको जात थरको समेत आधिकारिक प्रमाणपत्र हुन पुगेको नागरिकता प्रमाणपत्र प्रदान गर्ने कार्यालयका कर्मचारी एवं प्रमुख जिल्ला अधिकारी अहिले पनि ७५ देखि ९० प्रतिशतसम्म बाहुन जातिका मात्र छन् । उनीहरूले आफ्नो जात, थरसँग मिल्ने जात थर दलित जातिका मान्छेले नागरिकता प्रमाण पत्रमा लेखे/लेखाएको देख्न रुचाउँदैनन् । बाहुनसँग नमिल्ने खालका जात थर जस्तैः सेन्चुरी, दर्नाल, पार्की, गहतराज, रसाली आदि लेखेर नागरिकता लिन खोज्ने दलितलाई त ती कर्मचारीले सकेसम्म रोक्ने र त्यसबारे अनेक तर्क दिई छलफल गर्न सक्नेलाई मात्र बल्लबल्ल ती थर लेखेर नागरिकता प्रदान गर्ने गरेको देखिएको छ भने सीधै बाहुनसँग मिल्ने गौतम, पन्थी, पौडेल, बराल आदि थर लेखेर दलितले नागरिकता पाउनु भनेको झनै महामुश्किल

देखिन्छ । पाल्पा तानसेनका दलित बुद्धिजीवीलाई पनि नागरिकता झिक्न बहुतै सङ्घर्ष गर्नुपरेको कुरा उनलाई जान्ने सबैलाई थाहा छ । जानकारी भएअनुसार ४/५ जना बाहुन जातिका प्रमुख जिल्ला अधिकारीले उनको तर्कलाई कुनै महत्व नदिएर रोकिरहेको नागरिकता त्यसपछि आएका नेवार जातिका प्रमुख जिल्ला अधिकारीले बल्ल दिएका थिए । यदि ती नेवारको ठाउँमा पनि निरन्तर बाहुनै बाहुन प्रमुख जिल्ला अधिकारी आइरहेका हुन्थे भने ती पौडेलको नागरिकता प्रमाणपत्रको टुङ्गो अहिलेसम्म पनि लाग्थ्यो वा लाग्दैनथ्यो भन्न सकिन्न ।

पाल्पाजस्तो चेतनशील ठाउँका सम्पन्न र शिक्षित परिवारका अत्यन्त वाकपटु ती बुद्धिजीवीलाई त त्यो नागरिकता पाउन त्यत्रो गाह्रो पर्‍यो भने उनको मार्ग अनुशरण गर्दा ७५ जिल्लाका कुना कन्तरामा बसेका सर्वसाधारण लाखौँ लाख दलितलाई बाहुन-क्षेत्रीको थरबाट नागरिकता झिक्न वा बनाउन कति गाह्रो पर्ला ? कति वर्ष लाग्ला ? विचारणीय छ । पाल्पा, रूपन्देहीजस्ता सुगम र जागृत जिल्लामा त हाकिमहरूसँग धुरन्धर छलफल तर्क वितर्क गर्न सक्ने ती पौडेलजस्ता सक्षम दलित दिउँसै बत्ती बालेर खोज्दा फेला पार्न गाह्रो छ भने अन्यत्र ठाउँका कति दलितले त्यसरी छलफल गरेर एक्ला एक्लै बाहुन थरको नागरिकता बनाउन सक्लान् ? यसरी हेर्दा यो मार्गका पछि लागेर नेपाली दलितले आफ्नो हकअधिकार पाउने कुरा 'आकाशको फल आँखा तरी मर' हुनुबाहेक अरु थोक नहुने पक्का देखिन्छ ।

त्यत्रो कठिन सङ्घर्षपश्चात् केवल आफू एक्लोले मात्र बाहुन-क्षेत्रीसँग मिल्ने थर लेखी नागरिकता बनाउन सकेकोलाई नै जीवनको महान् उपलब्धी ठानेर मख्ख पर्दै आत्मरति गर्नुभन्दा त्यो सङ्घर्ष तपस्या र दबाब, समग्र दलितको हकहित फिर्ता दिलाउने अभियानमा लगाउने हो भने त्यो काम बढी फलदायी हुने देखिन्छ । नेपाली दलितको अहिलेको सबभन्दा ठूलो समस्या भनेको बेरोजगारी नै हो । के पहाड, के मधेश जहाँतहीँका शिक्षित, अशिक्षित सबै दलितहरू काम नपाएर त्यसै फालिएका छन् । बाहुन-क्षेत्रीको देखासिकी गरेर खाई नखाई पढेलेखेका जेहन्दार दलितहरू शत प्रतिशत बेरोजगार छन् भने उनीहरूसँग पढेका बाहुन-क्षेत्रीका छोराछोरी ऐरेगैरेले पनि कतै न कतै रोजगारी पाइरहेका देखिन्छन् । त्यस्तै हालत अनपढ, लाटा, सोझा दलितहरूको छ । समष्टिमा भन्नु पर्दा सबै दलितहरू बेरोजगारीको भुमरीमा परी के खाऊँ के लाऊँको हालतमा पुगिरहेका छन्

भने उनीहरूको समेत खुनपसिना मिसिएको राजस्व रकमबाट संचालित देशका सरकारी, गैरसरकारी, निजी स्वदेशी/विदेशी सबै कार्यालय, निकाय, कलकारखाना आदिमा उनीहरूको अंशभागसमेत हडपेर कथित उच्च जातिका मान्छेहरूले एकलौटी कब्जा जमाई ब्रह्मलुट मच्चाइरहेका छन् । त्यो दृश्य टुलुटुलु हेरेर बस्न बाध्य भैरहेका दलितहरूलाई न्यायोचित अंशभाग फिर्ता दिलाउनु नै आजको टड्कारो आवश्यकता हो ।

मनुवादी व्यवस्थाबाट हरण गरिएको दलितहरूको हकअधिकार अंश भाग फिर्ता गर्न उनीहरूलाई शासनसत्तादेखि सामाजिक, आर्थिक, शैक्षिक आदि जीवनका लागि आवश्यक हरेक पहलुहरूमा जनसङ्ख्याको अनुपातमा अनिवार्य सहभागी गराइनु पर्छ । युगौंदेखि थिचिएका, मिचिएका शोषित दलितहरू सामान्य प्रक्रिया वा परम्परागत प्रतिस्पर्धाद्वारा ऐलेसम्मका शासक जाति बाहुन/क्षेत्रीलाई उछिनेर आफ्नो अंशभाग प्राप्त गरी सहभागी हुन कदापि सक्दैनन् । यो कुराको पुष्टि अहिलेसम्मका हरेक प्रतिस्पर्धामा दलितहरूको असफलताबाट स्वतः भैरहेको छ । अतः उनीहरूलाई आ-आफ्नो अंश भागका मालिक बनाउने नै हो भने देशको शिक्षा, नीति निर्माण, राजनीति, प्रशासन, स्वदेशी/विदेशी आदि हरेक क्षेत्र र रोजगारीमूलक निकायमा दलितको लागि जनसङ्ख्याको अनुपातमा बेग्लै कोटा छुट्ट्याई भारतमा जस्तै आरक्षणको व्यवस्था गरिनुपर्छ । तबमात्र दलितले निश्चितरूपले योग्यताअनुसारको काम रोजगारी पाउन सक्नेछन् । २०५६ सालको आँकडाअनुसार ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीमध्ये ६१ जना बाहुन, ६ जना नेवार, ४ जना क्षेत्री र बाँकी ४ जनामा मगर, गुरुङ, यादव र मुसलमान १/१ जना थिए भने ऐलेको हालत पनि लगभग त्यस्तै छ । ऐलेसम्म त्यस पदमा पुग्नु त के कुरा, पुग्ने कल्पनासम्म गर्न नपाएको देशको कुल जनसङ्ख्याको २० प्रतिशत स्थान ओगटेका दलितले यदि उल्लेखित अनुपातमा आरक्षण पाउँछन् भने प्रमुख जिल्ला अधिकारीको त्यो ७५ वटा सिटमध्ये १५ वटामा आफ्ना पढेलेखेका दलितहरू बहाल रहेको देख्न, व्यहोर्न पाउनेछन् । यस्तै प्रकारले न्याय, प्रहरी, सैनिक, निजामती आदि सरकारी सेवाहरू, गैरसरकारी, निजी, स्वदेशी विदेशी हरेक कार्यालय, निकायमा उनीहरूले योग्यताअनुसारको काम, रोजगारी सजिलै पाउने छन् । यो कुरा सबै दलितले राम्ररी बुझेर 'दलितको लागि आरक्षण' नारामा एकमत, एकजुट भई सरकारसँग माग गर्नु आजको प्रमुख आवश्यकता भएको छ । माथिका कुराहरूबाट यो

प्रष्ट हुन्छ कि अहिले नेपालका दलितहरूलाई ऐक्यबद्धता र जनसङ्ख्या प्रदर्शनको कत्तिको महत्व र खाँचो छ। यसरी बढीभन्दा बढी जनसङ्ख्याको आवश्यकता टड्कारो देखिरहेको बेला भैरहेको जनसङ्ख्याको तथ्याङ्क पनि घट्ने गरी निजी स्वार्थका पछि लागेर 'गोडा मुती न्यानो' उखान चरितार्थ पार्दै जाति पलायनको बाटो पछ्याउनु कहाँतक उचित होला ?

सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पनि दलितहरूले बाहुन, क्षेत्री जनाउने थर लेख्नुभन्दा आफ्नै मुल थर लेख्दा बढी फाइदा र उपलब्धिमूलक भएको पाइएको छ । अहिलेसम्म सामान्य जनमानसमा दलित जातिका मानिसहरू कुनै पनि राजनैतिक एवं प्रशासनिक पदमा पुग्न पाउँदैनन् वा सक्दैनन्, ती पदका एकलौटी हकदार बाहुन, क्षेत्री मात्र हुन् भन्ने धारणाले बास गरेको देखिन्छ । त्यस अवस्थामा गौतम, पन्थी, नेपाल, पौडेल, थापा आदि बाहुन–क्षेत्रीजन्य थर लेखेको कुनै दलित ती पदमा नियुक्त भैहालेछ भने पनि जबसम्म उसको असली जातको भेद खुल्दैन तबसम्म आम जनताले उसलाई बाहुन-क्षेत्री नै ठान्ने हुँदा त्यसको नियुक्तिले समाजको उक्त धारणामा परिवर्तन ल्याउन कुनै योगदान गर्दैन । फेरि त्यो पदधारी दलितले पनि आफ्नो जाति-भेद खुल्ने डरत्रास सधैँ भैरहने हुनाले दलित समाजसँग कुनै सम्पर्क नराखी सकभर बचेर बस्ने वा अवसरवादी व्यवहार गर्ने गरेको पाइन्छ । यस्तो व्यवहार र घटना दलित जातिका कतिपय कर्मचारीबाट भएको यत्रतत्र देख्न सकिन्छ । प्रष्टै छ कि उनीहरूको त्यस व्यवहारबाट दलित जाति र समाजलाई हानि सिवाय फाइदा केही हुँदैन । त्यसको ठीक विपरीत आफ्नो मूल जात जनाउने थर लेखेको दलित त्यस्तो पदमा पुग्दा समाजमा निम्न असर तुरुन्त परेको देखिन्छ-

१. आफ्नो जातिको मानिसले बाहुन-क्षेत्रीसरहको पद पाएको देखेर युगौंदेखिका शोषित दलितहरूमा नयाँ चेतना, नयाँ उमङ्ग र उत्साहको एकैपटक सञ्चार हुन जान्छ भने त्यो मानिसउपर सिङ्गो दलित समाजले गर्व गर्नुका साथै आफूहरू पनि त्यस्तै बन्ने कोसिसमा लाग्छन् ।
२. त्यो दलित नेता वा कर्मचारीले पनि आफ्नो समाजसँग सम्पर्क राख्दा आफूलाई बढी सुरक्षित महसुस गर्न सक्छ, साथै आफूबाट हुन सक्ने योगदान त्यो समाजलाई दिइरहन सक्छ ।
३. मौका पाएमा दलितहरू पनि बाहुन-क्षेत्रीसरह राजनैतिक, प्रशासनिक

हरेक क्षेत्रका जुनसुकै पदमा पुग्न र काम गर्न सक्ने रहेछन् भन्ने सोच्न ब्राह्मणवादीहरू बाध्य हुन्छन्, जसले गर्दा दलितलाई स्वतः हेलाहोचो गर्ने उनीहरूको पुरानो धारणामा एकाएक परिवर्तन आई आदर-सत्कार गर्ने बानी बसाल्न थाल्छन् । नेपाली कांग्रेसका प्रथम महासचिव स्व. धनमाल सिंह परियार, भू.पू. राज्यमन्त्री स्व.हिरालाल विश्वकर्मा, भु.पू. रा.प.स स्व. टी.आर. विश्वकर्मा, भू.पू. सांसद गोल्छे सार्की, वर्तमान सहायक मन्त्री प्रकाश चित्रकार परियार आदि दलित नेता तथा ४० वर्षदेखि नेपालका विभिन्न कार्यालय र स्थानमा नोकरी गरेको स्वयम् यो पंक्तिकारको जात थर लेखाइले समाजमा परिरहेको सकारात्मक असरबाट पनि उपरोक्त कुराहरूको पुष्टि भएको देखिन्छ ।

अन्तमा, दलितहरूले बाहुनसँग मिल्ने आन्तरिक थर लेख्नै हुँदैन वा आफ्नो परम्परागत मुल थर लेखेर हीनताबोध लिई बस्नुपर्छ भन्ने मेरो मनशाय कदापि होइन । जसरी नेवार वा शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू आदि मङ्गोलहरूले कहिल्यै पनि बाहुन-क्षेत्रीको जातलाई ठूलो ठानेर आफू पनि बाहुन-क्षेत्री बन्ने कल्पना गरेका हुँदैनन्, बरु सामाजिक, राजनैतिक, प्रशासनिक, आर्थिक यावत् क्षेत्रमा बाहुन-क्षेत्रीको बराबर नै हकअधिकार पाउनको लागि सङ्घर्ष गरिरहेका छन्, ठिक त्यसरी नै दलितहरूले पनि आन्तरिक थर जेसुकै लेखे तापनि आफ्नो मूल थरको पहिचान कायमै रहने र जनसङ्ख्या पनि नघट्ने कुरालाई कहिल्यै भुल्नु हुँदैन र समग्र दलितको हकअधिकार अंशभाग प्राप्तिको सङ्घर्षमा जतिसक्दो बढी योगदान दिन सधैँ कम्मर कस्नुपर्छ भन्ने सबै दलितसँग मेरो विशेष आग्रह मात्र हो ।

'येनेष्ठम् तेन गम्यताम्' (जुन इच्छा लाग्छ त्यही बाटो जानुहोस्) ।

आभारः फागुन २६ गते प्रकाशित मेरो उपरोक्त लेखबारे अत्यन्त संयमित शब्द र सभ्य भाषामा लेखिएको पाल्पा तानसेन निवासी ओमप्रसाद पौडेलजीको प्रत्युत्तर आफ्नो पत्रिकामा अक्षरशः प्रकाशित गरी मलाई यो लेखरूपी स्पष्टीकरण कोर्न परोक्ष उत्प्रेरणा दिएकोमा दैनिक लुम्बिनी पत्रिकाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

(दैनिक लुम्बिनी- २०६० साल वैशाख ५ गते शुक्रबार, बुटवल)

को हुन् भगत सर्वजित विश्वकर्मा ?

देश र समाजघाती वर्ण व्यवस्थाको विरुद्धमा शोषित जातिमध्ये कसैले आवाज उठाउने हिम्मत नगरेको त्यो अवस्थामा "भात भान्सा सोली डोली आफ्नो- आफ्नो मान्छे सराबरी हुनू पामू" भन्ने नाराको साथ जातीय समानताको शङ्खघोष गर्ने नेपालमै सबभन्दा पहिलो क्रान्तिकारी हुन् भगत सर्वजित विश्वकर्मा !

भगत सर्वजित विश्वकर्माको जन्म बाग्लुङ जिल्लाको गैरागाउँ इलाकामा पर्ने ठाडास्वाँरा (हाल बाग्लुङ नगरपालिका ९ अन्तर्गत) उपल्लो थरमा वि.सं. १९५० सालमा भएको मानिन्छ। ठाडास्वाँरा गाउँ र वरिपरिका विभिन्न गाउँहरूमा दलित जातिको बाक्लो बस्ती थियो । उनीहरूलाई नजिकैको मूलपानी क्षेत्रका कुमाई बाहुनहरूले परम्परागतरूपले हेप्ने, हेलाहोचो गर्ने हुनाले बेलाबखत दलित र कुमाईबीच सङ्घर्ष परिरहन्थ्यो । यस्तो वातावरण र परिवेशमा जन्मे हुर्केका तीक्ष्ण बुद्धिका सर्वजित विश्वकर्मा सानै उमेरदेखि स्वाभिमानी, निडर, तार्किक र जुझारु स्वभावका थिए। फलतः आफू एवं आफ्नो दलित जातिका व्यक्तिउपर स्वाभाविक रूपले हुने प्रत्येक भेदभाव र थिचोमिचोमा उनको आँखा परिहाल्थ्यो र त्यसको डटेर विरोध गर्न चुक्दैनथे। उनको त्यो स्वभावले गर्दा एकातिर त्यस क्षेत्रका समग्र दलितहरू आफ्नो खोसिएको हक प्रतिष्ठाप्रति बिस्तारै जागरुक हुन थाले भने अर्कोतिर कथित उच्च जाति खास गरी कुमाईहरू उनका कट्टर विरोधी बन्न थाले ।

विरोधीमध्येका पण्डित हयग्रीव पन्त र सरस्वतीदत्त पन्तोपाध्यायहरू छिमेकी पनि भएका र उनीहरूसँग बातबातमा परिरहने छलफल झैँ-झगडाबाट सर्वजित विश्वकर्मा यो निष्कर्षमा पुगे कि बिना विद्याध्ययनले विपक्षलाई हराउन त के कुरा सिलसिलाबद्ध रूपले छलफल गर्नसमेत सकिन्न। यसरी

शिक्षाको महत्व बुझेका उनी करिब २० वर्षको उमेरमा मुग्लान (भारत) पसे । बनारसमा पुगेका उनले मान्छे-मान्छेबीच ठूलो-सानो जात कसरी भयो ? भन्ने प्रश्नहरूको उत्तर खोज्न हिन्दू धर्मशास्त्रहरू नै खोतल्नु पर्ने निर्क्योल गरेर प्राण धान्न सानोतिनो नोकरी गर्दै विद्याध्ययन शुरु गरे । त्यहाँ उनले काशी विश्वविद्यालयमा पढाउने एकजना पण्डितको दह्रो आड पाएर उनको निर्देशन र निगरानीमा रामायण, महाभारत, वेद, पुराण उपनिषद्, सांख्य भाष्य आदि सकल धर्मशास्त्रहरूको गहन अध्ययन गर्दै संस्कृत साहित्यमा पोख्त भए । के कारणले कामी, दमाई आदि साना जात भए ? भन्ने कुरा यकिनसाथ कुनै धर्मशास्त्रमा उल्लेख नभएको रहस्य थाहा पाएपछि सर्वजित विश्वकर्मा बाग्लुङ फर्के । त्यसपछि उनले गाउँगाउँमा जातीय भेदभाव र छुवाछुतविरुद्धको प्रचारप्रसार तेज पार्नुका साथै आफ्नो घरको नजिकै सानो मन्दिर बनाएर शङ्ख घण्ट बजाउँदै दिनहुँ पूजापाठ गर्न र जनै लगाएर बस्न थाले ।

वि.स.१९८३ मा जन्मेको आफ्नो प्रथम पुत्रको न्वारान पनि वैदिक विधिपूर्वक सम्पन्न गरे । यसैबीच उनले बाग्लुङ माल छोटी अदालतमा परेको आफूसम्बन्धी एउटा लेनदेन मुद्दाको फैसलामा आफ्नो नामथर सर्वजित कामीको साटो सर्वजित विश्वकर्मा भनी लेखाउन सफल भए । त्यस घटनापश्चात् नेपालका कामीहरूले आफ्नो थर विश्वकर्मा लेख्न लेखाउन थालेका हुन् । कुकुर तिहार, काग तिहार, गणेश पूजा, श्राद्ध आदि विभिन्न धार्मिक कार्यको बहानामा कुकुर, बिरालो, चरो, मुसो आदि पशुपंक्षीलाई पूजा गर्ने तर मान्छेलाई भने कामी, दमाई, सार्की, गाइने आदि नामले तल्लो जात बनाई छुवाछुत हेलाहोँचो गर्ने कुन शास्त्रमा लेखेको छ ? कामीले टालेको दहीको ठेको र मदानी चोखो हुने, दमाईले सिलाएका कपडा र सार्कीले बनाएका जुत्ता चोखो हुने तर कामी, दमाई, सार्की अछुत किन हुने ? आदि प्रश्नका पर्रा छोड्दै सर्वजितले जातीय समानताको वकालत गर्न थाले । उनको त्यस्तो क्रियाकलापले सामन्ती अत्याचारको त्यस जमानामा कथित ठूला जातिलाई खपी नसक्नु भयो । उनीहरूले “उल्का भयो ! अति भयो !!, सर्वनाश भयो !!!” भन्दै चारैतिर हल्ला फिँजाए । फलतः कथित ठूला जातिहरू एकत्रित भई सर्वजितको घर, मन्दिर भत्काई हाँडाभाँडा र पूजासामग्री सबै ध्वस्त पारी उनलाई कुटपिटसमेत गरे ।

यस घटनाबाट सर्वजितले दलितहरू सर्वप्रथम शिक्षित बनेर संगठित हुनु पर्ने, तब मात्र सङ्घर्ष गरेमा सफलता पाउन सकिने रहस्य बुझे । फलतः विस्तारै दलित साथीहरूलाई समेटी वि.सं. २००० जेष्ठमा गैरा गाउँको भालुमारे भन्ने ठाउँमा कामी, दमाई, सार्की, गाइने आदि जातका ७३ जना दलितहरूको उपस्थितिमा 'विश्व सर्वजन संघ' नामक संस्था गठन गरे । त्यस भेलाले पारित गरेका विभिन्न निर्णय प्रस्तावहरू उत्तिनै बेला पण्डित हयग्रीव पन्त र मुखिया सरस्वतीदत्त पन्तहरूको हुल आई लुटेर लगे ।

त्यो भेलापछि दलितहरूले गैरागाउँ इलाकाको बीचमा अवस्थित अधिकांश दलितलाई पायक पर्ने हिलेपानी भन्ने ठाउँमा विश्वकर्मा प्राइमरी स्कुल नामले पाठशाला खोले र त्यसमा भारतबाट भर्खर मेट्रिक पास गरेर आएका स्थानीयबासी हिक्मत सिंह विश्वकर्माले स्वयंसेवक भई निःशुल्क पढाउन थाले । सो स्कुल अहिले विश्वकर्मा उच्च माध्यमिक विद्यालयको नामले संचालित छ । यसरी दलित जातिलाई शिक्षाको भरपर्दो व्यवस्था गरेपछि संगठित साथीहरूलाई जातीय उचनीच र छुवाछुत भेदभावविरुद्धको प्रचारप्रसार गर्न गाउँगाउँ, जिल्ला जिल्लामा खटाए ।

यसैबीच परम्परादेखि चलिआएको बाग्लुङका कामीहरूले वर्षभरि आरनमा चाहिने गोल बनाउन जङ्गलमा रुख काटेबापत प्रत्येक घरले २ डोको गोल बोकेर प्युठान खलङ्गाको मेक्चनमा लगी बुझाउनु पर्ने “गोलझारा प्रथा” को विरोधमा सर्वजितले संगठित आन्दोलन चलाए । सरकारले उनको तर्क स्वीकार गरी गोलझारा तिर्न नपर्ने फैसला गर्‍यो । विरोधीहरूले भत्काई दिएको आफ्नो घर र मन्दिर उनले तत्कालै पुनः निर्माण गरी पूर्ववत् यथावत् पूजापाठलाई निरन्तरता दिएका त थिए नै त्यसमाथि स्कुल खोलेको र दलितलाई संगठित गरेको देखेपछि विरोधीहरूले बाग्लुङ गौडामा गई उजुर गरी सर्वजितलाई पक्राएर बडाहाकिम समक्ष खडा गराए । आफू हिन्दू भएको र कुनै जातभन्दा सानो नभएकोले आफूले मन्दिर बनाई शङ्ख घण्ट बजाई पूजापाठ गर्न र स्कुल खोलेर पढ्न, जनै लाउन पाउनु पर्ने धर्मशास्त्रसम्मत तर्क प्रस्तुत गर्दै डटेर छलफल गरेको देखेपछि बडाहाकिमले मुढेबल प्रयोग गरी सर्वजितलाई जेल हाले ।

दुई महिनाको जेल सजाय काटेर घर फर्केपछि सर्वजित सरकारको समेत कट्टर विरोधी हुन पुगे । यो कुरा काठमाडौंका राजासमक्ष पुर्‍याएमा न्याय

पाइन्छ कि ! भन्ने आशाले सर्वजित विश्वकर्माले साथीहरूको सल्लाहमा मनवीर विश्वकर्मा, लक्ष्मीनारायण विश्वकर्मासमेतको ७ सदस्यीय प्रतिनिधि मण्डल लिएर २००६ सालको शुरुमा काठमाडौं गई तत्कालीन श्री ३ मोहन शमशेर राणासमक्ष बिन्तीपत्र चढाए । तर जनआन्दोलनको धरापमा परेका श्री ३ बाट कुनै भरपर्दो न्याय पाउन सकेनन् र बाग्लुङ फर्के ।

भारतमा महात्मा गान्धीको असहयोग आन्दोलन देखेका सर्वजितले कामीको सीपश्रमले खेतीपाती उब्जाउने तर उही कामीलाई आर्थिक शोषण र अपमान गर्ने चलनको विरोध गर्दै ज्याला वा बालीको समुचित वृद्धि नगरेसम्म कामीले फलामको काम नै नगरी असहयोग आन्दोलन गर्न गराउन गाउँ-गाउँ, जिल्ला-जिल्लामा आफ्ना साथीहरू पठाएर आरनको टुँडो भाँच्ने अभियान चलाए । उनको यस अभियानले हालको पश्चिमाञ्चलका मुस्ताङ र मनाङबाहेक १४ जिल्ला तथा प्यूठानसम्म असर गर्‍यो ।

दलितहरूलाई एकजुट गराउन विश्वकर्मा, चर्मकार, बस्त्रकारसमेतको सहभागिता गराई विश्वसर्वजन सुधार संघ नामको संस्था त पहिल्यै खोलिसकेका थिए । यसै क्रममा "भातभान्सा सोली डोली आफ्ना -आफ्नो, जीउ (मान्छे) सराबरी हुन पाम्" भन्ने नारा लेखिएका जातीय सुधारसम्बन्धी पर्चा गाउँ-गाउँमा छरियो । सो पर्चा छरेबापत काँग्रेसीको आरोप लगाई सर्वजित र उनका दाहिने हात ठानिएका लक्ष्मीनारायण विश्वकर्मालाई वि.स. २००६/०४/१७ मा बाग्लुङ प्रशासनले पक्राउ गरी तत्कालीन मोफसलको केन्द्रीय कारागार तानसेनमा चलान गर्‍यो । त्यहाँ उनको धार्मिक ज्ञान र अडानलाई शास्त्रार्थबाट चुनौती दिन बोलाइएका पण्डितहरू असफल भएपछि मूढेबल प्रयोग गरी तर्साउन र माफी मगाउन तत्कालीन पाल्पा गौंडाको बडाहाकिम रुद्र शमशेर राणा स्वयं पाल्पा जेलभित्र पुगे । सर्वजितले भने दलितहरू बाहुन, क्षेत्रीभन्दा सानो कदापि नभएको, हक अधिकार खोज्नु आफ्नो गल्ती नभएकोले क्षमा नमाग्ने र दलित उत्थानसम्बन्धी काम गर्न ज्यान गए नछोड्ने प्रतिबद्धता प्रकट गरे । फलतः बडाहाकिम रिसले चुर भई बन्दी सर्वजितको मुखमा जुत्ताले हान्न थाले । सर्वजितको अगाडिका दाँतहरू झरे र उनी बेहोस भए । यसरी यातना खपेर १७ महिना पाल्पा जेलमा गुजारी २००७ पुषमा निस्कँदा सर्वजित क्षयरोगले ग्रसित र मानसिक रूपले प्रताडित भई अर्ध विक्षिप्तावस्थामा घर पुगे ।

शरीर अस्वस्थ भएकोले सर्वजित पहिलेजस्तो सक्रिय हुन सकेनन् । दैनिक जीवन धान्ने पराश्रित पेसामा लामो समयसम्म चलेको आन्दोलनले नकरात्मक असर पार्नाले उनका सहयोगीहरू पनि हतोत्साही भएका र राणा शासनको समाप्ती भई देशमा आएको नयाँ हलचलबाट पनि केही सहयोग नपाउँदा उनी निराश हुन पुगे । फलतः आन्दोलनले शिथिलता लिन थाल्यो भने विक्षिप्तता बढ्दै जानाले सर्वजितलाई उनका विरोधीलगायत सबैले "बौलाहा" भनेर हेप्न र खिल्ली उडाउन थाले । समग्र दलित जातिको उत्थान र हकहित प्राप्तिको लागि जीवन अर्पेर चलेको हुनाले उनलाई आफ्नो घरको सुव्यवस्था मिलाउने कहिल्यै फुर्सद भएन । चारैतर्फबाट निराश भएका वीर योद्धा सर्वजित विश्वकर्मा अन्ततः भारततर्फ लागे । उत्तर प्रदेशको बस्ती शहरको पाण्डे बजार भन्ने ठाउँमा वि.सं.२०१२ सालमा उनको मृत्यु भयो ।

देशको कुल जनसङ्ख्याको झण्डै चौथाई हिस्सा ओगटेका दलितहरूलाई जागरणको बाटो देखाउने र राष्ट्रिय एकता अखण्डताको लागि मान्छे सबै सराबरी (बराबरी) हुनु अति जरुरी छ भन्ने महान् विचारका धनी भगत सर्वजित विश्वकर्माको त्यो क्रान्तिकारी अभियानबारे नेपालको तत्कालीन इतिहासका किताबहरूमा कतै उल्लेख नगरिनु दुःखद् पक्ष हो । तर इतिहासका पानामा नलेखिए पनि जातीय समानताको विगुल फुक्ने सामाजिक क्रान्तिका जनक भगत सर्वजित विश्वकर्मा सम्पूर्ण चेतनशील एवं न्यायप्रेमी दलितहरूका हृदयभरि सधैँका लागि लेखिएका छन् ।

(नव गोर्खाली मासिक, अङ्क २ चैत २०५९, बुटवल)

देशहितमा अन्तरजातीय विवाह अति जरुरी !

जुनसुकै देशको पनि समग्र विकासको निम्ति शान्ति र सुव्यवस्था अपरिहार्य हुन्छ । त्यसको लागि समाजमा बस्ने मानिसबीच आपसी एकता, अपनत्व र भाइचाराको भावना हुनु अति आवश्यक हुन्छ । त्यसरी एकापसमा गहिरो सम्बन्ध, अपनत्व र वास्तविक एकता गराउने प्रमुख कडीहरूमध्ये रगत सम्बन्ध अर्थात् वैवाहिक सम्बन्ध पहिलो नम्बरमा गनिन्छ । जुन समाजमा कुनै जातीय भेदभावबिना एक-अर्कालाई मन पार्ने केटाकेटीले सजिलै विवाह गर्न सक्छन्, त्यो समाज तन, मन, धनले एक ढिक्का भएको हुन्छ र त्यहाँका प्रतिभाहरूले चौतर्फी विकास गर्ने मौका र सहयोग पाइरहेका हुन्छन् । त्यहाँका मान्छेले आफ्ना नयाँनयाँ विचार र आविष्कारहरू समाजसमक्ष स्वतन्त्रतापूर्वक राख्न पाइरहेका हुन्छन् भने समाजले पनि उनीहरूलाई सकारात्मक सहयोग गरिरहेको हुन्छ । फलतः प्रगति दिन दुगुना रात चौगुना हिसाबले अघि बढ्छ र समाज एवं देश समृद्ध बन्न बेर लाग्दैन । अहिलेलाई यसको उदाहरणस्वरूप इसाई समाजलाई लिन सकिन्छ । त्यहाँ प्रतिभाशाली जोसुकैलाई पनि बिना कुनै भेदभाव अगाडि बढ्न उत्प्रेरित गरिन्छ भने आपसमा मन मिल्ने जो जसले जोसँग पनि सजिलै विवाह बन्धन गाँस्न सक्छ । शायद त्यसैले होला भारतमा आविष्कार भएको मानिने गणित ज्योतिष विद्या अरेबियनहरूमार्फत् सिकेका इसाईहरूले आज गणित ज्योतिषकै कारणले विज्ञान, प्रविधि, आर्थिक, भौगर्भिक, खगोल, भूगोल, जल, थल, आकाश हरक्षेत्रमा विश्वभरि नेतृत्वदायी भूमिका खेलिरहेका छन् । आपसमा जातीय शुद्धताको अहङ्कार नहुनु, बसेर खानेको दाँजोमा श्रम, सीप र कौशल देखाउने आविष्कारक कर्मशीलहरूलाई आदर र

सहयोग गर्ने बानी हुनुले नै उनीहरूलाई आज त्यस्तो सर्वोच्च स्थानमा पुऱ्याएको हो ।

तर त्यही गणित ज्योतिषको मूल आविष्कारक मानिएको हिन्दू समाज भने एकताबद्ध हुनुको साटो वर्णाश्रम व्यवस्थाले घैंटो फुटेझैं फुटेर टुक्राटुक्रा भयो । कुनै उत्पादनमूलक काम नगरी बसीबसी खाने पुरोहित र राजाका सन्तान, बाहुन र क्षेत्रीहरू समाजमा सर्वोच्च जात र पूजनीय मानिने तर देशको कृषि, वाणिज्य, कला, कौशल आदि उत्पादन र निर्माण गर्ने मान्छे जति सबै तल्लो जात मानिने विडम्वनापूर्ण वर्णाश्रम व्यवस्थाको कारणले नै करोडौं जनसङ्ख्या भएका हिन्दूहरूको थलो भारतले शताब्दीयौंसम्म बाहिरबाट आएका मुठ्ठीभर मुसलमान र इसाईहरूको दासता भोग्नुपऱ्यो । जातीय उच्चता र शुद्धताको अहङ्कारले यहाँसम्म बिगाऱ्यो कि मुट्ठीभर मुसलमान र आक्रामकसँग लडिरहेका बेलासमेत लाखौंलाख हिन्दू सेनाका सेनापति राजा-महाराजाहरू स्वयं एकआपसमा मिल्न नसकेर जितिसकेको लडाइँ पनि हार्नु परेका उदाहरण इतिहासमा थुप्रै छन् ।

त्यस्तो दुर्गीति भोग्नु पर्दा पनि हिन्दूहरूमा चेत आएन र अहिले पनि आएको देखिँदैन । विगतमा त्यसरी आफ्ना घर आँगनमा पराजित/पराधीन भई विधर्मीको टाङमुनि बस्नु पर्दा पनि आपसमा जातीय भेदभाव गर्न नछाडेका उनीहरूले अहिलेको कम्प्यूटर युगमा समेत त्यो प्रथा कायमै राख्ने भरमग्दुर प्रयास गर्दैछन् । त्यसै सन्दर्भमा बुटवलबाट प्रकाशित हुने दैनिक लुम्बिनी पत्रिकाको हालैको एउटा लेखमा अन्तरजातीय विवाहको बदख्वाइँ गर्दै जातीय उच्चता र शुद्धताको फोश्रो वकालत गरेको देखियो । त्यसमा हाम्रा प्राचीन ग्रन्थहरूले समान कुल, आर्थिक अवस्था र स्तरका मानिसहरूबीच मात्र विवाह गर्नु उचित हुने, फरक फरक जातिबीच विवाह भएमा वर्णशङ्कर जन्मिएर परिणाम राम्रो नहुने भन्ने उल्लेख छ । तर कहलिएका ऋषिहरूसँगको सहवासले चण्डालिन, मल्लाहिन, वेश्या एवं दासी आदिको कोखबाट उदभट् विद्वानहरू पराशर, वेदव्यास, वशिष्ठ एवं विदुर आदिको जन्म भएको कुरा पनि तिनै धर्मग्रन्थमा लेखिएको तर्फ भने ध्यान पुऱ्याउन नसकेर लेखकले आफ्नो अल्पज्ञानको परिचय दिएको प्रष्ट देखिन्छ । के ती विद्वानूहरूलाई वर्णशङ्कर भन्न कसैले सकेको छ ?

त्यसै लेखमा बाहुन जातकी केटी राई जातिको केटासँग गएमा कुखुराको पखेटा, कलेजो आदि मासु खान त्यो केटीलाई गाह्रो पर्ने, थामी र

क्षेत्रीबीच बिहे भएमा सन्तानको थर गोत्र के हुने आदि वर्तमान जमानालाई कत्ति नसुहाउने थुप्रै अनर्गल र रुढीग्रस्त कुराहरू लेखिएका छन् । ती सबको एकमुष्ठ जवाफ यो हुन जान्छ कि अहिलेको संसारमा बाहिरी मान्छे वा देशसँग सम्पर्क वा आवतजावत् नगरी कोही पनि मानिस बस्न र बाँच्न सक्दैन । योगी नरहरिनाथ जस्तालाई त अन्तिम अवस्थामा बाँच्ने/बचाउने आशाले अङ्ग्रेजी दबाई प्रयोग गरियो भने अरुका कुरै छोडौं । बिरामी परी रगत चढाउनु पर्‍यो भने बाहुनलाई शुद्ध बाहुनको रगत खोजेर सम्भव हुन्छ ? त्यसो गर्नु ठाडै पागलपन ठहरिन्छ । आजकालका नेपालीले विदेश नगए मुखमा माड लाउन र स्वास्नी छोराछोरीको शरीर ढाक्नसमेत पाउँदैनन् । अमेरिका, युरोप, जापान, अरब आदि इसाई मुसलमान देशमा ठूलादेखि साना काम गर्न जाने नेपालीमा बाहुनक्षेत्री नै बढी छन् । त्यहाँ उनीहरू चोखो बस्न सम्भव छ त ? कति बाहुनी-क्षेत्रिनीहरू त्यहीँका विधर्मीसँग बिहे गरेर लोग्ने, सासू-ससुरासहित माइती नेपालमा बेलाबखत आउने जाने गरेका छन् भने कति बाहुन-क्षेत्रीले त्यहीँका विधर्मी केटीहरूलाई स्वास्नी बनाई नेपालका आफ्ना घरमा ल्याई भित्र्याएका छन्, जसको सङ्ख्या भन्न र गन्न सकिन्न । त्यसरी टन्न पेटभरि गाईको मासु खाएर नेपालमा आउने विधर्मी ज्वाइँ र बुहारीलाई आफ्ना सगोत्रीसरह सहजै स्वीकारेर बसेका नेपाली बाहुन-क्षेत्रीहरूसँग अब जातको चोखोपना कहाँ पो बाँकी रह्यो र ? यस मामलामा नेपालकै राजकुमारी केतकी चेष्टर र तत्कालीन अधिराजकुमार स्व. धीरेन्द्र शाहको इसाईसँग वैवाहिक सम्बन्धले गर्दा नेपालको वर्तमान राजदरबारसमेत विशुद्ध छैन । त्यसरी विदेशी विधर्मीसँग सहवास, खानपान गर्न सकिरहेका बाहुन-क्षेत्री जातका केटीले स्वदेशी स्वधर्मी राईकी स्वास्नी बनेमा कुखुराको मासु खान गाह्रो कसरी पर्ला ? रह्यो थर–गोत्र के हुने भन्ने पीर ! त्यो पनि सुजाता कोइरालाहरूको दृष्टान्तले स्वतः हल भैसकेको छ । जर्मनको इसाई जोष्टसँग बिहे गरेर सुजाता जोष्ट बन्न पुगेकी सुजाता कोइरालाका छोराछोरीको थर–गोत्र जब कोइराला हुन सक्छ, उनकी फुपू स्व. विद्यालक्ष्मी कोइरालाले पाकिस्तानका तत्कालीन विदेश मन्त्रालयका महासचिव महम्मद अकरम जाकीसँग बिहे गरी जन्मेका छोराछोरीको नाम, थर–गोत्र जब कमल कोइराला र तारा कोइराला हुन सक्छ, काठमाडौं क्षेत्रपाटीको मुसलमान इन्जिनियरसँग बिहे गर्ने त्यही डिल्लीबजार निवासी जोशी थरकी कुमाई बाहुनीका सन्तानको

थर–गोत्र जब जोशी हुन सक्छ, पूर्वाञ्चलका प्रसिद्ध समाजसेवी पण्डित छविलाल पोखरेलकी छोरी डा. दुर्गा पोखरेल (वर्तमान समाजसेवी) ले इसाईसँग बिहे गरेर जन्मेका सन्तानको थर–गोत्र जब पोखरेल (काफ्ले) हुन सक्छ भने थामी अथवा कामीसँग विहे गरेकी बाहुनी (मानी लिऊँ पौडेल) बाट जन्मेका सन्तानको थर–गोत्र आमाको जातको 'पौडेल' नै हुन किन नसक्ने ?

यसरी खोतल्दै जाने हो भने कहींकसैको केही चोखो शुद्ध बाँकी रहेको छैन र भविष्यमा त झनै नरहने पक्का छ। त्यसैले केही कसै गरे पनि जोगाउन सम्भव नहुने जातीय शुद्धता र उच्चता जोगाइराख्ने व्यर्थ प्रयास गर्न छोडेर विदेशी विधर्मीसँग अन्तर्राष्ट्रिय वैवाहिक सम्बन्ध गाँस्नुको साटो आफ्नै घर आँगनका स्वदेशी स्वधर्मीहरू बाहुन, क्षेत्री, नेवार, राई, गुरुङ, मगर, थामी, कामी, दमाई, गाइने, वादी, चमार आदि सकल नेपालीले एक आपसमा खुलेर अन्तर्जातीय विवाह गर्नु बढी श्रेयस्कर देखिन्छ।

यसो गरेमा ऐलेसम्म वर्ण व्यवस्थाको कारणले घैंटोझैं फुटेर कमजोर बनेको हिन्दू समाज आपसी भेदभाव बिर्सेर नयाँ बाटो, नयाँ जोश, जाँगरका साथ एकजुट हुनेछ। फलतः देशमा भैरहेको झैंझगडा र विनाशको साटो शान्ति, अमनचैन र उत्तरोत्तर विकासले अग्रगति पाउनेछ। सिङ्गो नेपालको अखण्डता र ऐक्यबद्धताको लागि वर्तमान समयको माग पनि यही छ।

(दैनिक लुम्बिनी- २०५९ चैत्र १८ मंगलबार, बुटवल)

छोरी भन्छे– माइती, माइती ‼ माइतीले भन्छ– किन आइती ?

माथि उद्धरित उखान आजकल नेपालका दलित जातिका मानिसहरू र कथित सवर्ण जातिका मानिसहरूबीच अक्षरशः चरितार्थ भैरहेको विभिन्न ठाउँमा घटेका घटना र पत्रपत्रिकामा प्रकाशित समाचारहरूबाट थाहा पाइन्छ । दलित जातिका मानिसहरूको रूपमा रहेका छोरीले एकनासै माइती सम्फन्छे र माइतमा गई आदर सत्कार पाउन खोजिरहेकी देखिन्छे तर मनुवादी कथित सवर्ण जातिका मानिसको रूपमा रहेका माइतीले भने छोरीलाई दुत्कारेर तर्साएर आफ्नो नजिक फड्कन दिएका छैनन् । यसै सन्दर्भमा सुदूर पश्चिमाञ्चलदेखि पूर्वाञ्चलसम्मका विभिन्न मन्दिरहरूमा दलितहरूले आफूलाई खाटी हिन्दू ठानेर पस्न र पूजा गर्न चाहिरहेका तर मनुवादी सवर्णहरूले कुकुर, बिरालो, चरो, मुसो पस्ने, बस्ने र हग्नेसमेत गरेका ती मन्दिरहरूमा तिनै मन्दिर र मूर्तिका निर्माता मानिसलाई 'अछुत' को संज्ञा दिँदै पस्न र पूजा गर्नसमेत रोक लगाएका त हुन्छन् नै यदि ती मन्दिर मूर्ति निर्माताहरूले जबर्जस्ती पस्ने र पूजा गर्ने प्रयास गरेमा हात हालाहाल, कुटपिटसमेत गर्ने गरेका घटना दिनहुँ देखिन्छ, सुनिन्छ । त्यसैगरी कतै सवर्णहरूले सामूहिक व्रतबन्ध गर्न यावत् व्यवस्था ठीक पारिसकेका छन् र त्यसमा कुनै दलितले पनि बटुक बनेर सामेल हुने इच्छा गऱ्यो भने त्यसलाई ठाडै इन्कार त गरिन्छ नै यदि सामाजिक दवाब पऱ्यो भने व्रतबन्ध कार्यक्रम नै स्थगन गरेका समाचार पढ्न पाइन्छ । कतै फेरि सवर्णसँग बिहे गरेकी दलित स्त्रीबाट जन्मेको सन्तानको न्वारान गरिदिन बाहुनले इन्कार गऱ्यो भने ती बाबुआमाले वर्षौंसम्म आफ्ना बालबच्चाको नामै नराखेर बाहुनलाई कुरेर

बसेको समाचार देखिन्छ । कतै स्वस्थानी, सत्यनारायण पूजा लगाउन खोजेका दलितकहाँ बाहुन पण्डित नआइदिनाले दलितलाई पर्नु पीर परेको गुनासो त सुनिन्छ नै यदि बाहुन आएर पूजा वाचन गरिदिन्छ भने त्यो पण्डितलाई प्रचिलत दररेट भन्दा कैयौं गुना बढी भेटी र पारिश्रमिक दिन आफू तयार रहेको कुरासमेत धर्मभीरु दलितहरूबाट सुन्न पाइन्छ ।

उपरोक्त घटना र कुराहरू देख्दा/सुन्दा र दलितहरूका कुहेका बुद्धि देख्दा दुःख लाग्नु स्वाभाविक हो । गाई, भैंसी, कुकुर, बिरालाजस्ता पशुहरूले त आफूलाई माया गर्ने, रक्षा गर्ने, साथ दिने को हो ? आफ्नो अहित चिताउने को हो ? मित्र को हो ? शत्रु को हो ? भन्ने प्रष्ट बुझेर त्यहीअनुरूप अन्यसँग व्यवहार गर्न जानेको देखिन्छ। तर दलितहरूले भने मान्छे भएर पनि आफ्नो हितकारी को हो ? आफ्नो खोइरो खन्ने को हो ? मित्र को हो ? शुत्र को हो ? छुट्ट्याउन र सोच्न नसकी अन्धो व्यवहार गर्नु कहाँतकको नामर्दी र लाछीपन हो ? आफूहरू संसारका सर्वोत्कृष्ट शिल्पी कलाकार, सङ्गीतकार, दैनिक उपभोग्य यावत् कुराहरूका उत्पादक, निर्माता, श्रमजीवीलाई 'अछुत' बनाई गुहुलाई झैं घृणा गर्ने तर गाई, कौवा, कुकुर, गरुड, मुसो आदि पशुपन्छीमा भने ईश्वरको बास भएको सम्झेर पूजा गर्ने सामाजिक व्यवस्था विश्वको एक मात्र हिन्दू धर्मले बनाएको कुरा ती धर्मभीरु दलित मान्छेले किन बुझ्दैनन् ? तिनका आँखामा केको जालो बसेर दिग्भ्रमित भएका छन् ?

हिन्दूका मन्दिरमा पूजा गर्ने कल्पनासम्म नगरेका इसाई, मुसलमानहरूले अहिले संसारै हाँकेका छन् । इसाईहरूलाई रातदिन म्लेच्छ भनी नथाक्ने हिन्दू धर्मका ठेकेदारहरूले तिनै इसाईले आविष्कार गरी बनाइदिएका कार, मोटर, रेल, हवाइजहाज नचढे कामै चल्दैन, तिनै इसाई मुसलमान वैज्ञानिकहरूले बनाएका कलकारखानाहरूबाट प्रशोधित/निर्मित पेट्रोलियम पदार्थदेखि बत्तीबिजुली आदिलगायत दैनिक उपभोग्य सकल पदार्थ प्रयोग नगर्ने हो भने हिन्दूहरूका यज्ञ होमादि सम्पन्न हुँदैनन् । त्यसरी हिन्दू धर्म नमानेर तथा हिन्दू मन्दिरमा नपसेर पनि ती संसारका मान्छेहरूलाई काम चलेको छ भने हिन्दू धर्म नमाने पनि, हिन्दू मन्दिरमा नपसे पनि

आफ्नो काम राम्रैगरी चल्न सक्छ भन्ने कुरा दलितहरूले राम्ररी बुझ्नुपर्छ। नेपालका बहुसङ्ख्यक मङ्गोलहरूले बाहुनहरूबाट न्वारान गराउँदैनन् । परम्परादेखि बाहुनबाट न्वारान गराउँदै आएका मगर एवं किराँतहरूले समेत अब आ-आफ्नै मान्छेबाट न्वारान एवं मृत्यु संस्कार सम्पन्न गराउने तर बाहुन पुरोहितलाई बहिष्कार गर्ने अभियानै चलाइरहेका छन् भने दलितहरूले बाहुनबाटै न्वारान गराउनु पर्ने वा पूजापाठ गराएर आफू ठूलो जात बन्ने सोच राख्नु कहाँसम्मको नासमझी हो ? यो कुरा सबै दलितले राम्ररी सोचौं । बाहुन वा अन्य सवर्णले आफूलाई स्वागत आदर गर्छन् भने उनीहरूसँग सामेल हुने अन्यथा जस्तालाई त्यस्तै व्यवहार गर्ने बानी अबका दलितहरूले बसाल्नै पर्ने देखिन्छ। आफूलाई घृणा गर्ने माइतीलाई सधैं पछ्याउने छोरी आखिरमा घरकी न घाटकी भई अलपत्र पर्छे। यसमा कुनै शङ्का छैन !

(दैनिक लुम्बिनी- २०६० वैशाख ३० गते मंगलबार, बुटवल)

नयाँ मुलुकी ऐन २०२०- आजको सन्दर्भमा

तत्कालीन राजा महेन्द्रबाट २०२० साल भदौ १ गते जारी नेपालको नयाँ मुलुकी ऐनलाई सामान्यतया नेपाली दलित र महिलाहरूका लागि मुक्तिद्वारको रूपमा हेर्ने गरिएकोले त्यसैको सम्झनामा हरेक वर्षको भदौ १ गते कार्यक्रम गर्ने प्रचलन रहिआएको छ । युगौंदेखि बालविवाह, बहुविवाह र अनमेल विवाह गर्दै नारीहरूलाई पशुसरह मनमानी प्रयोग गर्ने पुरुषहरूको अत्याचारी हैकमलाई त्यो ऐनले किटानीसाथ रोक लगाई त्यसो गर्नेलाई कडा सजायको समेत व्यवस्था गरेको हुँदा आज ती रिवाजहरू केही खास जातिहरूको अपवादलाई छोडेर पूर्णतया हटेर दन्त्यकथा भैसकेका छन् । फलतः पुरुषहरूको शोषणबाट मुक्ति पाएका नारीहरू आजकल हरेक क्षेत्रमा पुरुषसरह प्रतिस्पर्धा गर्दै अगाडि बढेकाछन् । यसर्थ सो ऐन नारीहरूको लागि वास्तवमै युगान्तकारी मुक्तिदाता सिद्ध भएको छ । तर दलितहरूको सन्दर्भमा भने त्यस्तो अवस्था छैन ।

२०२० साल श्रावण मसान्तसम्म कायम रहेको राणाकालीन (पुरानो) मुलुकी ऐनले कानुनका महलैपिच्छे मान्छेको जात अनुसारको फरक/फरक व्यवस्था गरेको थियो । एउटै कसुर गरेको भएता पनि जातअनुसार सजाय हुन्थ्यो । उदाहरणः- राणा विरोधी काममा लागेको आरोपमा पक्राउ परेका शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथ चन्दले मृत्युदण्ड पाए भने ऐनमा अबध्य लेखिएको बाहुन जातिका हुनाले टंकप्रसाद आचार्य र रामहरि शर्मा दुई जनाले मृत्युदण्डबाट बचेर आजीवन काराबास पाए । २००७ सालको राणाशासन समाप्तीपछि उनीहरू जेलमुक्त भै सामान्य जीवन बाँच्ने मौका पाए । पुरानो ऐनमा लेखिएका ती जातिपातिसम्बन्धी सबै

वाक्यांश र व्यवस्थाहरू नयाँ मुलुकी ऐन जारी गर्दा राजा महेन्द्रले हटाइ दिए । त्यसै कामलाई आधार मानेर सबैले छुवाछुत प्रथा राजा महेन्द्रले हटाए भन्ने गरेका हुन् । हुनत फलानो जात फलानो जातभन्दा ठूलो, फलानो जातले छोएको फलानो जातले खान हुने वा नहुने, फलानो जातले फलानो जातलाई छुन नहुने छोएमा छिटो हाल्नुपर्ने इत्यादि छुवाछुत र जातीय भेदभावजन्य कुराहरूले भरिएको पुरानो मुलुकी ऐनको सट्टा जातिपाति, खानपिन, छोइछिटो, सम्बन्धी केही उल्लेखै नगरिएको नयाँ मुलुकी ऐन व्यवहारमा आउँदा त्यसले साँच्चै नै छुवाछुत हटाएको भ्रम पर्नु स्वाभाविकै हो । तर त्यस ऐनले जातपातको उल्लेख नगरेर कानुनीरूपमा जातीय भेदभाव हटाएको ठिक साँचो हो तापनि छुवाछुत कुप्रथा हटाउन कुनै पहल नगरेको देखिन्छ । छुवाछुत पनि बाल विवाहादि जस्तै समाजमा युगौंदेखि भिजेर रहेको हुनाले यदि ऐन निर्माताहरूले छुवाछुतलाई समाजबाट हटाउन वास्तवमै चाहन्थे भने बालविवाहलाई किटानी बन्देज लगाएजस्तै छुवाछुतलाई पनि ऐनमा किटानी बन्देज र सजायको व्यवस्था गरिनु पर्थ्यो । तर त्यसो नगरेको हुनाले शासकहरूले छुवाछुत प्रथा हटाउन नचाहेको कुरा प्रष्ट हुन आउँछ । ऐनबाट यसरी जातीय भेदभाव चाहिँ हटाउने तर समाजबाट छुवाछुत हटाउन भने किटानी बन्देज नगर्ने, त्यस्तो जालझेल शासकहरूले किन गरे होलान् त ? यसतर्फ विचार गर्दा तत्कालीन अवस्थामा नेपालले संयुक्त राष्ट्र संघ र असंलग्न राष्ट्रहरूको सदस्य भैसकेको, बाङ्डुङ्ग र बेलग्रेडजस्ता अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिइसकेको थियो । त्यस बखतको विश्व चर्चित दक्षिण-अफ्रिकाको काला जातिउपर गोराहरूले गरेको रङभेदी अत्याचारविरुद्ध विश्वका उदारवादी र सुधारवादी नेताहरूसँग काँधमा काँध मिलाएर कैयौंपटक भाषण, वक्तव्य दिएका राजा महेन्द्रले आफ्नो देशको मुलुकी ऐनमा चाहिँ जातिभेद वर्णन बरकरार राख्नु प्रत्युत्पादक हुने देखेर संसारको नजरमा आफूलाई सुधारवादी र उदारवादी देखाउनकै लागि मात्र नयाँ मुलुकी ऐनमा जातिभेद विवरण नराखेको अनुमान गर्न सकिन्छ । यसका अतिरिक्त राजा महेन्द्रउपर २०१८ साल माघ ९ गते जनकपुर भ्रमणका बेला भएको बम आक्रमणमा अभियुक्त ठहरिएका दुर्गानन्द झा बाहुन जातिको भएको र पुरानो मुलुकी ऐनअनुसार बाहुन अबध्य भएकोले निज अभियुक्तलाई राजगद्दी गाथगादी मुद्दामा अन्य जातसरह सजाय गर्न सजिलो होस् भन्ने हेतुले पनि नयाँ

मुलुकी ऐनमा जातिभेद व्यवस्था हटाएको देखिन्छ ।

जे होस्, माथि उल्लेखित कुराहरूमा विचार गर्दा यति प्रष्ट भन्न सकिन्छ कि नयाँ मुलुकी ऐनमा जातिभेद व्यवस्था नराखे तापनि त्यस ऐनका कारणले नेपालबाट छुवाछुत प्रथा पूर्णतः हटोस् र भविष्यमा दलित जातिका मानिसहरू पनि बाहुनसरह बन्न सकून् भन्ने भित्री मनशाय चाहिँ त्यो ऐन निर्माताहरूको पक्का थिएन । यदि त्यसो हुन्थ्यो र छुवाछुत गर्नेलाई पनि बालविवाह गर्नेलाई जस्तै किटानी साथ कडा सजायको व्यवस्था गरिन्थ्यो भने शायद आज चालीस वर्षसम्ममा छुवाछुतरूपी कलङ्क पनि बालविवाह जस्तै नेपाली समाजबाट विदा भै इतिहासको गर्तमा पुगिसकेको हुन्थ्यो । बरु त्यसो गर्नुको सट्टा उल्टै ऐनबाट जातिभेद व्यवस्था नहटोस् र दलितहरूले छुवाछुतबाट पूर्ण मुक्तिको आभास गर्न नपाऊन् तथा परोक्षरूपले उनीहरूको खुट्टामा कानुनी नियन्त्रण बनिरहोस् भन्ने कुटिल नियतले तत्कालै ऐनको अदल महलमा १० नं. दफाको प्रतिबन्धात्मक व्यवस्था गरी दलितलाई रोक्ने प्रयास गरियो । यसरी हामी देख्छौं कि नयाँ ऐनमा जातिभेद व्यवस्था नराखेर नेपाली शासकहरूले विश्व जनमतसामु आफू उदार पनि देखिने, देशभित्रका दलित उत्पीडितहरूलाई थाङ्नामा सुताएर पूर्ण मुक्तिको सास फेर्न पनि नदिने चलाखीपूर्ण व्यवस्था गरी साँप पनि मर्ने लाठी पनि नभाँचिने उखानलाई चरितार्थ पारे ।

ऐनमा भएको त्यस्तो जालझेलले गर्दा छुवाछुत हटाउने कुरामा दलितहरू पूर्णतया आम जनताको व्यवहारका भरमा पर्न बाध्य भए । कसैले दलितलाई दया गरेर समान व्यवहार गऱ्यो, त्यो पनि ठिक । यदि त्यो मान्छेले अर्कोपटक त्यही दलितलाई छुवाछुत व्यवहार गऱ्यो भने त्यो पनि ठिक । अर्थात् ठूला जाति भनाउँदाले साना जाति भनाउँदालाई छुवाछुत गर्न वा नगर्न आफूखुशी निर्बिघ्न पाउने भए । यस्तो अवस्था नेपालको समग्र विकास र दलित हितमा कदाचित उपयुक्त नभएकोले मान्छे-मान्छेबीच छुवाछुत गर्नुलाई अपराध घोषित गरियोस् र त्यस्तो अपराधीलाई कडा दण्डको व्यवस्था गरियोस् भनी प्रातःस्मरणीय दलित नेताहरू सर्वश्री स्व. सहश्रनाथ कपाली र स्व. टि.आर. विश्वकर्माहरूको नेतृत्वमा नेपालका प्रबुद्ध दलितहरू पञ्चायतकालभरि सरकारसँग माग राख्दै रहे । ती नेताहरूको देहान्त पनि भयो तर सरकारले कानमा तेल हालेरै बस्यो । राष्ट्रिय पञ्चायत सभालगायत अञ्चल, जिल्ला र गाउँस्तरसम्म

तहैपिच्छे दलित जातिका केवल १/१ जना मात्र सदस्य मनोनित गरेर आफ्नो पक्षमा रबरस्टाम्प बनाउनुबाहेक दलित उत्थान र हकहितको लागि सरकारले केही गरेन । २०२८-३१ सालभित्र स्व.हिरालाल विश्वकर्मालाई सहायक/राज्यमन्त्री बनाउने कामबाहेक समग्र दलितको उत्थान विकास गर्ने हेतुले सिन्को भाँचिएन ।

यसै अवस्थामा गनेर पाँच जना दलितले समेत शहादत दिएको फलस्वरूप नेपालमा २०४६ सालपछि कथित प्रजातन्त्रको पुनःस्थापना भयो । अब भने आफ्नो समग्र उत्थान र विकासको लागि सरकारी तहबाट क्रान्तिकारी अभियान नै चल्ला भन्ने आशामा दलितले मनको लड्डु घिउसित खान थाले । तर परिणाम 'ढाकको तिनपात' भनेजस्तै देखियो । दलगत सरकारले दलितको लागि कागजी बाघ गर्जाउनुबाहेक व्यावहारिक रूपमा कुनै ठोस काम अघि सार्ने सुरसार गरेन । उल्टै छुवाछुतविरुद्ध दण्डनीय कानुनको माग पञ्चायतकालदेखि गर्दै आएका दलितहरूको माग पूर्ति गर्ने निहुँमा झन् दलितलाई अझै कस्ने हेतुले गिरिजाप्रसाद कोइरालाको कांग्रेसी शासनले २०४९ साल वैशाख ८ गतेको नेपाल राजपत्र भाग ४ मा संशोधन प्रकाशित गरी मुलुकी ऐनको अदल महलको साबिक १० नं.मा नं. १० (क) थपेर त्यसमा स्पष्टीकरण भन्दै कुनै मन्दिर वा धार्मिक स्थलमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन भन्ने वाक्यांश पो थपियो । कांग्रेसको त्यस काममा तत्कालीन प्रमुख विपक्षी दल एमालेले पनि एकमतले सहयोग गऱ्यो । त्यसपछि 'झिकिदे गाँडभन्दा थपिदे गाँड' हुन पुगेका दलितहरू त्यो वाक्यांशविरुद्ध मिति २०४९/२/२८ मा सर्वोच्च अदालतमा रिट हाल्न पुगे । सर्वोच्चले दलितहरूउपर न्याय गरेर मिति २०४९/११/१४/५ को निर्णयानुसार त्यो काँग्रेसी वाक्यांश ठाडै बदर गरिदियो र बल्ल दलितहरूले राहतको सास लिन पाए । नत्र काँग्रेस र एमालेको मिलोमतोले दलितहरूलाई झण्डै राणाकालमा पुऱ्याइसकेको थियो । त्यसरी संशोधित अदलको १० नं. र नेपालको संविधान २०४७ मा व्यवस्था गरी छुवाछुतलाई दण्डनीय बनाइयो तापनि त्यसलाई कार्यान्वयन गर्न ब्राह्मणवादी सरकारले कुनै रुचि देखाएन । मठ मन्दिर, होटेल, घर, पसल, धारा, पँधेरा, पाठशाला, यज्ञ हवनस्थललगायत विभिन्न दैनिक व्यवहारका यावत् ठाउँहरूमा सवर्णहरूको तर्फबाट निहुँ झिकीझिकी दिनहुँ छवाछुतसम्बन्धी झगडा

मारपिट भैराखेका छन् । तर प्रत्यक्ष प्रमाण हुँदाहुँदै र पीडित दलितहरूको उजुरी पर्दा पनि सरकार र न्यायालयले उत्पीडक सवर्णलाई जेल सजाय र पीडित दलितलाई न्याय दिएर छुवाछुत हटाउने कुनै प्रयास आजसम्म गरेनन् । बरु त्यस्ता केसमा उजुरी गर्ने दलितहरूलाई हतोत्साही बनाउने र दलित दमन गर्ने काममा सवर्णहरूलाई परोक्षरूपले उक्साउने हेतुले उजुर परेका केसलाई सकेसम्म वर्षौं झुलाउने, त्यसपछि फैसला गर्दा अपराधी सवर्णलाई नाम मात्रको सजाय गर्ने गरेको यत्रतत्र देख्न पाइन्छ ।

वि.सं. २०५६ सालमा पोखरी भञ्ज्याङ गा.वि.स.-५ को थानीमाई मन्दिर प्रवेश गर्दा दलितहरूलाई कुटपिट गरेको मुद्दा तनहुँ जिल्ला अदालतले डेढ वर्ष झुलाई अभियुक्त सवर्णहरूलाई जनही रु.१०।- देखि बढीमा रु. ५०।-सम्म मात्र सजाय गरेको फैसलाले पनि उक्त कुराको पुष्टि हुन्छ । दलितलाई न्याय दिन भनी कताकति बनाइएका इनेगिने कानुनलाई पनि धोती लगाई निस्प्रभावी बनाउने त्यस्ता काम कानुन कार्यान्वयन गर्ने निकायहरूमा ब्राह्मणवादीको एकलौटी पकड हुनाले नै सम्भव भैरहेको कुरा निर्विवाद छ । देशको शासन, प्रशासन, न्यायालय, मन्त्रालय जहाँतहीँ मन्त्रीदेखि सन्तरीसम्म, हाकिमदेखि पियनसम्म उनीहरूकै रजाइँ छ । उदाहरणको लागि देशका ७५ जिल्लाका ७५ जना प्रमुख जिल्ला अधिकारीको जातिगत आँकडा लिँदा २०४६ सालको उत्तरार्ध (पञ्चायतकाल) मा ६९ जना प्रमुख जिल्ला अधिकारी बाहुन मात्र थिए भने ६ जना अन्य जातका थिए । २०५६ सालको आँकडा अनुसार ६१ जना बाहुन सि.डि.ओ थिए भने बाँकी १४ मध्ये ६ जना नेवार, ४ जना क्षेत्री र गुरुङ, मगर, यादव तथा मुसलमान १/१ जना थिए । ऐले पनि हालत लगभग त्यही छ । न्याय सेवातर्फ पनि झण्डै ९० प्रतिशत न्यायाधीशहरू बाहुन मात्र छन् । ऐलेको कथित प्रजातन्त्रमा पनि नेपालमा त्यस्तो कुनै सरकारी वा गैरसरकारी अड्डा अफिस भेटाउन गाह्रो पर्छ, जहाँको १ नम्बर हाकिम बाहुन जातिको नहोस्, साथै त्यहाँका कर्मचारी बाहुनबहुल भएको नहोस् । एकातिर यस्तो हालत छ, भने अर्कोतिर शिक्षित र योग्य दलितहरू शतप्रतिशत बेरोजगार छन् । राणाकालमा पनि समाजमा पूजनीय, ढोगनीय मानिएका बाहुनहरूको लागि अड्डा अदालतका अधिकांश प्रमुख पदहरू आरक्षित जस्तै सुरक्षित थिए । २००७ सालपछि पनि बाहुन जातिको त्यो आरक्षण निरन्तर रह्यो । २०१७ सालपछि पञ्चायतकालभर पनि

उनीहरूको त्यो एकलौटी रजाइँले निर्वाध निरन्तरता पायो । तर २१औं शताब्दीको जमाना र २०४७ सालपछिको कथित प्रजातन्त्रमा पनि त्यो बाहुन-आरक्षण निर्बाध ज्यूँका त्यूँ कायम रहनु के देशका हितमा होला त ? भएजति सबै चीज एउटाले मात्र खाने अरु सबैले हेरेर बस्ने गर्दा देश र समाजमा शान्ति र अमनचैन सम्भव होला त ? आफ्नो लागि सीमित आरक्षणको माग गरिरहेका नेपाली दलितहरूले यो कुरा राम्ररी बुझ्नु पर्छ कि जबसम्म नेपालमा परम्परादेखि एकटंकारले चल्दै आएको असीमित बाहुन आरक्षण समाप्त हुँदैन तबसम्म दलितले आरक्षण पाउन सम्भवै छैन । यसरी शासनबाट निरन्तर ठगिएका दलितहरू बहुदलीय शासनको १२ वर्षमा पनि आफूलाई प्रजातन्त्र आएको महसुस गर्न नपाएको हुँदा पञ्चायती व्यवस्था जानु र बहुदलीय व्यवस्था आउनुलाई 'नागनाथ गए साँपनाथ आए' भन्न बाध्य भएका छन् ।

बालविवाह आदिलाई फौज्दारी र सरकारवादी मुद्दा घोषणा गरेको सरकारले मान्छे बीच हुने छुवाछुत जस्तो देश र समाजघाती कलङ्कलाई अहिलेसम्म फौजदारी अपराध र सरकारवादी मुद्दा घोषणा गरेको छैन । आफ्ना साख्खै अंशियार दलित दाजुभाइ दिदीबहिनीले भोलि जागरुक हुनासाथ आफ्नो लागि छुट्टै अंशभाग मागे भने के होला ? त्यस्तो सम्भावित झैंझगडा र खतरा हुनै नदिन अहिले नै के कस्तो कदम चाल्नु उचित होला ? भन्ने जस्ता अति गम्भीर कुरातर्फ सरकारले सोचेकै छैन । सरकारको यो रवैया देश र समाजको लागि भविष्यमा घातक पनि बन्न सक्छ । देशभरिका के गाउँ, के शहर, के हिमाल, के तराई जहाँतहीँका शिक्षित अशिक्षित सबैले विदेशी विधर्मी र गाईको मासु खाने इसाई गोरा, मुसलमान पर्यटकदेखि राजनीतिज्ञसम्मलाई हार्दिक स्वागत गरी आ-आफ्ना सजातीय सगोत्रीसरह ठानेर सँगै खानपान, उठबस त गरेका छन् नै वैवाहिक सम्बन्धसमेत गाँसेर तिनीबाट जन्मेका सन्तानलाई पनि आफ्नै जात बनाएका छन् । तर आफ्ना साख्खै अंशियार र स्वधर्मी, स्वभाषी दलितहरूलाई भने एकमतले घृणा र भेदभाव गर्न लाज मान्दैनन् । हिन्दू समाज र सरकारद्वारा दलितप्रति भइरहेको भेदभावका तमाम घटनाहरूमध्ये हालसालै सञ्चारमाध्यममा आएका केही प्रमुख घटनाहरू तल प्रस्तुत गरिएको छ ।

१. छोरा रामहरि न्यौपानेले छिमेकी गीता विश्वकर्मासँग गरेको प्रेम विवाहलाई सहजै स्वीकारेर सँगै राखी सुखपूर्वक बसेका रामेछाप

जिल्ला पकरवास गा.वि.स.-६ का रघुपति न्यौपानेको परिवारलाई गाउँ समाजले कसैगरी पनि स्वीकृति नदिई सताएकोले छोरा रामहरिले केही सीप नलागेर बाबुआमालाई छोडी माओवादी बन्न बाध्य भए। जबकि त्यही हिन्दू समाजले ब्रिटिश नागरिक गोरा (इसाई)सँग बिहे गरेकी डा.दुर्गा पोखरेल (अध्यक्ष, राष्ट्रिय महिला आयोग) र जर्मन नागरिक गोरा जोष्टसँग विहे गरेकी सुजाता कोइराला (गिरिजा-पुत्री) लाई भने अहिले पनि सम्मानित बाहुनीको रूपमा सहजै स्वीकारी बसेको छ। त्यसैगरी नेपालको राजपरिवारका तत्कालीन सदस्यहरू राजकुमार स्व.धीरेन्द्र शाह र राजकुमारी केतकी चेष्टरले विदेशी विधर्मी गोरा (ईशाइ) परिवारमा विवाह गरे पनि नेपाल दरबारसँग उनीहरूको पारिवारिक सम्बन्ध, खानपान र आवतजावत ज्यूँका त्यूँ रहेको कुरा जगजाहेरै छ। डा. दुर्गा पोखेल र सुजाता कोइरालाले त झन् नेपाली नागरिकले पाउने सबै सुविधा भोग गरी प्रचलित नेपाल कानुनको खिल्ली उडाउँदै 'निर्धालाई ऐन बलियालाई चैन' भन्ने उखान चरितार्थ पारेका छन्।

२. महोत्तरी जिल्ला सिमरदही गाउँमा झन्डै २ वर्षअघि बोक्सीको आरोप लगाई मान्छेको दिसा खुवाइएकी मरनी देवीको केसमा स्वयं राष्ट्रिय महिला आयोगले चासो लिएर विपक्षलाई सजाय गर्न मुद्दा खेपिरहेको छ भने आर्थिक सहयोगस्वरूप पीडितलाई हालसालै रु.५०, ०००।– पनि दिएको छ। तर कैलाली जिल्ला धनगढी नगरपालिका जुगेडा"बी" गाउँकी मुनादेवी दमाईलाई २०५९ साल चैत्रमा बोक्सीको आरोप लगाएर कुटपिट गर्दै मान्छेको दिसा खुवाएकोमा भने पीडित महिला दलित जातिकी र पीडक वीरबहादुर थापा (भू.पू. कर्मचारी, ग्रामीण विकास बैंक) कथित उच्च जातिको भएको हुनाले हो कि यो केसमा पीडितलाई प्रहरी प्रशासनले त वास्ता गरेन नै, केही दलित संघ संस्थाबाहेक अन्य कोही कसैले कहीँकतैबाट पनि कुनै प्रकारको आड, भरोसा, सहयोग ऐलेसम्म दिएका छैनन्। पीडित मुना दमाई न्याय र सहयोगको खोजीमा भौंतारिई रहेकी छिन्।

३. दाङ जिल्ला गोल्टाकुरी गा.वि.स.-८ कौवाघारी गाउँका १२ जना सार्की युवकहरू जीविकोपार्जनको लागि काठदाउरा खोज्न गएको बेला २०५९ साउन २३ गते माओवादीको आशङ्कामा सुरक्षाफौजको

कारवाहीमा परी जङ्गलमा मारिए । त्यस घटनाबारे सुरक्षा निकायको भनाई जेसुकै रहे तापनि यथार्थ छानबिन गर्न यथासमयमा घटनास्थल पुगेको राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगको संयुक्त टोलीले स्थलगत अध्ययन गरी तयार पारेको प्रतिवेदनअनुसार मारिएका ती सबै १२ जना सार्कीहरू पूर्णतया निर्दोष थिए । २०५९ मंसिर १३ गते नुवाकोट जिल्लाको काउले इलाकामा माओवादीको आशङ्कामा सुरक्षा फौजको कारवाहीमा परेर मारिएका ५ जना तामाङ जातिका किशोरहरू छानबिन पश्चात् निर्दोष देखिएकाले उनीहरूका परिवारलाई प्रति मृतक १ लाख रुपियाँ सरकारबाट क्षतिपूर्ति प्रदान गरियो । बर्दिया जिल्लाको मानपुर कोइली गा.वि.स.-३ निवासी भोजबहादुर कार्की र निजका छोरा टोपबहादुर कार्की माओवादीको आशङ्कामा गस्तीमा गएको संयुक्त सुरक्षा फौजको कारवाहीमा परी २०५९ पुसमा मारिए । घटना छानबिन पश्चात् सैनिक अदालतबाट ती दुबै कार्की बाबुछोरा निर्दोष त ठहरिए नै उनीहरूलाई व्यक्तिगत रिसइबीले मारेको ठहर गरी हत्यारा सैनिक ज्ञानबहादुर चौधरीलाई ७ वर्षको जेल सजायसमेत तोकियो । माथिका एकैखाले ३ वटा घटनालाई विश्लेषण गर्दा मृतकहरू क्रमशः तामाङ र कार्की परिवारले घटना घटेको ६ महिनाभित्रैमा न्याय पाएको तर सार्की परिवारले भने वर्ष दिन नाघिसक्दा पनि न्याय पाउने अत्तोपत्तो नभएको देखिन्छ । एकै प्रकारको केसमा पनि तामाङ र कार्की परिवार कथित ठुला जातिका भएका तर सार्की परिवार दलित जातिका भएकोले यस्तो भेदभाव गरिएको हो भनी ठोकुवा गर्न दलितहरू बाध्य भएका छन् ।

यसरी सरकार र समाजबाट बेवास्ता गरिएका दलितहरू कुहिरोका कागझैँ भई भविष्यमा आफूहरूको सर्वाङ्गीण विकास कसरी होला ? भनी सही गन्तव्य पहिल्याउन रातदिन चिन्तित छन् । यसै अवस्थामा हाल सरकार-माओवादी वार्ता चल्दैछ । त्यो वार्ताले निश्चित गति लिनेछ र अन्तिम टुङ्गोमा पुगी सफल पनि हुने नै छ । तत्पश्चात् गठित सरकारले सम्पूर्ण नेपाली दलितको समग्र हकहित र सर्वाङ्गीण विकासको लागि जेजस्ता कार्यक्रमहरू ल्याउला त्यसमा निम्न कामसमेत समावेश गरोस् भनी सुझाव पेश गरिन्छ ।

१. देश, काल, परिस्थिति र अधिकांश जनताको वर्तमान आवाजलाई ध्यानमा राखी नेपाल राष्ट्रलाई धर्म निरपेक्ष घोषणा गरियोस् ।

२. दलितलाई न्याय दिई शान्त राख्नको लागि छुवाछुत व्यवहारलाई फौज्दारी अपराध र त्यस्तो मुद्दालाई सरकारवादी घोषणा गरियोस् । साथै त्यस्ता अपराधीलाई सजाय गर्दा अर्थदण्ड नगरी कम्तीमा ३ वर्षको अनिवार्य जेल सजाय तोकियोस् ।
३. देशको राजनैतिक, प्रशासनिक, न्यायिक, शैक्षिक, आर्थिक, रक्षा एवं सामाजिक आदि हरक्षेत्रका नीति निर्माण र कार्यान्वयन तहदेखि तल्लो तहसम्म ऐलेसम्म चल्दै आएको ब्राह्मणवादी एकाधिकार र प्रभावलाई सीमित गरी तत्तत् क्षेत्र र स्थानमा जनसङ्ख्याको अनुपातमा दलितहरूको पनि व्यापक प्रतिनिधित्व र सहभागिता गराउन संविधानमै पूर्णसमानुपातिक व्यवस्था गरियोस्, जसले गर्दा कसैको दयादृष्टिको मुखापेक्षी नबनी दलितहरू आ-आफ्नो योग्यताअनुसार देशको सर्वोच्चदेखि तल्लो तहसम्म सबैमा निर्वाध नियुक्त भई देश र जनताको सेवामा समर्पित हुन पाऊन् ।
४. देशका सम्पूर्ण भूमिहीन जनतामध्ये ९० प्रतिशत दलित जातिका मात्र छन् । उनीहरूलाई भूमिको मालिक बनाउन बृहत् कार्यक्रम ल्याइयोस् ।
५. दलितहरू झण्डै ९० प्रतिशत अशिक्षित र बेरोजगार छन् । उनीहरूलाई अनिवार्य शिक्षा र रोजगारीमूलक तालिम दिइयोस् । साथै उनीहरूको परम्परागत जातिगत व्यवसायलाई घरेलु उद्योगको मान्यता दिई उनीहरूको सीप र व्यवसायको धितोमा न्यूनतम ब्याजमा बैंकबाट पूँजी उपलब्ध गराउने व्यवस्था गरियोस् ।

यदि माथि उल्लेखित काम गरिन्छ भने नेपालका दलितहरूको जीवनमा युगान्तकारी परिवर्तन आउनेछ र तबमात्र उनीहरूले आफ्नो लागि पनि 'प्रजातन्त्र' आएको महसुस गर्न पाउनेछन् ।

(४१औं नयाँ मुलुकी ऐन तथा सामाजिक एकता दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा प्रस्तुत "नयाँ मुलुकी ऐन २०२०-आजको सन्दर्भमा" विषयक-कार्यपत्र)

(दैनिक लुम्बिनीः २०६० भदौ ३, ५ र ६ बुधबार, शुक्रबार र शनिबार, बुटवल)

प्रेरणाका श्रोत:

सेते सुनार



–विष्णुप्रकाश विश्वकर्मा 'सुस्केरा'
हुमिन गा.वि.स. वार्ड नं. ३, जल्पानगर (पाल्पा)

पृथ्वीमा मानिसको रचनाको इतिहास शुरुदेखि आजसम्मको अन्तरालमा मानिसको उत्पत्ति र मानिसको विकसित अवस्था अत्यन्त कठिन स्थितिमा गुज्रिरहेको अनुभव हुन्छ । मानिस एउटा चेतनशिल प्राणी हुँदाहुँदै पनि मानिसले एकले अर्कोलाई हेर्ने दृष्टिकोणमा फरक पर्नुको कारण समाजमा विकृति, विसंगति देखा पर्न थाल्यो । जसको कारण धनी गरिवको वीचमा एउटा नराम्रो खाल्टोको सृजना गऱ्यो जसले गर्दा मानिस, मानिस भएर बाँच्नकालागि सामाजिक वातावरण प्रतिकूलताको कारण असहज स्थितिको सृजना हुन पुग्यो । यस्तै क्रममा ब्राह्मणवादी चिन्तनले समाजमा सामन्ती संस्कारको विकास हुँदा समाजमा उँचनिच छुवाछुत प्रथा हावी हुँदै गयो । कथित दलितहरू २५ सय वर्षपछि पनि आफूलाई मानव भएर बाँच्ने अवसर पाइरहेको छैन । ब्राह्मणवादी सामन्ती संस्कारले अछुतले पढ्न हुँदैन, धर्म गर्नु हुँदैन, वेदपाठ गर्नु हुँदैन भनेर ठूलो भ्रम फैलाएर छुत, अछुतको बहानामा कथित दलितहरूलाई शिक्षाबाट वञ्चित बनाएर आजसम्म पनि दलितहरू सम्मानित रुपमा समाजमा स्थापित हुन सकिरहेका छैनन् । यस्तो कठिन स्थितिमा पनि पाल्पा जिल्लाको हुमिन गा.वि.स. वार्ड नं. २ निवासी रत्नबहादुरका छोरा वि.सं. १९६६ साल बैशाख १४ गते जन्मनु भएका सेते सुनार (मानबहादुर गहतराज) एउटा अत्यन्त निम्नवर्गको कथित दलित कूलमा जन्मेर आफूले शिक्षा दिक्षा लिने अवसर पाउनु भएन । १५/१६ वर्षकै उमेरबाट सुनचाँदीका गहना बनाउने र यस व्यापारकालागि हुमिन देखि माडी, चिदीपानी, रुप्से यस्तै विभिन्न गाँउ, टोलमा घुमेर आफ्नो गुजारा चलाउनु भएको थियो । वहाँ गोरो, सेतो वर्ण भएकाले हरेक गाउँका मानिसहरूमाझ सेते सुनार भनेर प्रचलित रुपमा चिनिनु हुन्थ्यो ।

वहाँ आफ्नो व्यापारको क्रममा घुम्दा डुल्दा कथित ठूला जातका छोराछोरीले पढेको, ठूलो ठूलो जागिर गरेको देख्दा वहाँले आफ्नो मनमनै संकल्प गर्नु हुन्थ्यो । "मैले पनि मेरा छोरा जन्मे भने जस्तोसुकै दुःख सहेर पनि छोरालाई पढाउने र जागिर खुवाउँछु" भन्ने ठूलो सपना देख्नु भयो । छोरा नभएर ३७/३८ वर्षसम्म मनमा अत्यन्त सन्ताप मान्नुभएको सेते सुनारले वि.सं. २००४ साल जेठ ७ गतेका दिन प्रथम छोरा डिकबहादुर गहतराजलाई जन्माउनु भयो । यो बेला वहाँकालागि जीवनको ठूलो सुःखमय समय थियो । यस पछि पनि दुई (२) छोरा ३ छोरी समेत गरी ८ जना परिवारको मूली हुन पुग्नुभयो ।

यस्तो कथित दलित, गरिब कूलमा जन्मेर पनि उहाँले धेरै परिश्रम गरेर घर परिवारलाई मिठो नमिठो खुवाएर छोराहरूलाई पढाउने कामबाट कहिले पनि विचलित हुनु भएन । राणाकालमा पनि सामाजिक संघर्ष गर्दै छोराहरूलाई प.पा.प. हाईस्कूल तानसेन र शौभाग्य मा.वि. चिदिपानीमा राखेर पढाउनु भयो । छोराछोरीलाई पढाउने क्रममा आफ्नो व्यापार गर्दै माडीफाँट हुँदै तानसेनमा चामल तरकारी पुऱ्याएर छोराछोरीहरूलाई पढाउने काम दृढ रुपले गर्नु भयो । जुन २०१८ सालमा आफ्नो जेठो पुत्र डिक बहादुर वि.क.ले एस.एल.सी.उत्तीर्ण भएपछि सेते सुनारको सपना साकार हुने क्रममा अगाडि बढ्यो । उहाँ आफ्नो व्यापारको क्रममा धेरै टाढाटाढाका ठूलाबडाहरूलाई समेत रिझाउने काममा अति बाठो र चलाख हुनुहुन्थ्यो । वहाँको मनमनमा छोरा पढाएर जागीरे गराउने ठूलो सपना थियो । यसकोलागि वहाँले चिदीपानी खलुक्दीका पं.कमलदेव जोशीबाट काठमाण्डुका यादव प्रसाद पन्तकोलागि चिठी लेखाउनु भयो । वहाँसंगको अत्यन्त घनिष्ट सम्बन्धका कारण कमलदेव जोशीले लेखिदिएको चिठी लिएर वि.सं. २०२० सालको असार साउनको झरीमा १५ दिनसम्म हिडेर काठमाडौं पुग्नुभइ छोरा डिकबहादुर विश्वकर्मालाई राष्ट्र बैंकको कर्मचारी बनाउनु भयो । त्यसपछि माईला छोरा ओम प्रकाश भि.के. लाई पनि राष्ट्र बैंककै कर्मचारी बनाई दुबै भाइ राष्ट्र बैंकको अधिकृत र मैनेजर हुन पुगे भने कान्छा छोरा शिव प्रसाद मानव सरकारी हेल्थ असिस्टेन्टमा काम गर्दै हुनुहुन्छ । यसरी एउटा गरिब दलितको छोराले भविष्यलाई बुझेर रगत पसिना बगाई आफ्ना छोराहरूलाई जुन जागिरे बनाउने लक्ष्य थियो त्यो पुरा गरेर आफ्नो सपनालाई साकाररुप दिने मानबहादुर विश्वकर्मा (सेते सुनार) लाई पाल्पा जिल्लाको दलित जातिका गौरव र प्रेरणाका स्रोतको रुपमा मान्नु कुनै अत्युक्ति नहोला । इति ।